# सोभियत संघको

# सम्झना

डा. प्रकाशराज रेग्मी



# सोभियत संघको सम्झना

**(उच्च अध्ययनको १० वर्षका संस्मरणहरूको सङ्गालो)**

**डा. प्रकाशराज रेग्मी**

प्रकाशक:
साहित्य तथा स्वास्थ्य प्रतिष्ठान
तानसेन, पाल्पा

© सर्वाधिकार लेखकमा सुरक्षित

प्रथम संस्करण: २०६४ चैत्र - १००० प्रति
लेखक : डा. प्रकाशराज रेग्मी
ISBN: 978-9937-2-0374-6
मूल्य: रु. १००।-
मुद्रक: मोडर्न प्रिन्टिङ्ग प्रेस, फोन : ४२५३१९५

# समर्पण

जसका आदर्शवान् व्यक्तित्वबाट प्रेरित रहे
अनि जसका मार्गदर्शनबाटै जीवन यात्रामा अध्ययन,
चरित्रनिर्माण र सामाजिक सेवा गर्ने प्रेरणा पाइरहेछु, उहाँहरू
पूजनीय मेरा पिता श्री कमलराज रेग्मी तथा ममतामयी माता
श्रीमती विमला रेग्मीलाई यो कृति समर्पण गर्दछु ।

२५-३० वर्षअगाडि लेखिएका कुराहरु आजका दिनमा पुरानाजस्ता लाग्न सक्छन् । त्यस समयदेखि आजका दिनसम्म आइपुग्दा विश्वमा धेरै परिवर्तनहरु भैसकेका छन् । सोभियत संघ र अमेरिकाबीचको शीतयुद्धको अन्त्य भएको छ, बर्लिनको पर्खाल भत्किएर दुई जर्मनीहरुको एकीकरण भएको छ, वार्सा सन्धिले एकजुट पारेका पूर्वी युरोपीय राष्ट्रहरु छुट्टिएका छन्, सोभियत संघ स्वयम् १५ टुक्रामा विभाजित भएको छ ।

सञ्चार प्रवधिको विकासले विश्वलाई एकदमै चामत्कारिक विकास पथमा लम्काएको छ । भारत र चीनमा भएका चरम आर्थिक विकासले विश्वको शक्तिसन्तुलनलाई प्रभावित पारेको छ । नेपालमा ०४६ सालको जनआन्दोलन, १० वर्षको माओवादी जनयुद्ध अनि ०६२ सालको जनआन्दोलन-२ का ऐतिहासिक घटनाहरु घटेका छन् । यसपश्चात् लोकतान्त्रिक गणतन्त्रको स्थापनालाई सुनिश्चित गरी नेपाली जनतालाई सुखी र समृद्धशाली बनाउन संविधानसभाको निर्वाचन सम्पन्न हुँदैछ । आजको दिन त्यत्तिकै आएको होइन । विगतमा जनताले बगाएका रगत पसिनाकै नतिजा देख्दै छौं हामीले आज । हिजो नभएको भए आज आउँदैनथ्यो अनि आज नभै भोलि आउँदैन । यस्तै चलिरहनेछ घटनाचक्रहरु । ती पुराना दिनका संस्मरणहरु आज पनि ताजै छन् र महत्वपूर्ण छन् मेरा लागि ।

**चैत्र २०६४**

# विषय-सूची


उपचार शास्त्रमा डा. प्रकाशराज रेग्मीका अध्ययन र
"सोभियत संघको सम्झना" - मदनमणि दीक्षित

रुसमा पढ्दाको मेरो अनुभव - डा. अवनिभूषण उपाध्याय
रुसी चरित्र - डा. विश्व बन्धु शर्मा
अर्को चिठी - कमलराज रेग्मी
मेरा दुई शब्द

| | | |
|---|---|---|
| रुस जाने तयारी | | १ |
| तयारी वर्षका ति रमाइला दिनहरू | | ८ |
| समाजवादी अस्पतालको शैय्यामा केही दिन | | १२ |
| रुसको प्राकृतिक चिकित्सा केन्द्र | | १७ |
| जिन्स पाइन्टको व्यापार | | २६ |
| बिद्यार्थी र साहित्य | | ३७ |
| टाल्सटाय र चेखव | | ४१ |
| उत्तरी यूरोपको समुद्री यात्रा | | ४४ |
| स्वर्गको टुक्रा - तिबिलिसी शहर | | ५८ |
| विकट तर विशाल साइबेरिया | | ६६ |
| विद्यार्थीका राजनीतिक चिन्तन | | ७२ |
| बजाउने जापानी भाँडाको व्यापार | | ७६ |
| विद्यार्थीहरुबीचको राजनीतिक विवाद | | ८४ |
| महान् अक्टोबर समाजवादी क्रान्ति | | ९० |
| दोस्रो विश्व युद्धको पीडा | | ९४ |
| पिताजीका मार्गदर्शक पत्रहरु | | ९७ |
| १ | सात सूत्रीय मार्गदर्शन | ९८ |
| २ | एकमात्र उद्देश्य अध्ययन र चरित्रनिर्माण | ९९ |
| ३ | अध्ययन गर, निश्कर्षमा पुग्न हतार नगर | १०० |
| ४ | तिमीले अझै सिक्नु धेरै छ | १०१ |
| ५ | धन हैन पुस्तक सङ्ग्रह गर | १०३ |
| ६ | गोर्कीकी "आमा" र भट्टराईकी "बोई" | १०४ |
| ७ | म र बीपी कोइराला | १०७ |
| ८ | देशको राजनीति अन्यौलपूर्ण छ | १०९ |
| ९ | तिमी म बाट स्वतन्त्र छौ | १११ |
| १० | बीपीको निधन र पिछडिएको नेपाल | ११२ |
| ११ | खराब कुरा जति घाँटीमै राख | ११६ |
| १२ | सबैलाई जित्ने, तर पुत्रबाट पराजित हुने इच्छा | १२० |
| १३ | साँच्चै नै महान र प्रतिष्ठाशाली तिम्री आमा | १२२ |
| माता पितालाई केही पत्रहरु | | १२५ |
| १ | ५ नम्बर ल्याएर पास गरें | १२५ |
| २ | प्रजातन्त्र दिवसमा राजदूतावासले रक्सी र चूरोट बाँढ्यो | १२७ |
| ३ | साइवेरिया को अर्थ "सुती रहेकी भूमी" | १२८ |
| ४ | मेरो प्रथम कर्तव्य माता पिताको सेवा नै हो | १२९ |
| ५ | समाजसेवा गर्ने सबैभन्दा राम्रो बाटो बताई दिनोस् | १३० |
| ६ | बुबाबाट नेपाली समाजले के पायो ? | १३२ |
| ७ | दशैं र तिहारको धार्मिक बाहेक अरु महत्व देख्दिन | १३५ |
| ८ | "बुद्धिमानले अर्काको गल्तिबाट सिक्छ भने मुर्खले आफ्नै बाट" | १३५ |
| ९ | "जीवनको लक्ष्य" | १३७ |
| १० | "वास्तविक मानव धर्म के हो ?" | १३८ |
| ११ | काम गर्दाको दु:ख र सुख | १३९ |
| १२ | संघर्ष नै सुख हो | १४० |
| १३ | रुसमा पढेको डाक्टर | १४१ |
| लेनिनको देशमा पढ्न पाउनुको गर्व | | १४३ |
| बदलिएको सोभियत रुस | | १४९ |
| हिजोको सोभियत संघ र आजको रुस | | १५६ |

# उपचारशास्त्रमा डा. प्रकाशराज रेग्मीका अध्ययन र 'सोभियत संघको सम्झना'

डा. श्री प्रकाशराज रेग्मी हृदयरोग विशेषज्ञ हुनुहुन्छ । उहाँले तत्कालीन समाजवादी सोभियत संघको आर्मिनियामा सर्वप्रथम रूसी भाषाको साथै उक्त भाषा पढाउँदा बताइने सोभियत समाजवादी व्यवस्थाका विविध पक्षबारे प्रारम्भिक जानकारी लिनुभएको थियो । त्यसपछि उहाँ खार्कोभको विख्यात औषधोपचार विज्ञान संस्थामा मानवशरीरशास्त्र र उपचारसम्बन्धी अध्ययन गर्न आर्मिनियाबाट सर्नुभयो । त्यसै संस्थाबाट उहाँले मुटुरोग विज्ञानको अध्ययनको उच्चतम शिक्षा सन् १९७८ देखि १९८७ सम्म पूरा गरी नेपाल फर्किनुभयो ।

गत ३ फागुनमा उहाँबाट मैले प्रस्तुत पुस्तकबाहेक मुटुरोग र चिकित्सासम्बन्धी सात वटा पुस्तक पाएँ । उहाँले नै 'सोभियत संघको सम्झना' बारे मेरो राय प्रकट हुने गरी लेख्न अनुरोध गर्नुभयो । करिब १६० पृष्ठको यो पुस्तक आद्योपान्त पढ्नु मेरा निम्ति ठूलो आकर्षण भयो । मलाई पुस्तकहरू दिएर उहाँ फर्कनुभएपछि मैले पुस्तक पढ्न थालें र हिजो ५ फागुनको साँझ पढी सिध्याएँ । माथि लेखिएका विवरणहरू 'प्रस्तुत पुस्तकबारे' मेरो राय भनी नहालौँ । मेरो विचारमा पुस्तकबारेको रायभन्दा निर्णायक महत्वको विषय पुस्तकमा प्रयोग भएका भाषा, विचार अनुभूति हुन् । रायका यी पक्षहरूबारे आफ्नो छोटकरी विचार यहाँ म प्रस्तुत गर्दै छु ।



पुस्तकको सबैभन्दा ठूलो आकर्षण मुटुरोग र सोभियत संघमा शिक्षाभन्दा पनि यो पुस्तकमा रहेको अत्यन्तै सरल तर गम्भीर अर्थ झिक्ने शब्द, वाक्य र भाषा हो । सरलताको यो पक्ष प्रस्तुत पुस्तकमा मात्र होइन उहाँका अन्य सात प्रकाशित पुस्तकलाई सरसर्ती हेर्दा मैले अनुभव गरेँ । सरल भाषामा गम्भीर कुरा लेख्नु लेखकहरूका निम्ति (मजस्तो समेतका निम्ति) साह्रै गाह्रो प्रयास ठहरिने गर्छ । अतः म सर्वप्रथम डा. महोदयको भाषा निम्ति हार्दिक धन्यवाद टक्र्याउँछु ।

पुस्तकको नाम 'सोभियत संघको सम्झना' हो । अतः सो देशबारे राजनीतिक विवेचना र विश्लेषणको आशा यसमा गरिएको हुन्छ । तथापि प्रस्तुत पुस्तकमा सोभियत संघबारे शास्त्रीय विवेचनायुक्त प्रयास नगरी कुनै सङ्क्षिप्त सम्झनामा, प्रत्येक पठित नेपालीले बुझ्ने भाषामा महत्वपूर्ण विवरण प्रस्तुत गरिएको छ ।

तत्कालीन सोभियत संघमा भाषा सिकाउँदै गर्दा उच्च शिक्षण संस्थामा अध्ययन निम्ति गएका विदेशी छात्रहरूलाई त्यो समाज, त्यसको संस्कृति, त्यसका दैनिक मूल्य-मान्यताहरू र प्रारम्भिक मार्क्सवाद-लेनिनवादबारे जानकारी दिइन्छ । पाठकहरूले त्यो जानकारीसित यो पुस्तकको माध्यमद्वारा प्रशस्त परिचय पाएको देखिन्छ । प्राथमिक जानकारीपछि औषधोपचार विज्ञान संस्था खार्कोभमा प्रवेश गरेपश्चात् त्यो देशमा उच्च शिक्षा हासिल गर्न गएका केही नेपालीहरूले विभिन्न उपायद्वारा र विशेष गरी त्यस बेलाको पश्चिम बर्लिनबाट सोभियत संघभित्र अवैध तवरमा पैठारी गरिने दैनिक उपयोगका वस्तुहरू गैरकानुनी तवरमा भित्र्याएर सोभियत नागरिकहरूबीच लागतभन्दा चार-पाँच गुणा बढी मूल्यमा बिक्री गर्ने गर्छन् भन्नेबारे छोटकरीमा तर विस्तृत विवरण दिइएको छ । पुस्तकको दुई वटा लेख 'जिन्स पाइन्टको व्यापार' र 'बजाउने जापानी भाँडाको व्यापार' मा यो विवरण पाइन्छ । ती विवरणहरू लेखिएका अंश पढ्दा प्रकट भएका घृणाबाटै लेखक स्वयम् त्यस्ता व्यापारमा नलागी अध्ययनमै आफूलाई घनीभूत रूपमा केन्द्रित रहेको बारे सहजै बोध गर्न सकिन्छ ।

त्यसपछि लेखकले शिक्षण व्यवसायको क्रममा सोभियत संघ र पश्चिमा

युरोपका देशहरूमा गरेका दृश्यावलोकनका विवरणहरू यो पुस्तकमा छन् । यति सोभियत संघमा गएका र अध्ययनपश्चात् नेपाल फर्किएका लेखकहरूका पुस्तकमा पनि पाइन्छन् । यो पुस्तकको विशेषता भने विशाल साइबेरियाको भ्रमण, त्यहाँका अनुभवबारे निकै नै रोचक प्रस्तुति रहेको मैले पाएँ । साइबेरियाबारे यस्ता छोटकरी तर गम्भीर विवरणहरू मैले अन्य कुनै नेपाली लेखकका पुस्तकमा वा आफूले नौ पटक सोभियत संघ जाँदा पनि पाएको थिइनँ । छोटकरीमा भए तापनि ती विवरणहरूबाट त्यो देशको विशालता र विचित्रताबारे मैले पहिलो पटक जानकारी पाउन सकैं । पश्चिमा र उत्तरी युरोपका देशहरूतिर भ्रमण गर्ने नेपाली लेखकहरूले जहाजमा ती देशहरू जाँदा गर्ने समुद्री यात्राबारेका वर्णन पनि यो पुस्तकमा पहिलो पटक मैले अनुभव गरें । समुद्री यात्राको क्रममा देखिने सूर्योदय र सूर्यास्तका वर्णनहरूबाट डा. प्रकाशराज रेग्मीले प्राप्त गर्नुभएका अनुभवहरू पनि नेपाली लेखकका पुस्तकहरूभन्दा नौला र विचित्रका छन् ।

लेखक डा. महोदयले रूसको एउटा प्राकृतिक चिकित्सा केन्द्रबारे विवरणमा जानकारी दिनुभएको छ । यो लेख पनि उत्तिकै रोचक छ । त्यो प्राकृतिक चिकित्सा केन्द्रमा जाने सोभियत र विदेशी नागरिकहरूले 'मेडिटेसन' बारे गरेका प्रयासहरू विचित्रका रहेछन् भन्नै पर्छ । यो अंश मलाई कता-कताबाट यो हिमाली उपमहादेशले योग-साधना गर्दा केन्द्रित गर्ने मानसिक ध्यानावस्थासित कता-कता मिलेजस्तो लाग्यो । सोभियत संघको किस्लाभोदस्क शहरको ध्यान केन्द्र र नारजानमा हुने गरेको पानीको गहिराइबाट झिकिएको हिलोको लेप शरीरमा लगाएको वर्णन ज्यादै नै महत्वपूर्ण रहेको मैले अनुभव गरें । मैले दुई पटक मस्कोका अस्पतालहरूमा गरेको त्यस्तो अनुभव र क्यास्पियन सागरको पिँधबाट झिकिएको रासायनिक एवम् नाभिकीय पानीबाट गरिने उपचार आफूले अनुभव गरेको सम्झना भयो । किस्लाभोदस्कमा रहेको त्यो सामान्य भनौं शरीरमा हिलो लेप्ने पद्धति साह्रै नै उपयोगी र स्तरीय रहेको अनुभव भयो ।

त्यसपछि डा. प्रकाशराज रेग्मीले सोभियत संघमा पढ्न गएका नेपाली छात्रहरूले खडा गरेको सङ्गठन र त्यसको राजनीतिबारे अनि रूसका विशिष्ट



लेखकहरूका साहित्यबारे निकै छोटकरी विवरण दिनुभएको छ । यो त त्यहाँ पढ्ने धेरै नेपाली छात्रहरूले आफ्ना अनुभवको रूपमा बताएका छन् । लेखकले दोस्रो विश्वयुद्धको पीडा र अक्टोबर समाजवादी क्रान्तिबारे सोभियत नागरिकहरूले गरेका अनुभवको छोटकरी विवरण दिनुभएको छ ।

अब आऊँ पुस्तकमा रहेका दुईतर्फी १३ वटा चिठीहरूतर्फ । ती चिठीहरू डा. श्री प्रकाशराज रेग्मी र उहाँका पिताबीच सोभियत संघमा अध्ययनको क्रममा आदानप्रदान भएका चिठीहरूका पाठ र सल्लाहहरूबारे छन् ।

श्री कमलराज रेग्मीले आफ्ना एकमात्र छोरा डा. प्रकाशराज रेग्मीलाई ती वर्षहरूमा सोभियत संघमा पठाउनुभएका १३ चिठीहरूमार्फत् डा. रेग्मीलाई यथार्थमा सत्य, साह्रै उपयोगी तर निर्देशनबेगरको सल्लाहले डा. रेग्मीको अध्ययनको छात्र पक्षमाथि राजनीतिक रूपले तटस्थ तर उच्च मानवीय आदर्शको बाटो देखाउनुभएको रहेछ । श्री कमलराज रेग्मीसित मेरो परिचय संवत् २००८-९ देखिको हो । उहाँप्रति र उहाँको राजनीतिक व्यक्तित्वप्रति ममा अझै पनि गम्भीर र उत्तरदायित्वपूर्ण सम्मान छ । उहाँसित नेपालको पञ्चायतकालमा केही मतभेदहरू पनि भए, तथापि मेरो श्रद्धा भने अझै उहाँप्रति अडिग रहेको छ । उहाँप्रतिको आफ्नो त्यो श्रद्धालाई उहाँले छोरालाई लेख्नुभएका पत्रहरूबाट गहकिलो पुष्टि पाएको मैले अनुभव गरें । मलाई कता-कता लाग्यो- अध्ययनकालमा आफूमा किञ्चित विचलनजस्तो अनुभव गरेपछि पिता कमलराज रेग्मीज्यूले लेख्नुभएका पत्रहरूबाट डा. प्रकाशराज रेग्मीले आफूलाई सच्याउनुभएको थियो कि ?

अन्त्यमा यो पुस्तकमा हिजोको सोभियत संघ र सन् १९९० पछि मिखाइल गोर्वाचोभलाई विस्थापित गरी विखण्डनमा पुगेको पूर्वीया युरोपेली समाजवादी मुलुक एवम् टुक्रिएको सोभियत संघबारे लेखकले तुलनात्मक तर साह्रै छोटकरी दुई वा तीन अनुच्छेदमा विवेचना गर्नुभएको छ । अध्ययनपश्चात् १५ वर्षपछि नयाँ रूसमा गएको अनुभव, बिग्रिएको सामाजिक आचरण र साह्रै असमानताबाट लेखक महोदयमा समाजवादी सोभियत रूसप्रति विशेष प्रशंसापूर्ण रुचि रहेको देखा पऱ्यो । यो तुलनाले ममा परिवर्तनपछिको रूसबारे रहेको गम्भीर जिज्ञासालाई सारतत्वमा समाधान

गरेको मैले पाएँ । पछिल्लो पटक म सन् १९८०-८२ बीच मस्को गएको थिएँ । मैले हेर्दा मिखाइल गोर्वाचोभले 'ग्लासनोस्त र पिरिस्त्रोइका' मार्फत ढल्दो सोभियत राज्य व्यवस्थालाई जोगाउने (ढल्न लागेका पुराना घरलाई जोगाउन आज पनि काठमाडौंमा देख्न सकिने टेवाहरूले घरलाई अड्याइराखेका जस्तै) प्रयास गरेका थिए तर त्यो प्रयास काम लागेन ।

पुस्तकबाहिरको कुरा गरौं, सन् १९४५ को २ सेप्टेम्बरसम्ममा दोस्रो विश्वयुद्धको पूर्ण समाप्तिपछि, सन् १९४५ को ६ अगस्त र ९ अगस्तमा अमेरिकाका तत्कालीन राष्ट्रपति ट्रुमनले जापानको हिरोसिमा र नागासाकीलाई आणविक वमद्वारा ध्वस्त पारेपछि र अमेरिकी अणुबमको विरुद्ध जोसेफ स्टालिनको नेतृत्वमा सोभियत संघभित्र नाभिकीय शस्त्रअस्त्र निर्माण सुरु भई ती दुई देशबीच नाभिकीय र शस्त्रास्त्र होड तथा शीतयुद्धमा सोभियत संघ अल्झिएपछि नै १९१७ को अक्टोबर क्रान्तिले सुरु गरेको सोभियत अर्थ व्यवस्थाले गम्भीर आघात सहनु पर्‍यो । अन्त्यमा मिखाइल गोर्वाचोभको प्रयास हुँदाहुँदै पनि सोभियत समाजवादी व्यवस्था ढल्यो नै, तथापि समाजवादले त्यो देशमा आधारभूत सामाजिक, आर्थिक संरचनाको निर्माण गरिसकेको छ । अतः त्यसको पुनर्स्थापन निश्चय नै गाह्रो छैन ।

समग्रमा हेर्दा 'सोभियत संघको सम्झना' नामक अति सरल भाषामा लेखिएको यो पुस्तकका निमित्त डा. प्रकाशराज रेग्मीलाई म हार्दिक धन्यवाद टक्र्याउँछु । उहाँले मुटु र मुटुरोगसम्बन्धी अन्य सात वटा साना पुस्तकहरू पनि लेख्नुभएको रहेछ । ती पुस्तकहरूले सामान्य नेपाली पाठकलाई पनि गम्भीर जानकारी दिएका छन् भन्ने मलाई लाग्यो । ती पुस्तकहरूका निमित्त समेत म हार्दिक धन्यवाद टक्र्याउँछु ।

*६ फागुन २०६४* — ***– मदनमणि दीक्षित***

# रूसमा पढ्दाको मेरो अनुभव

डा. प्रकाशले लेखेको एउटा किताब फेरि मेरो हातमा आयो तर यसपालि किताबको बारेमा लेख्न हैन रै'छ । आफ्नै बारेमा पो लेख्ने रे ! सोभियत संघको सम्झनामा डा. रेग्मीको संस्मरणको सङ्गालो पुस्तकका रूपमा आउँदै रहेछ । हातमा परेपछि यसो सरसरती आँखा दौडाएँ । पढ्दै गएँ, झन्डै-झन्डै आफैँले अनुभव गरेको जस्तो भयो । मैले पनि आफ्नो मेडिकल जीवनको सुरुआत सोभियत संघबाटै गरेको हुँ । पहिलो ७ वर्ष मस्कोको जनमैत्री विश्वविद्यालयमा अध्ययन गरेँ । त्यसपछि हृदयरोगसम्बन्धी डिग्रीको अध्ययन र बीचमा मधुमेहसम्बन्धी ६ महिने विशेष तालिमसहित जम्माजम्मी पौने १० वर्ष रूसमा बसिएछ ।

मलाई आजसम्म पनि धेरैजसो कुराहरू याद आउँछ, जबकि म पढेर फर्केको २५ वर्ष नाघिसकेको छ । मेडिसिन पढ्दा र पोस्ट ग्राजुएसन गर्दाका दिनहरू कसरी बिते, पत्तो नै भएन । कामको बोझ यति धेरै हुन्थ्यो कि एक दिनमा २४ घण्टाभन्दा बढी भइदिए हुन्थ्यो जस्तो लाग्थ्यो । अझ खासगरी पोस्ट ग्राजुएसन गर्दा प्रायः सबै काम आफैँले गर्नु पर्थ्यो । शिक्षकज्यूहरूले त बाटो मात्र देखाउँथे । हामीलाई जुन बेला पनि परीक्षा लिएजस्तै गर्दथे । कहिलेकाँही त अस्पतालको कामले यति धेरै समय खान्थ्यो कि पुस्तक पढ्न समय नपुग्ने हुन्थ्यो । ज्यान लगाएर काम गरिन्थ्यो । जाँच कडा हुन्थ्यो, त्यसैले नपढी सुख थिएन । जति काम गरे पनि, जति अनुभव बटुले पनि, डाक्टर भनेर जति चिनिए पनि परीक्षामा त त्यस बेलाको चिकित्सा विज्ञानले भनेको सबै कुरा थाहा पाउनै पर्थ्यो । परीक्षामा सोधिएका प्रश्नहरूको जवाफ दिन सकिएन भने अस्पतालमा मरी-मरी काम गरेको काम लाग्दैनथ्यो । हो, मरी-मरी काम गरेपछि आफ्नो बिरामीबारे ज्ञान त बढ्थ्यो नै, साथै पढ्न पनि सजिलो हुन्थ्यो । आफूसँगै काम गर्ने वरिष्ठ चिकित्सक, जोसँग रातदिन सँगै काम गरिन्थ्यो, छलफल गरिन्थ्यो, पढिन्थ्यो, जब ऊ जाँचमा जाँचकी भएर आउँथ्यो, अर्कै मान्छेजस्तो हुन्थ्यो । उसलाई मेरो ज्ञानबाहेक अरु केहीसँग मतलब हुँदैनथ्यो । पढ्नचाहिँ खूब पढियो । काम पनि सिकियो । त्यसपछि बिदामा घुम्ने, नयाँ ठाउँ हेर्ने, सभा-गोष्ठी गर्ने इत्यादि हुन्थ्यो । बिदाको बेलामा कहिले सोभियत संघका विभिन्न शहरहरू घुमिन्थ्यो भने कहिले पश्चिमी मुलुकहरूको भ्रमणमा जाने गरिन्थ्यो ।

मैले चिकित्साशास्त्र अध्ययन गर्दा धेरै गुरु, गुरुआमाहरूबाट सिकेँ र प्रेरणा पाएँ तर १० वर्षमा केही शिक्षकहरूले विशेष छाप पारेका छन् ममाथि । एउटा अस्पतालकी प्रोफेसर कन्यानेन्छेन्को, जसले डक्टरेट गर्दा High Altitude सम्बन्धी अध्ययन गरेकी हुनाले नेपाल र नेपालीप्रति विशेष रुचि राख्थिन् । उनलाई नेपाल हेर्ने असाध्य मन थियो । म नेपाल फर्केपछि उनलाई यहाँ बोलाउन कोशिश गरेँ । निम्तो पनि पठाएँ । सब गरेँ तर सोभियत सरकारले उनलाई विदेश जाने अनुमति दिएन । शायद उनी कम्युनिष्ट पार्टीको सदस्य नभएर होला ! उनी आउन पाइनन् । त्यस बेला न इमेल, न इन्टरनेट, चिठीको भरमा मात्र सम्बन्ध हुन्थ्यो । उनी सधैँ भन्ने गर्थिन्- 'बिरामीको बारेमा कुनै पनि निर्णय लिनुअगाडि आफू बिरामीको ठाउँमा बस्नू र बिरामीलाई आफ्नो ठाउँमा राखेर निर्णय लिनू ।' यो मेरो गुरु मन्त्र बन्यो । मैले आजसम्म पनि यो पालना गर्दै छु । मेरा अर्का गुरु जो डक्टरेटको थेसिस तयार पारेर पनी नबुझाई बसेका थिए, किनभने थेसिसको काम सकिएपछि सरुवा गर्छ र विदेशीहरूलाई पढाउने ठाउँमा परिन्न कि भनेर । उनले रूसी पुस्तक-पत्रपत्रिकाबाहेक अङ्ग्रेजीका पुस्तक-पत्रपत्रिकाहरू पढ्न बाध्य बनाउँथे । ह्यारिसनको किताबलाई रसियनहरूले ग्यारिसन भन्छन् । ग्यारीसन पढिस् भनेर सोध्ने र त्यसैबाट प्रश्न बनाएर जाँच लिने गर्दथे । त्यस बेला रिस उठ्थ्यो, तर त्यहाँ काम गर्दा त्यस बेला पढेको

ग्यारीसन (ह्यारिसन) को पुस्तकको पाना-पाना आफ्ना आँखाअगाडि आउँछन् । ओहो ! कत्रो मद्दत पुऱ्याएको रहेछ ।

एक जना मेरा गुरु, पोस्ट ग्राजुएसन गर्दाका मेरा प्रशिक्षक, नोवेल पुरस्कार विजेता प्रो. डा. छाजोभ, जो इन्स्टिच्युट अफ कार्डियोलोजीका प्रमुख पनि थिए, उनी सोभियत कम्युनिष्ट पार्टीका महासचिव ब्रेजनेभका डाक्टर थिए । त्यस बेला उनले के गर्न सक्दैनथे, हामी कल्पना गर्न सक्छौँ । सोभियत कम्युनिष्ट पार्टीको सेन्ट्रल कमिटीको जनरल सेक्रेटरी, त्यसमा पनि ब्रेजनेभको डाक्टर, बाफ रे ! उनले आफ्नो लागि व्यक्तिगत फाइदा के लिए, त्यो त मलाई थाहा भएन तर आफ्नो देश र कार्डियोलोजी सेवा विकासका लागि चाहिँ धेरै गरे । त्यस बेला सोभियत युनियनको कार्डियोलोजी सेन्टर कुनै विकसित देशको भन्दा कम थिएन । अरु मुलुकलाई त गन्दै गन्दैनथे, खालि अमेरिकामाथि मात्र उनीहरूको आँखा हुन्थ्यो । त्यसै बेलातिर सोभियत युनियन र अमेरिकाबीच प्रविधि लेनदेन कार्यक्रमहरू चलेका थिए । डा. छाजोभ ब्रेजनेभलाई यो कुरामा विश्वास दिलाउन सफल भए कि इन्स्टिच्युट अफ कार्डियोलोजी र अमेरिकाका विभिन्न इन्स्टिच्युटहरूबीच सम्बन्ध राम्रो बनाउनुपर्छ । अनि रूसी शिक्षकहरू अमेरिका जाने र अमेरिकीहरू रसिया आउने भयो । सोभियत सरकारले कार्डियोलोजीको विकास गर्न पैसाको खोलो बगायो, खर्चको कुनै सीमै थिएन । अत्याधुनिक उपकरणहरू भित्रियो, काम गर्ने वातावरण सबै फेरियो । युरोपेलीस्तरबाट एकै चोटि अमेरिकीको पनि माथिल्लो दर्जाको सेन्टरको हाराहारीमा हाम्रो इन्स्टिच्युट पुग्यो । हृदयघात हुँदा रक्तनलीमा जमेको रगतलाई पगाल्ने औषधि (Streptokinase) संसारमा पहिलो पल्ट मुटुको रक्तनलीभित्र हालेको (Intracoronary Thrombolysis) यही ठाउँमा हो । मुटुको मांसपेशी कृत्रिम तरिकाले बनाउन सकिन्छ भन्ने आधारभूत अध्ययन यहीँ भएको हो । मुटुको मांसपेशीको आधारभूत रसायनशास्त्रबारे अध्ययन पनि यहीँ भएको हो । त्यस्ता धेरै कुरा छन्, जुन रूसी र अमेरिकी वैज्ञानिकहरूले मिलेर गरे । प्रोफेसर छाजोभसँगै काम गरेर आएको म, आफ्नो देश नेपाल आएपछि यहाँ ठूला-बडाका नजिक पुगेकाहरूले आफ्नो देश र संस्थालाई भन्दा आफ्नो



दुनो मात्र सोझ्याएको देखेँ मैले । दिक्क लाग्यो ।

आफ्नो देश आइयो । कार्डियोलोजीमा पोस्ट ग्राजुएसन गरेर आएको थिएँ । पढ्नका लागि यहाँ कार्डियोलोजीको एउटा किताब किन्न पऱ्यो भने दिल्ली जानु पर्थ्यो । वीर अस्पतालजस्तो ठूलो अस्पतालमा जनरल मेडिसिन मात्र थियो । मुटुरोग सेवा भनेको सी.सी.यू. मात्र थियो । सी.सी.यू. राम्रो थियो । अनि बिस्तारै नेपाल हृदयरोग निवारण प्रतिष्ठानको उदय भयो । वीर अस्पतालमा मुटुरोग एकाइ स्थापना भयो । बिस्तारै-बिस्तारै शहीद गंगालाल नेसनल हार्ट सेन्टर बन्यो । जुन नेपाल हृदयरोग निवारण प्रतिष्ठानको अग्रणीमा वीर अस्पताल, टिचिङ अस्पतालका साथीहरू मिलेर ल्याइएको थियो । तत्कालीन प्रधानमन्त्री श्री मनमोहन अधिकारीज्यू र मन्त्री पद्मरत्न तुलाधरज्यू नभएको भए शायद हाम्रो कोशिश पनि विफल हुने थियो । डा. अरुण सायमी र म रातदिन मन्त्रीहरूकहाँ कसरी दौडेका थियौँ, म कुनै बेला त्यो पनि लेखूँला ।

अब त नेपाल पनि मुटुरोग विज्ञानको नक्सामा देखा परेको छ । अगाडि बढ्दै छ, तर अझ धेरै काम गर्न बाँकी छ ।

डा. प्रकाशलाई धन्यवाद ! उनले गर्दा मैले पनि आफ्नो सम्झनालाई फेरि तिखार्न पाएँ । दुई अक्षर लेख्न पाएँ । मेरा पूजनीय गुरुहरूलाई सम्झिन पाएँ । साधुवाद प्रकाश ! मेरो धेरै-धेरै शुभ-कामना छ । अगाडि बढ्दै जानू, पिताजीको सात सूत्रीय मार्गदर्शन कहिलै पनि नभुल्नू- प्रेमभाव, सेवा, मद्दत, प्रिय वचन, आदर, सहयोग, अध्ययन । र, फेरि पनि पुस्तक लेखेपछि अवनि दाइलाई नभुल्नू ।

**माघ २०६४** — ***डा. अवनिभूषण उपाध्याय***

# रूसी चरित्र

डा. प्रकाशराज रेग्मीको संस्मरण सङ्गालो पढ्दा आनन्द लाग्यो । उहाँले कोर्नुभएका हरफहरूले मलाई एकैछिन् भए पनि ३० वर्षअगाडिको अतीतमा पुऱ्यायो । उहाँले वर्णन गर्नुभएका घटनाहरू पढिरहँदा आफू पनि त्यही परिवेशमा घुमिएको भान भइरह्यो । साँच्ची नै यो सानो पुस्तकमा उल्लिखित घटनाहरू आफैँसँग घटेका थिए कि जस्तो अनुभव हुन्छ, हामी त्यतातिर लामो बसाइ गरेर फर्केकाहरूलाई ।

हुन त डाक्टर साहेबले आफ्नो सोभियत संघ बसाइका झन्डै एक दशक जति समयावधिका डायरीका पानाबाट केही अंश मात्र उतारेर आफ्नो सङ्गालोमा समावेश गर्नुभएको छ । शायद आफूलाई बढी सम्झना भएका र त्यस बसाइ अवधिभर उहाँको व्यक्तित्वमाथि बढी प्रभाव पर्न सफल क्षणहरू मात्र सङ्कलन गर्नुभएको होला ।

उहाँको पुस्तक पढ्दै गर्दा मलाई अनायासै ३० वर्षअगाडिको आफ्नो अतीतमा पुऱ्यायो । कतिपय बिर्सिएका तर आफूलाई गहिरो प्रभाव पारेका क्षणहरू ताजा भई सम्झनामा आए । म डा. रेग्मीसँग पूर्ण सहमत छु कि १० वर्ष लामो सोभियत संघ बसाइ, त्यहाँ पसेका विद्यार्थीहरूको लागि साँच्चै नै प्रमुख कारक तत्व हो, जसले हामीहरूको व्यक्तित्व निर्माणदेखि वैचारिक धरातल विस्तार गर्नमा महत्वपूर्ण भूमिका खेल्यो । हामी सबै जो सोभियत संघमा अध्ययन गरेर फर्केका छौँ, दुईवर्षे कलेज जीवनपश्चात् अल्लारे काँचो बुद्धि र अनुभवहीन किशोर-किशोरी हुँदा सोभियत संघ प्रवेश



गऱ्यौँ । त्यो एउटा नितान्त भिन्नै संरचना भएको समाजवादी सिद्धान्तमा आधारित समाज थियो, जसको बारेमा हामीलाई कि त केही ज्ञानै थिएन कि अधुरो र त्रुटिपूर्ण धारणा थियो । रहँदै-बस्दै गर्दा हामी त्यहाँ हुर्क्यौँ र त्यही समाजको गहिरो छाप आफ्नो व्यक्तित्वमा पर्न गयो ।

यो सानो टिप्पणीमा सोभियत संघ, समाजवाद, त्यसका दोष-गुण आदि केलाउन सम्भव छैन । हाम्रो वैज्ञानिक धरातल, जीवनका मान्यताहरू र प्राथमिकताको चयनजस्ता विषयमाथि समाजवाद, सोभियत संघले हामीप्रति गरेको सहयोग आदिले पक्कै प्रमुख भूमिका खेलेका छन् । तर यहाँनिर एउटा अत्यन्तै महत्वपूर्ण पक्ष छ, जुन हामीले प्रायः सम्बोधन गर्दैनौँ । विचारधारा, राजनीतिक व्यवस्था, त्यहाँ त्यो बेला प्रचलित सुविधा, सार्वजनिक सेवालाई विशेष महत्व दिई तिनैका कारणले हाम्रो सोचाइमा परिवर्तन ल्याई सोभियत संघले विदेशी विद्यार्थीहरूलाई आफ्नो प्रशंसक र सहयोगी मित्रको रूपमा तयार गर्न सकेको हामी ठान्दछौँ । यो कुरा सत्य हो । हामी त्यहाँबाट फर्केको यतिका वर्ष बितिसके पनि अझै त्यहाँको दैनिक जीवनमा आवश्यक पर्ने सार्वजनिक यातायात, निःशुल्क स्वास्थ सेवा र शिक्षा, अति न्यून आपराधिक घटना एवम् सुरक्षाको अनुभूतिजस्ता विशेषताहरूको प्रशंसा गर्न छोडेका छैनौँ । तर ती सबै कुरासँगसँगै हामीले महत्व दिन बिर्सेको पक्ष छ, त्यो हो- तत्कालीन रूसी समाजको सामान्य नागरिक र उसले गर्ने मानवीय व्यवहार । मैले आफ्नो निजी अनुभवको बारेमा भन्नुपर्दा अर्थात् डा. रेग्मीले जस्तै मैले पनि सोभियत संघमा बस्दाखेरिका अनुभव लेखेँ भने मेरो जीवनमा सबभन्दा बढी प्रभाव पारेको सोभियत संघको विषय हुनेछ- रूसीहरूको व्यवहार र जीवनशैली ।

हामी विदेशी विद्यार्थीहरूसँग काम गर्ने शिक्षक, कर्मचारी आदिलाई यसो-यसो गर्नू भनेर तालिम दिने, सिकाउने र विदेशीलाई प्रभाव पार्न सक्ने व्यक्तिहरूलाई नै त्यस प्रकारको काम दिने गरेको कुरा सर्वविदित नै थियो । त्यसैले हाम्रा प्रशिक्षक, रूसी भाषाका गुरुहरू, सहयोगी स्वयंसेवक, छात्रावासका स्टाफहरूले गरेको व्यवहारमा खासै आश्चर्य मान्नुपर्ने छैन । किनभने उनीहरूलाई त्यसरी नै तालिम दिइएको हुन्थ्यो । र, त्यस किसिमले

हामीसँग काम गर्ने जिम्मेवारी पाएका सोभियत नागरिकहरूको प्रभावबाट सम्पूर्ण रूसीहरूका बारेमा निष्कर्ष निकाल्नु उचित हुँदैन । तर विदेशीसँग काम गर्ने जागिरबाहेक अरु सर्वसाधारण रूसीहरूसँग पनि घुलमिल गर्ने प्रशस्त अवसरहरू भए र रूसी-रूसीहरूबीचको आपसी सम्बन्ध र व्यवहारलाई पनि नजिकबाट नियाल्ने मौका हामीलाई मिल्यो ।

हामीले अध्ययन गर्ने कलेजभित्र र विभागहरूमा अक्सर देख्ने गर्थ्यौं कि प्रोफेसर, रिडरहरू बाहिरबाट आउँदै छन् भने उनीहरूले त्यहाँभित्र भएका जुनसुकै स्तरका कर्मचारी किन नहुन् आफूले नै पहिला अभिवादन गर्दथे । कति पटक प्रोफेसर भित्र पस्दा त्यहाँ कुचो लगाइरहेकी महिलालाई आफैंले सम्बोधन गरेर 'नमस्ते, शुभ-प्रभात' भन्ने गर्दथे, अनि ती महिलाले जवाफमा नमस्ते फर्काउँथिन् ।

त्यस्तै बिदा हुने बेलामा जो व्यक्ति पहिला निस्कँदै छ, ऊ जुनसुकै स्तरको भए पनि उसैले पहिला बिदाइको अभिवादन सुरु गर्छ र त्यहीं रहिरहने व्यक्तिले प्रत्युत्तर दिन्छ । यो चलन हाम्रो बानीमा त्यति गहिरोसँग बस्यो कि नेपाल आएपछि पनि धेरै लामो समयसम्म हामीले यही मर्यादालाई अनुशरण गर्थ्यौं । अस्पतालमा पस्दा नर्सको त कुरै नगरौं, पाले, पियन, कुचीकारलाई हामीले नमस्कार गरेको देख्दा त्यहाँ उपस्थित व्यक्तिले अनौठो, अचम्म र अप्ठ्यारो मान्थे भने हामीले जसलाई अभिवादन गर्थ्यौं उनहरूले जिस्क्याएको जस्तो मान्थे । तर बिस्तारै-बिस्तारै हाम्रो त्यो बानी मेटिँदै गयो अनि आफूभन्दा ठूलाहरूलाई मात्रै अभिवादन गरिने र सानाबाट सलामी खाने आशा गर्न थाल्यौं ।

त्यसै गरी सार्वजनिक यातायातमा सवार हुँदा चढ्ने-ओर्लने बेलामा अरु यात्रुहरूका २-३ वटा झोला भएमा समाइदिने, बच्चा बोकेका महिलाहरूको लागि बच्चा लिइदिने, मोटा-मोटा यात्रुहरूलाई बसभित्र-बाहिर गर्दा हात समातेर तान्ने, आड दिनेजस्ता कार्यहरू नियम पालना गरेजस्तै लाग्दथे ।

एक पटकको घटना मलाई सम्झना छ, म बसेको शहरको एउटा प्रसूति गृहमा सुत्केरी भएकी एक जवान महिलालाई अत्यधिक रक्तश्राव हुन



थालेछ र निरन्तर रगत चढाउन पर्ने भयो । तर संयोगवश उनको रगत ग्रुप विरलैमध्येको परेकोले पर्याप्त रगत भएन । त्यसमाथि लगातार दिइरहनुपरेकाले जगेडा रगतको ठूलै समस्या पर्‍यो । केही सीप नलागेर स्थानीय रेडियो (यहाँको FM Station जस्तो) बाट सूचित गरेको १ घण्टा जति पछि ती महिलाको रगत ग्रुप मिल्ने व्यक्तिहरूको विशाल समूह अस्पतालमा लाइन लाग्न थाल्यो । अहोरात्र, जबसम्म तिनी जीवित थिइन्, त्यहाँ रगत दिने मानिसहरूको लाइन लागिरह्यो ।

हामी रूसी सर्वसाधारण नागरिकहरूमाझ खूब रमाउँथ्यौं । उनीहरूले हामीलाई बडो स्नेह र आदरपूर्वक व्यवहार गर्ने मात्रै हैन, हाम्रा देशका संस्कृति, इतिहास, कला, शिक्षा आदि विषयमा अभिरुचिका साथ प्रश्न गर्दथे र साँचो त्यति थाहा हुँदैनथ्यो । त्यसको एउटा कारण थियो- हामीलाई अर्थमा अन्तर्राष्ट्रियताको अनुभव गराउँथे । राजनीतिक स्तरमा र भित्रभित्रै के-के हुँदो हो, त्यो हामीलाई त्यति थाहा हुँदैनथ्यो । त्यसको एउटा कारण थियो हामी स्वतन्त्ररूपले ठाउँ-ठाउँमा भ्रमण गर्न पाउँदैनथ्यौं । कहीं कसैकहाँ जानु पर्‍यो भने पूर्वस्वीकृति लिनु पर्थ्यो । त्यसैले पनि तिनताका रूसी समाजमा विद्यमान अन्तरिक असन्तुष्टि, विरोध या अरु खाले विमतिका स्वर सुन्न पाउँदैनथ्यौं ।

त्यति बेला हामीलाई लाग्थ्यो कि सोभियत संघको एउटा सामान्य नागरिक राजनीतिक चेतना, वैचारिक आदर्श, समाजिक योगदानका हिसाबले एक उच्च व्यक्तिका रूपमा प्रस्तुत छन् । यस्तै भाव हुन्थ्यो । रूसी मानिसले सामाजिक उथलपुथल, युद्ध, क्रान्ति, समाजवादी व्यवहारको प्रभावले एउटा भिन्नै पहिचान बोकेछ । र, हामीलाई विश्वास हुँदैनथ्यो कि त्यो समाजमा अन्यत्रजस्तो अपराध, शोषण, असमानता फेरि फर्कनेछ ।

तर कस्तो विडम्बना, म रूसबाट फर्केको एक दशक बित्दानबित्दै त्यो समाजका सम्पूर्ण मान्यताहरू घरायसी भए । हाम्रो मानसपटलमा एउटा आदर्शवान् नागरिकको छाप बसेको रूसी व्यक्तित्व कसरी नष्ट भयो र कस्तो डरलाग्दो नयाँ चरित्रको रूपमा देखा पर्‍यो भन्ने कुरा हालका दिनहरूमा रूसमा देखिएका घटनाहरूले पुष्टि गरे ।

कति सत्य हो, थाहा छैन। तर मेरो एक अमेरिकी साथीले एउटा अनौठो घटना सुनाए। कुरा के थियो भने सोभियत संघको विघटनपछि धेरै रूसी नागरिकहरू सुखी जीवनको खोजीमा अमेरिकामा बसाइँ सरे। तिनीहरूमध्ये कति आपराधिक प्रवृत्तिका खराब व्यक्तिहरू पनि परेका रहेछन्। अमेरिकामै छिट्टै रूसी माफियाको विस्तार हुन थाल्यो। अमेरिकी पुलिसले सम्हाल्नै नसक्ने भयो। आफूहरूले नचिताएका प्रकृतिका अपराध हुन थालेपछि अमेरिकी पुलिसलाई त्यस्तो माफिया गिरोह नियन्त्रणमा लिन गाह्रो हुँदै गयो। समस्या समाधानको लागि अमेरिकी खुफिया एजेन्सीले विगतका केजिबी एजेन्टहरूलाई करारमा जागिरमा लिन थाले रे ! अनि मात्र अमेरिकामा रूसी माफियाका डरलाग्दा अपराधहरू नियन्त्रण आउन थाले रे !

कुरा साँच्चो होस् वा झुटो होस्, यसले एउटा पक्षलाई पुष्टि गर्दछ। त्यो पक्ष हो- आदर्श मानवको एउटा रूपमा प्रस्तुत भएको रूसी चरित्र एकाएक डरलाग्दो असामाजिक र आपराधिक चरित्रमा परिणत भयो। अगाडि र पहिलेको आदर्शवान्जस्तो देखिने रूसी अन्तर्राष्ट्रिय भाइचारावाद, अत्मीयता, आतिथ्य स्वागत, अत्मीय मित्रता, सहयोगी भावना, जे-जस्ता विशेषणहरू थिए, ती सब रूसी चरित्र नभई तत्कालीन सोभियत संघको राज्य व्यवस्थाले र सामाजिक मान्यताले कायम राखेको रूप मात्र थियो। जुन दिन त्यो सब संरचना ध्वस्त भयो, त्यो रूसी आवरण पनि नष्ट भयो र मानवीय स्वभावका अति निकृष्ट र तल्लो तहको प्रवृत्ति सतहमा आयो।

त्यसैले डा. प्रकाशराज रेग्मीले आफ्नो पुस्तकमा उतार्नुभएका आफ्ना अनुभवहरू र धारणाहरूसँग सहमत हुँदाहुँदै एउटा कुरा के थप्न मन लाग्यो भने हामीले भोगेको रूसीहरूको चरित्र रूसी चरित्र नभई रूसीहरूमाथि त्यस बेलाको व्यवस्था, राज्य र सामाजिक मान्यताले निर्माण गरेको नागरिक चरित्रको रूप थियो।

डा. रेग्मीका संस्करण पढ्दा मलाई उहाँको पिताजीसँगको संवाद धेरै कुराले अर्थपूर्ण लाग्यो। यसमा प्रकाशित पिताले पुत्रलाई लेखेका चिठीहरूले डा. प्रकाशराज रेग्मीको स्मरण पुस्तकको गरिमा बढाइदिएका छन्। एक त ती चिठीहरूले तत्कालीन नेपालमा उहाँका पिताजस्तो नेपाली राजनीतिको



सिद्धहस्त खेलाडी र एक अत्यन्त प्रतिभाशाली राजनीतिज्ञका मनमा उब्जिने द्वन्द्वमाथि प्रकाश परेका छन्। त्योभन्दा पनि अझ महत्वपूर्ण मलाई के लाग्छ भने, ती पत्रहरूमा डा. रेग्मीको वैचारिक धरातल क्रमशः निर्माण हुँदै गएको र उहाँको राजनीतिक चेतनाको विकासको साथै आन्तरिक द्वन्द्व पनि प्रस्टै अनुभव गरिन्छ।

समयक्रमअनुसार पत्र समावेश गर्नुभएको हुँदा उहाँको दृष्टिकोण कसरी परिमार्जित हुँदै गएको थियो भन्ने कुरा ती पत्रबाट थाहा पाउन सकिन्छ। साथै प्रत्येक पाइलामा कतै छोरो विचलित हुने हो कि, गलत बाटोमा लाग्ने त होइन भन्ने पिताजीको चिन्ता पनि ती पत्रले महसुस गर ाएका छन्। यसरी यी पत्रहरू डा. रेग्मीको रूस बसाइमा भएका परिवर्तनको एक झलक दिन सफल भएका छन्।

डा. प्रकाशराज रेग्मीलाई यस्तै अरु धेरै-धेरै कृतिहरू लेख्न र प्रकाशन गर्न प्रेरणा मिलोस्, यही मेरो शुभ-कामना छ।

*फागुन २०६४* *-डा. विश्वबन्धु शर्मा*

# अर्को चिठी

**प्रिय प्रकाश,**

तिमीले तयार पारेको 'सोभियत संघको सम्झना' नामक रचनाको पाण्डुलिपि राम्रो चाखसित हेरें। आफ्ना सन्तानको कृतिलाई पिताले मन पराउनु स्वाभाविक हो। तर तिम्रा आयामिक सम्झनाहरू धेरै पुराना भएर पनि मलाई त स्वादिला लागे। सम्झना भनेकै आपविती पुराना कुराका भण्डार केलाउन थाल्नु त हो। सोभियत संघको स्वास्थ्य विद्याको पाठशाला र प्रयोगशालामा १० वर्षसम्म तिमीले पढाइ गर्दा र छुट्टीका अवसरमा देश-देशावरको यात्रा अनि अन्य क्रियाशीलताका व्यहोराको एउटा झलक तिम्रो यस रचनामा पाइन्छ। साथै १० वर्षको लामो समयमा पटक-पटक हामीले तिमीलाई र तिमीले हामीलाई पठाएका चिठीहरूमध्ये आफूलाई उचित लागेका केही चिठीहरू पनि लेखनका अंश बनाएर राखेका रहेछौ। ती चिठी पढ्दा विगतको आफ्नै चेहरा र व्यहोरा ऐनामा छर्लङ्ग देखेझैं लाग्यो। मैले सम्झन पुगें- तिमीले पठाएको चिठी र जवाफमा मैले लेखेको चिठी पढेर तिम्री आमालाई सुनाउँदा त्यतिखेर उनको कमलो मनले सन्ततिस्नेहको रसधारालाई आँखाबाट धर्धरी बर्साइदिन्थ्यो। ज्यादाजसो मैले पनि तिम्री आमालाई साथ दिनै पर्थ्यो, आँखा भरिएर चिठी पढ्नै नसक्ने हुन्थ्यो।

तिम्रो ज्ञान आर्जन, स्वास्थ्य सेवा, समाज सेवा, मातापितामा भक्ति, सन्तान-परिवारमा स्नेह, मार्गदर्शन आदि उप्रान्त पनि तिमीले अक्षर-साधना अर्थात् पुस्तक लेखन र प्रकाशन गरिरहेका छौ, यी सबै कर्म जीवनको



'उज्यालो मार्गको यात्रा' भन्न रुचाउँछु म। तिम्रो स्वास्थ्यको वा आदि कर्मको व्यस्तताबाट समेत समय निकालेर अध्ययन र लेखनकार्यमा प्रवृत्त हुन्छौ, यो तिम्रो अरु प्रशंसनीय पक्ष हो। तिम्रो जीवनको व्यवसाय र सेवासँगसँगै लेखन कर्मसमेत मिसिँदा तिम्रो योग्यता र दक्षताको साथै प्रतिष्ठा पनि गुणान्वित भएर जान्छ। तिम्रो यो प्रस्तुत कृति प्रकाशित भएपछि अहिलेसम्म तिमीले लेखेका पुस्तकको सङ्ख्या नौ पुग्छ। सङ्ख्यात्मकताको साथै गुणात्मकतामा पनि असाध्यै ध्यान दिनुपर्छ। स्वास्थ्य सम्बन्धी खास गरेर मुटु र सम्बन्धित रोगहरूबारे तिमीले लेखेका पुस्तकहरू अङ्गपूर्ण, साधिकार र सुन्दर भन्न लायकका छन्। यस्ता कृति स्वास्थ्य विज्ञान पक्षका हुन्। यीमध्येका 'उच्च रक्तचाप' नामको पुस्तक सर्वश्रेष्ठ र अति उपयोगी छ। अरु पुस्तक पनि उत्तिकै उपयोगी छँदै छन्। काव्य, नाटक, आख्यान (कथा, उपन्यास) निबन्ध, संस्मरण आदि जस्ता साहित्यको मूलफाँट ठूलो र अझ भिन्नै छ। तिम्रो 'मेरो मुटु दुःख्छ', 'समर्पणको जीवन' र अहिलेको 'सोभियत संघको सम्झना' मूलफाँटको साहित्यको नगिच-नगिच देखिन्छ। साहित्यको कुरा गर्दा पुराप्राचीन, प्राचीन, आधुनिक, उत्तरआधुनिक हुँदै अब नवउत्तर आधुनिक अनि अरु चामत्कारिक प्रयोग आयाम, विधा विकास हुँदै जाने छन्। तिम्रो सोभियत संघको सम्झना पुस्तक समालोचना क्षेत्रका कुनै व्यक्तिलाई पढिदिन कर गर्‍यौ भने तिनले मनमनै सोच्लान्- 'त्यो अति विशाल सोभियत संघ जसले प्रथम विश्वयुद्ध, द्वितीय विश्वयुद्धसमेत अनेकौं युद्ध लड्यो, जसले विश्व थर्काउने समाजवादी क्रान्ति गर्‍यो, जहाँ राजनीति, दर्शन, साहित्य, विज्ञान, प्रविधिका अनेकानेक शिखर पुरुषहरू, विश्वविख्यात व्यक्तित्वहरू जन्मेर अमर योगदानहरू गरेका छन्, जहाँ प्रकृतिका विविधता र विचित्रताको असंख्य भण्डार छ, त्यस्तो ठाउँमा १० वर्षको लामो बसाइ, पढाइ, सेरोफेरो र देश-देशावरसमेतको घुमाइपछिको फेरि यतिको लामो अन्तरालबाट जन्मेको यो संस्मरण वर्णनधारा तिर्खा नमर्ने र चित्त नबुझ्ने भयो भन्ने ठान्नेछन्।' तर मुखले भने 'राम्रै छ, लेख्दै गरे अझ राम्रो हुनेछ' भन्नेछन्। अध्ययन र लेखन भनेको मेरो विचारमा उज्यालो मार्गको जीवन यात्रामा त्यस्तो एउटा पाथेय हो जसले

तृप्ति, प्रसन्न, आनन्द र चिरञ्जीविसमेत प्रदान गर्दछ। तर लेखेर पुस्तक प्रकाशन गरी व्यक्ति-व्यक्तिका हात-हातमा पुऱ्याउनु भनेको आफ्नो भावना र विचार, ज्ञान र सीप अरुका दृष्टिमा राखिदिनु हो। त्यसैबाट अरुले आफूलाई तौलिन्छन्, यो लेखक कति हल्काफुल्का अथवा वजनदार छ भनेर। कृतिलाई प्रमाणित, परिष्कारयुक्त र सीपपूर्ण पार्नै पर्छ। यही प्रयासमा तिमी लागिरहनेछौ, नयाँ साहित्यको अध्ययन र लेखन कार्यमा व्यस्तताबाट केही समय निकालेर निरन्तर लागिरहू, तिमीलाई उत्तम आनन्द प्राप्त हुनेछ।

**फागुन २०६४** **सदा स्नेही**

**कमलराज रेग्मी**

# मेरा दुई शब्द

तत्कालीन सोभियत संघमा चिकित्साशास्त्रको अध्ययन गर्दा बिताएको करिब १० वर्ष मेरा लागि धेरै दृष्टिकोणले महत्वपूर्ण र स्मरणीय रहन गयो । सोभियत भूमिमा पाइला टेकेकै दिनदेखि मैले आफ्ना अनुभवहरू लेख्ने गरेको थिएँ । पढाइ सकेर नेपाल फर्केको धेरै वर्षसम्म पनि मैले लेखेर राखेका कुराहरू प्रकाशित गर्न सकिराखेको थिइनँ । सोभियत संघमा बिताएको समयका सम्झनाहरूलाई ताजै राख्न ती लेखहरू प्रकाशित गर्ने साह्रै ठूलो इच्छा मेरो मनभित्र थियो । रूसमै अध्ययन गरेका र पत्रकारिता क्षेत्रमा लागेका मेरा मित्र श्री बद्री पौडेलको विशेष सहयोगमा मैले त्यो इच्छा पूरा गर्न सकेँ । बद्रीजीले मैले लेखेका कुराहरू र सानातिना टिपोटहरूलाई समेत विस्तृत रूपमा हेरी यसलाई सम्पादन गर्ने, थपथाप गर्ने, अनुवाद गर्ने र पुस्तक आकारमा ल्याउने आदि कार्यहरू गरिदिनुभयो । यसका लागि उहाँलाई म धेरै-धेरै धन्यवाद दिन चाहन्छु । २५-३० वर्षअगाडि मैले लेखेका अनुभव र भावनाहरू पुस्तकका रूपमा आज प्रकाशित भएकोमा म खुशी छु ।

सन् १९८०-८५ तिर सोभियत संघमा करिब १ हजार नेपाली विद्यार्थीहरू अध्ययन गर्दथे । चिकित्साशास्त्र, इन्जिनियरिङ, अर्थशास्त्र, जलस्रोत, पत्रकारिता, कृषि विज्ञान आदि विभिन्न विषयहरूमा उच्च शिक्षा हासिल गर्न सोभियत सरकारले विकासोन्मुख राष्ट्रहरूबाट लाखौँको सङ्ख्यामा विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गरेको थियो । नेपाली विद्यार्थीहरूको ठूलो सङ्ख्या सोभियत संघमा जम्मा हुँदा त्यो विशाल देशभित्र सानो नेपाल खडा



भएको थियो । समाजवादी बाटोमा लागेको सोभियत संघको सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक आदि विविध पक्षहरू हामीलाई अनौठो र रमाइलो लाग्थ्यो । चिकित्साशास्त्रको अध्ययन गर्दागर्दै त्यस ठाउँमा अन्य धेरै नयाँ-अनौठा कुराहरू देख्न र पढ्न पाइन्थ्यो । सन् १९७९ देखि १९८७ सम्मको रूस बसाइ मेरा लागि साँच्चिकै रोचक र महत्वपूर्ण रहन गयो । त्यसैको संस्मरण हो यो सानो पुस्तक ।

२५-३० वर्षअगाडि लेखेका कुराहरू आजका दिनमा पढ्दा ती घटनाहरू देखेका, भोगेका र रूसमै अध्ययन गरेका मित्रहरूलाई केही रोचक होला नै तर अन्य पाठकहरूलाई के-कस्तो लाग्ने हो, प्रतिक्रिया पाएपछि मात्र मलाई थाहा होला । वर्तमान अवस्थामा यो मेरो संस्मरणको कुनै महत्व होला/नहोला, मलाई थाहा छैन । तर नेपालमा हाल हजारौँको सङ्ख्यामा कार्यरत चिकित्सक, इन्जिनियर, जलस्रोतविज्ञ, कृषिविज्ञ, राजनीतिज्ञ तथा अन्य जो सोभियत संघमा अध्ययन गरेर फर्के उनीहरूले आफ्नो अध्ययनकालमा देखेका, भोगेका कुराहरूलाई मैले जस्ताको जस्तै जनसमक्ष प्रस्तुत गर्ने जमर्को गरेको छु । यसका साथै त्यस बेलाको सोभियत संघको चित्र प्रस्तुत गर्ने प्रयास गरेको छु ।

यस पुस्तकमा समावेश भएका सबैजसो संस्मरणहरू मैले त्यति बेलै लेखेको हुँ । केही नपुगेको जस्तो लागेर २-३ वटा निबन्धहरू मात्र हालसालै लेखेर समावेश गरेको हुँ । मेरा मित्रहरूको सल्लाहमा प्रसङ्ग मिल्ने भएकाले मैले पहिल्यै प्रकाशित गरेको बदलिएको सोभियत रूस नामक लेख पनि यसमा समावेश गरेको छु । मेरा पिताजीले मलाई त्यस बेला लेख्नुभएका पत्रहरूका केही अंशहरू पनि यस पुस्तकमा समावेश गरेको छु । मेरा लागि ती पत्रहरू महत्वपूर्ण थिए । मलाई मार्गदर्शन गर्न पिताजीले गर्नुभएको प्रयास त्यसै खेर नजाओस्, त्यो सधैँ ताजा रहिरहोस् भनी प्रकाशित गरेको हुँ । ती पत्रहरू नितान्त निजी र व्यक्तिगत हुन् । मेरा पिताजीले मेरो अध्ययन र चरित्र निर्माणका लागि जुन प्रयास गर्नुभयो त्यसको मूल्याङ्कन मैले शब्दहरूबाट मात्र गर्न सक्तिनँ । मैले लेखेका केही पत्रहरू पनि यहाँ समावेश छन् ।

सोभियत संघ आज विघटन भैसकेको छ । सोभियत जनता र समाजमा विभिन्न परिवर्तनहरू आएका छन् । त्यो विशाल देश १५ वटा टुक्रामा विभाजित भएको छ । साम्यवादी सरकार ढलेको छ । नयाँ सोचका साथ अगाडि बढ्दै छ त्यो देश आज । समाजवादी सोभियत संघ विघटन हुनुभन्दा २-३ वर्षअगाडिसम्म म त्यहीँ थिएँ । मिखाइल गोर्वाचोभले उठाएको 'पिरिस्त्रोइका र ग्लास्तनोस्त' (परिवर्तन र खुलापन) को हुरी चलिरहेको थियो त्यति बेला । अत्यन्तै रोचक र आकर्षक शैलीमा गोर्वाचोभले जनतासामु आफ्ना विचार राख्ने गर्दथे । उनी चाँडै नै लोकप्रिय भए । म नेपाल फर्केपछि 'पिरिस्त्रोइका र ग्लास्तनोस्त' को हुरीले सोभियत साम्यवादलाई उडाएर लगिदियो । आजको रूस बेग्लै छ । मैले यस पुस्तकमा परिवर्तनअगाडिको सोभियत संघको जनजीवन चित्रण गरेको छु । साथै बदलिएको सोभियत रूसको साधारण जानकारी मात्र दिने प्रयास गरेको छु ।

अन्त्यमा यो पुस्तक छाप्नुअगाडि आफ्नो राय-सुझाव दिनुभएकोमा वरिष्ठ साहित्यकार कमल दीक्षितज्यूलाई तथा मन्तव्य लेखिदिनुभएकोमा विद्वता र साहित्य क्षेत्रका अग्रणी व्यक्तित्व श्रद्धेय मदनमणि दीक्षितज्यू तथा वरिष्ठ चिकित्सकहरू डा. अवनिभूषण उपाध्याय र डा. विश्वबन्धु शर्मालाई धन्यवाद दिन चाहन्छु ।

**फागुन २०६४** **डा. प्रकाशराज रेग्मी**

# रूस जाने तयारी

एसएलसी पास गरेर प्रमाणपत्र तहमा प्रवेश लिने बेलामा मात्र मेरो मनमा डाक्टर बन्ने इच्छा पलाएको हो । विज्ञान विषय लिएर प्रमाणपत्र तहमा पढ्दा इन्जिनियर बन्ने भए भौतिकशास्त्र र डाक्टर बन्ने भए जीवशास्त्र छान्नुपर्थ्यो । मैले जीवशास्त्र पढ्ने निधो गरेँ । डाक्टरी पेसाबाट बढी जनसेवा गर्न सक्छु भन्ने लागेर नै होला, म डाक्टर बन्नेतर्फ ढल्किएको ।

जीवित प्राणीका लागि आफ्नो शरीर नै सबैभन्दा प्यारो हुन्छ । मानिसलाई उसको शरीरमा सकेसम्म रोगै नलाग्ने उपायहरू सुझाइदिनु र लागेको छ भने निःस्वार्थ सेवाको भावनाले उपचार गरेर रोगमुक्त पारिदिनु- यही त हो साधारणतया डाक्टरको काम । यो एकदमै पवित्र मानवीय कार्य हो भन्ने विचार आउँथ्यो त्यति बेला । त्यस्तै विचारले मलाई अझ दृढ भएर डाक्टर बन्नेतिर डोऱ्यायो ।

२०३२ सालमा प्रमाणपत्र तह पास गरेपछि अरू सबैझैँ म पनि 'प्लान' को खोजी गर्न थालेँ । त्यति बेला विज्ञान पढ्ने विद्यार्थीहरूबीच पटक-पटक उच्चारण हुने 'प्लान' शब्दले योजना भन्ने यसको वास्तविक अर्थ नबुझाई विदेश पढ्न जाने अवसर वा छात्रवृत्ति बुझाउँथ्यो । हामी भर्खर-भर्खर प्रमाणपत्र तह पास गरेका विद्यार्थीहरूका लागि यो शब्द निकै महत्वपूर्ण र प्यारो लाग्थ्यो । प्रत्येक दिन गोरखापत्रका पानाहरूमा प्लान नै खोज्थ्यौं । प्रत्येक साँझ हजारौं आँखाहरू प्लानकै खोजीमा भूगोलपार्कको भित्तामा टाँसिने पत्रिकातिर दौडिन्थे । नेपालमा मेडिसिनमा 'ब्याचलर' तहको पढाइ



हुने इन्स्टिच्युट खुलिसकेको थिएन । त्यसकारण नेपालमै बसेर डाक्टर बन्ने इच्छा पूरा हुने सम्भावना थिएन । आफ्नो इच्छा पूरा गर्ने एकमात्र बाटो थियो- विदेश जानु ।

नेपालीहरू भारत, बंगलादेश, सोभियत संघ, चीन, पाकिस्तान, बेलायत, अमेरिका आदि देशहरूमा उच्च शिक्षा हासिल गर्न जाने गर्दथे । तिनताका 'मेडिसिन' र 'इन्जिनियरिङ' पढ्नका लागि भारतको 'कोलम्बो प्लान' र सोभियत संघको 'लुमुम्बा युनिभर्सिटी' का सिटहरू धेरै आउँथे । तर ती सिटहरू पक्कै पनि प्लानको खोजीमा भौंतारिइरहेका हजारौं युवाका लागि पर्याप्त हुँदैनथे । कतै जाने मौका मिलेन भने त्रिभुवन विश्वविद्यालयमै विज्ञानमा स्नातक र स्नातकोत्तर तह पास गरेर जागिर खाई जीविकोपार्जनको बाटो समात्ने विकल्प मात्र बाँकी रहन्थ्यो । आफ्नो इच्छाअनुसार जीवनको बाटो रोज्न नपाएर विचलित कैयौं कर्मठ, मेहनती र प्रतिभाशाली विद्यार्थीका दुःखपूर्ण जीवनकथा बराबर सुन्न पाइन्थ्यो । आवश्यक सङ्ख्यामा अध्ययन संस्थाहरू नभएको हाम्रो मुलुकमा आफूले इच्छा गरेअनुसारको विषय पढ्न नपाई कुजिएका लगनशील विद्यार्थीहरूको सङ्ख्या ठूलो छ । आफ्नो क्षमताको विकास गर्ने मौका पाएका भए यिनीहरूबाट समाजले धेरै असल कुरा लिन सक्ने थियो ।

डाक्टर बन्ने आशा बोकेर नेपालका दुर्गम क्षेत्रबाट काठमाडौं पढ्न आएका मसँगै प्रमाणपत्र तह उत्तीर्ण कैयौं साथीहरूका सामु यहाँको महँगीमा आफूलाई रित्याउँदै जानुपर्ने बाध्यता थियो । भाडामा लिएको एउटा कोठामा तीन-चार जनाको बस्ने, सुत्ने, पकाउने, खाने, पढ्ने आदि सबै काम हुन्थ्यो । पढ्नका लागि ठूलो संघर्ष गरेर पनि आफ्नो इच्छा पूरा गर्न नसकेका ती साथीहरूलाई देख्दा समाजले उनीहरूप्रति गरेको अन्याय र शोषण प्रस्ट हुन्थ्यो ।

देशमा शैक्षिक बेरोजगारी बढ्दै गएकोले विश्वविद्यालयमा उच्च शिक्षा हासिल गरेका विद्यार्थीहरूमा पनि डिग्री पाइसकेपछि डिग्रीलाई पोको पारेर बाकसभित्र कुहाउनुपर्ने हो या काममा उतार्न पाइने हो भन्ने अन्योल

भइरहन्थ्यो । कति विद्यार्थीहरू प्रमाणपत्र तह उत्तीर्ण गरेर उच्च शिक्षा हासिल गर्ने इच्छा हुँदाहुँदै पनि घरको दयनीय स्थितिले गर्दा घरव्यवहार चलाउनको लागि कुनै तल्लो स्तरको जागिर खान बाध्य हुन्थे ।

भाग्यवशः मलाई यस्ता समस्या र बाध्यताहरूमा बाँधिनुपरेन । एक दिन अचानक सोभियत संघमा मेडिसिन पढ्न जाने सिट मिलेको सुखद समाचार पाएँ । यसका लागि मेरो बुबाले धेरै प्रयास गर्नुभएको थियो । रूस पढ्न जान पाइने भयो भन्ने समाचारले ज्यादै हर्षित तुल्यायो । चारैतिर उज्यालो र रमाइलो देख्न थालेँ । बाबुआमाको काख कहिल्यै नछोडेको हुनाले त्यति टाढा घर छाडेर जान डर पनि लाग्न थाल्यो । तर आफूले चिनेका केही नजिकका साथीहरू पनि पढ्न जाँदै छन् भन्ने सुनेर अलि साहस आयो । घर छोडेर जानुपर्ने क्षणिक दुःख र चिन्ताले भन्दा मेडिसिन पढ्ने इच्छा पूरा हुन लागेको खुशीले जित्यो ।

त्यति बेलासम्म पनि मलाई सोभियत संघबारे केही थाहा थिएन । रूस साम्यवादी देश हो भन्ने कुरासम्म सुनेको भए पनि साम्यवाद र पुँजीवादमा के फरक छ भन्ने बुझेको थिइनँ । मार्क्स, एंगेल्स र लेनिनको नाम सुनेको भए पनि उनीहरूले के काम गरेका थिए भन्ने कुरा थाहा पाएको थिइनँ । रूसमा कसैको पनि निजी सम्पत्ति हुँदैन, सबै सम्पत्ति सरकारी हुन्छ भन्ने सुनेको भए पनि उत्पादनका साधनहरूमा सरकारी स्वामित्व र निजी स्वामित्व हुँदा समाजलाई के असर पर्छ भन्ने बुझेको थिइनँ । रूसले संसारका साना र विकासोन्मुख राष्ट्रहरूको भित्री मामलामा हस्तक्षेप गरेर आफ्नो प्रभुत्व जमाउने कोशिश गर्छ भन्ने सुनेको भए पनि हस्तक्षेप र अन्तर्राष्ट्रिय भाइचाराको सम्बन्धमा के फरक छ भन्ने बुझेको थिइनँ । दोस्रो विश्वयुद्धमा सोभियत संघको के भूमिका रह्यो र युद्ध फेरि नदोहोरियोस् भन्नाका लागि सोभियत संघले कस्तो भूमिका निर्वाह गरिरहेको छ भन्ने पनि थाहा थिएन ।

सोभियत संघ विरोधी प्रचारको सिकार भएका थुप्रै साधारण नेपालीहरूजस्तै म पनि त्यस देशबारे विभिन्न भ्रम बोकेर बसेको थिएँ । शुभेच्छुकहरूले सोभियत संघ एउटा डरलाग्दो देश हो, त्यहाँ गयो भने



दिमाग धोइदिन्छन्, कम्युनिष्ट बनाइदिन्छन्, सबै निजी सम्पत्ति खोसिदिन्छन् भन्ने खालका थुप्रै-थुप्रै कुरा सुनाएर सावधानी अपनाउन सल्लाह दिएका थिए । कसै-कसैले चीनसँग सोभियत संघको ठूलो दुश्मनी भएकोले रूसमा गएर चीनको प्रशंसा नगर्नू, चीनमा बनेको केही पनि सामान साथमा नलैजानू, हामी चीनका छिमेकी हौं भनेर पनि नभन्नू भन्ने खालका सुझाव पनि दिए । राजनीतिको 'क' पनि नबुझेको म विचरोलाई यी सुझाव र सल्लाहहरू त्यति बेला ज्यादै नै महत्वपूर्ण लागेका थिए र तिनलाई मैले एउटा अनुशासित विद्यार्थीले आफ्नो अध्ययन संस्थानका नियमहरू मानेझैँ मान्ने सङ्कल्प गरेको थिएँ ।

विदेश पढ्न जाने तयारी सुरु भयो । साथमा के लिएर जानुपर्ला ? रूसलाई सम्झनेबित्तिकै चौरतर्फ हिउँ परेर सेतै भएको अत्यन्तै जाडो ठाउँको चित्र आँखाअगाडि घुम्न थाल्यो । न्याना कपडाहरू लिएर जानुपर्ला भन्ने विचार आयो । कापी, कलम, नेपालसम्बन्धी किताबहरू पनि लैजानुपर्ला । तर फेरि चीनमा बनेको सामान लैजानु भएन । मलाई चिनियाँ कलम ज्यादै मन पर्थ्यो । बानी नै बसिसकेको थियो त्यस्तो कलमले लेख्ने । कस्तो आपत ! काठमाडौंमा चलेका सस्ता र राम्रा सामान चिनियाँ नै थिए । यी रूसीहरूलाई चिनियाँ सामानसँग केको दुश्मनी होला ? एकछिन् त मलाई रिस पनि उठ्यो । एउटा चिनियाँ कलम लुकाएरै भए पनि लैजाने निधो गरेँ ।

एक जना रूसबाटै पढेर फर्केका दाइले त्यहाँ पुग्नेबित्तिकै रूसीहरूले एउटा भुत्ले टोपी, ओभरकोट र बुट सित्तैमा दिन्छन् भनी सुनाएका थिए । सित्तैमा सबै विद्यार्थीहरूलाई त्यस्ता महँगा सामान दिन्छन् भन्ने कुरामा मलाई विश्वासै लागेन । कसै-कसैले रूसमा पाइला मात्र टेक, त्यसपछि सबै थोक सित्तैमा पाइन्छ भनी सुनाउँथे- पढ्ने सित्तैमा, किताबहरू सित्तैमा, बस्ने सित्तैमा, औषधोपचार सित्तैमा, जाने-आउने सित्तैमा । यो महँगीको बेलामा दरिद्र जीवनयापन गरिरहेकाहरूलाई 'सित्तैमा' भन्ने शब्द सुन्न पाउँदा पनि बडो आनन्द आउँछ । कसै-कसैले जीरा, मरिच, बेसार, खुर्सानी पाइँदैन, लिएर जानुपर्छ रे ! भनी सुनाउँथे । रूसमा सबैले उसिनेको खानेकुरा मात्र खान्छन् रे ! भन्ने सुनेँ । त्यहाँका सबै मानिस पेटका रोगी छन्

कि क्या हो भन्ने अचम्मको विचार पैदा भयो । धत् ! डाक्टर बन्ने लक्ष्य लिएर नौ समुद्रपारि जाँदा पनि जीरा, मरिच के बोक्नु ? जीरा-मरिच नखाएर पनि बाँचिएला नि भन्ने सोचेर नबोक्ने निर्णय लिएँ ।

सोभियत राजदूतावासको मान्छेले टिकट मिलाउन 'एयरोफ्लोट' जान भने । एयरोफ्लोट भन्ने शब्द पहिलो पल्ट सुनेको थिएँ, बुझिनँ । विचार गरें- शायद एयरपोर्ट भन्न खोजेको, जिब्रो बटारिएर त्यसो भन्न पुगेका होलान् । दोहोऱ्याएर सोध्ने साहस भएन । सोझै त्रिभुवन विमानस्थल पुगें । यता सोधें, उता सोधें तर रूस जाने टिकट कसले कहाँ दिन्छ भन्ने कुरा कसैलाई थाहा थिएन । मेरो सोझो र निर्दोष अनुहार देखेर सबैले मलाई उल्लु बनाउन खोजेका हुन् कि जस्तो पनि लाग्यो । एकैछिन्पछि मजस्ता अरु केही विद्यार्थीहरू पनि हस्याङ-फस्याङ गर्दै रूस जाने टिकटको खोजीमा एयरपोर्ट आइपुगेको देखें । धेरै बेरपछि थाहा भयो- एयरोफ्लोट भनेको एयरपोर्ट होइन, सोभियत विमान सेवा कम्पनीको नाम रहेछ र दूतावासका रूसीले टिकट मिलाउन त्यसैको अफिसमा जान भनेका रहेछन् । बल्ल होस आयो- रूसीको जिब्रो बटारिएको होइन रहेछ ।

जमलस्थित एयरोफ्लोटको अफिस पुगेपछि केही दिनपछि नै काठमाडौं छोड्नुपर्ने थाहा भयो । पासपोर्ट, 'यलो कार्ड' र अन्य केही कागजपत्रहरू मिलाउन दौडधूप गर्दा शरीरको तौल पनि धेरै घट्यो । किनमेल, आफन्तहरूसँग बिदावारी आदिबाट पनि त्यत्तिकै थकित भएँ । घर छोड्नुपरेको दुःख र उच्च शिक्षा हासिल गर्न विदेश जान पाएको खुशीयालीबाट डर र खुशी दुवै मिसिएको एउटा अनौठो अनुभूति भएको थियो । सात वर्षका लागि कहाँ हो कहाँ टाढा, त्यसमाथि कम्युनिष्टहरूको देशमा, के-कसो हुने हो अनुमान नै गर्न सक्तैनथें । अरु पनि धेरै नेपालीहरू पढ्नका लागि रूस जाँदै थिए । साथी भइहाल्छन्, केको डर भन्ने लाग्यो । अझ डाक्टर बन्ने उद्देश्य लिएर जान लागेको भन्ने विचारले मुटुलाई एकाएक दह्रो बनाइदियो । आफन्तहरूको शुभकामना र बाबुआमाको आशिर्वादले ठूलो शक्ति प्रदान गऱ्यो ।

सन् १९७८ को सेप्टेम्बर २७, काठमाडौंको त्रिभुवन अन्तर्राष्ट्रिय



विमानस्थलमा त्यस दिन ठूलो भीड थियो । रूसमा पढ्न जाने विद्यार्थीहरूलाई बिदा गर्न सबैका आफन्त आएका थिए । विदेश जानेहरू निधारमा रातो टीका, घाँटीमा फूलको मालाले सुसज्जित भएका थिए । धेरैले ढाकाटोपी पनि लगाएका थिए । सबै जना आफन्तहरूसँग बिदा हुँदै थिए । कसै-कसैका आमाबाबुहरूको रुवाबासी पनि सुनियो । लामो समयका लागि आफ्ना छोराछोरीलाई त्यति टाढा विदेश पठाउनुपर्दा कुनचाहिँ आमाको आँखाबाट आँसु नचुहिएला र !

त्यस दिनको भीड एउटा असाधारण भीड थियो । देशको भविष्यका कर्णधारहरूको भीड थियो त्यो । कसलाई के थाहा, विद्यार्थीको रूपमा नेपालबाट रूस जान लागेका ती व्यक्तिहरू भोलि पढाइ सकेर नेपाल फर्केपछि के-के हुने हुन् र तिनले के-के गर्ने हुन् । कोही डाक्टर, कोही इन्जिनियर, कोही प्रोफेसर बन्लान्, देश बनाउने काममा लाग्लान् । यिनैमध्येबाट कोही क्रान्तिकारी नेता र कोही प्रगतिशील लेखक बन्लान् कि, कसलाई के थाहा ? बाटो बिराएर दुर्गतिको बाटोमा लागेको नेपाललाई प्रगतिको बाटोतर्फ डोऱ्याउन संघर्ष गर्ने व्यक्तिहरू पनि यिनीहरूमध्येबाटै जन्मन सक्छन् । कोही वैज्ञानिक बनेर नेपाललाई विश्वमा चिनाउलान् । सगरमाथाको नामले मात्र चिनिएको नेपाललाई अरू कुनै न कुनै पक्षबाट विश्वमा चिनाउन सफल हुने व्यक्तिहरू यसै भीडबाट कुनै दिन निस्केलान् भन्ने सोचाइ आयो ।

शाही नेपाल वायु सेवा निगम (शानेवानि) को जेट सबै विद्यार्थीहरूलाई बोकेर दिल्ली उड्यो । दिल्लीबाट एयरोफ्लोटले मस्कोतर्फ उडायो । एयरोफ्लोटको विमानभित्र पस्नेबित्तिकै चिसो अनुभव हुनाको साथै एउटा अचम्मको गन्ध आयो । पहिले कहिल्यै थाहा नपाएको हुनाले यसलाई अरू कुनै गन्धसँग तुलना गर्न सकिँदैनथ्यो । यो गन्धलाई मैले 'रूसी गन्ध' भन्ने नाम दिएँ । भक्तपुर र असनका गन्हाउने गल्लीमा बस्ने गरेका हामी सभ्यताको प्रगाढ विकास भएको युरोपतर्फ उड्दै थियौँ । हामीमध्ये धेरैलाई लाग्यो होला, एयरोफ्लोट विमानभित्रको गन्ध युरोपेली सभ्यताको गन्ध हो । सुरुमा यो गन्धले ज्यादै नमज्जा गरायो, तर पछि बानी पऱ्यो ।

दिल्लीबाट प्लेन सोझै मस्कोमा पुगेर रोकियो । हामी क्षेत्रफलको हिसाबले संसारको सबैभन्दा ठूलो देश, एक महाशक्ति राष्ट्र, महान् लेनिनको देश र संसारको पहिलो समाजवादी मुलुक- सोभियत संघभित्र प्रवेश गऱ्यौँ ।

यो त्यही देश हो, जहाँ डरलाग्दा कम्युनिष्टहरू हुन्छन्, दिमाग धोइदिन्छन्, निजी सम्पत्ति खोसिदिन्छन् भनेर नेपालमा प्रचार गरिएको थियो । यो त्यही राष्ट्र हो, जहाँ प्रजातन्त्र छैन, जनताहरू स्वतन्त्र छैनन् भनी नेपालीहरूको कानमा फुकिएको थियो । यो त्यही राष्ट्र हो, जसले सानातिना राष्ट्रहरूको आन्तरिक मामलामा हस्तक्षेप गरेर आफ्नो प्रभाव फैलाउँछ भनी सुनाइएको थियो । तर मैले यो देशलाई दयालु जनताहरूको भूमिको रूपमा पाएँ । यो देशले कैयौँ अविकसित राष्ट्रका पढ्न नपाई निराश भएका विद्यार्थीहरूलाई पढ्न बोलायो । यो त्यही महान् राष्ट्र हो, जसले मलाई आफ्नो जन्मभूमिले दिन नसकेको उच्च शिक्षा हासिल गर्ने अवसर दियो ।

*(सन् १९७८)*



# तयारी वर्षका ती रमाइला दिनहरू

सन् १९७८ अक्टोबर महिनाको सुरुदेखि १ वर्षको अवधि सोभियत संघको अर्मेनिया गणतन्त्रको राजधानी एरेभान भन्ने शहरमा बित्यो । सोभियत संघमा पढ्न आउने सबैले अनिवार्य रूपमा १ वर्ष रूसी भाषा सिक्नुपर्ने हुन्छ । अङ्ग्रेजी वा अन्य भाषाहरूमा पढाउने व्यवस्था नभएको हुनाले सबैले रूसी भाषा सिक्नै पर्छ । रूसमा पढ्न आउने धेरैजसो विदेशी विद्यार्थीहरूले रूसी भाषाको सामान्य ज्ञान पनि नलिई रूस प्रवेश गरेका हुन्छन् । रसियनहरूले अंग्रजी नबुझ्ने भएको हुनाले विदेशी विद्यार्थीहरूलाई सुरु-सुरुमा धेरै नै अप्ठेरो पर्छ । भाषा नजानेपछि हातको इसाराले धेरै काम गर्नुपर्ने हुन्छ । भाषा सिक्दाको पहिलो वर्षलाई तयारी वर्ष भन्ने चलन छ । यस अवधिमा विद्यार्थीहरूलाई रूसी भषा सिकाउने, सोभियत संघबारे जानकारी दिलाउने, मार्क्सवादी-लेनिनवादी सिद्धान्तबारे साधारण परिचय दिने, रूसी जनता शान्तिप्रिय र अन्तर्राष्ट्रिय भाइचारावादी छन् भनी विश्वास दिलाउने काम गरिन्छ । एरेभानमा बिताइएका तयारी वर्षका दिनहरू धेरै नै रोचक र रमाइला रहे ।

हामी २४ जना नेपाली विद्यार्थीहरू student town को १ नम्बर होस्टलमा बसेका थियौँ । एरेभानमा पढ्ने सबै विदेशी विद्यार्थीहरू त्यही ठाउँमा बस्ने भएको हुनाले त्यसलाई student town नामकरण गरिएको थियो । १० वटाभन्दा बढी ठूला-ठूला होस्टलहरू थिए त्यहाँ । म, रत्न र काशी कोठा नं. ४६ मा बस्थ्यौँ । बिहानको चिया कोठैमा बनाउनु पर्थ्यो ।

बेलुकीको खाना पकाउन प्रत्येक तलामा भान्छाकोठाको व्यवस्था थियो। ट्वाइलेट धेरै जनाले प्रयोग गर्न मिल्ने तर महिला पुरुषका लागि भिन्नाभिन्नै गरी प्रत्येक तलामा २ वटा थिए। अचम्मको कुरा कुनै ट्वाइलेटमा पनि ढोका थिएन। दिसा-पिसाब गर्दा सबैले देख्ने हुँदा सुरु-सुरुमा लाजले भुतुक्कै भइन्थ्यो। ट्वाइलेट पस्दा दिसा गर्न बसेकाहरूको दर्शन गर्दै जानुपर्थ्यो। सुरुमा आँखा चिम्म गरिन्थ्यो, पछि बानी पऱ्यो, अनि दिशा बस्नेलाई हाई-हेलो, म पनि आएँ भन्न थालियो। कहिलेकाहीँ दिसा बस्दै गर्दा ट्वाइलेट सफा गर्ने बुढी आइमाईहरू भित्र पस्थे। सुरुमा जुरुक्कै उठिन्थ्यो। पछि यस्तै रहेछ भनी बानी पऱ्यो अनि देख्या नदेख्यै गर्न थालियो। कस्तो लाज-सरम नभएकाहरूको देश रहेछ यो भनेर मनमनै भन्ने गरिन्थ्यो।

नुहाउने बाथरुमको चलन पनि अचम्मको थियो। होस्टलको पहिलो तलामा २० जनाले एकै पल्ट नुहाउन मिल्ने सबैका लागि साझा बाथरुम थियो। केटा र केटीहरूले नुहाउने छुट्टाछुट्टै दिन तोकिएको थियो। आइतबार, मंगलबार, बिहीबार केटाहरूका लागि र सोमबार, बुधबार, शुक्रबार केटीहरूका लागि तोकिएको थियो। शनिबार सफाइको दिन हुनाले बन्द गरिन्थ्यो। सुत्नुभन्दाअगाडि नुहाउने चलन थियो। कहिलेकाहीँ झुक्किएर केटीहरूले नुहाउने दिनमा केटाहरू बाथरुममा छिर्दा नाङ्गै नुहाइरेहका केटीहरूले हल्ला गरेर गाली गर्दै बाहिर धपाउँथे। यसरी केटीहरू पनि झुक्किएर केटाहरूको पालोमा बाथरुममा बस्ने घटना भइरहन्थ्यो। केटा र केटीहरूका लागि २ वटा छुट्टाछुट्टै बाथरुम किन नबनाएको होला भनी मनमनै सोच्ने गर्थे। अचम्म लाग्थ्यो त्यहाँको चलन देख्दा। केटाकेटीबीचको दूरी कम होस्, साथै लाजको भावना घटोस् भनी यस्तो चलन चलाएको हो कि जस्तो लाग्यो।

खानेकुराहरू पनि अचम्म-अचम्मका र स्वाद-बेस्वादका हुन्थे। लन्चमा सधैँ पहिलो खाना सूप हुन्थ्यो। खै केको मासुको डल्लो र अलिकति चामलमा टन्न पानी मिसाएर बनाएको सूप बेस्वादको हुन्थ्यो। हामीले घोडाको मासुको सूप भन्थ्यौं त्यसलाई। सूपको साथमा रोटी खाने चलन थियो। रोटी पनि गजबको ठूलो साइजको हुन्थ्यो। हात्तीको कान जत्रो ठूलो र



बाक्लो हुने हुनाले त्यो रोटीलाई हामीले हात्तीकाने रोटी भन्ने गर्थ्यौं। अर्को रुमाले रोटी हुन्थ्यो- एक मिटर लम्बाइ र आधा मिटर चौडाइ भएको। रोटीको स्वाद राम्रै हुन्थ्यो। तरकारीको नाममा आलु र बन्दा मात्र खान पाइन्थ्यो। भोक खूबै लाग्ने हुनाले जे-जे पाइन्थ्यो, सबै मस्तसँग खाइन्थ्यो। बेलुकीको डिनर होस्टलमै पकाएर खाइन्थ्यो। हामी ३ जना एउटै कोठामा बस्ने साथीभाइ मिलेर पालैपालो डिनर पकाउने काम गर्थ्यौं। एक जनाले बजारबाट किनमेल गरेर ल्याउने, अर्कोले पकाउने, अनि तेस्रोले भाँडा माझ्ने। यस प्रकारको थियो हाम्रो कार्यविभाजन। प्रत्येक दिन काम फेरिन्थ्यो। पालैपालो सबैले सबै काम गर्नु पर्थ्यो। छुट्टीको दिन कहिलेकाहीँ सँगै बजार घुम्न जाने गर्थ्यौं, साथै किनमेल पनि गर्थ्यौं। भाषा नजानेर बडो अप्ठेरो पर्थ्यो। कुखुराको मासु किन्नुपर्दा पसलेलाई के भनेर माग्ने हो, नजानेर टाउको समाउनुपरेको थियो। पछि मेरो दिमागमा घाम लाग्यो- कागजमा अण्डाको चित्र बनाएर यसको आमा देऊ भनी मागेपछि बल्ल कुखुरा पाइयो। यस्तै प्रकारले भाषा नजान्दासम्म इशारा र चित्र बनाउँदै बजार-बजार चहार्ने गर्थ्यौं। भारतीय सिनेमा त्यहाँ धेरै नै लोकप्रिय भएको हुनाले भारतीयहरूलाई आर्मेनियालीहरूले औधी मन पराउँथे। तरकारी पसलहरूमा हामीलाई भारतीय नागरिकको जस्तो अनुहार देखेर कतिपय पसलेहरूले तरकारीसमेत सित्तैमा दिएर पठाउँथे। बडो रमाइला र रोचक थिए ती क्षणहरू।

जाडोको मौसममा हिउँ पर्थ्यो। तरकारी केही पाइँदैनथ्यो तर हामी भने रमाइलो मान्दै थरी-थरीका तरकारी पकाएर खान्थ्यौँ- एक दिन आलु, प्याज, अर्को दिन प्याज, आलु अनि अर्को दिनमा आलु, आलु, प्याज, अनि प्याज, प्याज, आलु। फेरि अर्को दिन बन्दा, बन्दा, प्याज आदि। तयारी वर्षका यी रमाइला क्षणहरूले रूस बसाइ सुरुमै रोचक बनाइदियो।

तयारी वर्षमा हामीलाई पढाउने शिक्षकहरू अत्यन्तै असल थिए। मलाई शिक्षा दिने व्यक्ति ग्रिरोरी मामिकोम्यान अत्यन्तै दयालु, बुद्धिमान् र सरल थिए। मित्रवत् व्यवहार गर्थे उनले हामीसँग। हामी घर-परिवारबाट टाढा भएकाले कुनै चिन्ता र समस्या नपरोस् भनी हामीलाई सहयोग

पुऱ्याउन हरतरहले प्रयास गर्थे उनी । उनले हामीलाई रूसी भाषा मात्र होइन, अर्मेनियाली जनता, त्यहाँको ठाउँ, संस्कृति आदिबारे पनि शिक्षा दिए ।

अर्मेनियाली गणतन्त्र हाम्रा खस जातिसँग मिल्दाजुल्दा मानिसहरू बस्ने थलो रहेछ । विश्वको सबैभन्दा पुरानो पुस्तकालय एरेभानमा रहेछ । यस पुस्तकालयको स्थापना ५ हजार वर्षअगाडि भएको रहेछ । यहाँ प्राचीनतम लेखोटहरू संग्रहित छन् । अर्मेनियालीहरू तीक्ष्ण बुद्धिका छन् । रूस र पश्चिम देशहरूमा यिनीहरूको तीक्ष्ण बुद्धिको प्रशंसा गरिन्छ । बीसौँ शताब्दीको सुरुमा छिमेकी टर्कीबाट ठूलो नरसंहारकारी युद्धको चोट अर्मेनियाली जनताले खेप्नुपरेको रहेछ । यस युद्धले झन्डै आधा जति जनसङ्ख्यालाई सखाप पारेको रहेछ । यस युद्धपछि अर्मेनिया र टर्कीबीच शत्रुवत् व्यवहार कायम रहन गयो । एरेभान सुन्दर छ । अरारात पर्वतले यस शहरको सुन्दरतालाई बढाएको छ । अरारात पर्वतको धेरै गर्व गर्दा रहेछन् अर्मेनियालीहरू । हामी सगरमाथाको देशबाट आएको, माउन्ट एभरेष्टका हामी जनता भनेर सुनाउँदा उनीहरू अरारात-एभरेष्ट हाई-हाई भन्दै ताली पिट्दै हामीलाई अंकमाल गर्ने गर्दथे । अचम्मको मित्रवत् सम्बन्ध स्थापित भएको थियो हामीबीच ।

अत्यन्तै कठिन तर रोचक तयारी वर्षका दिनहरू बिते । घरको सम्झनाले धेरैलाई पहिलो महिना बिरामी बनायो, तर पछि सबै सम्हालिए ।

(सन् १९७९)



# समाजवादी अस्पतालको शैय्यामा केही दिन

बाटोमा हिउँ वर्षिरहेको र हावा चलिरहेको थियो । म हिँडिरहेको थिएँ । केही दिनअघिको लापरबाहीले गर्दा शरीरको अवस्था बिग्रँदै गएको थियो । पढाइको व्यस्तताले गर्दा स्वास्थ्यमा ध्यान दिन पाएको थिइनँ । टाउको दुख्यो, घाँटी दुख्यो, छाती दुख्यो, साथमा ज्वरो पनि आयो । चिसोले समातेछ, रूघा-खोकी लाग्यो । शरीरमा छाएको शिथिलताले डाक्टरकहाँ जान बाध्य तुल्यायो । डाक्टरले अस्पतालमा बसेर उपचार गर्न सल्लाह दिए । पढाइ छुट्ने भयो भनेर चिन्ता लाग्यो तर उपचार नगरी सन्चो हुने अर्को उपाय पनि थिएन ।

डाक्टरले अस्पतालमा फोन गरेर एम्बुलेन्स बोलाइदिए । एक घण्टापछि एम्बुलेन्स होस्टलमै आइपुग्ने भयो । डाक्टरसँग बिदा भएर हिउँ र हावासँग कुस्ती खेल्दै सरासर होस्टलतर्फ लागेँ । हिउँ अड्किएर कपाल सेतै अनि हिउँको हावाले सेकेर मुख रातै भैसकेको थियो होस्टल पुग्दा ।

होस्टल सुनसान थियो । इन्स्टिच्युटमा छुट्टी भैसकेको थिएन । घडी हेरेँ- पाँच मिनेट बाँकी छ तीन बज्न । ४०-४५ मिनेटपछि त साथीहरू पनि आइपुग्छन् । झ्यालबाहिर हेरेँ, उराठ लाग्दो वातावरण थियो । मनमा अनेक कुराहरू खेल्न थाले ।

केही दिनअघिसम्म कति रमाइलो थियो यो ठाउँ । हरियो आवरणले

सुसज्जित रुख-बिरुवा, शहरको सुन्दरता र स्वच्छ प्राकृतिक वातावरणमा कति रमाएको थियो मेरो मन । यो आनन्दमयी वातावरणमा रुमल्लिन नपाउँदै गर्मी याम सकियो । आज हिउँ र हावाको चड्कन खाएर सबै वनस्पतीहरू नाङ्गै र बहुरूपी हुन पुगे । जाडोमा कठ्याङ्ग्रिँदै, दिनदिनै हिउँ र हावाको निर्दयी व्यवहार सहेर सुखका दिनहरूको प्रतीक्षामा बसिरहेका छन् यी रुख-बिरुवाहरू । यिनीहरूको जीवनमा पनि महत्वपूर्ण पाठ लुकिरहेको चाल पाएँ । मानिसको जीवन पनि त यस्तै हो । भविष्यमा गुलियो रस चुस्न, उज्यालो संसारमा बाँच्न उसले पनि अनेक चोट सहेर संघर्ष गर्दै जान्छ, जानुपर्छ । बाटोमा आइपर्ने ढुंगा, काँडाजस्ता अवरोधहरूलाई एक-एक गरेर हटाउँदै आफ्नो लक्ष्यप्राप्तिका लागि अगाडि बढ्दै जानुपर्छ । आइपर्ने असफलताबाट कत्ति पनि हतोत्साहित नभई असफलताहरूलाई सडकका घुम्ती मात्र सम्झेर यात्राको अन्त्य र जीवनको लक्ष्यप्राप्तिका लागि अगाडि बढ्दै जानुपर्छ । असफलता र क्षणिक दुःखलाई सम्झेर पछाडि फर्कनु मूर्खताबाहेक अरू केही हुँदैन ।

अस्पतालबाट एम्बुलेन्स आइपुगेको थिएन । ज्वरोले पोलिराखेको थियो । एक कप चिया पिएँ, ओछ्यानमा पल्टिएँ । सोचेँ- अब त केही दिनसम्म पढाइबाट पनि बिदा पाइने भयो, हलुङ्गो हुने भयो । कुनै ठूलै रोगको शंका गर्‍यो भने त धेरै दिनको बास पनि हुन सक्थ्यो अस्पतालमा- जुका परे १२ दिन, रूघा लागे एक हप्ता, टीबीको शंका गरे ४-५ महिनै ।

ढोकामा कसैले ढकढक गरेको आवाज मेरो कानमा आएर बज्रियो । अस्पतालबाट मलाई नै लिन आएका रहेछन् । जाने तयारी गरेँ । कोठाका साथीहरू अझै आइपुगेका थिएनन् । साथमा कुनै पनि सामान नलिईकन पछि लागेँ । लिफ्टबाट पहिलो तल्लामा झरेँ, होस्टलबाट बाहिर निस्किएँ, एम्बुलेन्सभित्र पसेँ । एम्बुलेन्सको कुदाइलाई जितेर मेरो मन अस्पताल पुगिसकेको थियो । मलाई शहरको केन्द्रबाट टाढा पुगेको जस्तो लाग्यो । साँच्चै नै अस्पताल टाढै रहेछ ।

डाक्टरलाई सबै कुरा बताएँ । ज्वरो आइरहेको थियो । मलाई अस्पताल भर्ना गरियो । लगाएका सबै लुगा फुकालेर अस्पतालको सफा लुगा



लगाइदिए । हलुको अनुभव गरेँ । नर्सको पछि-पछि लागेँ । पाँच मिनेट हिँडेपछि बिरामीहरू देखा पर्न थाले । म आफूलाई उनीहरूभन्दा स्वस्थ भएको देखाउने प्रयत्न गर्दै हिँडिरहेँ । गुनगुन गीत गाउँदै अघि बढेँ ।

एउटी महिलाले मेरो हातमा गिलास र चम्चा थमाइदिइन् । गिलासलाई चम्चाले हिर्काउँदा निस्कने आवाजमा रमाउँदै अगाडि बढेँ म । मेडिकल वार्ड रहेछ । कोठाभित्र प्रवेश गरेँ । नयाँ अनुहारहरू आँखाअगाडि देखा परे । सबैलाई एकै पल्ट अभिवादन गरेँ । कोठाको चारैतर्फ आँखा दौडाएँ । पाँच वटा खाट, दुई वटा साइड टेबुल, एउटा ठूलो टेबुल । चार जना लम्पसार परेर पल्टिरहेका । एउटा बिछ्यौना खाली थियो । त्यसैमा गएर बसेँ । यताउता हेरेँ । एक जना मजदुर रहेछन्, अरू तीन विद्यार्थी । मजदुर उमेरले अलि पाकै भए पनि निकै फूर्तिला र हँसिला थिए । समय-समयमा कहिले केटाकेटीजस्तै बिछ्यौनामा उफ्रेर, कहिले गीत गाएर त कहिले चुट्किला सुनाएर सबैलाई हँसाउँथे ।

सबै जनाले मप्रति बढी नै उत्सुकता देखाएकाले मैले पनि आफ्नो परिचय दिएँ- नेपाली हुँ, मेडिकल इन्स्टिच्युटको पहिलो वर्षको विद्यार्थी । 'मेरो देश नेपाल हो', भनेर देशको नाम दोहोर्‍याउनु पर्‍यो । ए, सुडान ! 'होइन नेपाल' !, एक जनाले पहिलो पल्ट सुनेको जस्तै गरेर छक्क पर्दै भन्यो । मलाई रुन मन लाग्यो, गहिरो चोट पर्‍यो- मेरो देश कति पिछडिएको रहेछ, संसारलाई नामसम्म पनि थाहा नहुने भनेर । मैले नेपाल चिनाउन ढिला गरिनँ । 'चीन र भारतबीचको, बुद्ध जन्मिएको, सगरमाथालाई छातीमा उभ्याइरहेको, नदी-नाला, लहरा-पहरा-छहरा र प्राकृतिक सौन्दर्यले भरिएको देश' भन्दै मैले नाक फुलाएर बयान गर्दा उनीहरूले ए, ए ! भन्दै टाउको हल्लाए । म अझै भन्दै थिएँ- 'नेपाल अवश्य सानो छ, गरिब छ, तर उसको र उसका जनताको आफ्नै विशेषता छ । आफ्नै स्वतन्त्रताको कथा छ, आफ्नै कला, संस्कृति, भाषा र भेष छ ।' नराम्रा पक्ष लुकाउन उचित ठानिनँ । साफ-साफ भनिदिएँ- 'मेरो देशमा राजाको शासन, भोक, रोग, गरिबी र अशिक्षा पनि छ ।' उनीहरू अलि झसङ्ग भए, अनि रोकिए । बेलुकीको खाना खाने बेला भएछ । खाना ल्याउने महिलाको आवाज

सुनेँ । होस्टल, क्यान्टिन र अस्पतालको खानामा कुनै फरक पाइनँ ।

अस्पतालमा मैले एउटा अचम्मको कुरा देखेँ- ९० प्रतिशत बिरामीहरूको हातमा किताब । सबै शिक्षित भएकाले समयको मूल्य उनीहरूलाई थाहा थियो । समय त्यसै खेर फाल्न कोही चाहँदैनथे । बिरामी पर्दा पनि सकेसम्म पढ्ने कोशिश गर्थे । नेपालमा छँदा अस्पतालमा भर्ना भएको बिरामी भन्नेबित्तिकै उठ्नै नसक्ने, हेर्नै नसक्ने, अत्यन्तै पीडाको अनुभव गरिरहेको मान्छेको सम्झना हुन्थ्यो । तर यहाँ एक जना बिरामीलाई के भयो भनेर सोधेँ, रूघा लाग्यो भन्ने उत्तर दियो, अर्कोलाई सोधेँ, खोकी लाग्यो भन्यो । तेस्रोलाई ज्वरो आयो रे ! सिकिस्त बिरामीहरू कोही भेटिएन । अलिकति केही हुनेबित्तिकै अस्पतालमा बसेर उपचार गराउने भएको हुँदा कसैको पनि रोग बढेर चिन्ताजनक अवस्थामा पुग्न नपाएको जस्तो लाग्यो ।

फेरि औषधोपचार निःशुल्क भएको र बिरामी बिदा जति पनि पाइने भएकाले सानो समस्या देखिए पनि अस्पताल बस्न सबै जना तयार हुँदारहेछन् । आफ्नो देश सम्झेँ- स्वास्थ्य सेवा सर्वसुलभ छैन । जनता गरिब छन्, उनीहरूको गाँसबासको ठेगान छैन, अनि कसरी औषधोपचारमा पैसा खर्च गर्न सकून् ? बरू रोगलाई दबाएर बस्छन्, तर अस्पताल जाँदैनन् । यो ती गरिबहरूको मात्र गल्ती होइन, राज्यको पनि हो । हामीले सबैका लागि औषधोपचार निःशुल्क गराउने कदम चाल्नुपर्छ । कुनै पनि ठूलो काम गर्नका लागि संघर्ष गर्नुपर्छ । यसका लागि त्याग चाहिन्छ, तपस्या चाहिन्छ । जे गरेर होस्, तर औषधोपचार निःशुल्क बनाउनुपर्छ, पर्छ, पर्छ । म अलि जोशमा आएको थिएँ । जुरुक्क उठेँ । यताउता हेरेँ । फेरि बसेँ । रात बित्यो ।

सोभियत संघको स्वास्थ्य सेवा प्रणाली र अस्पतालको वातावरण देखेर म दङ्ग परेँ- कति सफा, स्वच्छ र सुन्दर, मिजासिला नर्स र स्वास्थ्यकर्मी, सबै नागरिकलाई समान र निःशुल्क उपचारको व्यवस्था भएका ठूला-ठूला अस्पताल, रोगअनुसारका छुट्टाछुट्टै उपचार केन्द्र, बिरामीको सेवामा निःस्वार्थ भावनाले दिन-रात खट्ने बुद्धिमान डाक्टर, प्रत्येक विभागमा प्रोफेसरको



सेवा, कडा रोग लागेमा अफिसबाट लामो समय तलबी बिदा, अस्पतालको उपचारपछि विश्रामस्थलमा पठाउने व्यवस्था, प्रत्येक नागरिकलाई स्तरीय निःशुल्क र पूर्ण स्वास्थ्य उपचारको अधिकार । आहा ! कति राम्रो । मैले सोचेँ- शायद यही होला समाजवादी स्वास्थ्य सेवा ।

*(सन् १९८०)*

# रूसको प्राकृतिक चिकित्सा केन्द्र

जीवन स्थायी गति हो । यो परिश्रम र विश्रामको समिश्रण हो । एक विश्राम पनि विल्कुलै नौलो खालको गति हो । नपत्याए आउनोस्, हामी लागौं कुनै विश्रामस्थलतिर । अनि आफैंले अनुभव गरेर हेरौं, के रहेछ यो व्यस्त जीवनबीचको विश्राम भनेको । म तपाईंलाई सोभियत संघको उत्तर ककेसियाली क्षेत्रमा पर्ने किस्लाभोदस्कमा आराम गर्न आउने लाखौं मान्छेहरूको विश्राम पद्धतिको झलक देखाउने प्रयास गर्दै छु ।

१ लाख जनसङ्ख्या भएको किस्लाभोदस्कमा बर्सेनि ८ लाख मानिस विश्राम र स्वास्थ्यलाभ गर्न आउँछन् । सोभियत संघको 'प्राकृतिक चिकित्साको मोति' भनिने यो ठाउँ मुटु र नसाका बिरामीहरूका लागि स्वास्थ्यलाभ गर्ने संसारका सबैभन्दा उत्तम प्राकृतिक चिकित्सा केन्द्रमध्ये पर्दछ । फोक्सो र स्नायुका बिरामीहरू पनि यहीं स्वास्थ्यलाभ गर्न आउँछन् । तिनका साथै लाखौंको सङ्ख्यामा स्वस्थ व्यक्तिहरू पनि छुट्टी बिताउन, विश्राम गर्न र आफ्नो स्वास्थ्यलाई अझ बलियो पार्न यहाँ आउँछन् ।

यहाँको चिकित्सा पद्धतिका मुख्य साधनहरू हुन्- हावापानी र पहाडी भूमि । यहाँ पाइने विभिन्न खनिज तत्व मिसिएको लवण जल (मिनरल वाटर) ले शहरको महत्वलाई झन् बढाइदिएको छ । किस्लाभोदक्स चारैतिरबाट पहाडले घेरिएको र हिमाली वनस्पतीद्वारा ढाकिएको छ । हिमाली रुखपात र झाडी-बुट्यानहरूले यहाँको हावापानीलाई सफा र स्वच्छ पारेका छन् ।



आफ्नो व्यस्त जीवनको गाडीमा करिब २४ दिन ब्रेक लगाएर मनिसहरू विश्राम गर्न आउँछन् किस्लाभोदस्कमा । दुई जनालाई एउटा सुत्ने कोठा दिइन्छ । खानाका लागि प्रत्येक दिन तोकिएको स्थान र समयमा गइदिए पुग्छ । पहिलो दिनको भेटमा डाक्टरले परीक्षण गरेर स्वास्थ्यलाभ गर्ने पद्धतिबारे जानकारी दिन्छन् । सबैलाई आ-आफ्नो रोग र शारीरिक विशेषताअनुसार प्राकृतिक चिकित्सा प्रयोग गर्न सल्लाह दिइन्छ । लवण जलमा स्नान गर्ने, उकालो चढ्ने, पौडी खेल्ने र शारीरिक व्यायाम गर्ने सल्लाह प्रायः सबैले पाउँछन् । बेफाइदा हुने निश्चित कारण नभएसम्म प्राकृतिक चिकित्साका यी साधनले कसैको स्वास्थ्यमा कुनै हानि पुऱ्याउँदैनन्, बरु अझ तन्दुरुस्त बनाइदिन्छन् ।

खासगरी लवण जलमा स्नान गर्न र उकालो चढ्न नै मानिसहरू यहाँ आउने हुन् । विश्राम गर्न आएकाहरू सूर्योदय हुनु धेरै अगाडिदेखि नै न्यानो ओछ्यान छाडेर बाहिर हावा खान र उकालो चढ्न निस्किसक्छन् । बिहानको हावा खान सौखिन यी हजारौं मानिसहरूको चाला देखेर कतिलाई अचम्म लाग्न सक्छ ।

एलार्म घडीले नचाहे पनि एकाबिहानै उठाइहाल्छ । बल्ल-बल्ल पाएको आराम गर्ने समयमा पनि किन आनन्दसँग नसुत्ने भन्ने लाग्न सक्छ । तर त्यसो होइन, यहाँ विश्राम गर्न आएको हो भन्ने निहुँमा बिहान ढिलासम्म सुत्न पाइँदैन । विश्राम गर्न आएकाहरू न्यानो ओछ्यान छाडेर बिहान सबेरै प्रातः भ्रमण, शारीरिक व्यायाम आदिका लागि आफूलाई दौडाइसक्छन् । व्यस्त जीवनमा जस्तै यहाँ पनि बिहानैदेखि दौडादौड सुरु हुन्छ । जवानदेखि बूढाबूढीहरू हलुको पहिरनमा फटाफट स्फूर्ति देखाउँदै हिँड्छन् । हाम्रो बानी बिग्रिएर होला, हामीलाई बिहान सूर्य माथि आएसम्म नसुती निद्रा नपुगेजस्तो लाग्छ । छिटो सुताइ र छिटो उठाइले मानिसलाई स्वस्थ, सम्पन्न र बुद्धिमान् बनाउँछ भन्ने भनाइ नै छ । तर यो कुराको महत्वलाई हामीले कहिल्यै बुझ्न सकेनौं ।

अचम्म-अचम्मका दृश्यहरू देख्न पाइन्छ यहाँ बिहानको सूर्योदयमा । कोही हस्याङफस्याङ गर्दै उकालो चढ्दै छन् । कोही स्वाँ-स्वाँ र फ्वाँ-फ्वाँ

गर्दै ओरालो झर्दै छन् । टुनटुनको भन्दा दुई गुणा ठूलो शरीर भएका, कस्सिएका गन्जी र सुरुवाल लगाएका आइमाईहरूको फूर्तिलो हिँडाइ देख्दा मस्कोको सर्कसमा हात्ती हिँडेजस्तो लाग्छ । छोटा-छोटा लुगा लगाई बाटो-बाटोमा उठबस गरेर, जीउ मर्काएर, हल्लाएर र थरी-थरीका आसन गरेर शारीरिक व्यायाम गर्न व्यस्त नरनारीहरूलाई देख्दा यो २१औं शताब्दीको क्याब्रे डान्स पो हो कि जस्तो लाग्छ । खास भन्ने हो भने यिनीहरू सबै बिहानको स्वच्छ हावामा सास फेर्न र व्यायाम गर्न यो सब गर्दै छन् । व्यस्त शहरको दूषित वायुमण्डलमा व्यस्त जीवन बिताउनेलाई मात्र थाहा हुन्छ, पहाडी इलाकाको बिहानी स्वच्छ हावाको महत्व । शारीरिक व्यायाम र खेलकुदले स्वास्थ्यलाई मजबुत पार्छ भनेर टेलिभिजन, रेडियो, पत्रपत्रिका, प्रवचन, आदि माध्यमद्वारा उत्तिकै प्रचार गरिएको हुन्छ । यति भएपछि जस्तोसुकै मूर्खले पनि बुझ्नुपर्ने हो, शारीरिक व्यायामको महत्व ।

सामूहिक शारीरिक व्यायाम बिहान सबेरै आफू बसेको घरकै कम्पाउन्डभित्र सुरु हुन्छ । व्यायाम सिकाउने चिकित्सकले 'एक, दुई, तीन, चार ...; एक, दुई, तीन, चार ...' भन्दै दोहोऱ्याइरहेको आवाज र व्यायामलाई साथ दिने सङ्गीतको प्याँ-प्याँ... र पूँ-पूँ...ले कतिपय ओछ्यानप्रेमीहरूलाई अझ मस्तसँग निदाउन सहयोग गरे पनि ठीक ७ बजे व्यायामको अन्तमा सहभागी सबैले चिच्याएर भन्ने 'जसले बिहानी शारीरिक व्यायाम गर्दछन्, सबैलाई हुर्रा... हुर्रा... हुर्रा...!' को आवाजले भने उनीहरूलाई खाटै हल्लिने गरी ब्युँझाइदिन्छ । त्यसैले ७ बजे उठ्ने हो भने एलार्म घडीको आवश्यकता नै पर्दैन ।

नास्ताअघि बिहानी हावा र शारीरिक व्यायामसँगसँगै लवण जलको सेवन यहाँको अर्को अनिवार्य उपचार हो । यहाँको लवण जललाई 'नारजान' भनिन्छ । यो पानीको उत्पत्तिको पनि रोचक कथा छ- प्रेमवियोगमा परेकी नारजान नामकी एक युवती आफ्नै मुटुमा छुरी रोपेर प्रेमीको लासमाथि लडेपछि प्रेमको लागि जीवन आहुति दिएका यी युवाजोडी लडेको जमिनमुनिबाट शुद्ध पानीको मूल फुटेर आयो । स्थानीय युवतीहरूले त्यस मूलको पानीलाई आफ्नी संगिनीको सम्झनामा 'नारजान' नामकरण गरे ।



नारजान हाँसो-खुशीले भरिपूर्ण सुखी र आनन्दी जीवन रुचाउँथिन् । त्यसकारण नारजानको मूलको पानीले पनि सुख, सुस्वास्थ्य र शक्ति प्रदान गर्दछ भन्ने यहाँका मानिसलाई विश्वास छ ।

नभन्दै नारजानको पानीले लाखौँ मानिसलाई जीवनदान गरेको छ । यो पानी विशेष गरी पाचन प्रणालीसँग सम्बन्धित बिरामीहरूका लागि ज्यादै लाभदायी छ । प्राकृतिक चिकित्सकहरू एसिडिटी बढेका बिरामीहरूलाई खाना खानु १५-२० मिनेटअगाडि ठूलो-ठूलो घुड्को गरेर र एसिडिटी घटेकाहरूलाई खाना खानु एक-डेढ घण्टाअगाडि बिस्तारै-बिस्तारै थोपा-थोपा गरेर यो पानी पिउन सल्लाह दिन्छन् । यसो गरेमा बढेको एसिडिटी घट्छ, घटेको बढ्छ । यसका अरु पनि थुप्रै गुणहरू छन् ।

शुद्ध हावामा घुम्ने, पहाड चढ्ने, शारीरिक व्यायाम गर्ने, नारजान पिउन दुई-तीन किलोमिटर टाढा मूल फुटेको ठाउँसम्म धाउने कामहरू भ्याउन हतारिनै र दौडादौड गर्नै पर्छ । चिकित्सकहरूले विश्रामस्थलमा पनि एकाबिहानैदेखि दौडादौड गराएको र यही दौडादौडलाई 'विश्राम' भनेको सुन्दा अचम्म लाग्न सक्छ । कतिलाई चिकित्सकहरूले सोझा मान्छेलाई भुक्याएका हुन् कि जस्तो पनि लाग्छ होला, तर यथार्थ त्यस्तो होइन ।

व्यस्त जीवनको दौड र विश्रामस्थलको दौडमा के फरक छ, हेरौँ । यथार्थमा यस्तो विश्रामलाई सक्रिय विश्राम भनिन्छ । लम्पसार परी सुतेर गरिने निष्क्रिय विश्रामलाई विश्राम ठान्ने मानिसहरूले सक्रिय विश्रामको अर्थ बुझेका हुँदैनन् । सक्रिय विश्राम निष्क्रिय विश्रामभन्दा ज्यादै फलदायी हुन्छ । थाकेको दायाँ हातलाई विश्राम दिएको समयमा नथाकेको बायाँ हातलाई काम गराउने हो भने दायाँ हातले अझ चाँडो थकाइ मार्न सक्छ । नथाकेको अङ्गको जुनसुकै सक्रिय कार्यले पनि थाकेको अङ्गलाई चाँडो विश्राम दिलाउन सहयोग पुऱ्याउँछ । यो कुनै गफ होइन, वैज्ञानिकहरूले पत्ता लगाएको तथ्य हो ।

प्रश्न उठ्न सक्छ, उसो भए विश्रामस्थलको एकाबिहानैदेखिको दौडादौडले शरीरको कुन अङ्गलाई आराम पुऱ्यायो त ? यस प्रश्नको जवाफले विश्रामस्थलको अर्को एउटा प्रमुख विशेषतालाई छर्लङ्ग पार्दछ । आजको यो

सभ्य र व्यस्त जीवनमा मानिसहरू शारीरिकभन्दा मानसिक रूपले बढी थाकेका छन् । घरझगडा, महँगीको मारले कसरी पेट पाल्ने, छोराछोरी हुर्काउने, पढाउने भन्ने पीर, अफिसमा हाकिमको गाली, साना-साना कुरामा प्रेमिकाको घुर्की, अन्तर्वार्तामा फेल भइएला भन्ने डर, युद्ध, बाह्य हस्तक्षेप र आक्रमणको डर, द्वन्द्व र भिडन्तको त्रास, सत्ताको बागडोर आफ्नो हातबाट जाला अथवा जनतामा आफ्नो राजनीतिक प्रभाव घट्ला भन्ने डर । भुसुनादेखि ह्वेल माछा जत्रा समस्याहरूले आजका सभ्य मानिसहरूको टाउकालाई गाँजेका छन् । समस्यैसमस्या, डरैडर, त्रासैत्रास अनि जीवनको प्रत्येक घडीमा यिनै समस्या, डर र त्रासले भरिएको हाम्रो दिमाग । हजार टनका समस्याहरू बोक्नुपर्दा यो एक किलोको दिमाग नथाकोस् पनि कसरी ? दिमाग थाके शरीरले काम गर्न छाड्छ । तर शरीरलाई दौडाएर दिमागलाई शान्त पार्न सके शरीर झन् बढी दौडिन सक्छ । विश्रामस्थलमा यही सूत्रलाई प्रयोगमा ल्याइन्छ । शरीरलाई दौडाइन्छ, दिमागलाई सुताइन्छ ।

विश्रामस्थलको नयाँ वातावरण, नयाँ हावापानी, नयाँ कार्य, नयाँ भेटघाटले मान्छेको दिमागमा सकारात्मक प्रभाव पार्छ । मान्छेले आफ्नो दैनिक जीवनका समस्याहरूलाई केही दिनका लागि मात्र भए पनि भुल्ने मौका पाउँछन् । बिहान उठेर हतारिँदै प्रातः भ्रमण, व्यायाम आदि काममा शरीरलाई दौडाउनुपर्दा दिमाग पनि शरीरलाई दौडाउने कार्यमा नै व्यस्त हुन्छ; घर-झगडा, महँगी, हाकिमको गाली, अन्तर्वार्ता, राजनीति आदि समस्याहरूमा सोच्न पाउँदैन ।

दिनभर सक्रिय विश्रामका कामहरूले गर्दा समस्याबारे सोच्ने फुर्सद नभए पनि राति सुत्ने बेलामा फेरि त्यसको चिन्तनले दिमाग खाने अनि निद्रा नपर्ने हुन सक्छ । हामीलाई रातको निद्रा पनि आवश्यक हुन्छ, नत्र शरीरले विश्राम पाउँदैन । त्यसकारण जसरी भए पनि दिमागलाई शान्त पारी निद्रादेवीलाई निम्त्याउनै पर्छ । भर्खर मात्र बेलायतका वैज्ञानिकहरूले निद्रा नलाग्ने रोग लागेका व्यक्तिहरूलाई बाल्यकालमा जस्तै झोलुङ्गामा राखेर सुत बाबु सुत भनी हल्लाएमा मस्तसँग सुत्न सक्छन् भन्ने आविष्कार गरेका छन् । उसो भए निद्रा नपर्दा यो बुढेसकालमा पनि झोलुङ्गामा सुत्ने



त ? छोरा-नातिले के भन्लान् ? भैहाल्यो, झोलुङ्गाको कुरा छाडौँ । यो विश्रामस्थलमा त्यस्ता झोलुङ्गा छँदा पनि छैनन् । यहाँ निद्रा नलाग्नेहरूलाई सुताउन झोलुङ्गा होइन, मेडिटेसन (ध्यान) गराइन्छ । मेडिटेसनबाट मान्छेले एक प्रकारले आफैँलाई उल्लू बनाउँछ । यो सत्य हो, मैले ढाँटेको या ठट्टा गरेको होइन । कसरी भन्नु होला । ल सुन्नुस्- मेडिटेसनको करामत ।

मेडिटेसन गर्दा निम्न कुराहरू मनमनै भन्दै आफ्नो शरीरलाई त्यसैअनुसार ढाल्ने प्रयास गर्नुपर्छ :- 'म एकदम थाकेको छु ..., मलाई एकदमै सुत्न मन लागेको छ ..., सुनसान वातावरण छ ..., मेरो शरीर आरामसाथ ढलेको छ ..., मलाई कुनै चीजको चिन्ता छैन ..., मलाई आनन्द अनुभव भैरहेछ ..., मेरा आँखाका मांसपेशीहरू शिथिल भएका छन् ..., मैले आफ्ना आँखाको चाल पाउन छाडेँ ..., मेरा आँखाहरू छैनन् ..., मेरो निधारका मांसपेशीहरू शिथिल भएका छन् ..., मैले मेरो निधारका मांसपेशीहरूको चाल पाउन छाडेँ ..., मेरो निधार छैन ..., मेरो गालाका मांसपेशीहरू शिथिल भएका छन् ..., मैले मेरा गालाका मासुहरूको चाल पाउन छाडेँ ..., मेरा गालाहरू छैनन् ..., मेरा ओठहरू छैनन् ..., मेरो टाउको छैन ..., मेरा हातहरू छैनन् ..., मेरा खुट्टाहरू छैनन् ..., मेरो पेट छैन ..., म शून्यमा बिलाएँ ..., म अस्तित्वमा छैन .... ।'

यसरी आफूलाई कहिले आँखा नभएको अन्धो, कहिले टाउकै नभएको मुर्कट्टो बनाउनुपर्छ । टाउको नभए दिमाग पनि बाँकी रहँदैन, अनि सोझै पागल अर्थात् उल्लू बनिएन त ! कहाँसम्म आफैँले आफैँलाई झुक्याउने प्रयास गरेको ! तर यथार्थ यही हो, मानिसहरू आफैँले आफैँलाई मेडिटेसन गरी झुक्याएर पागल बनाउन सफल भएका छन् । यसमा सफल हुनुलाई सबैले बहादुरी सम्झन्छन् । यसमा सफल भए मीठो निद्रा पर्छ, राम्रो विश्राम हुन्छ ।

सुरु-सुरुमा मेडिटेसन सिक्न ज्यादै गाह्रो पर्छ । दिमागलाई समस्यै समस्याले कोपरिरहेको बेला कसरी भन्ने आरामसाथ लडिरहेछु, मलाई आनन्द अनुभव भैरहेछ, मलाई केही कुराको पनि चिन्ता छैन भनेर ? म आँखा चिम्म गरेर मेडिटेसनको सूत्र सुरु गर्छु- 'मलाई आनन्द अनुभव

भैरहेछ ..., मेरा आँखाका मांसपेशीहरू शिथिल भएका छन् ..., मैले आँखाको चाल पाउन छाडेँ ..., मेरा आँखाहरू छैनन् ..., ...। यति भन्दाभन्दै दिमागमा कुरा खेल्न थालिहाल्छन्- जाँच आइसक्यो पाठ पढेर सकेको छैन ..., नाताशा (केटी साथी) रिसाएकी छ, कसरी खुशी पार्ने हो ... ? यस्ता कुराहरू मनमा नखेलून् भन्नका लागि म 'यिनीहरूले मलाई छुनु हुँदैन ..., यिनीहरूले मलाई छुनु हुँदैन ..., यिनीहरूले मलाई छुनु हुँदैन ...' भन्ने मन्त्र जप्न थाल्छु । अनि मनमा कुरा खेल्न छाड्छन् र फेरि 'मेरा आँखाहरू छैनन् ..., मेरा गालाहरू छैनन् ..., मेरा हातहरू छैनन् ..., मेरो दिमाग छैन ...' भन्दै शून्यतातर्फ अगाडि बढ्छु । यही हो साधारण अर्थमा मेडिटेसन भनेको ।

बिहान दौडने र राति मेडिटेसन गर्ने अनि दिउँसो के गर्ने नि ? कोठामा बसेर विश्राम गर्ने भन्नु होला । होइन, यहाँ विश्राम गरेर स्वास्थ्य लाभ गर्न आएको हो, त्यसकारण त्यत्तिकै कोठामा बस्न पाइँदैन । दिउँसो नारजान पानीको स्नान गर्ने, जीउमा हिलो घस्ने, पौडी खेल्ने आदि काम गर्नुपर्छ । साथै चेस, ब्याडमिन्टन खेल्न र साथीसंगीसँगै घाम ताप्न नदीको किनारमा जान पनि सकिन्छ ।

अब सुनौँ नारजान स्नान र हिलो चिकित्सा बारे केही कुरा । यहाँको नारजान पानीमा ८ मिनेटदेखि १९ मिनेट डुब्नुलाई नारजान स्नान भनिन्छ । नारजानमा कार्बनडाइअक्साइड ग्यास र अरू धेरै थरी लवणहरू घुलेका हुन्छन् । शरीरका सबै कपडा खोली न्यानो नारजानमा चुर्लुम्म डुबेर आँखा चिम्लिँदा आनन्दले दिउँसै आकाशका ताराहरू देखिन्छन् । नारजान स्नानले थुप्रै रोगहरूको निवारण गर्छ । यसले शरीरका सम्पूर्ण कार्यप्रणालीमा राम्रो असर पार्छ । दिमागबाट तनाव हटाएर शान्त पार्छ । यो स्नान गर्दा मुटुले पनि एकैछिन् विश्राम गर्छ । तर डराउनु पर्दैन, मुटुले विश्राम गरे पनि मान्छे जीवितै रहन्छ । स्नान गरेपछि यति आनन्द आउँछ कि व्यस्त जीवनका सारा दिनचर्या र समस्याहरू भुलिन्छन् । स्नान गर्ने ठाउँमा कहिले चश्मा भुलिन्छ त कहिले घडी, कहिले रुमाल त कहिले के । भुलेका सामानहरू लिन जाँदा र फर्कंदा फेरि थाकेर चुर भइन्छ । अनि बल्ल स्नान गरेको स्वाद पाइन्छ । एक दिन बिराएर जम्मा १०-१२ पटक नारजान स्नान गरेपछि जलचिकित्साको



चक्र पूरा हुन्छ ।

यहाँको अर्को चमत्कारी औषधोपचार हो हिलो । अँ हिलो ! अचम्म लाग्ला, हिलोलाई चमत्कारी दबाई भनी प्रशंसा गरेको देख्दा । हेर्दै घिनलाग्दो कालो हिलोबाट यहाँ औषधि गरिन्छ । यो सुँगुरले लडिबुडी गर्ने फोहोर खाल्टाको हिलो होइन, कुनै सफा तलाउको पिँधबाट उठाएर ल्याइएको विशेष प्रकारको हिलो हो । यसलाई नाङ्गो घाउमा दलेमा टिटानस हुनुको सट्टा घाउ निको हुन्छ । पेटमा दले पेटको रोग सन्चो हुन्छ । जहाँ दल्यो त्यहीँ उपचार ! त्यसैले शरीरमा समस्या भएका अङ्गहरूमा हिलो दलेर उपचार पाउन सकिन्छ । यो चमत्कारी हिलोमा सिङ्गै मान्छेलाई सुताएर पनि उपचार गरिन्छ । यसो गर्दा लगाएका सबै कपडा खोलेर कम्बलमा थुपारिएको कालो, चिप्लो र तातो हिलोमाथि आँखा चिम्म गरेर मरेतुल्य भई लम्पसार पर्नुपर्छ । त्यसपछि त्यहाँका कामदार महिलाहरूले हिलोले लेपिएको शरीरलाई त्यही कम्बलभित्र गुट्मुट्याइदिन्छन् । अनि २० मिनेटसम्म हिलोको नभई महको पोखरीमा डुबेको कल्पना गर्दै निदाउने प्रयास गर्नुपर्छ । हिलोको तापले शरीरमा आनन्दको सञ्चार गरिदिन्छ र दिमागमा शंका एवम् डरका कुराहरूको सट्टा मीठो सपना ल्याइदिन्छ । यो आनन्दले गर्दा सधैँ त्यसैमा सुतिरहुँ जस्तो लाग्छ । हिलोमा सुतेको दिन राति मेडिटेसन नगरे पनि मीठो निद्रा लाग्छ । र, बिहान ७ बजे शारीरिक व्यायाम गर्नेहरूको चर्को हुर्रा... को आवाजले मात्र निद्राबाट ब्यूँझिन्छ ।

समय निकाल्न सके दिउँसो शरीर बलियो पार्ने वायुस्नान, सूर्यस्नान आदि पनि गर्न सकिन्छ । यस प्रकारका काम थुप्रै छन् यहाँ । विश्राम गर्न आएको रे, एक मिनेट फुर्सद हुँदैन । कुनै दिन वायुस्नानलाई समय छैन भन्नुपर्छ भने कुनै दिन सूर्यस्नानलाई 'बाई...' गर्नुपर्छ । कुनै दिन नारजान-स्नानलाई नाइँ भन्नुपर्ने हुन्छ भने कुनै दिन हिलोमा डुब्नलाई 'नो टाइम' भन्दै पन्छाउनुपर्छ । अचम्म लाग्छ, विश्रामस्थलमा आएर पनि यस्तो व्यस्तता !

यति गरिसकेपछि पनि साँझपख घुम्न र टहलिनसमेत समय छुट्याउनुपर्छ । यही विश्रामस्थलमा चिनजान भएका वा आउँदै मिलेर

आएका केटाकेटी, साथीसङ्गी, मन मिल्ने मान्छेसँग 'इभिनिङ वाक' मा जाने काम पनि विश्रामकै एउटा पाटो हो । यहाँ विश्राम गर्न आउने ९८ प्रतिशत मानिसहरू आफ्नो उमेरअनुसारको जोडीकै खोजीमा हुन्छन् । विवाहित छन्, तर परिस्थितिले श्रीमान्-श्रीमती सँगै आउन पाएनन् भने पनि जो आएको छ ऊ अर्को त्यस्तै परिस्थितिमा परेर आएको जोडीको खोजीमा हुन्छ । स्वास्थ्यलाभ र विश्रामका लागि व्यायाम, हिलो, पानी र ध्यान जत्तिकै आवश्यक ठानिन्छ यस प्रकारको सम्बन्धलाई पनि । अझ घरमा श्रीमती वा श्रीमान्सँगै ठाकठुक परेर दिमागमा तनाव उत्पन्न भएको व्यक्ति छ भने त विश्रामस्थलमा भेटिने जोडीसँगको पहिलो इभिनिङ वाकपछि नै उसको त्यस्तो तनाव हट्छ, शरीरले फूर्तिसाथ काम गर्न थाल्छ अनि मान्छे स्वस्थ हुन्छ ।

यी सारा तथ्यहरूबाट स्पष्ट भैसकेको हुनुपर्दछ, विश्राम पनि ठूलो गति हो । सक्रिय विश्राम बिल्कुलै नौलो प्रकारको गति हो, जुन अवस्थामा दिमागले व्यस्त जीवनका समस्याहरूलाई बिर्सेर सुन्दरता विचार गरिरहेको हुन्छ भने विचरो शरीर घोडाजस्तै दौडिरहेको हुन्छ ।

(सन् १९८२)



# जिन्स पाइन्टको व्यापार

***(यो तिनीहरूको कथा हो, जो पढाइमा भन्दा बर्लिनबाट जिन्स पाइन्ट ल्याएर रूसमा बेच्ने, पैसा कमाउने र मोजमस्ती गर्ने काममा बढी व्यस्त हुन्थे, जसका कारण पढाइमा दत्तचित, मेहनती र सच्चरित्र छात्रहरू पनि बदनामीको एउटै छानामा पर्थे ।)***

ऊ सोभियत संघमा उच्च शिक्षा हासिल गर्न आएको हो । ५ वर्ष पूरा भयो सोभियत भूमिमा पाइला टेकेको । आज अचानक उसलाई बितेका घटनाहरूको सम्झना आइरहेछ । घरमा उसका बाबुआमाले सोच्दा हुन्- 'छोरो युरोपमा पढ्दै छ, उच्च शिक्षा हासिल गर्दै छ ।' छुट्टीको समयमा जर्मनीतिर घुम्न जाँदै छु भनेर एक पल्ट घरमा चिठी पनि उसले लेखेको थियो । फर्केर आएपछि पूर्वी जर्मनी, पश्चिम जर्मनी र पोल्यान्ड घुमेर आएँ भनेर आफू खूब हतारमा भएको जस्तो देखाउन अक्षर बिगारी-बिगारी विस्तृत विवरण पछिको पत्रमा लेखूँला भन्दै पत्र पनि पठायो । उसको भ्रमणको खबर पाएर बाबुआमा खूब रमाए होलान् । छोराले युरोपेली राष्ट्रहरूको भ्रमण गरेछ भनी नाक फुलाएर छिमेकीहरूलाई सुनाउँदै हिँडे पनि होलान् । तर उसका बाबुआमालाई युरोपतिर बरालिँदा उसको छोराको के गति भयो भन्ने कुरा के थाहा ?

ऊ अहिले ती घटना सम्झिरहेछ, जसबारे उसले घरमा एक शब्द पनि लेखेन । साँच्चै भन्ने हो भने चाहेर पनि लेख्न सकेन । अर्को ६ महिनापछि

फेरि ऊ जर्मनीकै भ्रमणमा जाने तयारीमा थियो । केही दिनअघि मात्र आमाको पत्र पाएको थियो, जसमा जाडोको छुट्टीमा कता जाँदै छस् भनेर उसकी आमाले सोधेकी थिइन् । ऊ भने दोस्रो पल्ट पनि जर्मनीतर्फ नै जाँदै थियो । उसले आमालाई के जवाफ दिने ? फेरि बर्लिन जान लागेँ भनेर लेख्ने कि अष्ट्रिया घुम्ने इच्छा भएकोले बर्लिनको बाटो हुँदै भिएना जान लागेको भनेर लेख्ने ? फेरि तेस्रो पल्ट पनि जर्मनी नै गयो भने कुन बाटो गएको भन्ने ? समुद्रको बाटो पर्दैन, नत्र पानीजहाज चढ्न मन लागेको हुनाले समुद्री बाटो भई बर्लिन गएँ भन्नु हुन्थ्यो । चौथो पल्ट बर्लिन जाँदा हवाईजहाज चढेर गएँ भन्नसम्म अझै मिल्छ । त्यसपछि पाँचौं, छैटौं, सातौं पल्ट पनि बर्लिनतर्फ नै जाँदा के भनेर लेख्ने ? एउटै ठाउँमा बारम्बर गैरहनुपर्ने कारण के लेख्ने ? तर उसले ढाँट्न सकेन आफ्नै आमालाई । उसले लामो समयसम्म कुरा लुकायो । सत्य कुरा घरमा कहिल्यै लेखेन । ऊभित्र कुराहरू गुम्सिँदा-गुम्सिँदा ज्वालामुखी बनिसके । यो ज्वालामुखीलाई आज उसले विष्फोट गराउँदै छ । उसलाई दिल खोलेर आफ्नी आमालाई भन्न मन लागिरहेछ- 'आमा मलाई माफ गर, मैले कुरा लुकाएँ । म बारम्बार बर्लिनतर्फ जाने गरेको थिएँ । अब म बर्लिन जान्न ।'

लौ सुनौं, नेपालबाट उच्च शिक्षाका लागि रूस आएको एक नेपाली छोराको बर्लिन यात्राको कथा । उसलाई राम्रोसँग सम्झना छ, ऊ नेपालबाट सोभियत संघ उड्ने दिन उसकी आमा दिनभर कपडाहरू सुटकेसमा मिलाउँदा, माला गाँस्दा, खाना पकाउँदा सुँक्कसुँक्क रोइरहेकी थिइन् । त्रिभुवन विमानस्थलमा उसलाई बिदाइ गर्दा उनका आँखाबाट आँसुका धारा बगेका थिए । उसले पनि आमाको दूधको भारा तिर्ने र भविष्यमा सुख दिने प्रतिज्ञा गरेको थियो । एसियाबाट उडेर ऊ युरोप आइपुग्यो । भाषा पढ्ने वर्ष उसलाई महिनाको ८० रुबल छात्रवृत्ति दिइन्थ्यो, जुन पैसाले खान, बस्न, पढ्न प्रशस्त पुग्थ्यो । बचेको पैसाले वर्षको अन्त्यमा उसले एउटा क्यामरासमेत किनेको थियो ।

उ त्यस समय 'लाटो' थियो । 'बाठो' बनाउने साथीहरू त्यहाँ कोही थिएनन् । भाषा सिकेपछि उच्च अध्ययनका लागि ऊ खार्कोभ भन्ने शहरमा



गयो, जहाँ एक वर्षपछि ऊ पनि 'बाठो' हुन थाल्यो । यहाँ उसले छात्रवृत्ति प्रतिमहिना ९० रुबल पायो । लङ्गडाको देशमा खुट्टा खोच्याउनु भनेजस्तै युरोप आएपछि युरोपेली तालमा चल्नै पर्‍यो । समाजले मानिसलाई बनाउँछ भनेको साँचो रहेछ । ऊ यहाँको वातावरणको प्रभावमा पर्‍यो । पश्चिमी सभ्यता राम्रोसँग सिक्यो । यहाँ हिउँ पर्छ, अत्यन्तै जाडो हुन्छ । त्यसैले शरीर तताउन अलिकति भोड्का नपिइहुँदैन । तर कहिलेकाहीँ यस्तो जाडो हुन्छ, पिउँदा-पिउँदा पूरै एक बोतल रित्तिइसक्दा पनि न्यानो हुँदैन । परिस्थितिले गर्दा ऊ रक्सी पिउन खप्पिस भयो । रक्सी पिउने मात्र होइन, खाने-बस्ने सवालमा पनि होस्टलको साधारण कोठाबाट कार्पेट, सोफा, रेफ्रिजेरेटर, टेलिभिजन भएको शहरको आरामदायी फ्ल्याटमा बस्न थाल्यो ।

ऊ पढ्ने ठाउँमा मासु सजिलोसँग किन्न पाइँदैन । 'रिनक' भन्ने स्थानीय बजारमा गई दोब्बर पैसा तिरेर आधा हाड भएको मासु ल्याउनुपर्छ । त्यस्तै अरु राम्रा-राम्रा सामान किन्नुपरे पनि टेबुलमुनिबाट बढी पैसा तिर्नुपर्छ । त्यसैले उसलाई सजिलो छैन यहाँ, मासिक ९० रुबलमा बाँच्न । एक पल्ट उसले यहाँ साधारण तवरले बाँच्न कति पैसा लाग्ला भनेर हिसाब पनि गरेको थियो । लुगाबाहेक १२० रुबल पुगेको थियो उसको साधारण मासिक बजेट । तर ऊ यहाँको सरकारले दिने मासिक ९० रुबलमै बाँचेको छ, राम्रोसँग  भोड्का पिउँदै, मोजमस्ती गर्दै ।

हुन त ऊसँगै पढ्ने भियतनामी विद्यार्थीहरूले बडो 'बहादुरी' देखाएका छन् । उनीहरूले आफ्नो मातृभूमिमा डाक्टर, इन्जिनियरहरूको सङ्ख्या चाँडै बढून्, देशको चाँडै नै विकास होस् भनेर दुई जना विद्यार्थी मिली तेस्रोलाई पढ्न झिकाउने र दुई जनाको छात्रवृत्तिमा तीन जनाले पढ्ने गरेका छन् । अचम्म लाग्छ, तिनीहरू कसरी बाँचेका होलान् ? आखिर उनीहरूले पनि त्यत्तिकै रुबल छात्रवृत्ति पाउँछन् ।  सबैलाई थाहै छ- हाम्रो देशमा भएका डाक्टर, इन्जिनियरहरूले त काम पाएका छैनन् भने अझ दुई जनाले आधा पेट खाएर तेस्रो डाक्टर, इन्जिनियर किन जन्माउने ? युरोपमा आएर पनि उही नेपाली तालले बस्ने ? यो ठूलो मुर्ख्याइँ होइन र ? उलाई युरोपको हावाले बाठो बनाइसकेको छ । त्यसैले हो ऊ बर्लिन जाने गरेको ।

उसलाई ९० रुबलले पुग्दै पुग्दैन, साधारण जीवन बिताउन पनि । त्यसैले ऊ पैसा कमाउन बर्लिन जान बाध्य भएको छ ।

सोभियत संघ अचम्मको देश हो । बाहिर बसेर यो देशलाई सही रूपमा चिन्न सकिँदैन । यहीँ आएर सोभियत जनतामाझ बसेर मात्र सोभियत संघलाई चिन्न सकिन्छ । आफ्नो विकासको अंश काटेर, आफ्ना जनताको जीवनस्तर केही घटाएर भए पनि यो देशले अन्तर्राष्ट्रिय भाइचाराको परिचय दिँदै विकासोन्मुख राष्ट्रहरूलाई सहयोग गर्दै आएको छ । यही सहयोगको फलस्वरूप उसले यहाँ डाक्टरी पढ्ने अवसर पाएको हो । ऊजस्तै संसारका चारै कुनाबाट यहाँ लाखौँ विद्यार्थी पढ्न आएका छन् । यी सबैलाई ६-७ वर्षसम्म पढाउन सोभियत सरकारले कसैसँग पनि एक पैसा लिएको छैन । उल्टो सबै थोक दिएर पालेको छ, पढाएको छ ।

यति हुँदाहुँदै पनि कहिलेकाहीँ उसलाई एकदमै रिस उठ्छ यी रूसीहरूसँग । यहाँ लगाउने राम्रा लुगाहरू नै पाइँदैनन् । गतिलो खानेकुरा किन्न पनि लामो लाइनमा बस्नुपर्छ । बटर र मासु किन्न पसलेलाई चिन्नुपर्छ । त्यसैले उसले यी कुराहरूको विरोध गर्दै रूसीहरूलाई 'भालु' भनेर गाली गर्ने गरेको छ । फेरि यहाँका युवा पनि कस्ता होलान्, अचम्म लाग्छ ! यिनीहरूलाई आफ्नो देशमा नपाइने सामानहरूकै बढी चाहना हुन्छ । यहाँ पाइन्ट, रेडियो, घडी सबै पाइने भए पनि यिनीहरू जिन्स पाइन्ट, जापानी रेडियो-क्यासेट र घडी अनि थुप्रै-थुप्रै विदेशी विलाशिताका सामानहरू खोज्छन् ।

विदेशी विद्यार्थीहरू जापानी रेडियो-क्यासेट घन्काउँछन्, जिन्सको पाइन्ट लगाएर फूर्ति देखाउँदै हिँड्छन् । तर रूसीहरूले जापानी सामान र जिन्सका पाइन्ट कहाँ पाउनु ? यिनीहरूको देशमा त्यस्ता वस्तु उत्पादन पनि हुँदैनन्, आयात पनि हुँदैनन् । नपाइने कुरा नै चाहिन्छ मान्छेलाई । त्यसैले होला एउटा जिन्सको पाइन्टलाई रूसीहरू २०० रुबलसम्म तिर्छन् । अचम्म लाग्छ, एउटा पाइन्टको मूल्य उसको दुई महिनाको छात्रवृत्तिभन्दा पनि बढी, एउटा जापानी रेडियोको मूल्य १५०० रुबल ! अब आफैँ विचार गरौँ, रेडियो र पाइन्ट बेच्न सके कति चाँडै र सजिलैसँग धनी बन्न, अनि



'प्रगति' गर्न सकिँदो रहेछ ।

यिनै पाइन्ट र रेडियो-क्यासेटहरू सस्तो मूल्यमा किन्न र सोभियत संघमा ल्याएर २४-२५ गुना महँगोमा बेच्न ऊ बर्लिन जाने गरेको छ । ऊ पढ्ने मेडिकल इन्स्टिच्युटले देश-विदेश घुम्न र नियास्रो लागे घर जान वर्षमा दुई पल्ट छुट्टीको बेला देशबाहिर जाने अनुमति दिन्छ । तर ऊचाहिँ त्यतिले नपुगेर कहिलेकाहीँ कतैबाट आमा बिरामी छन्, छिटो आऊ भन्ने खालको टेलिग्राम मगाएर पढाइको समयमा समेत बर्लिनतिरै जाने गरेको छ । यसो गर्दा वर्षको तीन-चार पल्टसम्म बर्लिन जान सकिन्छ । पाएको सुविधा र मौका किन चुकाउने ? यति भएपछि ऊ वर्षैपिच्छे आमालाई भेट्न घर जान सक्छ । साथमा आमाका लागि एक हजार रुबल पर्ने रेफ्रिजेरेटर र बुबाको लागि ८०० रुबल पर्ने बन्दुक उपहार लग्न सक्छ । यी सामानहरू बेचेपछि नेपालमा पनि घरको केही महिनाको खर्च चल्न सक्छ ।

बर्लिन जान सजिलो भने छैन । सस्तो पाइन्ट र क्यासेट प्लेयरहरू किन्ने सोभियत संघबाट सबैभन्दा नजिकको ठाउँ पश्चिम बर्लिन नै हो । त्यसैले उसले बर्लिनलाई 'रक्सौल' भन्ने गरेको छ । तर रक्सौल गएजस्तो विनाभिसा (सरकारी अनुमति) र विना 'डिक्लेरेसन' (डलर वा अन्य विदेशी मुद्रा लिएर सोभियत संघ प्रवेश गर्दा भन्सार नाकाले प्रमाणित गरेको कागज) को विदेशी मुद्रा पश्चिम बर्लिन लैजान सकिँदैन । त्यसैले बर्लिन जाने सिलसिलामा यी सबै व्यवस्था मिलाउन मस्को जानुपर्छ । रात्रि रेलबाट मस्को पुग्नेबित्तिकै भिसा र डिक्लेरेसन मिलाउने चक्करमा लागिहाल्नुपर्छ । मस्को पुग्नेबित्तिकै रित्तो झोला र सुटकेस बोकेर पूर्वी जर्मनी र पोल्यान्डको राजदूतावासतिर कुद्नुपर्छ । राजदूतावासमा अफ्रिकी र बंगाली विद्यार्थीहरूको ठूलो जमात देखेर कत्ति पनि विचलित नभई लाइनमा लाग्नुपर्छ । धेरै जना भएको कारणले ठेलमेल गर्दा पनि भिसा पाउन मुस्किल पर्छ ।

भोको पेट, त्यसमाथि अफ्रिकीहरूसँग भीड्नुपर्ने ! सडकमा हिउँ परिरहेको हुन्छ, तर उसका कपडा सबै पसिनाले भिज्छन् । यसरी पनि भिसा पाउन मुस्किलै पर्छ । त्यसैले ऊ त बिहान सबेरै २-३ बजे नै उठेर राजदूतावासबाहिर लाइन लाग्न जाने गरेको छ । जाडोले हातखुट्टा झर्लान्

कि जस्तो हुँदा, भोको पेट बस्नुपर्दा, रातको निद्रालाई माया मार्नुपर्दा, बेकारमा बर्लिन जाने चक्करमा लागेछु जस्तो पनि उसलाई लाग्छ। तर बिहान सबेरै उठेर जाँदा पनि ऊभन्दा अगाडि २ सय जना जति पुगिसकेका हुन्छन्। कोही त उतै राजदूतावासबाहिरै सुत्छन् रे ! भन्ने पनि उसले सुनेको छ। तर दुःख नगरी सुख कहाँ पाइन्छ र ? लाइनमा बस्दा हुल गर्‍यो भनेर राजदूतावासको पुलिसले कुकुरलाई भन्दा पनि नराम्रोसँग घचेट्ने गर्छन्। जस्तोसुकै लात र डण्डा खानुपरे पनि, इज्जत बेच्नै परे पनि, ऊ भविष्यको डाक्टर वा इन्जिनियर हो भन्ने कुरा एकैछिन् बिर्सिदिनुपरे पनि भिसा त लिनै पर्छ, नत्र सपना जति सबै चकनाचूर हुन्छ।

भिसाको साथसाथै डलरको डिक्लेरेसन पनि बनाउनुपर्छ। उसले बर्लिनबाट सामानहरू ल्याएर बेचेको पैसाले एक डलरको चार रुबलबराबरको दरमा अरबी विद्यार्थीहरूसँग डलर किन्ने गरेको छ। यसरी किनेको डलर अवैध मानिन्छ र यसलाई बर्लिन लैजान ठूलो चलाखी गर्नुपर्छ। यसका लागि सोभियत संघमै नक्कली डिक्लेरेसन बनाउन जान्नुपर्छ। नक्कली डिक्लेरेसन बनाउन उसलाई त्यति गाह्रो लाग्दैन। ऊ पोख्त भैसकेको छ यस्तो काम गर्न। अस्तिको पालि बर्लिनबाट फर्कंदा ब्रेस्ट (सोभियत संघ र पोल्यान्डबीचको भन्सार चौकी) मा ५ हजार इटालियन लिरा लिएर सोभियत संघ पसेको कागज बनाएको थियो उसले। रूसी भाषामा इटालीको मुद्रा 'लिरा' र पोल्यान्डको मुद्रा 'जोलोती' तथा अमेरिकी 'डलर' लेख्दा धेरै मिल्दाजुल्दा शब्दावलीको प्रयोग हुने हुनाले ती दुई वटा मुद्राको कागजमा किर्ते गरेर डलर बनाउन त्यति गाह्रो हुँदैन।

अन्य तरिका पनि छन् नक्कली डिक्लेरेसन बनाउने। जस्तै- ५ डलरको सक्कली डिक्लेरेसनमा ठाउँ मिल्छ भने दुई वटा शुन्य थपेर ५०० डलर बनाउन पनि सकिन्छ। यति गर्दा पनि नभए अण्डाको छाप हाल्ने रोचक तरिका पनि उसलाई थाहा छ। उसिनेको अण्डा तात्तातो अवस्थामा छोडाएर अण्डाको सेतो भागबाट एउटा सक्कली कागजमा लागेको रबर छापलाई जस्ताको त्यस्तै अर्को फारममा उतार्न सकिन्छ। यसको लागि धेरै वटा खाली फारम ल्याएर राख्नुपर्छ। अनि खाली फारममा आफूसँग भए जति



पैसाको विवरण भर्‍यो, सक्कली फारममा लागेको भन्सार वा बैंकको छापमा उसिनेको तातो अण्डा एकछिन् राखेर हल्का थिच्यो र त्यसलाई उठाएर खाली फरममा राखेर फेरि थिच्यो, छाप दुरुस्त उत्रिन्छ। कुनै-कुनै बेला अलि टेढोमेढो पनि हुन सक्छ। त्यस्तो भयो भने दोहोर्‍याइ, तेहर्‍याई गर्न पनि सकिन्छ। उसले बैंकमा काम गर्ने रूसीहरूलाई विदेशी सामान 'उपहार' दिने गरेर आफ्नो बनाएको छ। त्यसैले उसलाई डिक्लेरेसनको उति समस्या पर्दैन। उसको काम तिनै रूसीहरूले गर्दिहाल्छन्।

यी कामहरू मिलाउन मस्कोमा चार-पाँच दिन बस्नुपर्छ, तर कहाँ बस्ने ठेगान हुँदैन। होटलमा बस्न महँगो पर्छ। एउटै बाटो साथीहरूको होस्टल खोज्दै हिँड्नु हो। सोभियत संघमा जाडो र गर्मीको बिदा सबैलाई एकै समयमा हुने हुनाले धेरैजसो विदेशी विद्यार्थीहरूको बर्लिन जाने समय एउटै पर्छ। त्यसैले सबै एकै पल्ट मस्कोमा जम्मा हुन्छन्। भिसा लिन गाह्रो हुनाको कारण पनि यही हो। उता मस्कोका साथीहरू पनि बाहिरका पाहुना साथीहरूलाई अतिथि सत्कार गर्दागर्दा हैरान हुन्छन्। यो सम्झेर कहिलेकाहीँ उसलाई मस्को जान पनि मन लाग्दैन। तर के गर्ने, बाध्य भएर जानुपर्छ। मस्कोमा बर्लिन जान आएको भन्न लाज लाग्छ। त्यसैले कहिले घुम्न आएको, कहिले मस्कोसम्म पासपोर्टको म्याद थपाउन आएको भनेर ढाँट्नु पनि पर्छ। यी सब काम गर्न सज्जन भएर हुँदैन।

भिसा र डिक्लेरेसन मिलेपछि बर्लिन यात्राको प्रथम चरण समाप्त हुन्छ। एउटा ठूलो काम सकेको अनुभव हुन्छ। त्यसपछि बढी पैसा हुनेहरू रित्तो सुटकेसभित्र रित्ता झोलाहरू र कम पैसा हुनेहरू रित्तो रुकज्याकहरू बोकेर मस्कोमा साथीहरूले 'यात्रा सफल होस्, नीलो सुरुवालहरू बचून्' भनी दिएको शुभकामनालाई शिरोपर गर्दै रेलवे स्टेसनतर्फ जानुपर्छ। यहाँ 'नीलो सुरुवाल' भनेको सुन्दा अचम्म लाग्यो होला। नीला सुरुवालहरू बचून् भनेको बुझिएन होला। जिन्स शब्द सुन्नेबित्तिकै यहाँ सबैको कान ठाडो हुन्छ। त्यसैले आफ्ना साथीहरूले बाहेक अरुले नबुझुन् भनेर जिन्सको पाइन्टलाई 'नीलो सुरुवाल' या 'कोरा' भन्ने गरिन्छ। उसले चलाएका यी दुई नामहरू सबै नेपालीहरूबीच निकै चल्तीमा आएका छन्।

रेल चढेपछि केही समय त बडो आनन्द आउँछ, तर पछि साथमा डिक्लेरेसनमा भएको भन्दा बढी डलर छ भने भन्सार चौकी नजिकिँदै गएपछि डर लाग्दै जान्छ। किनकि मिलिसिया (यहाँको प्रहरी) ले त्यस्तो विदेशी मुद्रा भेट्टाएमा खोस्छ। त्यसैले पैसा लुकाउन विभिन्न तरिका अपनाउनुपर्छ। उसले डलरलाई तकियाको भुवाभित्र, टुथपेस्टको रित्तो बट्टाभित्र, चुरोटको खिल्ली वरिपरि बेरेर चुरोटकै बट्टाभित्र, कलमभित्र, मोजाभित्र, साथमा पेचकस लिएर गई रेलकै कुनै पेच खोलेर भित्ताभित्र आदि विभिन्न ठाउँहरूमा लुकाउने गरेको छ। ऊ छोरी भएर जन्मिएकी भए डलर लुकाउन अझ सजिलो हुने थियो। ब्रेसियर्सभित्र लुकाएर लज्जालु भई चुप लागेर बसेमा मिलिसियाको केही लाग्दैन। कति केटाहरू डलरलाई प्लास्टिकले बेरेर मलद्वारभित्र घुसाई लैजाने पनि गर्छन्। तरिका जानेपछि डलर सजिलै लुकाउन सकिन्छ। भन्सार चौकीमा पुलिसले छामछाम-छुमछुम गर्दाचाहिँ मुटु दरो बनाएर 'छैन' भन्दै ढाँट्न सक्नुपर्छ। त्यसपछि सजिलै पोल्यान्डको राजधानी वार्सा पुगिन्छ।

पोल्यान्डमा कालोबजारमा डलर साटेर सामानहरू किन्ने हो भने ज्यादै सस्तो पर्छ। पैसाचाहिँ ट्याक्सी चढेको जस्तो गरी लुकेर, पुलिसको आँखा छलेर ड्राइभरहरूसँग साट्नुपर्छ। त्यसैले त भनेको- यस्तो काम गर्दागर्दै 'बहादुर' बन्ने पाठ सिकिन्छ। वार्सापछि पूर्वी बर्लिन आउँछ, जहाँ १० मिनेट पनि नबसी सोझै रेल बदलेर पश्चिम बर्लिनतिर लाग्नुपर्छ। पूर्वी बर्लिन निकै राम्रो शहर छ, तर त्यहाँ घुम्न थाल्यो भने पश्चिम बर्लिन पुग्न ढिला हुन्छ। ढिला भए पनि नयाँ ठाउँ त घुम्नै पर्छ नि जस्तो लाग्छ तर होइन, यहाँ त जिन्स पाइन्ट किन्न पो आएको, घुम्नका लागि कहाँ हो र ? फुर्सद भयो भने घुमौँला, फोटो खिचौँला भनेर सधैँ साथमा क्यामरा पनि लिएर गएको हुन्छ। तर उसलाई १० चोटि बर्लिन जाँदा पनि कहिल्यै फुर्सद भएन। न वार्सा घुम्यो, न पूर्व र पश्चिम बर्लिन नै।

ती शहरमा हेर्नुपर्ने मुख्य ठाउँहरू नहेरे पनि राम्रा-राम्रा र सस्ता-सस्ता सामान बेचिने पसल भने उसले सबै देखेको छ। त्यसैले उसलाई राम्रोसँग थाहा छ- कुन ठाउँमा कति मूल्यमा जापानी रेडियो र नीलो सुरुवाल पाइन्छ



भन्ने कुरा। नीलो सुरुवाल किन्ने सबैभन्दा सस्तो र प्रख्यात पसल 'मोन्टाना' हो र जापानी रेडियो-क्यासेटहरू किन्ने 'टोनी सप'। ढिला भए जिन्स पाइन्ट नपाइएला भन्ने डरले सताइरहेको हुन्छ। नसताओस् पनि कसरी ? ऊजस्तै सयौँ जना आएका हुन्छन्, एकै दिन एउटै रेलमा। फेरि एक जनाले १० वटा घटी किन्दैनन्। उसले त अझ २० वटा जति किन्ने गरेको छ। ऊजस्ता धेरै हुन्छन् २०-२० वटा नीलो सुरुवाल किन्नेहरू। लौ हिसाब गरौँ त, एक जनाले दशै वटा किने पनि सय जनाले किन्दा एक हजार वटा नीलो सुरुवालहरू बिक्री हुन्छ। यसरी हजारौँ नीलो सुरुवालहरू एकैछिन्मा एउटै पसलबाट बिक्री हुने भएपछि कहिलेकाहीँ क्षणिक अभाव त हुन्छ नै।

यसरी सामानहरूको अभाव भएकै बेलामा आफू पुगियो भने यात्रा असफल हुन्छ, सपना चकनाचुर हुन्छ। त्यसैले एकदमै हतारिनु र दौडादौड गर्नुपर्छ। भोक लाग्यो, खुट्टा दुख्यो, शरीर थाक्यो भन्न कत्ति पनि पाइँदैन। दिनभर भोकै दौडादौड गर्दै नीलो सुरुवाल र जापानी रेडियो किनेर साँझ रेल्वे स्टेसनमा फर्किसक्नुपर्छ। प्रायः अफ्रिकी र एसियालीहरूको भीडले रेल्वे स्टेसन भरिएको हुन्छ। सामानहरू भुइँमा फाली थकित शरीरलाई त्यसैमाथि लडाएर गुलियो र चिसो फ्यान्टाको चुस्की लिँदा मात्रै आफू जिउँदै भएको आभाष हुन्छ। किनमेल सकिएको भए त्यसै दिन साँझको रेल समातेर सोभियत संघतर्फ लागिहाल्नुपर्छ।

बर्लिनमा रात बिताउनुपरे बडो महँगो पर्छ, त्यसैले भरसक पुगेकै दिन फर्कने प्रयास गर्नुपर्छ। एक रात साधारण होटलमा सुतेको पैसाले तीन वटा नीलो सुरुवाल किन्न पुग्छ। तैपनि रात बिताउनै परेमा या त स्टेसनमै, नत्र रातभर चल्ने नाङ्गा परीहरूको सिनेमा हलभित्र सुतेमा सस्तो पर्छ। के भयो त यसरी रात बिताएर ? यहाँ उसलाई कसैले चिन्दैनन्। त्यसैले लाज मान्ने कुरै छैन। पश्चिम बर्लिनको रेल्वे स्टेसनमा कैयौँ वर्षसम्म भेट नभएका नेपाली साथीभाइहरू भेटिन्छन्। तर कसैलाई कसैको हालखबर सोधखोज गर्ने फुर्सद हुँदैन ? सबै व्यापारिक व्यस्ततामा हुन्छन्। बरु कति र कस्ता सामानहरू किनिस् ? कहिले फर्कंदै छस् ? यिनै कुराहरू एक-अर्कालाई सोध्छन्।

उसले किनेका २० वटा सुरुवालमध्ये १० वटा हुलाकबाट ४-५ जना साथीहरूको नाममा पार्सल गरेर पठाउँछ। ऊ र साथीहरूको नाममा पार्सल पठाउन उसले इन्स्टिच्युटबाट लाइसेन्स ल्याएको हुन्छ। उसले भनेको ठाउँमा पार्सल पुगेपछि एउटा पार्सलबाट मात्र चोखो ६ सय रुबल नाफा हुन्छ। पार्सल किन पठाउनु पऱ्यो, आफ्नै साथमा लिएर गए हुँदैन र भन्ने प्रश्न उठ्ला। होइन, पार्सल पठाएन भने २०-२० वटा सुरुवाल सोभियत संघ भित्र्याउन कहाँ सकिन्छ र ? पाँच वटाभन्दा बढी सुरुवाल भन्सारले छोड्दैन। यस्तै नियम बनाइदिएका छन् रूसीहरूले- तीन वटा नीलो जिन्सको पाइन्ट र दुई वटा कटराइजको पाइन्ट। फेरि पार्सल पठाएमा एउटा पार्सलमा दुई वटा सुरुवालका साथै आफूसँग लैजान नपाइने तर धेरै पैसा नाफा हुने आइमाईका लुगाहरू पनि राखेर पठाउन सकिन्छ।

साथैमा लिएर गएकोमा चाहिँ भाग्यले साथ दिए र पुलिसको मूड राम्रो भए घूस खुवाएर वा झुक्याएर ८-१० वटासम्म सुरुवालहरू सोभियत संघ भित्र्याउन सकिन्छ। जति-जति भन्सार चौकी नजिकिँदै जान्छ उति-उति मुटुको ढुकढुकी बढ्दै जान्छ। भन्सारमा बचियो र सामानहरू पुलिसले खोसेन भने लामो सास फेरेर यात्रा सफल भएकोमा आफूलाई बधाई दिए हुन्छ। सोभियत सिमानाभित्र छिर्नुअगाडि मुसाजस्तो व्यक्ति भित्र छिरेपछि सिंहजस्तो फूर्तिलो भइहाल्छ।

बर्लिनको यात्रा बहादुरी नै बहादुरी र डरै डरले भरिएको यात्रा हो। यो नै यसको विशेषता पनि हो। सोभियत संघमा नेपालीहरू डाक्टर वा इन्जिनियर बन्न आएका हुन्। तर नेपालीहरू डाक्टर वा इन्जिनियरको मात्र नभै व्यापारी विद्याको पनि डिग्री साथमा लैजान्छन्। तर जेसुकै भए पनि बर्लिनतर्फ लाग्दा चोर्न, ढाँट्न, लाज पचाउन, लड्न, घूस ख्वाउन सबै जान्नुपर्छ।

ऊ अब थाक्यो। पछुताउँदै छ। पाँच वर्षको अवधिमा उसले १० चोटि बर्लिनको यात्रा गऱ्यो तर एक पल्ट पनि पश्चिम बर्लिनको विश्वविख्यात चिडियाखाना हेर्न गएन। समाजवादी जर्मनीको राजधानी पूर्वी बर्लिन कस्तो रहेछ भनेर हेरेन, न वार्सा सन्धि भएको पोल्यान्डको राजधानी नै



घुम्यो। सुरुवाल बेचेको पैसाले यहाँ बसुन्जेलचाहिँ मोज गरेको छ, रक्सी पिउने बानी बसेको छ। ट्याक्सी चढेर इन्स्टिच्युट जाने गरेको छ। एक-एक रुबल बोट राखेर तास खेल्न सुरु गरेको छ। होटल, रेष्टुरेन्ट र बार जाने बानी लागेको छ। छोटकरीमा भन्ने हो भने ऊ विद्यार्थी होइन, अर्कै व्यक्ति भएको छ।

*(सन् १९८३)*

# विद्यार्थी र साहित्य

*(सोभियत संघमा अध्ययन गर्दा हामीले प्रगतिशील साहित्यप्रति धेरै नै रुचि राखेर विभिन्न कृतिहरू पढ्ने गर्थ्यौं । लियो टाल्सटाय, चेखव, दस्तायभ्स्की पुस्किन आदिका लेखनहरूप्रति हामी विशेष रूपले आकर्षित थियौं । यी लेखकहरूले आफ्ना रचनाहरूमार्फत तत्कालीन रूसमा विद्यमान सामाजिक, आर्थिक र राजनीतिक अवस्थाको चित्रण गर्नुका साथै विद्यमान शोषण, अन्याय, अत्याचारविरुद्ध कलमको माध्यमबाट सशक्त प्रहार गरेका थिए । मार्क्स, एङ्गेल्स र लेनिनका पुस्तकहरू पनि हामीले खूबै पढ्यौं । हामीमा समाजवादी चिन्तन शैलीले प्रभाव पारेको थियो । प्रगतिशील साहित्यप्रति हाम्रो विशेष रुचि थियो । यसै बीच नेपालका प्रगतिशील खेमाका लेखक श्री रामचन्द्र भट्टराईद्वारा लिखित 'बोई' गीतिकाव्य मेरो बुबाले पठाइदिनुभएको थियो । सो कृति पढेपछि विश्वबन्धु शर्मा, अरुणा उप्रेती, काशीराज ज्ञवाली र मैले निम्नलिखित साझा प्रतिक्रिया पठाएका थियौं ।)*

नेपाली प्रगतिशील साहित्यमा झुल्केका कवि रामचन्द्र भट्टराईको 'बोई' गीतिकाव्यले नेपाली जनजीवनको असमानता, शोषण, अत्याचार आदिको चित्रण गर्नुका साथै मानिसहरू आफ्नो हृदयमा उठ्ने अपमान, पीडा र विवशतालाई पार गर्दै कसरी आफ्नो अधिकारको लागि लड्न तयार हुन सक्छन् भन्ने कुराको बोध गराउँछ । शोषित जनतालाई उसको जिम्मेवारीबोध गराउँदै चेतनशील शक्तिले आफ्नो नेतृत्वमा मात्र संघर्ष गर्नुपर्छ भन्नेजस्ता कुरा कविले आफ्नो रचनामा प्रस्ट्याउन खोजेका छन् । त्यो हाम्रो जस्तो



समाजको लागि समसामयिक महत्वको प्रश्न हो ।

'साहित्य जनताका लागि र जीवनको लागि' भन्ने मान्यतालाई 'बोई' ले पूर्णरूपमा चरितार्थ गरेको देखिन्छ । झर्रा नेपाली शब्दहरूमा भरपूर गाउँले जनजीवनको भाषालाई आत्मसात् गरेर लेखिएको हुनाले पनि 'बोई' ले जनमुखी रचना बन्ने आधार पाएको छ ।

किताब पढेर सिध्याउँदा कविले समाजवादी विचारधारालाई जनसमक्ष ल्याउन खोजेको कुरा स्पष्ट हुन्छ । मानवसमाजको ऐतिहासिक विकासप्रति मार्क्सवादी दृष्टिकोणलाई काव्यशैलीमा प्रकट गरिँदा कविको साहित्यका साथै वैचारिक महानता पनि झल्किन्छ । तर यस्तै विचारधाराहरू जनसमक्ष राख्ने कथाको मुख्य पात्र पुरुदाइको अनायास मृत्यु हुनु, संघर्षमा हलेको एक्लोपना देखाइनु र प्रगतिशील व्यक्तिहरूले संघर्षको उद्देश्य मालेजस्ता शोषक पात्र मास्नुमा मात्र सीमित राख्नुले कथाले संघर्षको आवश्यक तथा फलदायी बाटोलाई प्रस्ट्याउन नसकेको भान हुन्छ ।

'बोई' मा उग्रवादी र स्वस्फुटित आन्दोलनप्रति कविको विशेष सहानुभूति रहेको कुरा सहजै प्रस्ट हुन्छ । अशिक्षा, अन्धकार र रुढिवादको मारमा परेका नेपाली जनताले कुनै पनि विचारधाराको सही मूल्याङ्कन गर्न सक्दैनन् र 'बोई' जस्तो जनमुखी कृतिले सही मार्ग प्रदर्शन गरी सफल नेतृत्व दिनुको सट्टा उग्रवादलाई नै प्रश्रय दिँदा जनशक्तिको दुरूपयोग हुन सक्ने सम्भावनालाई इन्कार गर्न सकिँदैन । हुन त कविद्वारा देखाइएको घटनाक्रमले नै स्पष्ट गर्छ, हले र उसका साथीहरूले अपनाएको मार्गले उनीहरूलाई सफलतातिर लान सकेन । मृत्यु र जेलयातना सहनुपरे पनि तिनीहरूले आमसमर्थन पाएको, जनतामा तिनका अनुयायीहरूको वृद्धि भएको कुरा भने उल्लेख छ । यसबाट नेपाली युवाहरूलाई आज सामन्त र शोषकहरूको विरुद्ध प्रत्यक्ष प्रहार गर्न लगाउनुभन्दा त्यस असमानता र शोषणको मूल आधार निर्मूल गर्ने राजनीतिक संघर्षमा उतार्नु उपयुक्त हुने देखिन्छ । तर सामूहिक राजनीतिक संघर्षमा सफल भएपछि मात्र हले र उसका साथीहरूको आर्थिक-सामाजिक अवस्थामा परिवर्तन आउन सक्छ भन्ने मूल तथ्यलाई कविले औँल्याएका छैनन् ।

कविले भौतिकवाद र ऐतिहासिक विकासका नियमजस्ता जटिल प्रश्नहरूलाई सरल रूपमा देखाउन गरेको प्रयास प्रशंसनीय छ । तर पनि आज हाम्रो समाजको जनचेतना त्यो सरल व्याख्यासमेत बुझ्न सक्ने स्तरमा पुगेको छैन । त्यसलाई बुझ्न सक्ने चेतनाको वृद्धि गर्न उग्रवादीता र स्वयम् प्रस्फुटित आर्थिक आन्दोलनको प्रचार होइन, संगठित योजनाबद्ध राजनीतिक संघर्षको आवश्यकता पर्छ । यो कुरा 'बोई' ले दर्शाउन सकेको छैन ।

हलेजस्ता शोषित युवकलाई गुरुले आफूतिर आकर्षित गर्दा दर्शनशास्त्रका जटिल प्रश्नहरू, मार्क्सवादी सिद्धान्तहरू, समानता र स्वतन्त्रताको भाव दिने विचारहरूलाई संघर्षको अन्तिम उद्देश्यको रूपमा औंल्याएका छन् । तर कथाको मुख्य पात्र सरल गाउँले हलेले त्यत्रो सिद्धान्त बुझेर विश्वस्त भई सोझै सङ्घर्षमा उत्रिनु अलि अस्वाभाविकजस्तो देखिन्छ । यसको सट्टा गुरुले गाउँलेहरूलाई प्रथम चरणमा नै ठूला-ठूला दर्शनहरू बुझाउनेपट्टि नलागी उनीहरूको वर्तमान दयनीय अवस्थाको बोध गराउँदै उनीहरूमा जागृति ल्याएर एउटा भरपर्दो, दरिलो राजनीतिक शक्तिको निर्माण गर्नेतर्फ लाग्नु उचित देखिन्थ्यो ।

'बोई' मा सङ्घर्षको मुख्य उद्देश्य त्यो जनसमुदायले बुझ्ने गरी चित्रण गरिएको छैन । बरु गरिब किसानको निम्ति जमिन वितरण, ऋणमुक्ति, निःशुल्क शिक्षा र स्वास्थ्योपचार, बेरोजगारको निम्ति कामको व्यवस्था, अछूतहरूको लागि धार्मिक दबाबबाट मुक्ति, श्रमजीवीको लागि मौलिक अधिकारको सुरक्षा आदि नै संघर्षका उद्देश्य हुन् भन्न सकेको भए गुरुजस्तो समाजसेवीलाई आमजनताले सजिलैसँग बुझ्न सक्ने थिए र उनको योगदान अझ बढी प्रभावकारी हुन्थ्यो । जनतालाई अगाडि राख्दै उनीहरूलाई संघर्षको मूलबाटोतिर डोऱ्याउनु नै संगठित राजनीतिक सङ्घर्षको व्यावहारिक रूप हो भन्ने कुरा 'बोई' मा स्पष्ट छैन । कथाका नायकको सफलता अथवा सङ्घर्षको सही परिणामका निम्ति दरिलो राजनीतिक आधारको तयारी मात्रै देखाइदिन सकेको भए पनि पाठकहरूलाई सङ्घर्षमा उत्रिन अझ बढी प्रेरणा मिल्ने कुराको अपेक्षा गर्न सकिन्थ्यो ।



अन्त्यमा, 'बोई' जस्ता कृतिहरूको साहित्यिक मात्र नभई सामाजिक महत्व छ र अवश्य पनि नेपाली पाठकले त्यस्ता कृतिहरूको स्वागत गर्छन् । 'बोई' ले नेपाली जनजीवनमा जागृति ल्याउन ठूलो मद्दत गर्नेछ र कतिपय गाउँले युवकहरूलाई मार्गदर्शन गर्नेछ भन्ने विश्वास गर्दछौं । साथै भविष्यमा पनि लेखकबाट नेपाली समाजले समसामयिक प्रगतिशील कृतिहरू प्रशस्त पाउनेछ भन्ने विश्वास व्यक्त गर्दै त्यो बाटोमा लेखकलाई पूर्ण सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछौं ।

*(सन् १९८२)*

# टाल्सटाय र चेखव

विश्वप्रख्यात लेखकहरू लियो टाल्सटाय र आन्तोन चेखव रूसी माटोका उपज हुन् । विश्वसाहित्यका यी अग्रजहरूले रूसी साहित्यलाई अत्यन्तै धनी बनाए । रूसमा पढ्दा चाहे त्यो रूसी भाषा होस् वा दर्शनशास्त्र, चाहे चिकित्साशास्त्र होस् वा इन्जिनियरिङ, जुनसुकै विषयमा पनि यी लेखकहरूको चर्चा हुन्थ्यो, यिनीहरूका कृति पढिन्थ्यो । यिनीहरूको रचनाका माध्यमबाट विगतको रूसको सही चित्र बुझ्न सजिलो हुन्थ्यो । रूसी भाषाको ज्ञान राम्रो भएपछि यी लेखकहरूका कृतिहरू खोजी-खोजी पढ्न थालियो । छुट्टीका धेरैजसो समय टाल्सटाय, चेखव, दस्तायभ्स्की, पुस्किन, तुर्गिनेभ, गोर्की, मार्क्स, एङ्गेल्स र लेनिनका रचनाहरू पढेर बिताइन्थ्यो । यी महान् व्यक्तिहरूका रचनाहरूको अध्ययनले रूसमा बिताएको समय उच्च शिक्षाका साथै बौद्धिक विकास र चरित्र निर्माणका लागि पनि अति महत्वपूर्ण रहन गयो ।

लियो टाल्सटाय यस्ता साहित्यकार हुन्, जो स्थान र समयको सीमालाई नाघेर सर्वकालीन र सार्वभौमिक बन्न पुगेका हुन् । उनका विराट सृजनाहरू 'युद्ध र शान्ति' र 'अन्ना कारेनिना' आज विश्वसाहित्यको अमूल्य सम्पदाको रूपमा रहेका छन् । आफ्ना रचनाहरूमा उनले जीवन तथा जगत्का सूक्ष्म, व्यापक र यथार्थ चित्रहरू प्रस्तुत गरेका छन् । ती चित्रहरू यति जीवन्त र सान्दर्भिक छन् कि तिनीहरूले निश्चित व्यक्ति, निश्चित जाति, निश्चित समाज, निश्चित देश र निश्चित कालका परिधिलाई नाघेर सम्पूर्ण मानवजाति



र सम्पूर्ण विश्वलाई समेट्छन् ।

टाल्सटाय रूसको यास्नाया पोल्यानामा सन् १८२८ मा जन्मेका थिए । उनको जन्म रूसको एक अति सम्पन्न, सम्भ्रान्त परिवारमा भएको थियो । ठूलो दरबार, ४ हजार एकड जमिन, ३ सयभन्दा बढी नोकरचाकर र प्रशस्त धन-सम्पत्ति उनका बाबुसँग थियो । टाल्सटाय ९ वर्ष पुग्दा नपुग्दै उनका बाबुआमाको मृत्यु भयो । उनी तीक्ष्ण बुद्धिका थिए । यौवनका दिनहरू उनले खूबै विलासीपूर्वक बिताए । पछि उनको मानसिक परिवर्तन भयो । उनले किसानहरूका लागि स्कुल खोले, जग्गा-जमिन बाँडिदिए । उनी अत्यन्तै दयालु थिए । विश्वलाई परिवर्तन गर्न शिक्षाले मात्र सक्छ भन्ने मान्यता राख्थे ।

नोवल पुरस्कारप्राप्त उपन्यास 'युद्ध र शान्ति' विश्वको सबैभन्दा महान् उपन्यासहरूमध्ये पर्दछ । यसमा टाल्सटायले नेपोलियनले रूसमा आक्रमण गर्दाको पृष्ठभूमिमा विभिन्न रूसी परिवारहरूबीचको पारस्परिक सम्बन्धका बारेमा लेखेका छन् । यस उपन्यासमा ५८० वटा चरित्रहरू छन् । उपन्यासमा पात्रहरू खचाखच छन् । यसमा टाल्सटायले यो देखाउन खोजेका छन् कि नेपोलियनहरू आउँछन्-जान्छन्, साम्राज्यहरू आउँछन्-जान्छन्, तर मानवप्रेम, सद्भाव र शान्ति नै स्थायी मूल्य हुन् । 'युद्ध र शान्ति' लेखेको केही वर्षपछि उनले 'अन्ना कारेनिना' लेखे, जुन एक विवाहिता महिलाको वियोगात्मक कथा हो । यो उपन्यासको सिनेमा पनि बन्यो, जसमा हलिउड नायिका ग्रेटा गार्बोले मुख्य भूमिका खेलेकी थिइन् ।

टाल्सटायले थुप्रै रचनाहरू जन्माए । उनले विश्वलाई धेरै शिक्षावर्द्धक कुराहरू दिए । उनको शिक्षाबाट प्रभावित व्यक्तिहरूमध्ये महात्मा गान्धी पनि एक हुन् । टाल्सटायले धनलाई होइन शिक्षालाई महत्वपूर्ण ठाने, भूत र भविष्यलाई होइन वर्तमान समयलाई महत्वपूर्ण ठाने, युद्ध होइन शान्तिलाई महत्वपूर्ण ठाने । उनले मानवजीवनलाई दुःख-सुखको अनिवार्य शृङ्खलाका रूपमा प्रस्तुत गरे ।

रूसी साहित्यका अर्का शिखर व्यक्ति आन्तोन चेखव हुन् । उनी सन् १८६० मा जन्मिएका हुन् । उनका बाबु साना व्यापारी थिए, जो निर्दयी

स्वभावका थिए । उनले छोराहरूलाई कुट्थे, आफूलाई मन नपरेको काम पनि गर्न लगाउँथे । चेखवको बाल्यकाल दुःखमा बित्यो । उनको हृदयमा घाउ परेको थियो, पीडा थियो । आफ्नो बाल्यकालबारे उनले बराबर भन्थे- 'मेरो कुनै बाल्यकाल थिएन ।' सानैदेखि उनी क्षयरोगबाट पीडित थिए । २० वर्षको उमेरमा उनी मेडिकल डाक्टर बने । तर उनको सारा जीवन कथा र नाटक लेखनमै बित्यो । इमानदारी र सरलता चेखवका कृतिहरूका मुख्य गुणहरू हुन् । उनले तत्कालीन समाजमा विद्यमान अन्याय, अत्याचार र शोषणलाई व्यङ्ग्यात्मक रूपमा अत्यन्तै रोचक तवरले प्रस्तुत गरेका छन् । उनका नाटक र कथाहरूमा वास्तविक जीवनको तस्वीर देखिन्छ । उनले जीवनलाई जस्तो देखे, ठीक त्यस्तै लेखे । तत्कालीन रूसमा गरिब र धनीहरूबीच ठूलो खाडल थियो, गरिब धेरै नै शोषित र पीडित थिए । उनीहरूको दुःख र पीडालाई चेखवले आफ्ना रचनाहरूमा जस्ताको तस्तै उतारे । शोषकहरूलाई उनले रोचक शैलीमा तिखो वाण हाने । 'खोलभित्रको मान्छे', 'छेपारो', 'कारिन्दाको मृत्यु', 'भान्का', 'योनिख' आदि धेरै धेरै रोचक कथा र नाटकहरू उनले लेखेका छन् ।

कति धनी रहेछ रूसी साहित्य । टाल्सटाय र चेखवका अतिरिक्त दस्ताएभ्स्की, तुर्गिनेभ, पुस्किन र गोर्कीले रूसी साहित्यलाई अझ धनी बनाउन सहयोग पुऱ्याए । अध्ययन, अध्ययन र अध्ययन भन्दै लेनिनले कम्सोमोल (युवा कम्युनिष्टहरू) लाई भन्ने गर्दथे- पहिले सबै कुरा पढ, शिक्षित बन अनि मात्र कार्य गर । चिकित्साशास्त्रको अध्ययनका साथै रूसी साहित्य, मार्क्सवाद-लेनिनवादको अध्ययन अनि विश्वमा रहेका अन्य 'वाद' हरूको अध्ययनले रूस बसाइलाई अझ बढी रोचक र शिक्षाप्रद बनाइदियो ।



# उत्तरी युरोपको समुद्री यात्रा

मलाई यात्रा गर्न मन लाग्छ । यात्रा गर्दा मन आनन्दित हुन्छ, ज्ञान बढ्छ र शरीरमा फूर्ति आउँछ । जाडो, गर्मी र अन्य लामो बिदाका अवसरमा सोभियत संघभित्रका लेनिनग्राद, तालिन, मिन्स्क, तास्कन्द, समरकन्द, आदि शहरको अध्ययन भ्रमण गर्ने मौका पाएको थिएँ । सोभियत संघमा विदेशी विद्यार्थीहरूले पाउने विशेष अवसर हुन् यस्ता अध्ययन भ्रमणहरू, जसमा १५-२० रुबलदेखि ३०-४० रुबलको नाम मात्रको पैसा तिरेर सुदूरपूर्वको खाबारोभ्स्कदेखि पश्चिमको बाल्टिक, उत्तरमा मुर्मन्स्कदेखि दक्षिणमा दुशाम्बेसम्म जताततैको यात्रा गर्न सकिन्थ्यो । एक-डेढ घण्टादेखि १४-१५ घण्टाको दुईतर्फी हवाई यात्रा, सुविधासम्पन्न होटलको बास, खाना र एक-दुई शहरको भ्रमणसहित १०-१२ दिनसम्मका हुन्थे यस्ता एक्सकर्सन प्याकेज ।

सोभियत संघका दर्शनीय ठाउँहरूको भ्रमणमा जाँदाजस्तो सस्तो नभए पनि ३ सय रुबलमा पानीजहाजमा लेनिनग्रादबाट फिनल्यान्ड, स्वीडेन, नर्वे र डेनमार्कका राजधानीमा एक-एक दिन बिताउँदै लन्डनसम्म पुगेर लेनिनग्राद फर्किने १२ दिने प्याकेज हुँदोरहेछ । ३ सय रुबलमा पाँच-पाँच देशको भ्रमण ! हर्षको सीमा रहेन । आवश्यक खर्चपर्चको बन्दोबस्त गरेर जुलाई ३१, १९८३ का दिन खार्कोभबाट मस्कोतिर लागेँ ।

विदेशी मुद्रा बोकेर विदेश जाने भएपछि डिक्लेरेसन त यहाँ पनि चाहियो नै । मस्कोमा डिक्लेरेसन मिलाउने चक्करमा लाग्दा मेरो २ सय रुबल चोरी भयो । नेपाली साथीले नै झुक्याए । परदेशको ठाउँमा नेपालीले

नेपालीलाई ठग्लाजस्तो त लागेको थिएन तर म ठगिएँ । मस्कोका एक आत्मीय साथीको सहयोगबाट थप पैसा जुटाएँ र अगस्त ६ मा मस्कोबाट लेनिनग्रादतर्फ लागें । साथमा सहपाठी साथी सुरेन्द्र शेरचन पनि थिए । लेनिनग्राद पहिले पनि एक पटक आइसकेको हुनाले नौलो लागेन । बरु रेल्वे स्टेसनबाट एउटा निजी कारमा त्यहाँ पढ्ने नेपाली साथीहरूको होस्टल जाँदा ड्राइभरले भारतको विहारी ठगले जस्तै गरी ठग्यो, ट्याक्सीमा गएको भए डेढ रुबल लाग्ने ठाउँमा आठ रुबल लिएर ।

अगस्त ८ को दिन बाल्टिक सिपिङ कम्पनीको पानीजहाजको 'लेनिनग्राद-लन्डन-लेनिनग्राद' टिकट हातमा पर्‍यो । भ्रमणको बारेमा बढी कुराहरू थाहा भयो- जहाज रोकिने शहर हेलसिन्की, कोपनहेगन, लन्डन, ओस्लो र गोथेवर्ग रहेछन् । यसै पालिदेखि फ्रान्सको बाटो रद्द गरिएको रहेछ । प्रत्येक शहरमा जहाज प्रायः बिहान पुग्छ र राति हिँड्छ । खानाको लागि पैसा तिर्नुपर्दैन, सुत्ने जहाजमै । यात्रा जम्मा १२ दिनको हुनेछ । जुनदेखि अगस्तसम्म यस्तो यात्रा गर्न सकिन्छ ।

मस्को समयअनुसार साँझ ६ बजे समुद्री स्टेसन रहेको बन्दरगाह पुगें । 'बाल्टिका' लेखिएको ठूलो पानीजहाज देखें । बाहिरबाट हेर्दा जहाजजस्तै स्टेसनको भवनभित्र पसें । अचम्मको ठाउँमा आएको अनुभव भयो- मधुरा बत्तीहरू, कलात्मक ढङ्गले निर्मित र सुसज्जित । किन-किन मलाई अन्तरीक्षमा पुगेजस्तो लाग्यो । एकैछिन्मा जहाजभित्रै पसें र आफैँ दङ्ग परें । निल आर्मस्ट्रङले चन्द्रमामा पहिलो पाइला टेकेझैं पानीजहाजमा पहिलो पल्ट पाइला हाल्दै थिएँ म । मेरो लागि यो महान् क्षण भएको थियो । एकातिर समुद्री यात्रा गर्न पाएकोमा हर्षित, अर्कोतिर पानीजहाजलाई ह्वेल माछाले पल्टाइदियो भने, समुद्रबीचमा जहाज बिग्रियो भने, कतै समुद्री मात पो लाग्ने हो कि भनेर मनमा नानाथरीका कुरा खेल्न थाले । तर सारा नराम्रा कुरा बिर्सेर ठूलो हिम्मत लिई जहाजमा पाइला टेकें । बडो आनन्द आयो ।

ओहो ! यो त पानीजहाज हो कि दरबार ? भुइँमा गलैंचा बिछ्याइएको थियो । कोठाहरू चिटिक्क पारेर सिँगारिएका थिए । रेष्टुरेन्ट, बार, सङ्गीत कक्ष, अस्पताल, टेलभिजन कक्ष, खेल कक्ष, फिल्म हल, के थिएन त्यहाँ ।



जहाजमै डलर पसल, पुस्तकालय, पौडीपोखरी सबै कुराको व्यवस्था थियो । करिब ६ सय शय्या भएका कोठाहरू थिए । मैले सुनेको थिएँ- कति जहाजमा त भित्रै विमानस्थल, फुटबल मैदान आदि पनि हुन्छन् रे ! तर यसमा चाहिँ रहेनछन् । तैपनि मेरो लागि यो जहाज अत्यन्तै विशाल थियो ।

पानीजहाजमा पश्चिमी सभ्यताका अनेक उच्छृङ्खल दृश्यहरू पनि देखिन थाले । करिब १३-१४ वर्षका केटाकेटीहरू हातमा चुरोट र रक्सीले भरिएको गिलास लिएर धेरै पारदर्शी र छोटा लुगामा छिन्-छिन्मा अंगालो हाल्दै म्वाइँ खाइरहेका थिए । तिनीहरूतिर अलि कर्के आँखाले हेर्दै मनमनै यहीँ यस्तो छ भने अझै पश्चिममा कस्तो होला भन्ने विचार गरें ।

अगस्त ८, १९८३ को दिन निर्धारित समयभन्दा एक घण्टा ढिलो गरेर जहाज मस्को समयअनुसार राति ९ बजे अगाडि बढ्यो । म जहाजको सबैभन्दा माथिल्लो तल्लामा गएर दृश्यावलोकन गर्न थालें । नीलो आकाश, ठाउँ-ठाउँमा सेता बादलका टुक्राहरू, पश्चिममा डुब्न लागेको रातो सूर्य, समुद्र किनारमा तैरिरहेका साना-ठूला पानीजहाज, नजिकै उडिरहेका सेता चराहरूले सुन्दर प्रकृतिलाई अझ मनोरम तुल्याएका थिए ।

समुद्रमा डुब्न लागेको सूर्यको अद्भूत दृश्य देख्दा आँखाहरू आफसे आफ तेजिला भएर आए । दिमाग ताजा भएर आयो । मुटु र फोक्सोले राम्रोसँग काम गर्न थाले । समुद्रका छालहरूबाट अनवरत आइरहने सुरिलो आवाज र समुद्रमा चल्ने स्वच्छ बतासको सुस्केराले शरीरमा आनन्दको सञ्चार गरिदियो । एकैछिन् भए पनि संसारिक दुःखलाई बिर्सेर निश्चिन्त भई स्वर्गीय आनन्दको अनुभव गरें ।

म ४० नं.को आफ्नो कोठाभित्र पसें । चार वटा बिछ्यौना, भुइँमा रातो कार्पेट, बीचमा चारकुने टेबल, भित्तामा रेडियो, सानो झ्यालछेउ पुरानो खाले सोफा, दराजहरू र ढोकाछेउ हातमुख धुने बेसिन थियो । शौचालय र बाथरुमचाहिँ बाहिरै थियो । पाँचौं श्रेणीको टिकट भए पनि सुविधाको दृष्टिले म सन्तुष्ट थिएँ । साढे ९ बजे स्पिकरबाट आवाज आयो- 'पहिलो समूहका यात्रुहरूलाई रेष्टुरेन्टमा खाना खान निम्त्याउँछौं, खाना राम्रो रुचोस् !' म दोस्रो समूहमा परेको थिएँ । एक घण्टापछि दोस्रो समूहलाई

निम्त्याइयो । ज्यादै भोक लागेको हुनाले दौडँदै रेष्टुरेन्ट भित्र गएर टेबुलमा बसेँ । त्यहाँ पनि चारैतिर आनन्ददायी वातावरण थियो ।

३ सय रुबलमा यातायात, बास र खाना सबै दिने के राम्रो होला र ! नपुगेमा पाउरोटी खाएर भए पनि पेट भरौँला भन्ने विचार गरेको थिएँ । तर बिस्तारै-बिस्तारै विभिन्न किसिमका स्वादिष्ट खानेकुराहरू टेबुलमा राखिँदै गए, म आश्चर्यचकित भएँ । उल्टो खाना बढी भएर पचाउन मुस्किल पर्‍यो । यस्तो उच्चस्तरीय खाना न तालिनको 'ओलम्पिया' होटलमा थियो, न दिल्लीको 'अशोका' मा नै । पहिले नै टेबुलमा एक जनाका लागि तीन-तीन वटा काँटा, चक्कु र चम्चा राखेको देखेर अचम्म लागेको थियो । पछि पो थाहा भयो- एउटा प्लेटमा एकथरीको परिकार खाँदा एक सेट औजार चलाएपछि अर्को प्लेटमा अर्को थरीको परिकार खाँदा अर्कै सेट चलाउनुपर्दो रहेछ । गजबै लाग्यो । एउटै थालमा भए जति सबै थरी खाना हातैले मुछेर दायाँ-बायाँ नहेरी ग्वाम्-ग्वाम् खाने गरेको बानी । तैपनि देशअनुसारको भेष गर्नै पर्‍यो । समय-समयमा सुरेन्द्र र म कुनै औजार देखाएर यो के खानको लागि दिइएको होला, विचार गरौँ त भनेर एक-अर्कालाई सोध्ने गर्दथ्यौँ ।

आरामदायी कोठा, स्तरीय आहार, मनोरम दृश्य, चारैतिर समुद, मलाई त कृष्ण सागरको किनारमा विश्राम गरेझैँ अनुभव भयो । पानीजहाजको कोठाभित्र बस्दा विशाल समुद्रको माझमा भएजस्तो कति पनि अनुभव हुँदैनथ्यो । समुद्रमा बगे पनि जहाज पटक्कै हल्लिएको थिएन । रेल चढ्दा रेलको छकछक आवाज आउँथ्यो र हल्लाउँथ्यो; हवाईजहाज चढ्दा पनि त्यसको भुनभुन आवाज आउँथ्यो र समय-समयमा ओल्ट्याई-कोल्ट्याई, तल-माथि भएको अनुभव हुन्थ्यो । तर पानीजहाजभित्र बस्दा घरको कोठाभित्रै बसेको जस्तो शान्त अनुभव भैरहेको थियो ।

बिहान चाँडै निद्रा खुल्यो । नास्ता गर्दागर्दै जहाज फिनल्यान्डको राजधानी हेलसिन्की आइपुग्यो । साँझ जहाज हिँड्ने समय बुझेर सुरेन्द्र र म हेलसिन्की घुम्नका लागि शहरतर्फ लाग्यौँ । यहाँको समय मस्कोको भन्दा एक घण्टा ढिलो थियो । अङ्ग्रेजी बोल्न जान्ने एक महिला एलिजाबेथसँग



मित्रता गाँसिन पुग्यो । उनले छोटो समयमा हेलसिन्कीका मुख्य-मुख्य ठाउँ हेर्ने तरिका सिकाइदिनुका साथै शहरको केन्द्रवरिपरि पर्ने प्रमुख ठाउँहरू आफैँले घुमाइदिइन् ।

फिनल्यान्डको खाडीमा अवस्थित हेलसिन्की असाधारण रूपले सुन्दर थियो । रातो इँटाले बनेका स-साना दुई-तीन तले घर, साँगुरा तर पक्की र अत्यन्तै सफा सडक, नयाँ चम्किला मोटर कार, फूर्तिला र सुन्दर मान्छे आदिले शहरको सौन्दर्य बढाएको थियो । यहाँका मान्छेहरूको लवाइ, हिँडाइ, बोलाइ, बसाइ आदि हेर्दा पश्चिमी सभ्यताको चरम विकास भएको देशजस्तो अनुभव हुन्थ्यो ।

शहरमा केटीहरू धेरै देखिए । धेरैजसो हेर्दा सानै उमेरका तर व्यवहार भने जवानहरूको जस्तो । हातमा चुरोट, पुष्ट छातीमा पारदर्शक वस्त्र, जोडाजोडी मिलाएर अंगालो मार्दै हिँडेका । फेसन पनि अचम्मै लाग्दो थियो- पाइन्ट छोटिँदा-छोटिँदा हाफबाट पनि घटेर क्वार्टर बन्न पुगेको, माथि लगाइने कपडा छोटिँदा-छोटिँदा छाती पूरै देखिने हुन थालिसकेको, कोही-कोही त एकदमै छोटो कट्टु र ब्रेसियर्स मात्र लगाएर घाँटीमा झोला झुन्ड्याउँदै मस्किँदै हिँडेका । मैले विचार गरेँ- अब पक्कै पनि कुनै दिन मान्छेहरू आदिम समाजमा झैँ नाङ्गै हिँड्न थाल्नेछन् । जे होस्, सबै मानिस सुन्दर, सफा र फूर्तिला देखिन्थे । बाहिरी रूप हेर्दा सबै सम्पन्न लाग्थे । यिनीहरूको जीवनस्तर सोभियत जनताको तुलनामा ज्यादै माथि अनुभव हुन्थ्यो ।

'३ टी' नम्बरको ट्राम (शहरभित्र चल्ने छोटो रेल) चढेर शहरको दृश्यावलोकनका लागि प्रस्थान गरेँ । पर्यटकहरूलाई शहर देखाउने उद्देश्यले चलाइएको यो ट्रामले दुई घण्टामा हेलसिन्कीका मुख्य-मुख्य स्थानहरूको फन्को मार्‍यो । त्यसपछि पैदल नै शहरका केही अन्य प्रमुख स्थानहरू हेर्न भ्याएँ । एउटा अपरिचित शहरमा नौलो मान्छे भए पनि सबै कुरा यति व्यवस्थित थियो कि हातमा एउटा नक्सा लिएर सडक-चोकका नाम हेर्दै हिँड्यो भने कहीँ पुग्न पनि गाह्रो थिएन ।

हेलसिन्कीका प्रमुख स्थानहरूमा मार्केट स्क्वायर एउटा हो, जहाँ निओक्लासिक वास्तु शैलीमा निर्मित १९औँ शताब्दीका भव्य भवन-

राष्ट्रपति प्यालेस र सिटी हल थिए । त्यस्तै सिनेट स्क्वायरमा गभर्मेन्ट प्यालेस, क्याथेड्रल, सिटी एडमिनिष्ट्रेसन अफिस र हेलसिन्की विश्वविद्यालयको पुस्तकालय थिए । स्क्वायरको बीचमा जार अलेक्सान्दर द्वितीयको शालिक उभिएको थियो । फिनल्यान्डमा रूसी जारको शालिक किन भन्ने प्रश्न उठ्न सक्छ । रूसमा सन् १९१७ को अक्टोबर क्रान्ति हुनुअघिसम्म यो देश तत्कालीन रूसी शासकहरूको औपनिवेशिक नियन्त्रणमा थियो । क्रान्तिपछिको समाजवादी रूसले जारशाहीको नियन्त्रण र प्रभावमा रहेका राष्ट्रहरूलाई सोभियत संघमा आबद्ध हुने वा स्वतन्त्र हुने भन्ने आत्मनिर्णयको अधिकार दिँदा फिनल्यान्डले स्वतन्त्रता रोजेको थियो ।

यहाँको अर्को दर्शनीय स्थान फिनिस संसद् हो । त्यस्तै विश्वविख्यात हेलसिन्की सन्धि भएको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र फिनल्यान्डिया हल हेर्न पनि आगन्तुकहरू लालायित हुन्छन् । कन्सर्ट हल, हेलसिन्की सिटी म्युजियम, नेसनल म्युजियम, ओलम्पिक स्टाडियम आदि अरू थुप्रै दर्शनीय ठाउँहरू थिए ।

बेलुकी ठीक समयमा जहाज कोपेनहेगनतर्फ प्रस्थान गऱ्यो । रात्रि भोजनपछि कोठामै बसेर झ्यालबाट समुद्रतिर हेरेँ । समुद्रमा डुब्न लागेको रातो सूर्यको अद्‌भूत दृश्यले दिनभरको थकाइ मेटिदिनुका साथै मेरो दिमागमा नयाँ विचारको सञ्चार गऱ्यो । सूर्यको बल्दो स्वरूप र समुद्रको विशालतालाई मैले सामाजिक-राजनीतिक जीवनका अनेक पक्षहरूसँग मिलाउन खोजेँ । र, यसैलाई लिएर दुई-चार लाइन कोरेँ पनि :

**समुद्रमा डुब्न लागेको सूर्यलाई देख्दा**

विशाल समुद्रको माझमा चल्दै छ पानीजहाज
म जहाजबाट हेर्दै छु अद्‌भूत दृश्यहरू-
भयङ्कर समुद्र, डरलाग्दो छाल
देख्दै छु डुब्नै लागेको छ रातो सूर्य, समुद्रको माझ ।
शोषित जनताको छटपटीझैँ लाग्छ समुद्रको भयङ्कर स्वरूप
कम्युनिस्ट पार्टीको शक्तिझैँ लाग्छ रातो सूर्यको बल्दो रूप



जनविद्रोहको आवाजझैँ लाग्छ समुद्रको कुर्ल्याइ
जनक्रान्तिको रूपझैँ लाग्छ विशाल छालहरूको कुर्ल्याइ ।

अँध्यारो रातमा कुर्लंदो समुद्र, क्रान्तिको उत्कर्ष रूपझैँ लाग्छ
अरुणोदयसँगै उदाउने रातो सूर्य हँसिया-हथौडा अंकित झन्डाझैँ लाग्छ
समुद्रको निर्मल पानी र त्यसमाथिको नीलो आकाश
क्रान्तिपछि स्थापित समाजवादको सुन्दरता, शान्तपन र विशालताझैँ लाग्छ ।

*(सन् १९१७ को महान् रूसी समाजवादी क्रान्तिको सम्झनामा)*

भोलि पल्ट पनि दिनभर जहाज समुद्रमै चलिरह्यो । हेलसिन्कीबाट हिँडेको ४० घण्टापछि बिहान १० बजे जहाज कोपेनहेगेनमा आएर रोकियो । यहाँ व्यवस्थित अध्ययन भ्रमणको आयोजना गरिएको रहेछ, जसले कोपेनहेगेन शहरसँग परिचय गराइदियो । डेनमार्कको राजधानी कोपेनहेगेन उत्तरी सागरको किनारमा अवस्थित छ । समुद्री सौन्दर्यले भरिपूर्ण कोपेनहेगेनलाई डेनमार्कका जनताले गौरवपूर्वक 'वन्डरफुल कोपेनहेगेन' भनेर चिनाउँदा रहेछन् । करिब ५ सय टापुहरू भएको डेनमार्कमा दुई वटा टापुहरू मिलेर बनेको छ कोपेनहेगेन । यहाँको समय मस्कोको भन्दा दुई घण्टा ढिलो थियो ।

मस्कोको विशालतामा हराएको बानीले होला, कोपेनहेगेन निकै सानो लाग्यो, जनसङ्ख्या धेरै कम । सानो तर चिटिक्क परेको कोपेनहेगेन घुम्दा सामाजिक जीवनका धेरै पक्षहरूसँग परिचित हुने मौका मिल्यो । साढे ३ सय वर्षअघि निर्मित साना पहेँला-राता घरहरू, भव्य रूपमा सुशोभित रङ्गीविरङ्गी फूलका पसलहरू, चारैतिर हरिया रुखबिरुवाको स्वच्छता, साइकल चढ्नेहरूको घुइँचो, हिप्पीहरूको स्वच्छन्दता, राजदरबारको विचित्रता आदिले पहिलो दृष्टिमै पर्यटकहरूलाई आकर्षित गर्दथे ।

डेनमार्कमा पनि राजतन्त्र छ । तर यहाँकी महारानीलाई प्रतीकात्मक रूपमा मात्र राखिएको छ । राजकाज संसद्‌ले चलाउँछ । राजदरबार देखेरै म छक्क परेँ र मनमनै भनेँ- 'यस्तो पनि कहीँ राजदरबार हुन सक्छ ?'

एउटा सानो कम्पाउन्डभित्र पाँच वटा पुराना किसिमका दुई-तीनतले ढुंगाका फुस्रा घरहरू थिए । दरबारको मुख्य भवनबाहिर कालो भुत्ले टोपी लगाएको एउटा गार्ड हातमा बन्दुक लिएर उभिएको थियो । काठमाडौंको राजदरबारको भव्यता, अग्ला पर्खाल र फलामे बार अनि चार ढोकामा रक्षार्थ बसेका सयौं गार्ड देखेको बानी, यहाँको राजदरबार देख्दा अचम्मै लाग्यो । हाल यहाँ रानी एलिजाबेथ रहिछन् ।

कोपेनहेगेनमा म्युजियम, चर्च र राजसंस्थासँग सम्बन्धित स्थानहरू धेरै थिए । शहरको बीचमा फाटेका कपडा लगाएर, लामो जगल्टे कपाल पालेर नाङ्गो खुट्टा हिँडेका हिप्पीहरूलाई देख्दा फेरि एक पल्ट काठमाडौंको सम्झना आयो । हाम्रो वसन्तपुरको झोछैं भनेजस्तै यहाँ पनि छुट्टै हिप्पी टोल रहेछ, जहाँ करिब ८ सय हिप्पी तरुणहरू बसोबास गर्दथे । हेलसिन्कीको तुलनामा सडकहरू अलि फोहोर थिए । मान्छेहरू त्यति फूर्तिला थिएनन् । उच्छृङ्खलताले सीमा नाघेको देखिएन । युवाहरू हाफ पाइन्ट र गन्जीमा, वृद्धहरू पाइन्ट-कोटमा देखिन्थे । जीवनस्तर त्यति माथि भएको जस्तो लाग्दैनथ्यो । हुन त डेनमार्कका जनता आफ्नो मासिक तलबको ५० प्रतिशत कर तिर्दा रहेछन् । १८-२० प्रतिशत खानपानमा र बाँकी ३०-३२ प्रतिशत अन्य आवश्यकतामा खर्च हुन्छ रे !

किङ्स न्यू स्क्वायरनजिकैको पार्कमा बसेर दिनभरको घुमाइको थकाइ मार्दै थिएँ । वरिपरि हिप्पीहरू तमासा देखाउँदै थिए । नजिकै मानिसहरू कफी पिउँदै थिए । एक जना दाह्री पालेको, तालु खुइलिएको, कोट, पाइन्ट र बुट लगाएको, प्रोफेसरजस्तो देखिने वृद्ध पुरुष हातमा झोला लिएर पार्कका फोहोर फाल्ने बाकसहरूमा के हो खोज्दै थिए । नजिकैको बाकसबाट उनले मैले भर्खरै पिएर फालेको जुसको बोतल उठाई मलाई आँखा झिम्क्याउँदै आफ्नो झोलाभित्र हाले र अरू फोहोर फाल्ने बाकसहरूतिर लागे । काम नपाएर यस्तो गर्नुपरेको होला, यिनै बोतल बेचेर जीविका चलाउँछन् होला भन्ने ठानें ।

कोपेनहेगेनका सुपरमार्केटमा नेपाल घुम्न जाने पर्यटकहरूलाई ध्यानमा राखेर होला, नेपालसम्बन्धी किताबहरू पनि प्रशस्तै बेचिँदा रहेछन् । सोभियत



संघमा लैजान नसकिने खालका सोल्जेनित्सेन र फ्रेडका राजनीतिक र यौनसम्बन्धी किताबहरू पनि थिए । ३ सय वर्ष पुरानो तर नाम भने न्यू हार्वे पार्क, दिउँसै दीपावली गरेजस्तो चम्किलो देखिने टिभोली म्युजियम, राजनीतिक पार्टीहरूको बहस केन्द्र संसद् भवन पनि हेरें । दिनभरको थकाइले राति चाँडै नै निद्रा पऱ्यो ।

बिहान ब्यूझिँदा जहाज ढल्मलाएको अनुभव गरें । कोठाको चारैतिर आँखा दौडाएँ- वास बेसिनमा राखिएको टुथ ब्रस र मञ्जन भुइँमा खसेको, टेबुलमाथि राखेको प्लेट फुटेर टुक्रा-टुक्रा भई चारैतिर छरिएको, स्याम्पोको बोतल ढलेर अर्कोतिर पुगेको, फोहोर फाल्ने बास्केट ढलेको, क्यामरा दराजबाट खस्न-खस्न लागेको, किताबहरू भुइँमा छरिएका । खस्न लागेको क्यामरालाई मिलाएँ । अनि झसङ्ग भएँ- राति जहाज कसो पल्टिएनछ, भाग्यले बाँचियो ।

सुरेन्द्र वाक-वाक लाग्यो भन्दै बेसिननजिकै उभिएका थिए । बाहिर निस्किएँ, जँड्याहाजस्तै गरी पानी जहाजसँगै ढलमलाएँ । हुरी चलेको जस्तो हावाको सिटी सुनें । एकैछिन्मा नास्ताका लागि निम्त्याइयो । सुरेन्द्र सन्चो नभएकोले जान सकेनन् । म ढल्मलाउँदै अगाडि बढें । ठाउँ-ठाउँमा बान्ता गरेको धब्बाहरू देखें । मान्छेहरू हात-हातमा पेपर ब्याग लिएर हिँडेका थिए । सबै बिरामीजस्ता देखिन्थे ।

रेष्टुरेन्टभित्र पसें । डेढ सयले खाने ठाउँमा मुस्किलले १५-२० जना थिए । मसँग एउटै टेबुलमा खानेहरू कोही आएका थिएनन् । खाएर बाहिर निस्कें । त्यसपछि बल्ल सबै कुरा बुझें- समुद्रमा हुरी चलेको, पानीले छिन्-छिन्मा आफ्नो रूप बदल्दै कहिले विशाल पहाडको त कहिले गहिरो खाडलको रूप लिएको र त्यसैको छचल्काइमा जहाज ढल्मलाएको रहेछ । परिणामस्वरूप जहाजका ८० प्रतिशत जति यात्रुहरूलाई समुद्री रोग लागेछ । धन्न मलाई केही भएन । साँझपख मात्र हुरी रोकियो र जहाज शान्त भयो । समुद्रको पानी शान्त हुँदा मात्र पानीजहाजभित्र बस्दा घरको कोठाभित्र बसेको जस्तो हुने रहेछ, नत्र त गाडी, रेल, प्लेन चढेको भन्दा कता हो कता बेमज्जा ।

अर्को दिन बिहान ८ बजे जहाज लन्डनको टिलबरी रिभरसाइडमा

रोकियो । तर जहाजबाट आफैँ तल जमिनमा ओर्लन कोही सकेनन्, किनभने जहाज हेलसिन्की र कोपेनहेगेनमा जस्तै किनारमा नभएर पानीको बीचमा रोकिएको थियो । कुरा बुझ्दा यात्रुहरूलाई किनारसम्म पुऱ्याउन अर्को सानो जहाज आउनुपर्ने रहेछ । सानो जहाज कुर्दा-कुर्दा एक घण्टा बित्यो, खाली अङ्ग्रेजहरू मात्र सानो डुङ्गामा चढी हामी भएको ठाउँमा आउँदै-हेर्दै जाने गर्दथे । एकैछिन् अगाडिको घटना सम्झेँ । पासपोर्ट जाँच गर्दा 'नेपाल' को नाम सुन्नेबित्तिकै कस्तो खिस्सीको हाँसो हाँसेको थियो एउटा अङ्ग्रेज ।

दुई घण्टा पनि बित्यो । लन्डन ठूलो छ । एक दिनमा घुमेर सिध्याउनुपर्छ । त्यसमाथि किनारमा पुऱ्याउने जहाजको प्रतीक्षामा जहाजभित्रै रोकिनुपरेको थियो । टिलबरी रिभरसाइडबाट लन्डन शहर पुग्न नै कम्तीमा एक घण्टा लाग्छ रे ! साँझ ८ बजेभित्र जहाजमा फर्किसक्नुपर्नेछ । जहाज छुट्यो भने फेरि लन्डनमा बिचल्लीमा परिन्छ । रूसीहरूलाई किन यस्तो ढिला भनी सोध्दा किनारसम्म पुऱ्याउने काम हाम्रो होइन, अङ्ग्रेजहरूको हो भन्ने ठाडो उत्तर दिन्थे । अङ्ग्रेजहरू सानो जहाज बिग्रेको छ, मर्मतपछि चाँडै तयार हुन्छ भन्ने आश्वासन दिन्थे । तेस्रो घण्टा पनि प्रतीक्षामै बित्यो । यात्रुहरूको मगज तात्यो, सबै क्रोधित भए, धेरैका मुखबाट भनाभन र गालीका शब्दहरू वर्षिन थाले ।

मलाई यहाँ दुई ध्रुवमा विभाजित विश्व राजनीतिले असर पारेको जस्तो लाग्यो- सोभियत संघ-बेलायत, समाजवाद-पुँजीवाद, थेचर-आन्द्रोपोभ । हाम्रो पानीजहाज रूसीहरूको नभई अमेरिकीहरूको भएको भए तुरुन्तै किनारसम्म पुऱ्याउने बन्दोबस्त हुन्थ्यो होला । यत्रो ठूलो बन्दरगाहमा यात्रु ओसार्ने जम्मा एउटा, त्यो पनि बिग्रिएको जहाज मात्रै थियो होला र ? पक्कै होइन । यहाँ अङ्ग्रेजहरूले रूसीहरू भनेर हेपेकै हुन् जस्तो लाग्यो ।

पूरा चार घण्टा कुरेपछि बल्ल किनारसम्म पुग्यौँ । सुरेन्द्र पनि साथैमा थिए । भाग्यवशः लन्डनमा पानीजहाजमा काम गर्ने नाइजेरियाको एउटा अफ्रिकी केटोसँग मित्रता हुन पुग्यो । ऊसँग लन्डनको केन्द्रसम्म पुग्यौँ । लन्डनमा 'सब-वे' भनिने भूमिगत रेल (मेट्रो) बाट घुम्न सजिलो रहेछ ।



बिस्तारै-बिस्तारै यहाँको यातायात व्यवस्थासँग परिचित भइयो । तर ओहो कस्तो महँगो ! अक्सफोर्ड स्ट्रिटसम्म आइपुग्दा भाडामा मात्र ३ पाउन्ड खर्च भैसक्यो । एक पाउन्डको नेपाली ७० रुपियाँ हुन्छ । बस, रेल, सब-वे चढ्दा बराबर खल्ती छाम्दै गरेँ, कहीँ शहर घुम्दाघुम्दै खल्ती रित्तिएला कि भनेर ! यो पनि एउटा आनन्ददायी अनुभव हो भनेर चित्त बुझाएँ । सोभियत संघको मेट्रो सम्झिएँ- कति सस्तो, ५ कोपेक (पैसा) तिरेपछि जति चढे पनि हुने ।

लन्डन प्रवेश गर्दा सबैभन्दा पहिले त भारतीयहरूले दर्शन दिए । त्यत्तिकै सङ्ख्यामा अफ्रिकीहरू पनि देखिए । सारी, कुर्ता-सुरुवाल लगाएका आइमाई, फेटा गुतेका टाउका जताततै हिँडिरहेको देख्दा लन्डन होइन, झुक्किएर भारतकै कुनै शहर पुगेजस्तो लाग्यो । ठाउँ-ठाउँमा पालोपहरा दिइरहेका, टिकट चेकिङमा बसेका, बाटो सफा गरिरहेका अफ्रिकी नागरिकहरू अनि मोजमस्तीसँग हिँडिरहेका गोराहरूलाई देख्दा विश्वका धेरै राष्ट्रलाई उपनिवेश बनाएर त्यहाँका जनताको शोषण गरेको साम्राज्यवादी बेलायतको प्रख्यात राजधानी लन्डनमा पुगेको अनुभव गरेँ ।

भारतीयहरू पनि कहाँ पुगेका छैनन् र ? लन्डनमा पसल थापेर बसेका असंख्य भारतीयहरूलाई देख्दा 'जहाँ न पहुँचे रवि, उहाँ पहुँचे मारवाडी' भनेको सत्य हो जस्तो लाग्यो । भारतीय व्यापारीका सम्बन्धमा एउटा ठट्यौली पनि छ- तेन्जिङ र हिलारीले सगरमाथाको चुचुरोमा पुगेर चुरोट पिउन खोज्दा खल्तीमा चुरोट-सलाइ भेटेनछन् । त्यत्तिकैमा पछाडिबाट एउटा मधुरो आवाज आयो रे- 'खरिदिए साहब, खरिदिए, सिगरेट और माचेस् ।' यसो हेरेको त एक मारवाडी व्यापारी, सगरमाथाको चुचुरोको एउटा दोबाटोमा चुरोट-बिँडीको पसल थापेर बसेको !

म चारैतिर आँखा दौडाउँदै लन्डनको एउटा व्यस्त सडकमा हिँड्दै थिएँ । सडकहरू सफा, छेउका घरहरू चिटिक्क परेका, पसलहरू अत्यन्तै राम्रोसँग सिँगारिएका थिए । सडकमै पप गीतमा नाचिरहेका अल्लारे ठिटाहरू देखिन्थे । घडीको सुई छिटो-छिटो घुम्दै थियो । जहाजमा फर्कनुपर्ने समय हुन लागिसकेको थियो । लन्डन घुम्न पनि बाँकी नै थियो । अरु नभ्याए पनि

हाइड पार्क त हेर्नैं पर्छ भनी त्यसतर्फ लाग्यौं ।

दौडादौड गरेर हाइड पार्कको भाषणकर्ताहरूको कुनो 'स्पिकर्स कर्नर' मा पुग्यौं । बेलायतमा वाक स्वतन्त्रता छ भन्ने कुराको प्रतीक मानिने यो विश्वप्रसिद्ध कुनामा जसले जे विषयमा पनि बोल्न पाउँछ । मानिसहरू यहाँ आफूलाई मनमा लागेका कुरा प्रहरी, सरकार, राज्यसत्ता कसैको कत्ति डर नमानी निर्धक्क व्यक्त गर्छन् । स्पिकर्स कर्नरमा प्रशस्त मानिस भेला भएका र १०-१५ समूहमा बाँडिएका थिए । प्रत्येक समूहमा एक-एक जना जोशमा आएर बोल्दै थिए । बेला-बेलामा वक्तालाई प्रश्न दिइन्थ्यो । र, वक्तासँग असहमत व्यक्तिहरू आफैँ आफ्नो विचार पोख्न थाल्थे ।

प्रत्येक समूहमा भिन्नाभिन्नै विषयमा वादविवाद चल्दै थियो । एउटामा मोहम्मद अलीलाई 'उनी महान् हुन्' भनिँदै थियो भने अर्कोमा 'बेलायतको समाजवादी पार्टी जनताको एकमात्र पार्टी हो ।' त्यस्तै अर्कोमा छातीमा लेनिनको ब्याज झुन्ड्याएका एक भारतीय कम्युनिष्ट रातो झन्डा उठाएर 'म एउटा कुल्ली हुँ, तर म र मेरो परिवारले पनि सम्पन्न जीवन जिउन पाउनुपर्छ' भन्दै थिए । अझै अर्को समूहमा एक पादरी 'तिमीलाई खतराबाट पार लगाउन सक्ने एकमात्र व्यक्ति जिसस क्राइस्ट हुन्' भनेर कराउँदै थिए । हामीलाई अझै बसेर कुरा सुनिरहुँजस्तो लागेको थियो । तर समयको अभावले गर्दा बाटो तताउन बाध्य भयौं ।

दौडादौड गरेर लन्डन शहरबाट पानीजहाज चढ्ने ठाउँमा पुग्यौं । बाटोमा धेरै दुःख पाइयो । स्वाँ-स्वाँ... गर्दै पसिनाले निथ्रुक्क भिजेको अवस्थामा ८:५५ बजे जहाज भएको ठाउँमा पुगियो । जहाजछेउ पुग्दा त ठूलो-ठूलो स्वरमा मेरो र सुरेन्द्रको नाम सुनें- 'प्रकाश रेग्मी र सुरेन्द्र शेरचन तुरुन्त जहाजको अफिसमा आउनुहोस् ।' हेलसिन्कीमा दुई जना केटाहरू हराउँदा पनि यस्तै गरेर बोलाएका थिए, हामी पनि हरायौं भनेर खोजी गर्दै रहेछन् । जहाजमा पस्नेबित्तिकै थचक्क बसें अनि बचियो बाबा भन्दै लामो सास फेरें । ठीक ९ बजे जहाज नर्वेतर्फ लाग्यो । थाकेकाले चाँडै निद्रा पऱ्यो । १६ अगस्तको दिन बिहान जहाज ओस्लो आइपुग्नु २ घण्टादेखि नै समुद्रको किनार, साना-साना टापु, पहाड, पहाडमा चिटिक्क परेका आकर्षक फुच्चे



घरहरू देखा परेका थिए । हामी संसारको करिब-करिब सबैभन्दा उत्तरमा पर्ने, मध्यरातमै सूर्य देखिने अत्यन्त विकसित राष्ट्र नर्वेको राजधानी ओस्लो पुगेका थियौं । स्थानीय जनताले ओस्लोलाई 'उस्लु' भन्दा रहेछन् । अर्थात् उस् भनेको घाँटी, लु भनेको एउटा नदी । तर ओस्लोमा 'लु' भन्ने कुनै नदी देखिँदैन । जमिनमुनिबाट बग्ने गरेको छ रे ! ओस्लोको स्थापना सन् १०४८ मा राजा हाराल्ड हार्ड्राडले गरेका थिए । १४औं शताब्दीको अन्त्यमा नर्वे र डेनमार्कको संयुक्त राज्य प्रणाली अस्तित्वमा आयो र दुवैको राजधानी कोपेनहेगेन बन्यो । १६२४ को भयङ्कर आगलागीमा परेर शहर ध्वस्त भएपछि तत्कालीन राजाले जनतालाई जबरजस्ती इँट्टाका पक्की घर र १५ मिटर चौडा सडक बनाउन लगाए र ओस्लोको नाम 'क्रिश्चिअनिया' राखिदिए ।

संयुक्त राज्य प्रणाली १८१४ सम्म चल्यो । त्यस वर्ष नेपोलियनसँगको लडाइँपछि नर्वे डेनमार्कबाट छुट्टियो, तर फेरि स्वीडेनसँग संयुक्त राज्यप्रणालीमा जान बाध्य भयो । कमजोर मुलुक भएकोले कहिले डेनमार्क त कहिले स्वीडेनले नर्वेलाई आफ्नो प्रभाव क्षेत्रभित्र पारिराख्ने प्रयास गऱ्यो । १९०५ मा नर्वे स्वतन्त्र राजतन्त्रात्मक राज्य बन्यो, जसको सत्ता डेनमार्कका राजकुमार खोकान-सातौँले सम्हाले । १९२४ मा राजधानीलाई फेरि ओस्लो नै नामकरण गरियो ।

स्केन्डिनेभियाको पहाडी मुलुक नर्वेमा चारैतिर हरिया पहाड देखिन्थे । ओस्लो पनि काठमाडौंजस्तै उपत्यका रहेछ । हिँडेर नै पूरा शहर घुम्न सकिएलाजस्तो सानो । मनमोहक पहाडी दृश्य, हिल स्टेसन, साना-साना पक्की घर, सफा सडक, शहरको चारैतिर मुस्कुराइरहेका रङ्गीचङ्गी फूल, तीव्र गतिमा दगुर्ने मोटर कार, विश्वविद्यालयवरिपरिका व्यस्त सडकमा पलैंटी कसेर पुराना किताब सस्तोमा बेचिरहेका विद्यार्थी, शहरको केन्द्रमा चलिरहेको चुनाव प्रचार, छोइनसक्नु महँगा सामान (एउटा साधारण पोस्टकार्डको एक डलर) आदि रहेछन् छोटो भ्रमणबाट थाहा पाइएका ओस्लोका विशेषताहरू ।

मध्यरातमा देखिने सूर्य त विश्वविख्यात भैहाल्यो- कुन बेला अस्ताउँछ र कुन बेला उदाउँछ भन्ने पत्तै नहुने, अस्ताउन पाएको हुँदैन उदाइसक्ने,

रात पर्दै नपर्ने । यो नर्वेको मध्यगृष्मकालीन रातको दृश्य हो । तर यही देशमा मध्यहिउँदमा आयो भने ठ्याक्कै उल्टो देखिन्छ- जुन बेला पनि रात, दिन हुँदै नहुने, एकछिन् उज्यालो भएजस्तो के हुन्छ फेरि हराइहाल्ने । धन्न प्रकृतिको छटा !

हाम्रो जहाज स्वीडेनतर्फ प्रस्थान गर्‍यो । साँझको समय, समुद्री किनार, बिस्तारै चल्दै गरेको जहाज, किनारको पानीमा प्रतिविम्बित ओस्लोको रङ्गीविरङ्गी चहक; ठाउँ-ठाउँमा छरिएर मोतीजस्तो चम्किँदै प्रकृतिको शोभा बढाइरहेका साना सेता समुद्री डुङ्गा देख्दा स्वर्गीय आनन्दकै अनुभूति भयो । अर्को दिन, १७ अगस्त बिहान हाम्रो जहाज स्वीडेनको दोस्रो ठूलो शहर गोथेनवर्गमा आएर रोकियो ।

म मख्ख परिरहेको थिएँ । किनकि आज म संसारको सबैभन्दा उच्च जीवनस्तर भएको देशमा पाइला टेक्दै थिएँ । एक स्वीडिससँग भएको कुराकानीअनुसार यस देशका केही अनौठा विशेषताहरू रहेछन्- स्वीडेनमा चोर नभएकाले घरमा कसैले ताल्चा मार्दैनन्, अपराध नदोहोरियोस् भनेर सानो अपराध गर्नेलाई पनि ठूलो सजाय दिइन्छ, देशलाई जति आवश्यक छ त्यति मात्रै डाक्टर, इन्जिनियर र अन्य व्यवसायमा लाग्ने व्यक्ति तयार पारिन्छन्, एक कक्षामा पढ्ने विद्यार्थीहरूले हुलाकीको काम गर्छन्, सबै सुखसँग बसेका छन्, साँच्चैको साम्यवाद छ आदि । यी कुराहरू कत्तिको सत्य हुन् भन्ने परीक्षण गर्न समय थिएन । तर जे होस्, स्वीडेन विचित्रको रहेछ । त्यहाँ साच्चै नै सुखी समाजको निर्माण भएको छ कि भन्ने आभाष एकैदिनको बसाइले पनि दिन्थ्यो ।

अन्ततः २० अगस्तमा हाम्रो जहाज लेनिनग्राद फर्कियो । यो अविष्मरणीय यात्राबाट उत्तर-युरोपेली सभ्यतासँग परिचित हुन सकेको अनुभव गरेँ । खासगरी स्केन्डेनेभियाली मुलुकहरूको भ्रमणबाट नयाँ ठाउँ, नयाँ अनुहार, नयाँ सभ्यतासँग परिचित हुँदै गर्मीको छुट्टी फलदायी रूपमा बिताउन सकेकोमा निक्कै सन्तुष्ट थिएँ ।

*(सन् १९८३)*



# स्वर्गको टुक्रा तिबिलिसी शहर

पाँचौँ वर्षको पहिलो समेस्टरको पढाइ पनि सकियो । जाडोको बिदा सुरु भयो । १० दिनको बिदामा सबै साथीहरूले आ-आफ्नै योजना बनाए, जसमध्ये ९५ प्रतिशत विदेश जाने तरखरमा थिए । तर मैले भने विदेश घुम्न नजाने, सोभियत संघकै कुनै राज्य वा शहरको अध्ययन भ्रमणमा जाने निर्णय गरेँ ।

हाम्रो इन्स्टिच्युटले सधैँझैँ यस पटक पनि सोभियत संघका विभिन्न ठाउँहरूमा शैक्षिक भ्रमणको आयोजना गरेको थियो, जसमध्ये एउटा तिबिलिसी शहर अर्थात् ग्रुजिया गणराज्यको राजधानीको भ्रमण पनि थियो । मैले त्यहीँ जाने निधो गरेँ । ग्रुजिया हेर्ने ठूलो रहर यस पालि पूरा हुन लागेको देखेर खुशी लाग्यो । सोभियत संघमा यो गणराज्यको आफ्नै विशिष्ट पहिचान छ । यससँग स्टालिनको नाम जोडिएको छ । मलाई ग्रुजिनहरूको रूसी भाषा बोल्ने शैली पनि मन पर्छ ।

तिबिलिसीको अध्ययन भ्रमणमा जाने टोलीमा २८ विद्यार्थी थियौँ र टोलीनेताको रूपमा रूसी भाषाकी एउटी शिक्षिका थिइन् । विद्यार्थीहरूमा मबाहेक सबै अरेबियाली थिए । ३० जनवरी १९८४ को बिहान साढे सात बजे सबै जना खार्कोभको विमानस्थल पुग्यौँ । ठीक समयमा हवाईजहाज उड्यो र पौने दुई घण्टापछि तिबिलिसी विमानस्थलमा ओर्लियो । यहाँको समय खार्कोभको भन्दा एक घण्टा छिटो रहेछ । त्यसैले घडी मिलाएँ ।

जाडो याम भए पनि न्यानो थियो । खार्कोभ विमानस्थलको तापक्रम

१० डिग्री सेल्सियस थियो भने यहाँ १४ डिग्री रहेछ । त्यसैले टोपी, पञ्जा र गलबन्दी झोलामा थन्क्याएँ । आनन्दले गहिरो सास फेर्दै हवाई मैदानको चारैतर्फ आँखा दौडाएँ । कुहिरोले प्रकृतिलाई लुकाउने असफल प्रयास गरिरहेको थियो । सूर्यलाई बाक्लो बादलले ढाकेको थियो । बतास कत्ति पनि चलेको थिएन । एकाएक चारैतर्फ सेतै हिउँले ढाकिएका पहाडहरू देखेँ । मन रमाउन थाल्यो । अचानक नेपालको सम्झना आयो । यहाँ पनि नेपालमा जस्तै पहाडहरू रहेछन्, तर ती त्यति अग्ला भने थिएनन् । राम्रोसँग चारैतर्फ हेर्न नभ्याउँदै बसले हामीलाई कुदाइहाल्यो ।

हाम्रो बस शहरको केन्द्रमा रहेको २० तले होटल 'आजरिया' को प्रवेशद्वारमा रोकियो । तेस्रो वर्षमा पढ्ने प्यालेस्टिनी केटासँगै मलाई १२ औं तलाको १२०८ नम्बर कोठा मिल्यो । कोठा आरामदायी थियो । खाना खान रेष्टुरेन्टमा गयौँ । एक हप्ता यस वातावरणमा बस्नु थियो । शक्ति जम्मा गर्नु थियो नयाँ शैक्षिक सेमेस्टरमा परिश्रम गर्नका लागि । खाना खाएपछि पहिलो दिन कुनै कार्यक्रम थिएन । सबै जना थकाइ लाग्यो भन्दै आ-आफ्ना कोठातर्फ लागे । मलाई भने आराम गर्न कत्ति पनि मन थिएन । शहर हेर्न आतुरी लागिसकेको थियो । एक्लै बाहिर निस्कैं ।

साँझको समय, शीतल र मन्द बतास, मोटरहरूको घ्याइँघ्याइँ-घुइँघुँइँ, मान्छेको भीड ! तिबिलिसीको एउटा व्यस्त सडक 'प्रोस्पेक्ट मिरा' मा हिँड्दै थिएँ, अनिश्चित स्थानतर्फ दायाँ-बायाँ हेर्दै । म केही डराएको थिएँ, किनकि ग्रुजियाका मान्छे रिसाहा, झोक्की, तातो रगत भएका हुन्छन्, त्यसैले होसियार हुनू भनेर हामीलाई सावधान गराइएको थियो । यसैको प्रभावले होला, बाटोमा हिँड्ने धेरैजसो पुरुषहरूको अनुहारमा रिसको छाप देख्थेँ । हामीलाई एक्लै बजारमा नहिँड्नु पनि भनिएको थियो । यही डरले होला, म अत्यन्त अनुशासित छात्रजस्तै भएर अगाडि बढ्दै थिएँ; केही देख्छु कि, केही सिक्छु कि भन्ने आश लिएर ।

युक्राइना र रूसभन्दा एकदमै विचित्रको रहेछ ग्रुजिया । निजी मोटरहरूको ताँती, उत्ताउला नौजवानहरूको भीड, ठाउँ-ठाउँमा हात फैलाएर माग्न बसेका मान्छेहरू, रक्सीले लट्ठ भएर भौंतारिँदै हिँडिरहेका बूढा र युवाहरू



देख्दा तिबिलिसी समाजवादी सोभियत संघको एउटा प्रमुख शहर हो भन्न कत्ति पनि सुहाउँदैनथ्यो । हिँड्दै थिएँ, एउटा युवकले मलाई रोकेर ग्रुजियाली भाषामा के हो कुन्नि सोध्यो । नबुझेको हुनाले म चुप रहेँ । उसले फेरि दोहोऱ्यायो । मैले रूसी भाषामा बुझिनँ, माफ गर भनेँ । उसको पालो झोक्किँदै तँसँग घडी छ ? भनेर सोध्यो । अनि मैले बल्ल बुझेँ- कति बज्यो भनेर सोधेको रहेछ । समय बताइदिएँ, तर मलाई धन्यवाद पनि नदिई ऊ मबाट टाढियो । म एकैछिन् अडिएर उसलाई हेरिरहेँ, अनि होटल फर्किएँ ।

३१ जनवरी १९८४ को दिन बिहानको खानापछि शहर घुम्ने कार्यक्रम राखिएको थियो । ग्रुजियाको बारेमा बढी कुराहरू थाहा भयो । ग्रुजियालाई स्थानीय जनताले स्वर्गको एउटा टुक्रा भनेर घमण्ड गर्दा रहेछन् । यससम्बन्धमा एउटा चाख लाग्दो किम्बदन्ती रहेछ । ब्रह्माण्डको सृष्टिपछि देवताले संसारका सबै मानिसलाई आ-आफ्नो जमिनको भाग लिन बोलाएछन् र आए जति सबैलाई सम्पूर्ण पृथ्वी बाँडिदिएछन् । अर्को दिन देवताकहाँ फेरि एक झुन्ड मानिसहरू आएर आफ्नो भाग मागेछन् । यी ढिलो गरी आउने ग्रुजियाली थिए । देवतालाई सबै पृथ्वी हिजै बाँडेर सकिएकोले फसाद परेछ । तैपनि 'हिजो बोलाउँदा किन आएनौ ?' भनेर सोध्दा ग्रुजियालीहरूले जवाफ दिएछन्- 'हिजो हामी सबै तिम्रै सुस्वास्थ्यको कामना गर्दै रक्सी पिइरहेका थियौँ ।' यो सुनेर प्रसन्न भएका देवताले आफूलाई नै छुट्याएर राखेको स्वर्गको एउटा टुक्रा ग्रुजियालीहरूलाई दिएका हुन् रे ! त्यसैले उनीहरू ग्रुजियालाई 'स्वर्गको टुक्रा' भन्ने गर्छन् ।

ग्रुजियालीहरूले देवतालाई दिएको जवाफलाई मात्रै गहिरिएर विचार गर्ने हो भने त्यसले उनीहरूको चरित्रका बारेमा धेरै कुराको सङ्केत गर्दछ । ग्रुजियालीहरू पिउन मन पराउँछन्, यहाँको अंगुरको वाइन विश्वप्रसिद्ध छ । ग्रुजियालीहरू बडो मस्ती गर्ने, भोलिको पर्वाह नगरी आजको सुखमा भुल्ने आनन्दी प्रकृतिका हुन्छन्, अपरिचितसँग चाँडै नै मित्रता गाँस्न सक्छन्, खुला हृदयका हुन्छन्, अरुको भलाइ गर्न चाहन्छन् आदि-आदि । तर एकातर्फ ग्रुजियालीहरू अरुको भलो चाहने, मित्रता गाँस्न खोज्ने, भव्य अतिथि सत्कार गर्ने कामको लागि प्रख्यात छन् भने अर्कोतर्फ झोक्की र

रिसाहा पनि छन् । ठाउँ-ठाउँमा आपसी मुक्कामुक्कीका दृश्यहरू पनि देख्न पाइयो । मैले ग्रुजियालीहरूमा यी दुई चरित्रको द्वन्द्व पाएँ । यो सत्य हो वा होइन भन्ने थाहा पाउन स्थानीय जनतासँगै बढी भिज्नु पर्दथ्यो ।

हामी चढेको बसले तिबिलिसी शहरका मुख्य-मुख्य ठाउँको चक्कर लगायो । मलाई ऐतिहासिक महत्वका चर्च र अग्ला-अग्ला भवनहरूले भन्दा 'ग्रुजियाकी आमा' को स्मारक र पहाडी रेलले बढी आकर्षित गऱ्यो । ग्रुजियाकी आमाको विशाल सेतो स्मारक पहाडको टुप्पोमा छ । दायाँ हातमा लामो तरबार र बायाँ हातमा ठूलो कचौरा बोकेकी आमा मित्रहरूलाई स्वागत गर्न र शत्रुहरूलाई भगाउन उभिएकी भान हुन्थ्यो । दायाँ हातको तरबार शत्रुहरूप्रति कठोरताको प्रतीक थियो भने बायाँ हातको ठूलो कचौरा अतिथि सत्कारको प्रतीक ।

नेपालमा छँदा स्वीट्जरल्यान्डमा पहाड चढ्ने रेल छ रे ! भन्ने सुनेको थिएँ । रेल पनि पहाड चढ्छ र ? भनेर अचम्म लागेको थियो । तर म आफैँ त्यस्तै पहाडी रेलमा चढ्दै थिएँ । रेल सानो थियो, करिब ५० यात्रु अट्ने । फेदबाट पहाडको टुप्पातिर ठाडै गुडेर चढ्दा रेलै उल्टेला कि जस्तो लागेको थियो । गुडेपछि पो थाहा पाएँ उल्टँदो रहेनछ ।

तिबिलिसी शहर दुई भागमा बाँडिएको छ- नयाँ र पुरानो । पुरानो तिबिलिसीमा भएका पुराना, थोत्रा, साना, काठका झोपडीहरू, साँगुरा, भत्केका धूले सडकहरू देख्दा नेपालको सम्झना आयो । यहाँका म्युजियममा राखिएका माटो र फलामका भाँडाकुँडा, जुन नेपालमा आज पनि प्रचलनमा छन्, १५औँ शताब्दीतिरका हुन् भनी हामीलाई बताइएको थियो । आज विश्व २०औँ शताब्दीमा पुगिसकेको बेला नेपाल १५औँ शताब्दीमै बाँचिरहेको छ भन्ने कुराको उदाहरण थियो त्यो ।

साँझको समय तिबिलिसी शहरमा अध्ययन गर्ने नेपाली विद्यार्थीहरू खोज्न होस्टलतर्फ लागेँ । ट्याक्सी ड्राइभरलाई ठेगाना देखाउँदै एउटा होस्टलमा लैजान अनुरोध गरेँ । बाटोभरि ड्राइभरसँग कुराकानी भयो । उसले नेपालका बारेमा धेरै प्रश्न सोध्यो । मैले सबैको जवाफ दिएँ । अन्तमा उसले सानो स्वरमा भन्यो- 'म तिमीलाई एउटा प्रश्न सोध्छु, जसको



बारेमा हामी दुईबाहेक अरु कसैलाई थाहा हुनेछैन । त्यसैले तिमी नढाँटी जवाफ देऊ है !' मैले सहमति जनाएँ । उसले सोध्यो- 'समाजवादी प्रणाली राम्रो कि पुँजीवादी ?' मैले विभिन्न आधारहरू देखाएर निर्धक्क जवाफ दिएँ- 'समाजवादी प्रणाली धेरै गुणा राम्रो ।' उसले दंग परेर मलाई हेऱ्यो । शायद मबाट उसले यस प्रकारको जवाफको आशा गरेको थिएन होला । पछि उसले पनि हो भन्दै टाउको हल्लायो ।

ट्याक्सीबाट ओर्लिने बेलामा ड्राइभरले भाडा लिन मानेन । उसले भन्यो- 'यो ग्रुजिया हो, खार्कोभ या नेपाल होइन । हामी पाहुनासँग पैसा लिँदैनौँ । पाहुनाहरूप्रतिको ग्रुजियालीको यस्तो व्यवहारले मलाई हर्षित पाऱ्यो । ग्रुजियामा प्राइभेट कारहरू रोकेर चढ्दा कसैले मसँग पैसा लिएनन् । सबैले उही ट्याक्सी ड्राइभरकै जस्तो जवाफ दिए । यस घटनाबाट ग्रुजियालीहरूले गर्ने अतिथि सत्कारको छोटो झलक पाएँ । ग्रुजियाली परिवारमा पाहुना बनेर जानुपर्छ, अनि बल्ल राम्रोसँग बुझ्न सकिनेछ- 'अतिथि देवो भवः' भन्ने कुरा ग्रुजियालीहरूको मन भित्रै कसरी कुँदिएको छ भन्ने कुरा । यो ग्रुजियालीहरूको एउटा राष्ट्रिय चरित्र हो ।

ग्रुजिया सोभियत संघको युरोपेली भागको दक्षिणी क्षेत्रमा पर्दछ । क्षेत्रफलको हिसाबले सानै भए तापनि ग्रुजियाले प्रकृतिबाट प्रशस्तै वरदान पाएको छ । हरिया वन-जङ्गल, पहाड, नदीनाला भएको ग्रुजिया प्राकृतिक सौन्दर्यताले भरिपूर्ण हुनाको साथै खनिज पदार्थहरूमा पनि धनी छ । पुरानो संस्कृतिले पनि धनी ग्रुजिया आज विकासको बाटोमा धेरै अगाडि पुगिसकेको छ । रूसी, उक्राइनीहरूमा भन्दा ग्रुजियालीहरूमा राष्ट्रियताको भावना बढी भएको अनुभव गरेँ ।

तिबिलिसीबाट करिब ७५ किमि टाढा गोरी भन्ने सानो शहर छ । सोभियत नेता जोसेफ स्टालिन यही शहरमा जन्मेका र हुर्किएका थिए । ग्रुजियालीहरू गोरी शहरलाई ग्रुजियाको मुटु र गौरवको प्रतीक मान्दा रहेछन् । स्टालिनको जन्मघर र वरपरको क्षेत्रलाई गृह-सङ्ग्रहालयको रूप दिइएको रहेछ । लेनिनपछि करिब ३० वर्ष सोभियत संघको सर्वोच्च नेता रहेका र दोस्रो विश्वयुद्धमा सोभियत सेनाको नेतृत्व गरेर फाशिष्टहरूलाई

पराजित गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेका स्टालिन एउटा साधारण सार्की परिवारमा जन्मेका थिए । उनको खास थर 'जुगास्भिली' हो । युवावस्थामा साथीहरूको सल्लाहअनुसार थर परिवर्तन गरेर आफूलाई बहादुर र कठोर देखाउन स्टीलको रूसी शब्द 'स्ताल' बाट स्टालिन राखेका हुन् । र, यही नामबाट उनी विश्वप्रसिद्ध भए ।

स्टालिन बाल्यकालदेखि नै प्रतिभाशाली थिए । प्रशस्त कविता लेख्थे । 'बिहानी' शीर्षकको उनको कविता ग्रुजियाका स्कुलहरूको पाठ्यपुस्तकमा समावेश गरिएको थियो र सबै ग्रुजियालीहरूलाई कण्ठ हुने गरी घोकाइन्थ्यो । स्टालिन क्रान्तिकारी नेताको रूपमा माथि उठ्दै गए । धेरै पल्ट जेल परे । जेलबाट सबैभन्दा धेरै पल्ट भाग्न प्रयास गर्ने सोभियत क्रान्तिकारी नेताहरूमध्ये पनि उनी नै अग्रणी थिए । स्टालिनले 'राष्ट्रिय प्रश्नबारे' लेखहरू लेख्न थालेको कुरा थाहा पाएपछि लेनिनले भनेका थिए- 'हामीबीच एक विद्वान् ग्रुजियाली जन्मेको छ, जसले राष्ट्रिय प्रश्नका सम्बन्धमा ठूलो चाख देखाएको छ ।' स्टालिनले लेनिनवादलाई अगाडि बढाए । आफ्नो किताब 'लेनिनवाद' मा उनले 'लेनिनवाद साम्राज्यवादी युगको मार्क्सवाद हो' भनेर लेनिनवादको पहिलो परिभाषा दिएका थिए ।

एक लेखकले स्टालिनको बाल्यकालका बारेमा किताब लेखेछन् । त्यो किताब पढेपछि स्टालिनले लेखकलाई चिठी पठाएर भने- 'यो किताबमा मेरो बारेमा धेरै कुरा बढाएर लेखिएको रहेछ । मेरो नचाहिँदो प्रशंसा गरिएको रहेछ । यी कुरा सत्य होइनन् । यस प्रकारको किताबले व्यक्तिपूजा प्रथालाई बढावा दिन्छ । त्यसैले यो किताबलाई जलाइदिनू ।' किताब प्रकाशनमा नआउँदै जलाइयो । एक अर्का लेखकले रूसका प्रख्यात जार पिटर महान्, लेनिन र स्टालिनलाई एउटै स्तरमा राख्ने प्रयास गर्दा त्यसको विरोध जनाउँदै स्टालिनले भनेका थिए- 'लेनिन समुद्र हुन् भने पिटर त्यो समुद्रको एउटा थोपा । जहाँसम्म मेरो कुरा छ, म लेनिनको शिष्य हुँ ।' यी भनाइले स्टालिन व्यक्तिपूजाका विरोधी रहेछन् भन्ने प्रस्ट पार्छन्, तर पछि सोभियत नेताहरूमध्ये स्टालिनमाथि नै व्यक्तिपूजालाई बढावा दिएको आरोप लाग्यो । स्टालिनले आफू पदमा भएको बेला ठूलो सङ्ख्यामा आफ्ना



विरोधीहरूको हत्या गरे । यसैको कारणले करिब ३ दशक देश हाँकेर दोस्रो विश्वयुद्धमा सफल नेतृत्व गरेका यी नेतालाई सोभियत कम्युनिष्ट पार्टीले उचित सम्मान दिएन, उनको नाममा रहेको 'स्टालिनग्राद' शहरको नाम समेत बदलेर भोल्गोग्राद राखियो ।

लेनिनले आफ्नो अन्तिम घडीमा 'स्टालिन ज्यादै कठोर छन्, त्यसैले उनलाई राष्ट्रनेता नछान्नू' भनी पार्टी महाधिवेशनलाई पत्र पठाएका थिए । यसको जवाफ स्टालिनले यसो भनेर दिएका थिए- 'म कठोर छु, जनताका शत्रुहरूका लागि र सधैँ यस्तै रहनेछु ।' तर पछि लेनिनले पनि स्टालिनलाई राष्ट्रनेता छान्न आफ्नो सहमति जनाएका थिए । लेनिनद्वारा त्यस्तो चिठी लेखिनुमा ग्रुजियालीहरू लेनिनकी श्रीमतीलाई दोषी ठहऱ्याउँदै भन्छन्- 'यो पत्र लेखिँदा लेनिन बिरामी थिए, राम्रोसँग विचार गर्न सक्ने स्थितिमा थिएनन् । उनकी श्रीमतीले नै यस्तो चिठी लेख्न लेनिनलाई उकासेकी हुन् ।'

ग्रुजिया आएर स्टालिनका बारेमा धेरै कुरा सुन्न पाएँ । दोस्रो विश्वयुद्ध सुरु भएपछि लालसेनालाई युद्धभूमितर्फ पठाउँदा मस्कोको रेड स्क्वायरमा सैनिकहरूले 'मातृभूमिको लागि, स्टालिनको लागि अगाडि बढ्दै छौँ' भनेका थिए रे ! यस कुरामा अझ प्रकाश पार्दै हाम्रो गाइडले थपिन्- 'साँच्चै नै सेनाहरू मातृभूमिको लागि मात्र होइन, स्टालिनको लागि पनि लडेका थिए । ग्रुजियालीहरू स्टालिनलाई ज्यादै मन पराउँथे । उनी अत्यन्त देशभक्त थिए । दोस्रो विश्वयुद्धमा फाशिष्टहरूले स्टालिनका एकमात्र छोरालाई बन्दी बनाएर जर्मन सेनाध्यक्षसँग साट्न माग गर्दै लेखिएको चिठीको जवाफमा उनले लेखेका थिए- 'युद्ध भनेको युद्ध हो, यसमा लड्ने प्रत्येक सिपाही मेरा छोरा हुन् । साधारण सिपाहीसँग सेनाध्यक्ष साटिँदैन ।' यस्तो जवाफ पाएपछि फाशिष्टहरूले स्टालिनका छोरालाई मारे ।

तिबिलिसी शहरमा ग्रुजियाको इतिहास, संस्कृति आदि बताउने थुप्रै सङ्ग्रहालय थिए, जसमध्ये जनमैत्री सङ्ग्रहालयले मलाई बढी आकर्षित गऱ्यो । दोस्रो विश्वयुद्धको सुरुआत र फाशिष्टहरूमाथि विजय प्राप्त गरेको समाचार रेडियोबाट सम्पूर्ण देशवासीहरूलाई प्रसारण गरिँदाको टेप रेकर्ड सुनाइने यस म्युजियमको दोस्रो विश्वयुद्धसम्बन्धी कक्ष हेर्दा रगत उम्लिएर

आउँछ । ग्रुजियाको भूमिमा दोस्रो विश्वयुद्धमा केही बमवारी भए तापनि यस क्षेत्रमा युद्ध भने भएन । तर फाशिष्टहरूलाई पराजित गर्न ग्रुजियालीहरूले सक्दो योगदान गरेका थिए ।

सात दिनको बसाइ र घुमाइबाट कति पो सिक्न सकिन्थ्यो र ! तैपनि यस शैक्षिक भ्रमणबाट म सन्तुष्ट रहें । किनकि एकातिर राम्रोसँग आराम गर्ने मौका मिल्यो भने अर्कोतिर आफूले बुझ्न चाहेको ग्रुजियालाई केही हदसम्म मात्र भए पनि बुझैं, देखैं, चाखैं, अनुभव गरैं । अब मैले थाहा पाएँ- सुरुमा आउँदा मैले ग्रुजियालीहरूको अनुहारमा देखेको रिसाहापन एउटा भ्रम मात्र रहेछ । म त्यसै डराएको रहेछु । हो, ग्रुजियालीहरू केही कठोर छन्, तर छन् अति मैत्रीपूर्ण, खुला हृदयका, अतिथिप्रेमी, राष्ट्रवादी । यिनै रहेछन् ग्रुजियालीहरूको वास्तविक राष्ट्रिय चरित्र ।

*(सन् १९८४)*



# विकट तर विशाल साइबेरिया

पाँचौं वर्षको पढाइ सकिएर गर्मीको बिदा सुरु भएको छ । सोभियत संघमा पढ्ने विद्यार्थीहरूको लागि गर्मी बिदा ज्यादै महत्वपूर्ण हुन्छ । वर्षभरिको कठिन मेहनतपछि पाइने यो दुई महिनाको बिदामा कोही विश्राम गर्न समुद्री किनारमा अवस्थित विश्राम गृहतिर जान्छन् भने कोही सोभियत श्रमिकहरूसँगै विभिन्न क्षेत्रमा काम गर्न । कोही शैक्षिक भ्रमणमा जान्छन् भने कोही विदेश, खासगरी युरोपेली मुलुकहरूको भ्रमणतिर लाग्छन् । कोही चाहिँ परिवार र आफन्त भेट्न घर (नेपाल) पनि जाने गर्छन् ।

यस्तै गरेर मैले पनि पाँच वटा गर्मी बिदा बिताइसकेको र समुद्री किनारमा गएर विश्राम गर्ने, युरोप घुम्ने, आमाबुबा भेट्न नेपाल जाने, पैसा कमाउन काम गर्न जाने, शैक्षिक भ्रमणमा जाने सबै इच्छा पूरा गरिसकेको छु । यीमध्ये पनि गर्मी र जाडो बिदाको अधिकतम उपयोग गरेर मैले अध्ययन भ्रमणमा जाने कामलाई चाहिँ अलि बढी नै प्राथमिकता दिएर धेरै ठाउँमा घुमेको छु । तर जति घुमे पनि यसबाट भने म सधैं भोकै रहें, कहिल्यै अघाइनँ । र, यसपालि चाहिँ मैले आफ्नो अध्ययन संस्थानको रूसी भाषा विभागले आयोजना गरेको पूर्वी साइबेरियाको इरकुत्स्क शहरको अध्ययन भ्रमणमा सहभागी हुने अवसर पाएँ । हामी लेबनान, सिरिया, बाङ्गलादेश, सेनेगल, पेरु, नेपालका गरी जम्मा १४ जना विदेशी विद्यार्थी थियौं । नेपाली मात्रै तीन जना थियौं- काशी, शिव र म ।

साइबेरिया कति विशाल, विकट र विषम छ भन्ने कुराको बयान

गरेर साध्य छैन । साइबेरियाको नाम सुन्नेबित्तिकै म जताततै हिउँ नै हिउँले सेताम्ये, अत्यन्त चिसो, हावाहुरी चल्ने, छालाका भुवादारी लुगा लगाएका मोटाघाटा-रातापिरा मान्छे बस्ने ठाउँको कल्पना गर्दथेँ । साइबेरिया कुनै एउटा शहर होइन, रूसी गणराज्यको पूर्व-पश्चिम फैलिएको विशाल उत्तरी क्षेत्र हो । संसारको सबैभन्दा चिसो ठाउँ भर्खोयानस्क यही क्षेत्रमा पर्दछ । जाडो समयमा यहाँको तापक्रम -७०°C सम्म झर्छ ।

साइबेरिया हेर्ने इच्छा मलाई सोभियत संघ आएदेखि नै जागेको थियो । त्यसैले पहिलो वर्षको पढाइपछिको गर्मी बिदामै म साइबेरिया गएको थिएँ, 'स्त्रोइअतऱ्याद' भनिने विद्यार्थीहरूको निर्माण समूहमा काम गर्न । त्यस बेला पश्चिम साइबेरियाका त्युमेन, सुर्चुत भन्ने शहर, गाउँघर, विशाल टाइगा जङ्गल, विषम हावापानीसँग परिचित हुने मौका पाएको थिएँ । पहिलो वर्ष निर्माण समूहमा सम्मिलित भएर काम गर्न गएको सम्झना भयो । पश्चिमी साइबेरियाको जङ्गल टाइगामा काठको घर बनाएर हामी बसेका थियौँ । गर्मी याम भए पनि जाडोले गर्दा बाक्लो कोट लगाएर बस्नु र काम गर्नु पर्दथ्यो । धापिलो जमिन भएकाले कता गाडिने हो भन्ने डर भइरहन्थ्यो । कता-कताबाट उडेर आउने दशौँ थरीका कीराबाट जोगिन स्थायी रूपले सङ्घर्ष गरिरहनु पर्दथ्यो ।

कीराले नटोकून् भनेर सारा शरीरलाई जालीदार कपडाले ढाकेर र हात-मुखमा कीरा भगाउने औषधि दलेर काम गर्दा र बस्दा पनि कता हो कताबाट टोकिहाल्दा रहेछन् । लुगा खोलेको बेला निकै चिलाउने राता-राता डाबर देख्दा बैराग लागेर आउँथ्यो । कीरा-फट्याङ्ग्राले खानसमेत आनन्दले दिँदैनथे । कीराबाट खाना र आफूलाई जोगाउन जालीभित्रै प्लेट राखेर भित्रभित्रै खान जान्नु पर्दथ्यो । हामीले कामचाहिँ टाइगाको जङ्गलबाट ठूला-ठूला रुखहरू ढालेर हाँगा काट्नु, बाँकी रहेको गिँडलाई दुई जनाले बोकेर निश्चित ठाउँमा ल्याउनु अनि रुखको बोक्रा ताछेर र चिरेर बनेको मुढाबाट बार लगाउनु पर्दथ्यो । साह्रै कठिन भएको थियो त्यहाँ काम गर्न । यी सारा कुराहरू सम्झिँदा अहिले पनि जीउ सिरिङ्ग भएर आउँछ ।

गर्मी याममा साइबेरियामा रात सेतो हुन्छ । 'सेतो रात' भनेको रातमा पनि उज्यालै भैराख्ने हो । कस्तो अचम्म अँध्यारै नहुने ! २४सै घण्टा उज्यालो भैराख्ने ! म त रेलबाट साइबेरिया पुग्दा नै झुक्किन पुगेको थिएँ । राति निद्राबाट जागेर रेलको झ्यालबाट बाहिर हेर्दा घाम लागिरहेको थियो । ओ हो ! दिउँसो भैसकेछ, कति धेरै बेरसम्म निदाएँछु भनी हतारिँदै उठेँ । यसो घडी हेर्दा ३ बजेको थियो । पछि थाहा भयो कि दिउँसो होइन, बिहानको ३ पो बजेको रहेछ । यस्तै गरी पछि अर्को एक पल्ट सूर्य डुबिसकेपछि अँध्यारोको प्रतीक्षामा थिएँ । अँध्यारो होला कि भन्यो तर हुँदैन, अब होला कि भन्यो हुँदैन । सूर्य अस्ताएको २ घण्टापछि फेरि सूर्य उदायो । म तीनछक्क परेँ । 'सेतो रात' को मीठो अनुभव भयो ।

खार्कोभबाट मस्कोसम्म एउटा हवाईजहाजबाट गएपछि त्यहाँबाट इरकुत्स्कका लागि अर्को हवाईजहाज चढ्यौँ । तीन घण्टा उडेपछि बीचमा एक घण्टा ओम्स्कमा रोकेर विश्राम गरी अर्को तीन घण्टा उडेपछि स्थानीय समयअनुसार मध्यरातमा हामी पूर्वी साइबेरियाको मुटु मानिने इरकुत्स्कको विमानस्थलमा उत्रियौँ । त्यहाँको समय मस्कोको भन्दा पाँच घण्टा छिटो रहेछ । खार्कोभबाट इरकुत्स्क र नेपाल लगभग उत्तिकै टाढा पर्ने रहेछन् ।

साइबेरियाले आफूभित्र धेरै धनसम्पत्ति लुकाएको छ । त्यसलाई प्रयोग गर्न सके सोभियत संघ ज्यादै धनी बन्न सक्छ । साइबेरियाबाट पश्चिम जर्मनी, फ्रान्स र बेलायतसम्म ग्यास पाइप लाइन पुऱ्याइएको छ । यस्तै गरी सुन, चाँदी, हीराको खानी प्रशस्त छ । कोइला र अन्य अमूल्य वस्तुहरूको खानी पनि त्यत्तिकै छ । यिनै साधन-स्रोतको अधिकतम उपयोग गर्न साम्यवादको बलियो भौतिक-प्राविधिक आधारशिला निर्माण गर्ने सोभियत कम्युनिष्ट पार्टीको योजना देखिन्छ ।

साइबेरियाको स्रोत उपयोगकै दृष्टिले महत्व दिएर निर्माण भइरहेको बैकाल-अमुर रेल्वे चाँडै नै सम्पन्न हुँदै छ । साइबेरियाको मेरुदण्ड मानिने यो रेल्वे लाइन चलेपछि यसको वरिपरि ठूला-ठूला कारखाना खुल्नेछन् । साइबेरियामा जलमार्ग १ लाख किलोमिटर छ । सिकार खेल्नयोग्य जङ्गल ५० करोड हेक्टर छ । मत्स्य उद्योग, पशुपालनको सम्भावना त्यत्तिकै छ । मिर्गलगायत धेरै किसिमका वन्यजन्तुसमेत पाल्न सकिन्छ । जलविद्युत्‌को

कुरा गर्ने हो भने साइबेरियाले सोभियत संघको सम्पूर्ण जलऊर्जाको ५० प्रतिशत आपूर्ति गर्दछ । यसलाई साम्यवादको भौतिक-प्राविधिक पूर्वाधार निर्माणमा महत्वपूर्ण स्रोत मानिएको छ ।

त्युमेन क्षेत्रबाट मात्रै एक खर्ब टन खनिज तेल निकालिएको छ । यस क्षेत्रमा 'कालो सुन' भनिने कोइलाको भूमिगत भण्डार जति छ, विश्वको अरु कुनै क्षेत्रमा भएको थाहा छैन । पूर्वी साइबेरियामा मात्रै सयौं अर्ब टन कोइला छ । साइबेरियाको प्राकृतिक ग्यास भण्डार अर्बौं घनमिटरमा आँकिन्छ । विभिन्न प्रकारका बहुमूल्य रङ्गीन धातुहरू प्रशस्त छन् । सुन र हीरा खानी त्यत्तिकै छ । सिंगमरमर अर्बौं घनमिटर छ । अन्य निर्माण सामग्री त्यत्तिकै पाइन्छ । अचम्म लाग्दो कुरा त के छ भने, यतिका धनसम्पत्ति लुकाएर पनि आज साइबेरिया सोभियत संघको दुर्गम क्षेत्रमध्ये पर्दछ ।

सोभियत संघका अरु शहरबाट पनि हामी जस्तै विदेशी विद्यार्थीहरू शैक्षिक भ्रमणमा आएका थिए । भ्रमण कार्यक्रमको संयोजन योजनाबद्ध ढङ्गले 'इन्टुरिष्ट' ब्युरोले गरिरहेको छ । हाम्रो समूहलाई घुमाउन विशेष बसको व्यवस्था भएको रहेछ । सबैभन्दा पहिलो कार्यक्रम इरकुत्स्कको दृश्यावलोकन गराउने थियो । बिस्तार-बिस्तार शहरका बारेमा धेरै कुरा थाहा हुँदै गए ।

यहाँको बैकाल ताल विश्वमै अति शुद्ध, स्वच्छ, निर्मल पानी भएको सबैभन्दा ठूलो ताल हो । यसको पानी सोभ्रै पिउनयोग्य मानिन्छ । यस तालको पानी यति निर्मल र सङ्लो छ कि पानीमा कुनै वस्तु खसाल्यो भने ३० मिटरको गहिराइमा पुग्दासम्म त्यो वस्तु पानीको सतहबाट स्पष्ट देखिन्छ । पानी अत्यन्तै चिसो भए तापनि यस प्रख्यात तालको किनारमा डुबुल्की मारी पौडी खेल्न हामी पछि परेनौं । मीठो पानीको स्वाद पनि लियौं । यस तालको पानी निर्मल र शुद्ध हुनुका पछाडी के रहस्य रहेछ भने यहाँ एक विशेष जातका माछाहरू बस्दा रहेछन्, जसले पानीलाई अशुद्ध पार्ने प्रत्येक वस्तुलाई खाइदिँदा रहेछन् ।

इरकुत्स्क बैकाल तालबाट निस्केर आउने आङ्गारा नदी र इर्कुत नदीको सङ्गमनजिकै रहेको शहर हो । यो ठाउँमा सन् १६६१ मा केही कजाकीहरूले



मिलेर एउटा किल्ला खडा गरेका रहेछन् । पछि त्यही किल्लावरपर बस्ती बढ्दै गयो र शहर बन्यो । पूर्वी साइबेरियाको मुटु मानिने इरकुत्स्क क्षेत्रफल र जनसङ्ख्याको हिसाबले सानो भए पनि नजिकैको बैकाल तालले गर्दा यसको महत्व निकै बढी छ । करिब ६ लाख ६० हजार मानिस बस्ने यस शहरमा ४० प्रतिशत रूसी, ३० प्रतिशत बुर्‍याती भनिने स्थानीय जनजाति र बाँकी अन्य जातिका मानिसहरू बस्छन् । यहाँका रैथाने मानिएका बुर्‍यातीहरू सीमावर्ती मङ्गोलियाको उत्तरी भागबाट आएर यो क्षेत्रमा बसेका हुन् ।

रूसमा सन् १९१७ मा कम्युनिष्ट पार्टीको नेतृत्वमा महान् अक्टोबर समाजवादी क्रान्ति हुनुअघिसम्म इरकुत्स्क रूसको मस्को, पेत्रोग्रादजस्ता सुगम ठाउँबाट जारशाहीविरोधी राजनीतिक विद्रोहीहरूलाई सजाय दिन र देश निकाला गर्न पठाइने कालापानी क्षेत्र मानिन्थ्यो । विषम हावापानी र बाँच्न कठिन ठाउँ भएकाले राजनीतिक विरोधीहरूलाई साइबेरिया पठाउने चलन तत्कालीन रूसमा व्यापक थियो । त्यस सिलसिलामा जारशाहीको अन्त्यका लागि विद्रोहको आवाज उठाउने 'देकाब्रिस्ती' भनिने भारदारहरूको एउटा समूहका अधिकांश विद्रोहीहरूलाई पनि इरकुत्स्क नै पठाइएको थियो । जारशाहीविरुद्ध आन्दोलन गरे पनि जनताको साथ लिन नसकेका हुनाले असफल देकाब्रिस्तीमध्ये केहीलाई फाँसी दिइएको र धेरैलाई साइबेरियाका विभिन्न ठाउँमा पठाइएको थियो । देकाब्रिस्तीको आन्दोलनसम्बन्धी एउटा सङ्ग्रहालय पनि छ इरकुत्स्कमा । यहाँ रूसको क्रान्ति र गृहयुद्धकालीन इतिहासलाई स्मरण गराउने यस्ता प्रशस्त सन्दर्भ र ठाउँहरू छन् । इरकुत्स्कमा सन् १९२० मा सोभियत सत्ता स्थापना भएको थियो ।

वर्तमान समयमा इरकुत्स्क पूर्वी साइबेरियाको एक विशाल औद्योगिक, सांस्कृतिक तथा प्रशासनिक केन्द्र बनेको छ । शहरमा धेरै औद्योगिक प्रतिष्ठानहरू छन् । विद्यार्थीहरूको शहर पनि मानिन्छ इरकुत्स्क । यहाँ पढ्ने विदेशी विद्यार्थीमध्ये अधिकांश मङ्गोलिया, लाओस र उत्तर कोरियाका छन् । मङ्गोलियाका नेता सुखेबातोर इरकुत्स्क मेडिकल इन्स्टिच्युटमा पढेका

हुन् ।

वास्तुकलाको दृष्टिकोणले पनि शहर आफ्नै किसिमको छ। पछिल्लो समय निर्मित आधुनिक भवनहरूसँगसँगै साइबेरियालीहरूको कला र शिल्पीलाई प्रतिनिधित्व गर्ने मौलिक संरचनाहरू पनि संरक्षित छन्। इरकुत्स्कवासीहरू आफ्नो शहर सुन्दर भएकोले यसलाई 'साइबेरियाको पेरिस' पनि भन्दा रहेछन्।

*(सन् १९८४)*



# विद्यार्थीका राजनीतिक चिन्तन

***(सोभियत संघमा अध्ययनरत विद्यार्थीहरूको एउटा संगठन 'नेपाली छात्र संघ सोभियत संघ' थियो । विद्यार्थीहरू विभिन्न समूहमा विभाजित थिए । नेपालको राजनीतिक स्थितिबारे रूसमा विद्यार्थीहरूबीच प्रशस्त वादविवाद र चिन्तन हुने गर्दथ्यो । छात्रसंघद्वारा आयोजित विभिन्न कार्यक्रमहरूमा लेख-रचनाहरू पढेर सुनाउने गरिन्थ्यो । विद्यार्थीहरूले चर्का-चर्का भाषण पनि दिने गर्दथे । मैले पनि यदाकदा लेखहरू सुनाएको थिएँ । रूसमा पढ्ने विद्यार्थीले नेपालको राजनीतिबारे कस्तो चिन्तन गर्दथे भनी झल्काउने मैले त्यस बेला लेखेको एउटा लेख यहाँ प्रस्तुत छ ।)***

'राजनीति' र 'क्रान्ति', यी दुई शब्दहरू एकथरी विद्यार्थीहरूबीच फेशन बनेका छन् भने अर्काथरीका लागि सतर्क हुनुपर्ने कुरा। राजनीति भन्ने शब्द सुन्नेबित्तिकै आज सोभियत संघमा अध्ययन गर्ने विद्यार्थीका कान ठाडा हुन्छन्। सोभियत संघमा अध्ययनरत नेपाली विद्यार्थीहरूको संगठन नेपाली छात्रसंघ राजनीतिक अखडा होइन भनेर यसका सभा र सम्मेलनहरूमा बारम्बार फुकिन्छ। छात्रसंघलाई राजनीतिबाट अलग गर्नुपर्छ, यसमा राजनीति घुसाउनु हुँदैन भनेर विद्यार्थीहरू कराउँछन्। आखिर यस्तो किन ? यो राजनीति भनेको के हो, जसलाई छात्रसंघमा घुसाउनु नहुने ? राजनीति भनेको कुन भूतको नाम हो, जसबाट सतर्क हुनुपर्ने ? छात्रसंघभित्र राजनीति घुसेको छ या छैन ? राजनीतिबाट विद्यार्थीलाई फाइदा छ या

बेफाइदा ? आज यिनै प्रश्न हामी विद्यार्थीअगाडि आएका छन्, जसको उत्तर पाउन ज्यादै आवश्यक छ ।

देश र जनतालाई सञ्चालन गर्ने यन्त्र राज्य हो । 'राज्य' र 'नीति' यी दुई शब्दहरू मिलेर बनेको 'राजनीति' ले राज्य सञ्चालनमा प्रयोग गरिने नीति बुझाउँछ । राज्यरूपी यन्त्रलाई एउटाको हातबाट खोसेर अर्काको हातमा सुम्पने क्रियाकलाप, लडाइँ वा क्रान्ति सबै राजनीतिभित्र पर्दछन् । वर्गीय समाजमा राज्यरूपी यन्त्र जसको हातमा पर्छ, त्यसैमा देश र जनताको भाग्य निर्भर गर्दछ । जनताको हातमा राज्य परे सम्पूर्ण जनताको भलाइ हुन्छ भने शोषकको हातमा परे शोषकवर्गको मात्र भलाइ हुन्छ । त्यसैले शोषकवर्ग र जनताबीच राज्ययन्त्र पाउनका लागि सधैं तानातानी भैरहेको हुन्छ । एक अर्थमा राजनीति भनेको यही तानातानी हो । जब राज्ययन्त्रको तानातानीसम्बन्धी विभिन्न प्रश्नहरू राजनीतिसँग प्रत्यक्ष सरोकार नहुने अन्य क्षेत्र तथा संघसंस्थाहरूमा उठाइन्छ, तब तिनमा 'राजनीति घुस्यो' भन्ने गरिन्छ ।

नेपालको राज्ययन्त्र सामन्तीवर्गको हातमा छ । समाज विकासको क्रममा नेपाली समाज सामन्तवादी अवस्थामा आएर अडिएको छ र यसमा क्रमशः पुँजीवादी तत्वहरूको विकास हुँदै छ । भूमिको माध्यमबाट गरिने सामन्ती शोषणका साथै पुँजीको माध्यमबाट गरिने पुँजीवादी शोषण पनि बढ्दै छ । त्यसकारण नेपाल आज सामन्तवादबाट उक्लिएर अर्धसामन्ती, अर्धपुँजीपति अवस्थामा परिवर्तित भएको छ । राज्य सञ्चालकहरूले सामन्ती र पुँजीवादी परिपाटीको माध्यमबाट शोषण गर्ने अवसर पाइरहेका छन् । जब शोषण चरम सीमामा पुग्छ तब जनविद्रोह र जनक्रान्ति उब्जन्छ, जुन परिस्थितिअनुसार सफल हुन पनि सक्छ, असफल रहन पनि सक्छ ।

सफल समाजवादी क्रान्तिले राज्ययन्त्रलाई शोषकको हातबाट खोसेर जनताको हातमा सुम्पिदिन्छ भने सफल पुँजीवादी प्रजातान्त्रिक क्रान्तिले राज्ययन्त्रलाई सामन्ती एकतन्त्रीय जहानिया शासकहरूबाट खोसेर बहुदलीय प्रतिस्पर्धाको आधारमा जनताबाट निर्वाचित हुने प्रतिनिधिहरूलाई सुम्पन्छ । एकतन्त्रीय जहानिया शासकहरूको हातमा भएको आजको नेपालको



राज्ययन्त्रलाई उनीहरूबाट कुन तरिकाले खोस्ने र खोसिसकेपछि कसको हातमा सुम्पने भन्ने विषयलाई लिएर नै आज नेपालका राजनीतिक शक्तिहरूमा फुट आएको छ ।

राजनीतिक शक्ति भनेका राज्ययन्त्र खोस्नका लागि जनतालाई विद्रोह र क्रान्तिमा उतार्न नेतृत्व गर्ने शक्तिहरू हुन् । हाल नेपालमा भएका विभिन्न राजनीतिक शक्तिहरूबीच मतैक्य नहुनुको प्रमुख कारण राज्ययन्त्र खोस्ने तरिकामा मतभेद हुनु हो । नेपालका राजनीतिक शक्तिमध्ये नेपाल कम्युनिष्ट पार्टी (नेकपा) र नेपाली काङ्ग्रेस (नेका) प्रमुख छन् । तर यी दुवै पार्टीहरू टुक्रिएर छिया-छिया भएका छन् । नेकपा करिब १० वटा दलमा विभाजित भएको छ भने नेका पनि ७-८ वटा गुटहरूमा विभाजित छ ।

विभिन्न समूहमा विभाजित नेपालको राजनीतिको प्रभाव सोभियत संघमा अध्ययन गर्ने नेपाली विद्यार्थीहरूमा पनि राम्रैसँग परेको छ । नेपाली छात्रसंघ, सोभियत संघमा आएको फुट पनि नेपालको राजनीतिको सोझो प्रतिविम्ब हो । छोटकरीमा भन्ने हो भने छात्रसंघभित्र राजनीति घुसाउनु हुँदैन भनेर जति कराए पनि यसमा गहिरो रूपमा राजनीति घुसेको छ । नेपालको दयनीय अवस्थालाई हेरेर प्रत्येक नेपाली नागरिकमा राजनीतिक जागरण ल्याउनुपर्ने आवश्यकता भएको बेला उच्च शिक्षा हासिल गरिरहेका शिक्षित नेपाली विद्यार्थीहरूलाई राजनीतिक प्रश्नले छुनु स्वाभाविकै हो । नेपाली छात्रसंघभित्र राजनीति हुनु समयको आवश्यकता हो, नेपाली समाजको माग हो । देशको शत्रु को हो, जनताको शोषक को हो र कसरी शोषणलाई अन्त्य गर्ने भन्ने प्रश्न राजनीतिक नेता र जनताबीच मात्र राख्नुपर्छ, विद्यार्थीहरूले यसमा छलफल र विवाद गर्नु हुँदैन भन्ने विचार गलत हो । विद्यार्थीहरू नै भविष्यका राजनीतिक शक्ति पनि हुन्, त्यसैले उनीहरूमा राजनीतिक चेतना आउनु आवश्यक छ ।

तर यति हुँदाहुँदै पनि नेपालमा राजनीति गर्नु र सोभियत संघमा बसेर नेपालको राजनीति गर्नुमा निश्चय नै भिन्नता छ । एउटा कुरा त यहाँ राजनीति गर्न धेरै सजिलो छ । किनभने पूर्ण स्वतन्त्रता छ, जे बोले पनि हुन्छ, राजा र पञ्चायती व्यवस्थालाई जति गाली गरे पनि हुन्छ, पक्राउ

परिएला भन्ने डर छैन, भूमिगत रहेर काम गर्नु पर्दैन । अर्को कुरा, विद्यार्थीको अगाडि कुनै व्यावहारिक र पारिवारिक समस्याहरू छैनन् । उनीहरू नेपालमा क्रान्ति गर्नुपर्छ, त्यसको लागि ज्यान दिनुपर्छ भनेर जति जोडसँग कराउन पनि सक्छन् । त्यसैले त प्रत्येक आमसभा, साहित्य गोष्ठी र भेलामा तथा छात्रसंघबाट प्रकाशित हुने मुखपत्रका पानामा विद्यार्थीहरूले शाब्दिक क्रान्ति गरिदिएका हुन्छन् ।

सुखको समयमा क्रान्तिकारी बन्न सजिलो हुन्छ, त्यसैले यहाँ क्रान्तिभन्दा तलको कुरा कसैले गर्दैन । यो नै यहाँका विद्यार्थीहरूले गर्ने राजनीतिको विशेषता हो । त्यसैले यहाँ को वास्तविक क्रान्तिकारी हो र को शब्दमा मात्रै भन्ने चिन्न निकै गाह्रो हुन्छ । नेपालप्रति कसको कति माया रहेछ भन्ने कुरा ऊ स्वदेश फर्केपछिको क्रियाकलापबाट थाहा पाइनेछ ।

*(सन् १९८४)*



# बजाउने जापानी भाँडाको व्यापार

***(यो पनि त्यही व्यापारी यात्राको वर्णन हो । तिनै विद्यार्थी साथीभाइको कथा हो, व्यापारी यात्राको बदलिएको रूपको कथा हो ।)***

यसअघि पनि मैले बर्लिन यात्राको वर्णन गरेको थिएँ, जसमा सोभियत संघमा अध्ययन गर्ने धेरैजसो विदेशी विद्यार्थीहरूले छुट्टीको समयमा विदेश भ्रमणको नाममा गर्ने बर्लिनको व्यापारी यात्राबारे लेखेका थिए । यस पल्ट बर्लिन यात्राकै बदलिँदो रूपबारे वर्णन गर्दै फेरि केही रमाइला कुराहरू लेख्दै छु ।

रूसमा समयको परिवर्तनसँगै बर्लिन यात्राको रूप पनि फेरिएको छ । रूसमा अध्ययनरत विदेशी विद्यार्थीहरूले गर्ने 'गोप्य' तर सबैलाई थाहा भएको व्यापारको रूपमा पनि परिवर्तन आएको छ । अब लौ सुनौं व्यापार र यात्राको बदलिँदो रूपको कथा । मैले लेखेको थिएँ- 'नीलो सुरुवाल' र 'जापानी बजाउने भाँडा' को धन्दाबारे । बर्लिन धाउनेहरूले त्यहाँबाट फर्कंदा बेच्नका लागि १०-२० वटा 'नीलो सुरुवाल' ल्याउने र प्रतिसुरुवाल २ सय रुबलमा बेच्ने गरेको कुरा पनि सबैलाई थाहा भैसक्यो । तर दु:खको कुरा, पहिले २ सय रुबलमा बिक्ने 'नीलो सुरुवाल' अब बिक्न छाडेको छ । सोभियत संघका सरकारी पसलमै जिन्स पाइन्टहरू ८० रुबलमा सजिलैसँग पाइने भएको छ । पश्चिम बर्लिनमा १० डलरमा किनेर सोभियत संघमा २ सय रुबल (कालोबजारको भाउमा ५०-६० डलर) मा बेच्न पाउँदा पो व्यापार गर्न मजा आउँथ्यो । थोरै लगानी गरेर धेरै नाफा कमाउन सकिन्थ्यो ।

दौडादौड गर्दै बर्लिन पुगेर १० वटा सुरुवाल ल्याए मात्र पनि यात्रा सफल मानिन्थ्यो ।

सुरुमा नेपालबाट आउँदा धेरैजसोले जम्मा २ सय डलर ल्याएका हुन्थे । त्यो २ सय डलर लिएर पहिलो पल्ट बर्लिन जाँदा १० वटा सुरुवाल ल्याउँथे, जुन बेचेपछि ५ सय डलर हुन्थ्यो । अब त्यस्तो अवस्था रहेन । नीलो सुरुवालको व्यापार करिब-करिब बन्द हुन पुगेकाले यसरी थोरै खर्च गरेर धेरै कमाउने दिनहरू गए ।

उसो भए अब यहाँ विदेशी विद्यार्थीले व्यापार नगर्ने भए, तनमन दिएर पढ्ने भए । तर त्यसो होइन, नीलो सुरुवाल नबिकेर के भयो त ? बजाउने ठूला-ठूला जापानी भाँडाहरू लोभलाग्दो मूल्यमा बिक्न थालेका छन् । उदाहरणका लागि 'क्युटी ७७' मोडलको क्यासेट डेकको बर्लिनमा १ सय डलर पर्छ भने यहाँ १२ सय रुबल (करिब ३ सय डलर) मा बिक्छ । २२० डलर पर्ने 'सार्प ८००' क्यासेट प्लेयर २४ सय रुबलमा बिक्छ । बजाउने उपकरणहरू मात्र होइनन्, १ सय डलर पर्ने छालाको ओभरकोट १२ सय रुबलमा, २५ डलर पर्ने घडी र 'पोलराइज्ड कोडामेटिक क्यामेरा' ३५० रुबलमा, १० स्टर्लिङ पाउन्डको स्पोर्ट जुत्ता २ सय रुबलमा बिक्छन् । यस्तै गरेर झोला, आइमाईका कपडाहरू आदि पनि दोब्बर-तेब्बरमा बिक्छन् ।

अब पाइन्टको साटो यिनै सामान ल्याएर बेचे प्रशस्त नाफा गर्न सकिन्छ । तर यी सामानहरूको भारी पश्चिम बर्लिनबाट ल्याउन धेरै पैसा, जाँगर र जोश चाहिन्छ । जाँगर र हिम्मत त निकालौँला तर पैसा ? हुन त हिजोआज पहिले-पहिलेजस्तो पैसा पाउन गाह्रो छैन । जापानी क्यासेट किनेर ल्याउन कतिपय रूसीहरू सुरुमै पैसा हातमा राखिदिन्छन् । ९० रुबल मासिक छात्रवृत्ति पाउने मान्छेको हातमा एकै पल्ट ३-४ हजार रुबल परेपछि  जाँगर, जोश र तागत सबै आउँछ अनि बर्लिनतर्फ दगुर्न शरीरलाई पेट्रोल पाएको अनुभव हुन्छ ।

मैले अझै व्यापारिक सूचीमा थपिएको अर्को अद्भूत जापानी भाँडोको त कुरा गरेकै छैन । त्यो अद्भूत जापानी भाँडो हो- रङ्गीन टेलिभिजन र भिडियो डेक । यो नयाँ किसिमको जापानी विद्युतीय उपकरणलाई 'अद्भूत



भाँडो' किन भनेको हो भने साँच्चै नै धेरै हिसाबले यो अद्भूत छ । यो भाँडोको सहायताबाट टाढा-टाढाका मानिसहरूको अनुहार र गतिविधि कोठैमा बसी-बसी हेर्न सकिन्छ । तिनले बोलेको र तिनका वरिपरिको आवाज सुन्न सकिन्छ । कोठैमा बसेर फिल्म हेर्न सकिन्छ । यति मात्र कहाँ हो र, अन्तरिक्षका कुरासमेत यहीँ बसेर हेर्न सकिन्छ । अचम्म नमानौँ, यो अद्भूत भाँडो नेपालमा पनि चाँडै नै आउँदै छ । यो भाँडो अद्भूत हुनुको कारण यति मात्रै होइन । यसको मूल्य नै अद्भूत छ- ५ हजारदेखि ८ हजार रुबल । सोभियत संघमा यसको व्यापार सुरु भएपछि विद्यार्थीहरूको धन्दामा पनि अद्भूत परिवर्तन आएको छ । मान्छेका मनमा बढी पैसा कमाउने अद्भूत चाहनाको विकास भएको छ ।

भिडियोको व्यापार सुरु भएपछि सोभियत संघमा व्यापार गर्ने विद्यार्थीहरूबीच पनि वर्गीकरण सुरु भएको छ । टेलिभिजन, भिडियो डेक आदिको व्यापार गर्नेलाई 'ठूले', क्यासेट प्लेयर, म्युजिक सिस्टमसम्मको व्यापार गर्नेलाई 'मझौले' र पाइन्ट, जुत्ता, टी-सर्ट, घडी, सानातिना रेडियो, क्यासेट, आदिको व्यापार गर्नेलाई 'फुच्चे' भनी नमकरण गरिएको छ । पाइन्ट बिक्न छाडेदेखि फुच्चेहरूलाई ज्यादै मर्का परेको छ । उनीहरू बर्लिन जाने बेलामा कसैबाट ऋण पाउन सक्दैनन् । यसरी बर्लिनको भ्रमणमा जाने विदेशी विद्यार्थीबीच फुच्चेहरू विलीन हुँदै जान थालेका छन् भने ठूलेहरू झन्-झन् ठूला हुँदै गैरहेका छन् । धनी झन्-झन् धनी हुँदै जाने, गरिब झन्-झन् कंगाल हुने भनेको शायद  यसै गरी होला ।

यसपालिको जाडोको छुट्टीमा बर्लिन जाने तरखरमा लागेको बेला एक रूसीले उसलाई ८ हजार रुबल हातमा थमाइदियो । यसरी यो-यो सामान ल्याइदेऊ भनेर पहिल्यै हातमा पैसा राखिदिने प्रक्रियालाई 'अर्डर' पाएको भनिन्छ । यो ठूलो अर्डर उसले उही अद्भूत जापानी भाँडो ल्याउन पाएको थियो- टेलिभिजन र भिडियो डेक । ८ हजार रुबलको बिटो देख्दा उसको शरीर तातेर आयो, खल्खल्ती पसिना बग्न थाल्यो, टाउको रन्कियो, अनि केही समयमै डरले शरीर लगलग काँप्न थाल्यो । यत्रो पैसा कतै पुलिसले फेला पारेमा ठाडै मामाघर पुऱ्याउने त होइन ! भनी ऊ तर्सियो । साथै

इन्स्टिच्युटबाट पनि निकालिइने त होइन ? तर यस्तो कमलो मुटु भएको मान्छेले टेलिभिजन र भिडियोको व्यापार गर्न सक्दैन । यसका लागि ढुंगाको जस्तो कडा मुटु हुनुपर्छ ।

टीभी-भिडियोका लागि ८ हजार, ठूलो म्युजिक सिस्टमका लागि २५ सय र अरू सानातिना सामानका लागि १५ सय गरेर १२ हजार रुबलको मुठोले उसको झोला भरियो । त्यत्रो ठूलो रकम सबैको हातमा पर्दैन । बढी सम्पर्क भएका र ढुंगाको जस्तो मुटु भएका ठूलेहरूले मात्र त्यत्रो रकम हात पार्न र थाम्न सक्छन् । मझौले र फुच्चेले त त्यत्रो पैसा हात पारे पनि थाम्न सक्दैनन् । यसरी पाएको रुबललाई अब डलरसँग साट्नुपर्छ । पहिले अरबी केटाहरूसँग १ डलरबराबर ४ रुबलको दरमा साट्न सकिन्थ्यो । तर अहिले स्थिति अर्कै छ । अरबी केटाहरू पनि बर्लिन यात्रामा जान सुरु गरेकाले उनीहरूले डलर एकदमै कम बेच्ने र बेचे पनि बढी मूल्यमा बेच्ने गर्न थालेका छन् । डलर सटही दर ४ बाट ५ रुबल पुगेको छ, त्यो पनि मुस्किलले पाइन्छ । मस्को गए ४.८० सम्मको भाउमा पाइन्छ रे !

सोभियत संघको राजधानीजस्तो ठाउँमा डलरको कालोबजारी चल्ला र ! सानोतिनो रकमको साटफेर त विद्यार्थीहरूबीच नै भइहाल्छ । अलि ठूलो रकमको साटफेर मस्कोस्थित विभिन्न देशका राजदूतावासका कर्मचारीहरू र राजदूतहरूले गर्छन् भन्दा आश्चर्य लाग्ला, तर यो यथार्थ हो । धेरैजसो कुटनीतिक कर्मचारीहरूको विदेशमा बस्दा सकेसम्म बढी पैसा कमाउने ध्येय हुन्छ । प्रायः अफ्रिकी र एसियाली मुलुकका कुटनीतिक कर्मचारीहरू यस्तो काममा लागेका छन् । नेपाली राजदूतावास पनि अपवाद छैन । वास्तवमा हाम्रा कुटनीतिक कर्मचारीहरू त धेरै पहिलेदेखि यस काममा लागेका छन् । राजदूतदेखि सुब्बासम्म सबै गैरकानुनी काम गरेर करोडपति बन्ने तरखरमा छन् । उनीहरू डलर साट्ने मात्र कहाँ हो र, ठूलो स्तरमा बजाउने जापानी भाँडाहरू, नीला सुरुवालहरू आदिको व्यापार पनि गर्छन् । सिमानामा कुटनीतिक कर्मचारीहरूका बाकस पुलिसले खोल्न र जाँच गर्न नपाउने हुनाले अन्यत्र कतै होस् वा बर्लिन, विदेशबाट आउँदा उनीहरू विद्यार्थीले भन्दा ज्यादै धेरै परिमाणमा व्यापारका सामानहरू



ल्याउन सक्छन् । आफ्नो कुटनीतिक राहदानी र कुटनीतिक हैसियतको राम्रै ‘सदुपयोग’ गरेका छन् दूतावासमा काम गर्नेहरूले पनि ।

डलर साटेपछि यसलाई बाहिर लैजान उही ‘डिक्लेरेसन’ अर्थात् अनुमतिको कागज बनाउनुपर्छ । १२ हजार रुबललाई ५ को दरले साट्दा २४ सय डलर भयो । डिक्लेरेसन बनाउने नयाँ-नयाँ तरिकाहरूको ‘अविष्कार’ भएको कुरा मैले पहिले पनि लेखेको थिएँ । अहिले सबैभन्दा प्रचलित तरिका अण्डाबाट छाप उतारेर बनाउने हो । अलि दूरदर्शीहरूले विदेशबाट फर्कंदा डिक्लेरेसनका दुई-चार वटा खाली फर्म ल्याएर राख्छन् । त्यसमा आफ्नो नाम र आफूसँग भएको डलर रकम भर्ने अनि सक्कली डिक्लेरेसनमा भएको छाप उसिनेको अण्डाको मद्दतले उतारेर लगाउने । अण्डाले लगाएको नक्कली छाप कहिलेकाहीँ पुलिसले लगाइदिएको आधिकारिक छापभन्दा प्रस्ट र राम्रो हुन्छ ।

अण्डाबाट छाप उतारेर डिक्लेरेसन बनाउने उपाय यहाँ एकदम प्रचलित छ, जसले गर्दा कालोबजारमा किनेको डलरका ठूल्ठूला मुठालाई विदेश लैजान सजिलो भएको छ । पछि पुलिसले कुखुराको अण्डाभन्दा ठूलो आकारको छाप लगाइदिन सुरु गऱ्यो भनेचाहिँ यो प्रक्रिया बन्द होला, नत्र चलिरहन्छ । हुन त त्यसपछि पनि ठूलो आकार हुने अरू कुनै पक्षीको फुलको खोजी हुन्छ कि ! भनिन्छ नि, प्रहरीभन्दा चोर कम चलाख हुँदैन । त्यसैले अवैध व्यापारको प्रक्रियालाई जरैदेखि नउखेलेसम्म नक्कली कागजात बनाउने नयाँ-नयाँ तरिकाहरूको आविष्कार भई नै रहनेछन् ।

यसअघि मैले विदेश जाने भिसा बनाउन मस्कोमा रहेका विदेशी राजदूतावासमा लाइन लाग्दा ज्यादै दुःख पाइन्छ भन्ने कुरा लेखेको थिएँ । तर अहिले आएर विद्यार्थीहरूले भिसा बनाउने पनि सजिलो तरिका सिकेका छन्- विदेश जाने समयभन्दा एक-दुई महिनाअगाडि नै बनाउने । राजदूतावासहरूमा भीड हुने छुट्टीको समयमा हो । त्यसकारण छुट्टी नहुँदै पढाइ चलिरहेकै बेला विनाअनुमति मस्को जाने र विदेश जाने भिसा बनाउने चलन चलेको छ । एक जनाले अरूको समेत पासपोर्ट लिएर गई एकै पटक धेरै जनाको भिसा बनाउन पनि सकिने हुनाले सबैले दुःख पाउनु पर्दैन । पालैपालो कहिले को, कहिले को गए भइहाल्यो ।

यसरी भिसा पनि बेलैमा तयार पारिसकेपछि ढुक्क भएर पासपोर्ट, भिसा, डिक्लेरेसन र झोला-सुटकेस बोकी व्यापार भ्रमणमा हिँडे हुन्छ। पश्चिम बर्लिन पुगेपछि भोक र थकाइको परवाह नगरी जसले जे-जस्ता सामानको अर्डर लिएर आएको छ, त्यससँग सम्बन्धित पसलहरूतिर दौडिन्छन्। नीलो सुरुवाल किन्नु छ भने 'मोण्टाना'; टीभी, भिडियो, म्युजिक सिस्टम, क्यासेट प्लेयर, आदि किन्नु छ भने 'टोनी सप' तर्फ। हिजोआज जिन्सको साटो इलेक्ट्रोनिक्सको माग बढी छ सोभियत संघमा। त्यसैले अहिले जिन्सहरूको होइन, जापानी टीभी-क्यासेटहरूको अभाव हुने सम्भावना हुन्छ बर्लिनमा।

टोनी सपमा सोभियत संघबाट आएका विदेशी विद्यार्थीहरूको यति ठूलो भीड लाग्छ, कहिलेकाहीँ त कुस्ताकुस्ती नै गर्नुपर्छ सामान किन्न। कहिले तत्काल सामान सिद्धिएर एक दिन बढी बस्नुपर्ने पनि हुन सक्छ। एकछिन् विचार गरौं, टोनी सपले कति नाफा गरेको होला टीभी-क्यासेट बेचेर। पहिले-पहिले यस्तै भीड हुने नीलो सुरुवालको पसल मोण्टानामा चाहिँ अहिले सुख्खा छ। सोभियत संघमा भोलि बजाउने भाँडाहरू पनि बिक्न छाडे भने टोनी सपको हालत पनि त्यस्तै होला।

त्यस्तो दिन आउला त ? मैले सुनेअनुसार जापानले युरोपमा व्यापार बढाउन सोभियत संघको सुदूरपूर्वी भेगदेखि साइबेरिया हुँदै युरोपतिर आउने 'बाम रेल्वे' प्रयोग गर्दैछ रे ! यससम्बन्धमा सोभियत र जापान सरकारबीच सम्झौता पनि भैसकेको छ रे ! त्यसपछि ठूलो सङ्ख्यामा जापानी सामान सोझै रूसको बजारमा आउँछ रे ! यो कुरा साँचो भयो भने अहिलेको जस्तो बजाउने जापानी भाँडाहरूको व्यापार पनि बन्द हुनेछ। नीलो सुरुवाल र जापानी क्यासेट-टीभीहरूको व्यापार बन्द भएपछि के गर्लान् विदेशी विद्यार्थीहरू ? यस्तो व्यापारलाई रोक्ने कुनै कडा कदम चालिएन भने विदेशीहरूले व्यापार बन्द त कुनै हालतमा पनि गर्ने छैनन्। व्यापारले फेरि काँचुली फर्नेछ, अझ माथिल्लोस्तरमा व्यापार सुरु हुनेछ। कम्प्युटर, गाडीहरूको व्यापारले खाली ठाउँ भर्नेछ।

अब विचार गरौं, के यो व्यापारको चक्करले विद्यार्थीको पढाइमा बाधा



पुगेको छैन होला ? अवश्य पनि छ। कतिले भन्लान्- 'खाने मुखलाई जुँगाले छेक्दैन, पढ्ने मान्छेलाई व्यापारले रोक्दैन।' तर होइन, यहाँ त वातावरण नै बदलिएको र दूषित भएको छ। उसै पनि हाम्रो देशमा सोभियत संघमा पढेको डाक्टर भन्नेबित्तिकै नाक खुम्च्याउनेहरू छन्। विद्यार्थीहरू कोही धेरै राम्रो, कोही मध्यम वा कोही ठीकै पढ्ने त जहाँ पनि हुन्छन्। तैपनि सोभियत संघबाट पढेकाहरूलाई नै होच्याएर यहाँ पढ्नेहरू सबै खत्तम छन् भन्ने छाप पार्न खोज्नुका पछाडि राष्ट्रिय-अन्तर्राष्ट्रिय राजनीति पनि घुसेको छ भन्ने कुरा धेरैलाई थाहै होला। तर अहिले आएर यहाँका विद्यार्थीहरूको व्यापारप्रतिको लगावले चाहिँ सोभियत डिग्रीको स्तरलाई अलि तल झारेको नहोला भन्न सकिँदैन।

नझरोस् पनि कसरी ? छुट्टीभन्दा अगाडि पढाइ चलिरहेकै बेला बर्लिन यात्रामा जानका लागि अर्डर खोज्ने, टिकट र भिसा मिलाउने कुरामा मन दौडिरहेको हुन्छ। जाँचको समयमा पनि कसरी हुन्छ चाँडो, समयअगाडि नै, जाँच दिएर विदेश जाने भन्ने धुन हुन्छ। यात्राबाट फर्केपछि पनि पढाइ भइरहेकै समयमा ल्याएका सामान बेच्ने, डलर किन्ने आदि काममा व्यस्त हुनुपर्छ। हातमा पैसा परेपछि अलि-अलि मोजमज्जा गर्न जसलाई पनि मन लागिहाल्छ। अझ बानी परेपछि त झन् के-के गरिन्छ के के ? पढाइ दोस्रो प्राथमिकतामा पर्छ। नेपालबाट उच्चस्तरको विशेषज्ञ बन्न आएको हो भन्ने तथ्यलाई चटक्कै बिर्सिइन्छ। अब विचार गरौं, के पढाइमा धक्का लागेन त ? कसैले अरूले जेसुकै गरुन्, म पढाइमा ध्यान दिन्छु भन्छ भने पनि ऊ वातावरणको प्रभावबाट बाहिर निस्कन सक्दैन।

व्यापारबाहेक पढाइमा धक्का लाग्ने यहाँ अर्को कारण पनि छ- छात्र राजनीति। राजनीति भनेको गर्छु भनेर गरिने कुरा होइन। इच्छा लागेर मात्र राजनीति गरिँदैन। करिब एक हजार नेपाली विद्यार्थीहरू सोभियत संघमा पढ्ने हुनाले यहाँ एउटा ठूलै विद्यार्थी समाज बनेको छ। साधारण विद्यार्थी नभै उच्च शिक्षा हासिल गरिरहेका विद्यार्थीहरू भएकाले आफ्नो मातृभूमिको बिग्रँदो अवस्थाबारे धेरैले चासो राख्ने गर्छन्। अनि आ-आफ्नै तवरले यहाँ सैद्धान्तिक संघर्ष चलाउँछन्। त्यसमाथि यहाँ केही त्यस्ता

व्यक्तिहरू भेला भएका छन्, जसको कारणले सैद्धान्तिक संघर्ष झन् चर्किएको छ । उनीहरूले नेपाली विद्यार्थीलाई विदेशमा लडाइराखेका छन् । उनीहरूलाई तह लगाउन प्रयास नगर्ने त ? एउटा सच्चा देशभक्तको हैसियतले यस्तो प्रयास गर्नै पर्छ, नत्र हामी अझ सयौँ वर्षसम्म लडी नै रहनेछौँ । त्यसैले भनेको हो- इच्छा लागेर होइन, नेपालमा विद्यमान असहज राजनीतिक कारणले गर्दा नै यहाँ छात्र-राजनीति चर्किएको हो । यो काममा पनि प्रशस्त समय खर्च हुन्छ । कहिलेकाहीँ यो कामले गर्दा पढाइलाई दोस्रो ठाउँमा राख्नु पर्ने पनि हुन्छ । हामी आजसम्म थिचिएका छौँ, मिचिएका छौँ, स्वतन्त्रतामा सास फेर्न पाएका छैनौँ, त्यसैले हाम्रो अवस्थालाई राम्रोसँग बुझ्ने र केही योगदान गर्न खोज्ने व्यक्तिले यहाँ छात्र-राजनीति चल्नुलाई नराम्रो हो भनेर भन्न सक्दैन ।

ल हरौं त अब व्यापार र छात्र-राजनीति पहिलो स्थानमा अनि पढाइ दोस्रो स्थानमा परेको । छात्र-राजनीतिलाई त रोक्न सकिँदैन, तर व्यापारलाई रोक्नै पर्छ । व्यापार मात्र रोकियो भने पनि राजनीतिले मात्र त पढाइलाई त्यति नोक्सान पुऱ्याउँदैन पनि, सन्तुलन मिलाएर लैजान सकिन्छ ।

*(सन् १९८५)*



# विद्यार्थीहरूबीचको राजनीतिक विवाद

***(रूसमा पढ्ने विद्यार्थीहरूबीच राजनीतिक विषयहरूमा चर्को विवाद हुने गर्थ्यो । सन् १९८६ मा माले र मसाल समर्थक विद्यार्थीहरूले फागुन ७ गते मनाइने प्रजातन्त्र दिवसलाई नमान्ने, १६ माघको शहीद दिवसलाई मात्र मान्ने भनी आफ्नो विचार अगाडि सारे । मानन्धर समूह र ने.का. समर्थक विद्यार्थीहरूले भने दुवै दिवसलाई मनाउनुपर्छ भन्ने विचार अगाडि सारे । यसै विषयलाई लिएर चर्को विवाद भएको थियो । यसै सन्दर्भलाई लिएर मैले त्यस बेला लेखेको एउटा लेख यहाँ प्रस्तुत छ ।)***

समाज विकासको इतिहास संघर्षका कथाहरूले भरिएको छ । आजको युग पुँजीवाद र समाजवादबीचको संघर्ष र अन्तरविरोधबाट प्रभावित छ । प्रत्येक व्यक्तिको जीवनमा संघर्षले नै उसको भाग्यरेखा कोरिदिएको हुन्छ । 'संघर्ष नै सुख हो' भन्ने जोशिलो आवाज स्वतन्त्रता र समानताका लागि लड्ने प्रत्येक योद्धाको छातीको चाल र मुटुको ढुकढुकीमै अभिन्न रूपले गुञ्जिएको पाइन्छ । जीवन संघर्ष हो भने संघर्ष नै जीवन हो ! सुख संघर्ष हो भने संघर्ष नै सुख हो ! कतिलाई अचम्म लाग्ला, सुखलाई संघर्ष र संघर्षलाई सुख भनेको सुन्दा । तर समानता र प्रजातन्त्रको संघर्षमा आफूलाई खुशीसाथ बलिदान गर्ने वीर शहीदहरूका संघर्षपूर्ण जीवनकथाले यही तथ्यलाई प्रमाणित गरेका छन् ।

प्रजातन्त्र र शहीद एक-अर्काका परिपूरक हुन् । प्रजातन्त्र र शहीदलाई एक-अर्काबाट अलग्याएर हेर्न सकिँदैन । शहीदको बलिदान र संघर्षविना प्रजातन्त्र प्राप्त हुन सक्तैन । शहीद प्रजातन्त्र स्थापनाको लागि गरिएको संघर्षको योद्धा हो भने प्रजातन्त्र शहीदको सपना । शहीदको स्मरण गर्दै उनीहरूबाट जोशिला र महत्वपूर्ण पाठहरू सिक्नुपर्छ ।

नेपालको इतिहास लडाइँ र संघर्षका थुप्रै कथाहरूले भरिएको भए तापनि नेपालीहरूले आजसम्म स्वतन्त्रताको वातावरणमा सास फेर्न पाएनन् । नेपालको इतिहासमा प्रजातन्त्रको बिगुल फुकेर २००७ साल उदायो, तर २०१७ सालको शाही कदमले २००७ सालका सम्पूर्ण उपलब्धिहरूलाई खोस्यो । त्यसपछि पनि २०३६ र २०४२ सालमा आन्दोलन, सत्याग्रह र संघर्षहरू भए । तिनले धेरै युवालाई शहीद बनाए, तैपनि जनताले चाहेको स्वतन्त्रता, समानता र प्रजातन्त्र प्राप्त हुन सकेन । २००७ सालपछिका संघर्ष र आन्दोलनहरू किन असफल हुँदै गए ? तिनले किन सफल क्रान्तिको रूप लिन सकेनन् ? यो प्रश्न टड्कारो रूपमा उठेको छ ।

इतिहासको निर्माण जनताले गर्छन् । जनता त्यो सामाजिक शक्ति हो, जसले ऐतिहासिक विकासको निश्चित चरणमा आधारभूत सामाजिक परिवर्तनको निम्ति प्रमुख भूमिका निर्वाह गर्छ । यसको निम्ति जनसमुदायले इतिहासबाट अस्ताउँदो शक्तिसँग भीषण संघर्ष गर्नुपर्छ । संघर्षमा जनशक्तिको विजय भयो भने यसले क्रान्तिकारी रूप लिन पुग्छ । २००७ साल नेपालको इतिहासमा क्रान्तिकारी घटनाको वर्ष थियो । २००७ सालको क्रान्तिले एकतन्त्रीय जहानिया राणाशासन र अर्ध-औपनिवेशिक दमनको अन्त्य गऱ्यो । नेपाल नयाँ युगमा प्रवेश गऱ्यो । २००७ सालअगाडिसम्म विश्वको मानचित्रमा नेपाल ‘बन्द देश’ को रूपमा चिनिन्थ्यो भने २००७ सालपछि खुला देशको रूपमा चिनिन थाल्यो । नेपाली जनताले राणाकालीन निरङ्कुश शासनबाट मुक्त भएर बहुदलीय प्रजातन्त्रको वातावरणमा सास फेर्ने मौका पाए ।

२००७ सालले अवश्य पनि महत्वपूर्ण उपलब्धिहरू दिलाएको थियो, तर नेपाली जनताका हातमा ती उपलब्धिहरू बाँकी रहेनन्। २०१७ सालले २००७ सालका सम्पूर्ण उपलब्धिहरूलाई जनताको हातबाट खोस्यो ।



एकतन्त्रीय राणाशासनलाई पराजित गरेर २००७ सालमा जनताले आफ्नो हातमा लिएको शासनलाई जहानिया शाहतन्त्रले २०१७ मा जनताको हातबाट खोस्यो । जनताको हात २००७ सालअगाडि जस्तै फेरि रित्तो रहन पुग्यो ।

२०३६ साल आयो । विद्यार्थीहरू आफ्ना जायज माग लिएर व्यवस्थाविरुद्ध संघर्षमा उत्रिए । किसान, मजदुर, बुद्धिजीवी र राजनीतिक शक्तिले पनि विद्यार्थीहरूको संघर्षमा साथ दिए । जुलुस निस्कियो, हातमा राँको लिएर विद्यार्थीहरू आन्दोलनमा उत्रिए । शानेवानि र गोरखापत्र संस्थानका भवनहरू, मोटरगाडीहरूमा आगो लगाइयो, तर व्यवस्थाले दमनको नीति अपनायो । धेरै युवाहरू शहीद भए । अन्तिम सास रहँदासम्म पनि उनीहरू खोसिएका अधिकार प्राप्त गर्न लडिरहे । छातीमा गोली लागे, टाउकोमा लाठी बज्रिए, नाङ्गो शरीरमा कोर्रा बर्सिए, जेलहरू कोचाकोच भए तर जनआन्दोलनले क्रान्तिको रूप लिन सकेन । अनेकौं मानिस शहीद हुन पुगे तर खोसिएको अधिकार जनताले फिर्ता पाएनन् ।

२०४२ साल आयो । शिक्षकहरूले आन्दोलन सुरु गरे । नेपाल अधिराज्यका ७५ हजार शिक्षकले आफ्ना पेसागत माग अघि सार्दै एकताबद्ध भएर संघर्ष गरेका थिए । तर बीचमा गएर शिक्षक आन्दोलन पनि विभाजित भयो । संघर्षरत शिक्षकहरू गोली, डण्डा, कोर्रा र जेलका सिकार भए । नेपाली काङ्ग्रेसले सत्याग्रहको सुरुआत गऱ्यो । हडताल आह्वान भयो, जुलुस निस्किए, भाषण भए । सम्पूर्ण राजनीतिक शक्तिहरूले प्रत्यक्ष-अप्रत्यक्ष रूपले सत्याग्रहमा सहयोग पुऱ्याए । जनताहरू जागृत भए । सत्याग्रहले जनआन्दोलनको रूप लिन पुग्यो ।

त्यसै बीच राजदरबार, सिंहदरबार, अन्नपूर्ण होटललगायत केही ठाउँमा एकाएक बम पड्क्यो । बीबीसी र भ्वायस अफ अमेरिकाले बम पड्केको समाचार विश्वभरि फुके । चिसो हिमालयको देशबाट जनआन्दोलनरूपी ज्वालामुखी फुट्न लागेको थियो । तर फेरि पनि उही गोली, डण्डा, कोर्रा र जेलका गन्हाउँदा चिसो कोठाहरूले जनआन्दोलनलाई दबायो । कैयौं योद्धाहरू शहीद भए । अधिकार खोसिएको खोसियै रह्यो । रगत बग्दै रह्यो । शहीदहरूको सङ्ख्या बढ्दै गयो । फेरि पनि जनताको पराजय भयो ।

नेपालको प्रजातान्त्रिक आन्दोलनलाई लक्ष्य गरेर सोभियत संघमा हुने गरेका राजनीतिक गतिविधिको अवस्था पनि यस्तै थियो । सोभियत संघमा सन् १९६० को दशकदेखि नेपाली विद्यार्थीहरू आउने क्रम सुरु भएको हो । नेपाली छात्रछात्राहरूको सङ्ख्या बढ्दै गएपछि छात्रसंघको स्थापना भयो । छात्रसंघ पनि नेपाली राजनीतिको उथलपुथलबाट प्रभावित हुन गयो । नेपालमा विद्यार्थीहरू फुट्दा सोभियत संघका नेपाली विद्यार्थीहरू पनि फुट्थे । कसैलाई सिद्धान्तले संगठित गराउँथ्यो भने कोही सिद्धान्तकै आड लिएर फुट्थे ।

सोभियत संघमा नेपाली छात्रसंघका १६ वटा प्रतिनिधि परिषद् सम्मेलन भए । कुनै सम्मेलनले विद्यार्थीहरूबीच फुट ल्यायो भने कुनैले एकताको बाटो खोलिदियो । प्रजातन्त्र दिवस आयो, शहीद दिवस आयो । कसैले प्रजातन्त्र दिवसलाई मान्दिनँ भन्न थाले भने कसैले प्रजातन्त्रका विरोधीलाई शहीद मान्दैनौँ भन्न थाले । प्रजातन्त्र र शहीदजस्ता एक-अर्काबाट अभिन्न पक्षलाई पनि फुटाउने प्रयास भयो । यस कार्यले विद्यार्थीहरूमा पनि फुट ल्यायो । विद्यार्थीहरू कमजोर भए । पञ्चायती व्यवस्थाको प्रतिनिधि मस्कोस्थित शाही नेपाली राजदूतावास बलियो हुन पुग्यो । विद्यार्थीहरूलाई आपसमा लडाएर शासन गर्ने कुनै पनि तानाशाही शासनको 'सिद्धान्त' अनुसार परिचालित राजदूतावासले त्यही विधि अपनायो । डलर सटही सुविधा बन्द गरिदियो । एक हजार विद्यार्थीको समूहले समेत एक इन्च पनि वरपर हल्लाउन सकेन राजदूतावासलाई ।

यस्ता असफलताका अगाडि किन, किन र किन भन्ने प्रश्न विद्यार्थी समाजमा घुम्न थाल्यो । नेपालमा भएका संघर्षहरूको असफलताका कारण खोज्नै पर्ने वस्तुगत आवश्यकता देखा पऱ्यो । असफलताको प्रमुख कारण जनता शक्तिहरूबीचको 'फुट' नै ठहरियो, एउटै लक्ष्य लिएर लडेका विद्यार्थी, बुद्धिजीवी, राजनीतिक समूहहरूबीचको फुट । यही फुटले आन्दोलनलाई कमजोर तुल्यायो, प्रजातन्त्रलाई झन्-झन् टाढा पुऱ्यायो ।

लेनिनग्रादमा नेपाली छात्रसंघको १६औँ प्रतिनिधि परिषद् सम्मेलन सम्पन्न भयो । त्यसका सहभागीहरू पञ्चायती व्यवस्थाविरुद्ध आन्दोलनमा



देशका सम्पूर्ण राजनीतिक शक्तिहरूबीच कार्यगत एकता हुनुपर्छ अनि मात्र सफलता सम्भव हुनेछ भन्ने कुरामा दृढ देखिए । प्रजातन्त्र दिवसलाई मान्ने कि शहीद दिवसलाई भन्ने प्रश्नमा टुक्रिँदा प्रजातन्त्रका लागि जीवन बलिदान गर्ने शहीदहरूको अपमान भएको महसुस गरे । प्रजातन्त्र र शहीदको अभिन्न सम्बन्धलाई स्वीकार गर्दा मात्र शहीदप्रति सही श्रद्धाञ्जलि हुने देखियो । विद्यार्थीहरूबीच प्रजातन्त्र दिवस र शहीद दिवस दुवै ऐतिहासिक सन्दर्भका मञ्चबाट तानाशाही व्यवस्थालाई तिखो प्रहार गर्न सकिने समझदारी विकास भयो, जसले नेपाली विद्यार्थीहरूको एकताका लागि नयाँ आधार सिर्जना गऱ्यो ।

लेनिनग्राद सम्मेलनले एकताको लागि बाटो त खोल्यो, तैपनि कतिपय प्रश्नहरूमा हामी अझै पूर्वाग्रहमुक्त हुन सकेका थिएनौँ । 'प्रजातन्त्र तथा शहीद दिवस' भन्ने कि 'शहीद तथा प्रजातन्त्र दिवस' अर्थात् प्रजातन्त्रलाई अगाडि राख्ने कि शहीदलाई भन्नेजस्ता अर्थहीन एवम् अनावश्यक कुरामा विद्यार्थीहरू अल्झिए । हामीबीच शहीद र प्रजातन्त्र परस्पर अभिन्न भएकाले जो अगाडि परे पनि एउटै अर्थ लाग्नेछ भन्ने समझदारी आवश्यक थियो तर समझदारी बन्न सकेन ।

समय बित्यो । असफलताले थुप्रै पाठ सिकाउँदै गए । यसै बीच नेपाली मुद्राको अवमूल्यन भयो, बजारभाउ एकाएक आकाश छुने गरी बढ्यो । नेपाल गरिब भयो । नेपाली कंगाल भए । तनाशाही व्यवस्थाले अवमूल्यन देशको लागि फाइदाजनक छ भनी घोषणा गऱ्यो । जनअसन्तोष फेरि बढ्यो । 'नेपाल बन्द' आह्वान भयो । सभा-जुलुस, हडताल र भाषणहरू भए । बजारभाउ बढेको बढ्यै भयो । आन्दोलन आन्दोलनमै सीमित रह्यो । त्यसले निर्णायक परिवर्तन ल्याएन ।

२००७ सालपछि ३६ वर्ष बितिसक्यो, देशमा तानाशाही राज कायमै छ । स्वतन्त्रता, समानता र प्रजातन्त्रका लागि संघर्षहरू भै नै रहन्छन् । तर जबसम्म बितेका संघर्षबाट पाठ सिकिँदैन तबसम्म ती संघर्षहरू सफल हुँदैनन् । नेपाली जनतालाई आफ्नो अधिकार दिलाउने संघर्षमा शहीद भएका वीर नेपाली सपूतका आत्माहरूले भनिरहेका छन्- 'मागेर अधिकार

पाइँदैन, संघर्ष एकमात्र बाटो हो । हामी पनि यस्तै संघर्ष गर्दा शहीद भएका हौँ । हाम्रा संघर्षहरू असफल भए, किनकि हामी आपसमा फुटेका थियौं । हामीबीच पनि आपसी संघर्ष र मनमुटाव थियो, जसको परिणामस्वरूप आपसमै लड्यौं, कमजोर भयौं । यसबाट तानाशाही व्यवस्थालाई नै फाइदा भयो । हामी एक भएर लड्न सकेको भए अवश्य जित्थ्यौं । हाम्रो उम्लेको रगतले तानाशाहीलाई ढाल्थ्यो । तर हामी टुक्रा-टुक्रामा विभाजित थियौं । आफ्नो टुक्राबाहेक अर्को टुक्राको कदर गर्न हामीले जानेनौं । आफू मात्र सही छु भन्ने भ्रममा हामी पऱ्यौं । तानाशाही व्यवस्थासँग लड्न व्यापक कार्यगत एकता गर्नेतर्फ हामी लागेनौं । त्यसकारण हामीमाथि सजिलैसँग दमन भइरह्यो । हामीले गरेका गल्तीहरू अब नदोहोरिऊन् । नेपाल डुब्न लागिसक्यो, नेपालीहरूको अस्तित्व सकिन लागिसक्यो । नेपाललाई जोगाऔं, नेपालीलाई बचाऔं ।'

*(सन् १९८६)*



# महान् अक्टोबर समाजवादी क्रान्ति

तत्कालीन सोभियत संघ १५ वटा गणराज्यहरूसहित भूमिको हिसाबले संसारको सबैभन्दा ठूलो देश थियो । त्यो देश युरोप र एसिया दुवै महाद्वीपमा फैलिएको थियो । रूस तत्कालीन सोभियत संघको सबैभन्दा ठूलो गणराज्य हो । सोभियत संघलाई मानिसहरू रूस भन्ने गर्दछन् । वास्तवमा रूस मात्र पूरा सोभियत संघ होइन । रूससहित १५ वटा गणराज्य मिलेर तत्कालीन सोभियत संघ बनेको हो । रूसमा सन् १९१७ मा भएको समाजवादी क्रान्तिपछि सोभियत संघको स्थापना भएको हो ।

रूसको क्रान्तिको महत्व युरोपको इतिहासमा मात्र नभएर विश्वकै इतिहासमा पनि रहेको छ । १८औं शताब्दीको सबैभन्दा महत्वपूर्ण घटना फ्रान्सको राज्यक्रान्ति थियो भने २०औं शताब्दीको सबैभन्दा महत्वपूर्ण घटना रूसको १९१७ इ. को समाजवादी क्रान्ति हो ।

अक्टोबर क्रान्तिभन्दा अगाडि रूसको स्थिति फ्रान्सको क्रान्तिभन्दा पहिलेको जस्तो थियो । जसरी फ्रान्समा राजा सर्वेसर्वा हुन्थे, त्यसरी नै रूसमा जार शासनका सर्वेसर्वा थिए । रूसमा जारको निरङ्कुश शासन चल्थ्यो । रूसका जनता निरङ्कुशता र स्वेच्छाचारितापूर्ण शासन तथा सामन्तहरूको शोषण र उत्पीडनलाई सहँदै आएका थिए । रूसमा सामाजिक समानता थिएन । रूसको नोकरशाही भ्रष्ट र अत्याचारी थियो । रूसमा चर्चहरूमाथि जारको पूर्ण नियन्त्रण थियो र चर्चहरूले राजालाई शिरोपर गर्दथे । रूसमा विशाल सेना थिए र सैनिकहरू जारका परम भक्त थिए ।

सेनाका उच्च पदहरूमा कुलीनवर्गका व्यक्तिहरू नै थिए । जारले सेना र धर्मको आडमा एकतन्त्रीय जहानिया शासन चलाएको थियो । उनीहरूको नारा नै थियो- 'एक राज, एक चर्च र एक रूस ।'

रूसका अन्तिम जार निकोलस द्वितीय कामाजोर स्वभावका थिए । उनीमाथि रानीको प्रभाव बढी थियो । उनी रानीको इशारामा नाच्थे । रानी अशिक्षित थिइन् । रानीमाथि रासपुटिन नामक इशाई पादरीको ठूलो प्रभाव थियो । रासपुटिन एक अनैतिक र स्वार्थी व्यक्ति थिए । रासपुटिनको इशारामा रानी नाच्थिन् । अचम्मको स्थिति बनेको थियो त्यस बेलामा ।

रूस शताब्दीयौँदेखि कृषिप्रधान देश थियो । प्राकृतिक साधनबाट परिपूर्ण भएको रूसमा ती साधनहरूको उपयोग पटक्कै भएको थिएन । रूसमा औद्योगिक विकासको प्रारम्भ जार अलेक्जेन्डर तृतीयको पालादेखि भयो । औद्योगिक विकासको परिणामस्वरूप एउटा क्रान्तिकारीवर्ग 'मजदुरवर्ग' को जन्म भयो । मजदुरहरूले ट्रेड युनियन गठन गरी आफ्नो अधिकार माग्न थाले । उता किसानहरूको ठूलो जमात थियो । नेतृत्वको अभावमा किसान र मजदुरहरू सङ्गठित र आन्दोलित हुन सकिरहेका थिएनन् । टाल्सटाय, तुर्गेनेव, दोस्तोयभ्सकी आदि रूसी लेखकहरूले आफ्ना उपन्यासहरूको माध्यमबाट जारशाहीका विरुद्ध क्रान्तिको बीजारोपण गरे ।

७ मार्च १९१७ का दिन 'युद्ध बन्द गर र रोटी देऊ' भन्ने नारा लगाउँदै जनता पेत्रोग्रादको सडकमा निस्किए। यो नै रूसी क्रान्तिको सुरुआत थियो । ९ मार्चका दिन कपडा मिलहरूमा काम गर्ने आइमाईहरूले हडताल गरे । उनीहरूको नारा पनि रोटी नै थियो । १० मार्चका दिन यसमा पुरुषवर्ग पनि सम्मिलित भए । मजदुरहरू आन्दोलित भए । सरकारले जनतामाथि गोली चलाउने आदेश दियो, तर सेनाले गोली चलाउन मानेन । १४ मार्चमा एउटा उदारवादी अस्थायी सरकार जर्ज ल्भोभको नेतृत्वमा स्थापना भयो । उनी रूसका प्रधानमन्त्री नियुक्त भए । १५ मार्चमा निकोलस द्वितीयले आफ्नो पद त्याग गरे । रूसमा निरङ्कुश राजतन्त्रको समाप्ति र उदारवादी शासनको स्थापना भयो । यस प्रकार रूसी क्रान्तिको पहिलो चरण सम्पन्न भयो ।



उदारवादी सरकारबाट पनि जनता सन्तुष्ट हुन सकेनन् । सानातिना सुधारकार्यबाट मात्र जनता सन्तुष्ट हुनेवाला थिएनन् । उनीहरू आमूल परिवर्तन चाहन्थे । यसै बीच साम्यवादीहरू (बोल्सेविक) ले समस्त रूसमा सङ्गठन गर्न थाले । स्वीट्जरल्यान्डमा निर्वासित जीवन बिताइरहेका र मार्क्स एङ्गेल्सका सिद्धान्तहरूको गहन अध्ययन गरेका भ्लादिमिर इलिछ उल्यानोभ (लेनिन) रूस फर्के र साम्यवादीहरूलाई नेतृत्व प्रदान गरे । मार्क्सवादी सिद्धान्तको प्रचार हुन थाल्यो । बल्सेविकीहरू शक्तिशाली हुँदै आए । किसान र मजदुरहरूलाई सङ्गठित गरे, निर्देशित गरे र नेतृत्व प्रदान गरे । लेनिनको नेतृत्वमा रूसमा आन्दोलनले उग्ररूप लियो । ७ नोभेम्बर १९१७ (पुरानो क्यालेन्डरअनुसार २५ अक्टोबर) मा रूसमा महान् समाजवादी क्रान्ति भयो, जसले सर्वहारावर्गको अधिनायकत्व भएको साम्यवादी शासन प्रणालीको स्थापना गर्‍यो । लेनिनले मार्क्सवादी सिद्धान्तको प्रयोग रूसमा गरे । १९१७ को रूसी क्रान्तिले प्राचीन राजवंशहरूको स्वेच्छाचारिता तथा निरङ्कुशताको अन्त्य गरेर राजनीतिक, समाजिक, आर्थिक र औद्योगिक क्षेत्रहरूमा समानताको स्थापनातर्फ कदम बढायो । यसले सामन्तको हातबाट शासनसत्ता खोसेर किसान र मजदुरलाई सुम्पियो । रूसी क्रान्तिबाट विश्वमा नयाँ विचारधारा जागृत भयो जो समाजवाद र साभ्यवादको नामबाट प्रख्यात भयो । वर्गविहीन, शोषणविहीन समाजको स्थापना, मजदुर र किसानको प्रभुत्वसहितको शासन पद्धतिको सुरुआत भयो । उत्पादनका साधनहरूको स्वामित्व जनतामा आयो ।

रूसमा पढ्दा प्रत्येक विद्यार्थी महान् अक्टोबर समाजवादी क्रान्तिको इतिहास पढेर प्रभावित हुन्थे, अत्यन्तै मुग्ध हुन्थे । गहिरो छाप होड्थ्यो प्रत्येकको मनभित्र यस क्रान्तिका हृदयस्पर्शी घटनाहरूले । यस क्रान्तिका नायक लेनिन साँच्चिकै महान् हुन् । उनको चरित्र, व्यक्तित्व, बुद्धि, विवेक र साहस प्रत्येक रूसीका लागि प्रेरणाका स्रोत हुन्थे । प्रत्येक बालबालिकालाई लेनिनजस्तै बन्ने शिक्षा दिइन्थ्यो, लेनिनकै अनुसार जिउने कला सिकाइन्थ्यो । प्रत्येक गल्लीमा, प्रत्येक भवनमा, प्रत्येक जमिनको टुक्रामा, प्रत्येक मानिसको बोलीमा, प्रत्येक हावाको झोक्कामा लेनिनको नाम देखिन्थ्यो, सुनिन्थ्यो ।

लेनिनकै योगदानले रूस समृद्धशाली बन्यो । २०औं शताब्दीका महामानव लेनिन तथा महान् अक्टोबर समाजवादी रूसी क्रान्ति त्यस बेला रूसमा पढ्ने हामी विद्यार्थीहरूका लागि प्रेरणाको ठूलो स्रोत थियो । नेपालमा पनि समाजवादी क्रान्ति हुनुपर्दछ, शोषणरहित समाजको स्थापना हुनुपर्दछ, सबै नेपाली जनता समान हुनुपर्दछ, जातीय भेदभावको अन्त्य हुनुपर्दछ जस्ता विचारहरू उत्पन्न हुन्थे हाम्रा मनमा । यसका लागि नेपाल फर्केर हामीले क्रान्ति गर्नुपर्छ भन्ने चाहना उत्पन्न हुन्थ्यो हामी सबैमा ।

समय धेरै बितिसकेको छ । रूसमा साम्यवादी शासन प्रणाली ढलिसकेको छ । सोभियत संघ टुक्रिसकेको छ । लेनिन इतिहासका पानाहरूमा सीमित हुन लागिसकेका छन् । लेनिनका शालिकहरू ढालिएका छन् । सबैतिरबाट लेनिनको नाम मेटिएर जाँदै छ । त्यो महान् रूसी क्रान्ति जसले विश्वलाई नयाँ मार्गदर्शन गऱ्यो, आज बिर्सिइँदै छ । रूसमा नयाँ-नयाँ परिवर्तनहरू भएका छन् । समयसँगै समाज परिवर्तन हुन्छ । त्यसलाई कसैले रोक्न सक्दैन, तर रूसमा १० वर्ष बिताउँदा लेनिन अनि महान् अक्टोबर समाजवादी क्रान्तिबारे जुन सकारात्मक छाप मन-मस्तिष्कमा लगाएर आएँ, आज यो मन कुँडिन्छ लेनिनको शालिकलाई रूसमा ढालेको देख्दा, यो मुटु चसक्क चस्किन्छ रूसमा समाजवादी क्रान्तिले स्थापित गरेका संस्कार र संस्कृतिलाई जबरजस्ती मेट्न खोजेको देख्दा ।



# दोस्रो विश्वयुद्धको पीडा

सोभियत संघमा अध्ययन गर्दाको अवधिमा त्यो देशले दोस्रो विश्वयुद्धमा भोगेको पीडाको अनुभव गर्ने मौका मिल्यो । सो विश्वयुद्धमा सोभियत संघको सम्पूर्ण राष्ट्रिय सम्पत्तिको एक चौथाइ भाग नष्ट भएको थियो । युद्धले असर नपारेको कुनै परिवार थिएन । त्यो विशाल देश दोस्रो विश्वयुद्धबाट क्षतविक्षत हुन पुगेको थियो ।

जर्मनीमा हिटलर नाजीवादका संस्थापक र नायक थिए । नाजीवादी जर्मनीले सन् १९३९ सेप्टेम्बर १ मा बिहान ५:३० बजे पोल्यान्डमाथि आक्रमण गरेपछि दोस्रो विश्वयुद्ध सुरु भएको हो । यसको लगत्तै ३ सेप्टेम्बरमा ब्रिटेनले जर्मनीका विरुद्ध युद्धको घोषणा गऱ्यो । यस प्रकार विनाशकारी महायुद्ध चर्कंदै गयो । यस युद्धमा जर्मनीलाई जापान र इटालीका शासकहरूले साथ दिएका थिए । यसको विरोधमा अर्कोतिर सोभियत संघ, बेलायत, अमेरिका, फ्रान्सलगायतका राष्ट्रहरू गठबन्धन बनाएर लडेका थिए । यो युद्ध मूलतः युरोपेली, प्रशान्त महासागरीय तथा दक्षिण-पूर्व एसियाली क्षेत्रमा फैलिएको भए पनि यसले विश्वका धेरै भागलाई प्रभावित गरेको थियो । ५ वर्षसम्म चलेको यो महायुद्ध ९ मे १९४५ मा जर्मनीले र २ सेप्टेम्बर १९४५ मा जापानले गठबन्धनकारी शक्तिसमक्ष आत्मसमर्पण गरेपछि समाप्त भएको हो । दोस्रो विश्वयुद्धमा संसारले ५ करोड मानिस गुमायो । साढे ३ करोड मानिस घाइते भए । युद्धमा संलग्न राष्ट्रहरूले ११ खर्ब अमेरिकी डलरबराबरको सैनिक खर्च गरे । ठूलो सङ्ख्यामा आर्थिक साधन-स्रोत,गाउँ-

शहरहरू नाशिए । यसबाट संसारको विकास धेरै पछाडि धकेलियो । युद्धपीडित मुलुक र त्यहाँका जनतामा अझै पनि युद्धका घाउहरू आलै छन् ।

दोस्रो विश्वयुद्धको सबभन्दा ठूलो प्रहार संसारको पहिलो समाजवादी राष्ट्र सोभियत संघमाथि केन्द्रित थियो, जहाँ जर्मन फौजले २१ जुन १९४१ मा आक्रमण गऱ्यो । यो युद्धमा २ करोड सोभियत जनताको मृत्यु भयो । यति ठूलो नरसंहार इतिहासको कुनै पनि युद्धमा कुनै पनि राष्ट्रले बेहोर्नुपरेको थिएन । सोभियत संघमा सम्भवतः एउटै त्यस्तो घर थिएन जसले युद्धमा परिवारका सदस्य, नातेदार र निकट व्यक्तिहरू नगुमाएको होस्, जहाँ कोही घाइते वा अपाङ्ग नभएको होस् । दोस्रो विश्वयुद्धमा भाग लिएका व्यक्तिहरूलाई त्यहाँ बडो आदरसाथ 'युद्धवीर' भनेर सम्बोधन गरिन्छ । धेरै युद्धवीरहरू आफूले युद्धका क्रममा वा त्यसपछि पाएका पदकहरू लगाएर हिँडिरहेको हुने हुनाले सजिलै चिनिन्थे । खासगरी ९ मेमा मनाईने विजय दिवसका अवसरमा विभिन्न उद्यान र युद्धस्मारकमा उनीहरू बढी देखिन्थे । यस्तो अवसर सहयोद्धाहरूबीचको मिलनको अवसर पनि हुन्थ्यो । कोही भेट नभएर निराश पनि हुन्थे, जसले युद्धपछिको पीडा पनि कति दुःखदायी हुँदोरहेछ भन्ने देखाउँछ । एकसाथ युद्ध लेडेकाहरू पछि को कहाँ पुगे, को कहाँ ? त्यस्तै अवस्था हुन्थ्यो परिवारका सदस्यहरूको पनि । अनि उनीहरू ४०-५० वर्षसम्म पनि आफ्ना सहयोद्धा, परिवार वा इष्टमित्र भेटिन्छन् कि भनी खोजी गर्न धाइरहेका हुन्थे ।

७० वर्षीय भ्याचेलस्लाभ अर्सेन्तेभ १९४१ देखि १९४५ सम्म चारै वर्ष युद्धमा सामेल थिए । उनले विश्वविद्यालयमा खगोलशास्त्रको पढाइ सकेर काम सुरु गर्ने तयारी गर्दागर्दै युद्धको मोर्चातिर लाग्नुपरेको थियो । स्तालिनग्रादको पहिलो दिनको सङ्ग्राम नै उनका लागि अविष्मरणीय बनेको थियो । त्यस दिन ३ घण्टाको भारी लडाइँपछि ९६ जना रहेको उनको समूहमा ११ जना मात्र बाँकी रहे । उनले आफ्ना सबै इष्टमित्र पनि गुमाएका थिए, भाइ स्तालिनग्रादमै शहीद भए, बाबुआमा र भतिजी लेनिनग्रादको नाकाबन्दीमा बिते । मस्को विश्वविद्यालयमा उनको सेक्सनमा पढ्ने विद्यार्थीहरू सबै युद्धमा गएका थिए तर जीवित उनी मात्र फर्किए ।



६० वर्षीय निकोलाई कुजमेच्योभ ९ सय दिन दुश्मनको नाकाबन्दीमा परेको लेनिनग्रादको युद्धमा लडेका थिए । दुश्मनले लगातार ३ वर्षसम्म लेनिनग्रादलाई घेरेको थियो । लेनिनग्रादका जनता त्यस बेला भोक, रोग र दुश्मनको कठोर हमलाबाट तड्पिएका थिए । दोस्रो विश्वयुद्धमा फासिष्टवादी जर्मनी सेनाले कसैलाई पनि छोडेन । स्त्री, बालबच्चा, बूढाबूढीलाई निर्मम तवरले हत्या गरियो । कार्बनडाइअक्साइड र कार्बनमोनोअक्साइडले भरिएको ग्यास च्याम्बरमा लाखौँ विद्यार्थी, वृद्ध, नाबालक मारिए । मानिसको छाला काटेर ब्याग बनाइयो, मानिसको ताजा मासु काटेर पाल्तु कुकुरहरूलाई खुवाइयो । धेरैले ज्यान गुमाए । तैपनि रूसी योद्धाहरूले घुँडा टेकेनन् । उनीहरू सोभियत संघलाई दुश्मनको पञ्जाबाट मुक्त गर्न लडिनै रहे । निश्चय नै दोस्रो विश्वयुद्धमा सोभियत योद्धाहरूले ठूलो मूल्य चुकाएर आफ्नो मातृभूमिलाई मात्र होइन सारा संसारलाई फाशिवादको खतराबाट जोगाएका थिए । यस कार्यमा गठनबन्धनका अरु राष्ट्रहरूको पनि भूमिका थियो, तर निर्णायक थिए सोभियत मोर्चाहरू । दोस्रो विश्वयुद्ध सोभियत जनताका लागि 'महान् देशभक्तिपूर्ण युद्ध' बन्यो ।

सोभियत संघमा दोस्रो विश्वयुद्धलाई सम्झाउने धेरै सङ्ग्रहालयहरू छन् । यस्ता सङ्ग्रहालय निरीक्षण गर्दा आज पनि कुनै व्यक्ति आँखाबाट आँसु नझारी रहन सक्दैन । मस्कोको एउटा यस्तै सङ्ग्रहालयमा भित्तामा सकी-नसकी 'म मर्दै छु तर आत्मसमर्पण गर्दिनँ, बिदा देऊ मेरी मातृभूमि' भनी एक सिपाहीले लेखेको कुरा, मस्कोको सुरक्षाका निम्ति मोर्चामा जाँदा सानी छोरीलाई काखमा लिएर बसेको फोटोमा 'छोरीको भविष्यका लागि रणक्षेत्रमा जाँदै छु' भनी लेख्ने बाबुको भनाइ, हरेक वर्गकिलोमिटर क्षेत्रमा ३ लाख गोली र बम वर्षिएको स्तालिनग्राद शहरको माटो, मान्छेका कङ्कालहरूको विशाल थुप्रो देखिने यातना शिविरका तस्वीर आदिले आफ्नो मातृभूमिलाई जोगाउन र आउने पिँढीको भविष्य सुरक्षित राख्न सोभियत जनताले गरेको साहस र बलिदानलाई सम्झाउँछ । दास्रो विश्वयुद्धको असह्य पीडा भोगेका सोभियत जनता यस्तो युद्ध संसारको कुनै पनि कुनामा फेरि कहिल्यै नदोहोरियोस् भन्ने चाहना राख्छन् ।

# पिताजीका मार्गदर्शक पत्रहरू

सोभियत संघमा अध्ययन गर्दा म भर्खरै समाज विकासका सिद्धान्तहरू र राजनीतिक विचारधाराहरूबारे केही कुराहरू सिक्दै थिएँ । मेरो दिमाग अझै काँचो थियो । मन चञ्चल थियो । जोश अत्यधिक थियो । म छिट्टै वामपन्थी विचारधाराद्वारा प्रभावित भएँ । कुनै एक समूहको राजनीतिक विचारधाराको प्रभावक्षेत्रभित्र म परेको थिएँ । पिताजीसँग मेरो बराबर पत्राचार हुने गर्थ्यो । उहाँले मलाई धेरै शिक्षाप्रद पत्रहरू लेख्नुभयो । मलाई मार्गदर्शन गर्ने धेरै प्रयासहरू गर्नुभयो । हुन त पिताको कर्तव्य हो आफ्नो सन्तानलाई सही बाटोमा डोऱ्याउने । तर म त्यो भाग्यमानी पुत्र हुँ, जसले आफ्नो पिताबाट अनवरत रूपमा आजका दिनसम्म स्वाभिमानी, चरित्रवान् र परिश्रमी भएर बाँच्ने शिक्षा पाइरहेछ । जीवनका प्रत्येक अप्ठेरा पल, उकाली-ओरालीमा अनि बाटो बिराएर हराएको बेलामा मेरा पिताले मलाई सही बाटो देखाउनुभएको छ । रूसमा अध्ययन गर्दाको समय अत्यन्तै रोचक तर अप्ठेरो थियो । त्यहाँ प्रशस्त विकृतिहरू पनि थिए । भोड्का पिएर आफूलाई सिध्याउने वातावरण पनि त्यहाँ थियो । लेना, नाताशा र लुद्मिलाजस्ता सुन्दरीहरूसँग सजिलै हराउने रङ्गीन साँझहरू पनि त्यहाँ थिए । जिन्स पाइन्ट र रङ्गीन टेलिभिजनको व्यापारबाट प्रशस्त पैसा आर्जन गरेर विलासी जीवन बिताउने वातावरण पनि त्यहाँ थियो । सोभियत कम्युनिष्ट पार्टीको लागि गुप्तचरको काम गरिदिएर जे माग्यो त्यो पाइने अवसर पनि त्यहाँ थियो । तर मेरा पिताले मलाई सधैं सावधान गराइराख्नुभयो,



मलाई एउटै बाटोमा हिँड्न मार्गदर्शन गरिरहनुभयो । त्यो बाटो थियो- अध्ययन र चरित्र निर्माणको ।

मलाई कहिल्यै कसैसँग डर लागेन, बाहेक पितासँग । उहाँ रिसाउनुहुने पो हो कि, गाली पो खानुपर्ने हो कि भन्ने त्रास मभित्र सधैं रहिरहन्थ्यो । त्यो डर-त्रासले मलाई अनुशासनमा बस्न सहयोग पुऱ्यायो । आज पनि त्यो डर कायमै छ । तर फरक यति छ कि त्यसमा आज स्नेह, माया र सद्भाव मिसिएको मैले पाउँछु । आहा कति गहन छ यो सम्बन्ध ! पिता-पुत्रको सम्बन्ध, गुरु-चेलाको सम्बन्ध, पथप्रदर्शक र यात्रीको सम्बन्ध ! इच्छा लाग्छ प्रत्येक पल्ट उहाँकै पुत्र भएर जन्मिरहन पाऊँ ।

मेरा पिताजीका आफ्ना सन्तानहरूप्रति एउटै चाहना रह्यो । त्यो हो- सन्तानहरू शिक्षित हुन्, धेरै पढून् । शिक्षा नै सबभन्दा ठूला धन हो भन्ने पाठ उहाँले हामीलाई बाल्यकालदेखि आजसम्म पढाई नै रहनुभएको छ । सोभियत संघमा अध्ययनरत रहँदा उहाँले पठाउनुभएका पत्रहरूले मलाई जीवनमा सही बाटोमा हिँड्न मद्दत पुऱ्याए । पाठकहरूका लागि समेत उपयोगी हुने केही पत्रहरू यहाँ प्रकाशित गरेको छु ।

## पिता श्री कमलराज रेग्मीका केही मार्गदर्शक पत्रहरू

१.

### सात सूत्रीय मार्गदर्शन

(म रूस जाँदा मैले साथै लगेको डायरीको प्रथम पृष्ठमा पिताजीले केही महत्वपूर्ण कुराहरू लेखिदिनुभएको थियो, जुन जीवनभरका लागि उपयोगी थिए ।)

छोरा प्रकाश,

तिमीले विदेशमा रहँदा ध्यान दिनयोग्य कुराहरूः

१. सबैसँग प्रेमभाव राख ।

२. सधैं सेवाभावबाट प्रेरित भइरहू ।

३. आफूभन्दा निर्धालाई मद्दत गर ।
४. सबैसँग मधुर र प्रिय वचन बोल ।
५. मान्यजनलाई आदर र सम्मान गर्न नबिर्स ।
६. साथीहरूलाई सकेसम्म सहयोग गर ।
७. अध्ययन मुख्य ध्येय हो भन्ने सम्झ ।

२७ सेप्टेम्बर १९७८, काठमाडौं कमलराज रेग्मी

## २.

## एकमात्र उद्देश्य अध्ययन र चरित्रनिर्माण

**प्रिय प्रकाश,**

प्रकाश, म आज तिमीले यस बेला सम्झिनुपर्ने र ध्यान दिनुपर्ने कुराबारे केही लेख्न चाहन्छु । घर, मातृभूमि, आमाबाबु, बहिनी र साथीभाइहरूको सम्झना हुनु अनि उनीहरूप्रतिको मायाप्रीति र स्नेहका कुराले भावुक हुनु; मानवीय मन र मस्तिष्कमा उब्जने र खेल्ने आवश्यक एवम् व्यावहारिक कुरा हुन् । यस्ता भावनाको निर्वाह र संरक्षण हुनै पर्दछ । अन्यथा 'मान्छे' अधूरो र अपूरो रहन्छ ।

तर यसका साथै अहिलेको समयमा, विशेष र मुख्य रूपमा तिम्रो चिन्तन र विचार, व्यवहार र कर्तव्यका सम्पूर्ण पक्षको एउटै लक्ष्य एवम् एउटै केन्द्र हुनुपर्दछ- 'अध्ययन' र 'चरित्रनिर्माण' । अध्ययन र चरित्रनिर्माणका लागि तिमी आजसम्म त्याग र तपस्याको मार्गमा छौ । आफ्नो यस उद्देश्यमा सफल हुनु नै वास्तवमा तिमीले देशप्रेम, घरको माया, आमाबाबु, बहिनी र साथीहरूप्रतिको स्नेह तथा सद्भाव प्रदर्शन गरेको ठहरिनेछ । के सम्झ भने सात वर्षपछि जति बेला तिमी उत्तम चरित्र र व्यवहार भएको तथा समाजको सेवा गर्न सक्षम र योग्य हुने गरी विद्या-बुद्धियुक्त हुनेछौ, त्यो बेला साँच्चै तिमी सबैतिरबाट धन्य-धन्य र कृत्य-कृत्य हुनेछौ । त्यो बेला तिमी जीवन उद्देश्यको मूल कर्मपथमा अगुवा र समर्थ अधिकारी भएको हुनेछौ र हामी तिम्रा सबै आत्मीयजनका निमित्त तिमी हाम्रो आशा पूरा भएको, हाम्रो सपना विपना भएको, हाम्रो सान्त्वना र आश्वासन जवान भएको तथा हिजोको कलिलो बिरुवाबाट फल र फूलले लटरम्म छायादार वृक्ष भएको हुनेछौ ।

तिम्री आमा विमला साक्षात् कर्मयोगकी अवतार, सहनशीलता र स्नेहकी सागर भएर, तिम्रा दिदी-बहिनीहरू तिम्रो उज्ज्वल भविष्यका आराधक बनेर तिम्रो शुभ, हित, कल्याण, सफलता र स्वास्थ्यका निमित्त नै बोल्छन्, खेल्छन्, पढ्छन् र हृदयभरि सम्झिन्छन् । प्रकाश, यसैले तिमी फेरि सम्झ- चारैतिरबाट सबै किसिमले तिम्रो आफ्नो एकमात्र उद्देश्य अध्ययन र चरित्रनिर्माण गर्ने काममा एकचित्त भएर लाग्ने, त्यसैमा रमाउने, त्यसैमा भुल्ने र त्यसैमा आफूलाई समर्पित गर्ने हो ।

स्नेही

२०३५ कार्तिक २ (सन् १९७९) कमलराज रेग्मी

## ३.

## अध्ययन गर, निष्कर्षमा पुग्न हतार नगर

**प्रिय प्रकाश,**

तिमीलाई सतर्कताका निमित्त एउटा सल्लाह- राजनीतिको सम्पूर्ण पक्षमा अध्ययन, बहस र विचार गर । तर अहिल्यै कुनै गुट, समूह र पक्षप्रति आफूलाई समर्पित नगर । त्यहाँ पनि सम्पूर्ण छात्रहरूको हितप्रति लक्षित उद्देश्य र कार्यक्रममा अग्रसर हुनु राम्रो हुन्छ । विद्यार्थीहरूका परस्पर विरोधी गुट र समूहमा लागेर एक-आपसमा झगडा गर्ने काममा लाग्नु उचित हुँदैन । शायद त्यस्तो त्यहाँ हुने गरेको छैन पनि होला ।

ठीक छ, तिमी यस पटक नेपाल आयौ भने राजनीतिक विषयमा

कुराकानी गर्ने एउटा राम्रो साथी मैले पाउनेछु । यहाँ त प्रकाश, स्वस्थ र गम्भीर राजनीतिमा निष्कपट गफ गर्ने साथी सधैँ पाउन पनि धेरै गाह्रो छ । तिमी यस पटक स्वदेश आऊ, छुट्टीभरि यहाँको राजनीतिक, सामाजिक र आर्थिक परिस्थितिको अध्ययन गर, देश र जनताको सेवाका निमित्त आफ्नो कर्तव्य र बाटो निर्धारण गर्दै जान तिमीलाई सजिलो हुनेछ । तिमीलाई तिम्रो लोकोत्तरकारी कार्यका निमित्त मबाट सदा सहयोग मिल्नेछ ।

स्नेही

सन् १९८१ मई १८ कमलराज रेग्मी

४.

## तिमीले अझै सिक्नु धेरै छ

**प्रिय प्रकाश,**

तिमीलाई एउटा कुरा आज फेरि भन्न मन लागेको छ । विश्वमा सिद्धान्त, दर्शन र वादका विविधता तथा तिनका अन्तरविरोधहरू अति जटिल बन्दै जेलिँदै गएका छन् । अध्ययन गरेर र ज्ञान हासिल गरेर सही बाटोमा हिँड्न उत्सुक व्यक्तिलाई यस्तो गम्भीर र जटिल विषयमा पौडिन पाउनु गौरव र सौभाग्यको कुरा हो । यस पथमा अडिग र दृढ पथिक नै महान् हुन्छन् । तर व्यक्ति पूर्णता, परिपक्वतामा पुगेर मात्र समाज र राष्ट्रलाई देन दिन समर्थ हुन्छ । अपरिपक्व र अपूर्ण अवस्थाको मानिसको एउटा लक्षण हुन्छ- जसको कुरा र तर्क सुन्यो, उसैसँग प्रभावित हुने । जस्तो परिस्थितिमा पऱ्यो, त्यसैबाट उत्प्रेरित हुने । यस्ता मान्छेहरू प्रत्येक तर्क र परिस्थितिका विभिन्न उतारचढावमा डुब्ने र उत्रने गरिरहन्छन् । छिन्-छिन्मा मार्ग र विचार बदलिरहन्छन् । यो स्थिति राम्रो होइन ।



अध्ययनलाई परिपूर्ण नगर्दै यो खराब र यो असल, म यो पक्ष वा ऊ पक्षमा भन्ने किटानसाथको अभिव्यक्तिले मानिसलाई छिन्-छिन्मा बदल्ने र अन्यमनष्क एवम् अस्थिर चरित्रको बनाइदिनेछ । यस्तो स्थितिबाट बच्न तिमी सतर्क रहनेछौ भन्ने कुरामा मलाई विश्वास छ ।

तिमी म यही भइसकें, मैले यो निश्चित गरिसकें भन्ने अर्थ दिने खालका अभिव्यक्तिहरू नदेऊ । सबैसँगको कुराकानी र पत्राचारमा विभिन्न जिज्ञासा र छलफललाई कायम राख । अहिल्यै नै विवादास्पद कुरामध्ये कुनै प्रति पनि तोकुवा र ठोकुवा गरेर आग्रह नराख ।

एउटा रमाइलो प्रसङ्ग कोट्याऊँ है त- एउटा किशोर यौवन, उमङ्ग र उत्साहले भरिपूर्ण हुन्छ । प्रत्येक हेराइमा ऊ आफूलाई राम्रा लाग्ने किशोरीप्रति आकर्षित हुन्छ र नजिक जान्छ । यतिसम्म त ठीकै छ, तर प्रथम आकर्षणमै 'तिमीलाई माया गर्छु', 'म तिमीसँग विवाह गर्छु' भन्दै जान लाग्यो भने त्यो किशोरको चरित्र र स्थिति कस्तो होला, सोच त !

प्रकाश, अन्यथा सम्झँदै नसम्झनू, यो त खालि तिमीलाई पत्र लेख्ने एउटा विषय बनाएको मात्र हो । अझ धेरै कुराहरू लेख्ने इच्छा थियो तर अब अरू काममा जानु छ । अरू कुरा फेरि अर्को पत्रमा । तिमी पनि फुर्सदमा मसँग यस्तै-यस्तै विषयमा छलफल गर्दै पत्राचार गर्न सक्दछौ ।

स्नेही

२०३७ मंसिर ५ (सन् १९८१) कमलराज रेग्मी

## ५.

## धन हैन, पुस्तक सङ्ग्रह गर

**छोरा प्रकाश,**

तिमीले पत्रमा लेखेका विचार र सुझावहरू अति राम्रा छन् । तिम्रो समाजसेवा गर्ने उद्देश्य अति राम्रो छ । म निकै प्रसन्न छु । तिमी सक्षम र सृजनशील भएपछि मात्र समाजसेवा गर्ने अधिकारी हुन सक्छौ । जीवनका विभिन्न समय, परिस्थिति र स्थानमा आफू स्वावलम्बी बन्दै तत्कालीन समाजका आकांक्षा र आवश्यकतालाई पूरा गर्न सहयोग गर्ने प्रयास गर्नु समाजसेवाको थालनी हो । यदि तिमी परावलम्बी र लङ्गडो भयौ भने समाजले नै तिम्रो भार बोक्नुपर्ने हुन्छ । यस्तो कुरा तिमीले बुझेकै छौ ।

मेरा बारे तिम्रो विचार मैले सोचेजस्तै नै छ । मेरो जीवनमा कैयौँ अपूरा कुराहरू छन्, अब तिमी सहयोगी र पूरक बनेर त्यसलाई पूर्ण बनाउन सकियो भने त्यो पनि समाजको पक्षमा एउटा राम्रो देन हुनेछ । विचारप्रधान पत्रिकाको प्रारम्भ आफ्नो अनुकूल समयमा जति सक्यो चाँडो गर्नु राम्रो, यसमा मेरो पनि पूरा सहयोग पाउनेछौ । त्यस्तो पत्रिकालाई जहाँबाट, जहिलेसुकै प्रारम्भ गरे पनि पछि आफू जहाँ गयो उहीँ लैजान सकिन्छ ।

अहिले त्यहाँ तिमीहरूले निकालेको हस्तलिखित पत्रिकालाई नै आफ्नो परिकल्पनाअनुसार सुसज्जित पार्ने अनि त्यहाँका, नेपालका र अन्यत्रका पाठकहरूको पनि आकर्षण पैदा गराएर उनीहरूका मागअनुसार छपाउने काम गरे पनि हुन्छ । तर त्यसो गर्न तिमीलाई अतिरिक्त समय र साधन-स्रोतको आवश्यकता पर्दछ । त्यसैले अहिलेलाई वार्षिक, अर्धवार्षिक वा त्रैमासिक बनाएमा सम्भव र व्यावहारिक हुन सक्छ । तिम्रो यो योजना कार्यान्वित भएको अवस्थामा यहाँ नेपालबाट जम्मा गर्नुपर्ने सामग्री र तिनको सम्पादनको काम मबाट लिन सक्नेछौ । तर मसँग मिलेर काम गर्दा पत्रिकाको स्तर उच्च र गम्भीर हुनुपर्दछ र कुनै पक्षतिर ढल्केको र गालीगलौजको भाषा प्रयोग गरिएको हुनुहुँदैन । विचारहरू आकर्षक शैलीमा आफ्नो देश र समाजलाई समुन्नतिको दिशातिर अग्रसर गराउने हुनुपर्दछ । यससम्बन्धमा हाम्रा अरु विचार आदानप्रदान पनि भैरहनुपर्दछ ।

तिम्रो इच्छाअनुसार सानोतिनो पुस्तकालय तयार हुँदै छ । तिमीले पनि समय-समयमा पुस्तक जम्मा पारेर पठाउने काम गर्नेछौ भन्ने आशा लिएको छु । भेट्टाइएका पुस्तकभन्दा चुनेर (छानेर) संगालिएका पुस्तक मूल्यवान् र उपयोगी हुन्छन् । धनको भन्दा पुस्तकहरूको सङ्ग्रहले मानिसलाई उचाइमा पुऱ्याउँछ । यसकारण धनको भन्दा पुस्तकको सङ्ग्रहतर्फ ध्यान देऊ ।

स्नेही

२०३८ बैशाख ३ (सन् १९८२) कमलराज रेग्मी

## ६.

## गोर्कीकी 'आमा' र भट्टराईकी 'बोई'

**प्रिय प्रकाश,**

तिम्रो पत्रको प्रत्युत्तर दिन ढिला भयो, मेरो कुनै निश्चित व्यस्तताले पनि होइन, कुनै खास काम पनि छैन । अति जाडो छ, भेट्न आउने मान्छे भइरहन्छन् । दिनहरू केही अप्ठेराजस्ता भए पनि बितिरहेकै छन् ।

तिमी र साथीहरूले रामचन्द्र भट्टराईको 'बोई' (आमा) बारे लेखेको प्रतिक्रियामा मेरो राय मागेका रहेछौ । सर्वप्रथम त कुनै पुस्तक पढेर समीक्षा गर्न थाल्नु नै अध्ययनको उपयोगी र आवश्यक विधि अपनाउनु हो । तिमी अब यो विधिलाई आफूले पढ्ने प्रत्येक पुस्तकमा कायम राख । पुस्तक पढेपछि लेख्ने गर । त्यसका विशेषता, त्रुटि र उपयोगिताजस्ता पक्षको विश्लेषणबाट अनुपयोगी पुस्तक पढ्नबाट छुट्कारा पाउन पनि सकिन्छ । मैले पनि जेलमा बस्दा पढेका पुस्तकहरूको बारेमा यस्तै प्रतिक्रिया

र टिप्पणी लेख्ने गरेको थिएँ । आजभोलि त्यो दोहोऱ्याउँदा आनन्द आउँछ । पढेका कुराबारे मात्रै प्रतिक्रिया लेख्ने नभई अझ देखेका कुराहरू क्रमबद्ध सुरक्षित राख्दा ती इतिहासका पानाजस्तै पछि उपयोगी हुनेछन् ।

अब 'बोई' बारे तिमीहरूको प्रतिक्रियाका सम्बन्धमा मैले ठीक-बेठीक भनेर सोझै भन्नु राम्रो हुँदैन । एकातिर 'बोई' लेखिएको पृष्ठभूमि र उद्देश्य, अर्कातिर तिमीहरूको भर्खरको कलकलाउँदो राजनीतिक उत्कण्ठायुक्त स्थिति, बाह्य देश अनि समाजको वातावरणमा रमाउँदो मनोवेग, आफ्नै देशको राजनीतिक र सामाजिक अप्ठेराका सम्झनाहरूले आक्रान्त (आकृष्ट) चिन्तन र म- यसरी हामी त्रिकोणमा स्थित बिन्दुहरू हुन पुग्दछौँ । पुत्रलाई पिताले अनुशासित गर्ने विषय बेग्लै हो । यहाँ त तिमी र म समानान्तर कोण (दृष्टिकोण) मा स्थित व्यक्तित्ववान् बिन्दु हौँ । हामीले आफूले सिर्जेर पालेका धारणाका धरातलमा दृढ भएर उभिन हिम्मत गर्नुपर्दछ । तिम्रो धारणालाई कसैले लल्कार्न नसकोस्, लल्कारिहाल्यो भने सामना गर्न तिमी समर्थ होऊ । तिमी सही धारणावान् होऊ ।

'बोई' बारे यसका लेखकसँग मेरो लामो छलफल भैसकेको छ । धेरै पहिलेको गाउँघरको विषयवस्तु र व्यवहारको चित्रण, तर केही 'थिङ्किङ' र 'एक्सन' (आज होइन, व्यवहारतः धेरै दिनपछि सम्भव हुन सक्ने) को शैलीमा देखाउन खोजिएको छ । आवेश र आवेगमा पढ्दा वा भावुक भएर सोच्दा सबै ठीकजस्तो लाग्छ । छ्याङ्ग भएर, गम्भीर बनेर सोच्दा कुराहरू कति ठाउँमा मिलेका छैनन् ।

नेपालका पुराना सामन्त शोषकहरूले आफ्नो रूप (मुकुण्डो) बदलिसकेका छन् । यहाँ अहिले हलेलाई जन्माउने र कुज्याउने फटाहाहरूको समाजमा प्रभुत्व छैन, कतै कुनाकाप्चामा अपवादको रूपमा मात्र बाँकी होला । आज त यहाँ ती शोषक-सामन्तहरूको उत्तराधिकारीको रूपमा कालाबजारी, चोरबजारी गर्नेहरू, मूर्ति र चरेश-गाँजा अफिम निकासी गर्नेहरू, घूस र कमिसनको चक्करमा परेर कमसल निर्माण गर्ने इन्जिनियरहरू र पिछडिएको रोगी देशका दयनीय मानिसहरूको बाध्यतामा उनीहरूलाई लुट्ने डाक्टरहरूको जमात खडा भएको छ । तिमी पनि डाक्टरी पढ्दै छौ । तर



अहिले यहाँका धेरैजसो डाक्टरहरू निर्मम व्यापारी साबित भएका छन् । रोगी मान्छेप्रति रुखो व्यवहार र 'फी' को दोहन (शोषण) गर्छन् । सम्भवतः त्यहाँ, सोभियत रूसमा, डाक्टरी पेसालाई 'सेवा' र 'उद्धार' को रूपमा लिइन्छ । त्यसैले नै रूसमा पढेर आउने डाक्टरहरू नेपालमा 'असफल' रहन्छन् ।

यसरी प्राविधिज्ञहरू, ठूला-ठूला ठेकेदारहरू, भ्रष्ट राजनीतिक नेता र प्रशासकहरू तथा यिनका दलालहरूको एउटा समष्टिगत वर्ग तयार भएको छ । यस किसिमले विकसित भएको स्थितिलाई 'बोई' मा चित्रण गर्दै ल्याउन सकेको भए साँच्चै कमाल गर्थे रामचन्द्रले । मैले उनलाई भारतीय पृष्ठभूमिमा लेखिएको वंकिमचन्दको 'गण देवता' भन्ने उपन्यास पढ्ने सल्लाह दिएको थिएँ । त्यसमा सामाजिक-आर्थिक क्षेत्रमा जनताको वर्ग र विचार कसरी परिवर्तित भएको छ, त्यो क्रम अति सुचारु ढंगले प्रस्तुत गरिएको छ । उनले त्यो पुस्तक खोजेर पढेपछि मैले भनेका कुरालाई राम्रै मानेका छन् । गोर्कीको 'आमा' नै हेर न, कति समयसापेक्ष, कति गतिमान् छ । भावना र चिन्तनका झरनाहरू वास्तविक धरातलमा कति सशक्त भएर गन्तव्यमा बगिरहन्छन् । आजसम्म बगिरहेछन्, सधैँ बगिरहनेछन् । गोर्कीको आमाको माया सदा अमर छ । तर रामचन्द्र भट्टराईको 'बोई' सधैँ विगतको स्थितिमा मात्रै अल्झिरह्यो । अगाडि बढेर आजसम्म बग्न अझ भोलि-पर्सिसम्म बगिरहन सक्ने हुन सकेन ।

फेरि आजभोलि 'क्रान्ति', 'सङ्घर्ष' भन्ने शब्दहरूको प्रचुर प्रयोग गरिन्छ । हाम्रा देशका बैसालुहरू कविता, कथा, उपन्यास र नाटकहरूमा क्रान्ति र सङ्घर्ष गराउन सफल हुन पाए समाजवादी राज्य स्थापना गरेको सन्तोष लिन बेर मान्दैनन् । पुस्तक-साहित्यमा मात्र गरिने 'क्रान्ति' र 'सङ्घर्ष' (जसले समाजमा, जनतामा आवश्यकता र औचित्यपूर्ण ढंगबाट वास्तविक रूप लिएका छैनन् र लिन सक्दैनन् पनि) नपुंसकका सुन्दर सन्ततिहरूलाई सिँगारपटार गर्ने तरखर गर्नुजस्तै हो ।

जनपक्षलाई आधार बनाएर लेख्ने काममा 'बोई' एक्लै छ । तुलना गर्नलाई उसको अर्को साथीसम्म पनि छैन । रामचन्द्रले जो प्रयास र साधना

गरे, त्यति पनि यहाँ अरुले गरेका छैनन् । समाजवादी क्रान्तिको देशका गोर्कीको 'आमा' (बोई) हाम्रो जस्तो पिछडिएको देशको उद्बोधन हो । महागरिब भए पनि अरुका स्वर्गीय सुखप्रति लालायित भएर त्यस्तै सुखको आकाङ्क्षा गर्नु (नपाए पनि) मानवीय स्वभाव त हो । यस्तै आकाङ्क्षा र आवश्यकताले मानिसलाई सोद्देश्य कर्मशील बनाएर अघि बढाउने गर्दछ भन्ने वास्तविकता नै अहिलेको हाम्रो सन्तोष या सन्दर्भको तृप्ति हो भन्दै यो प्रसङ्गलाई यहीं अन्त गर्दछु ।

तिम्रो जिज्ञासाले यति भए पनि मलाई लेखायो, धन्यवाद ! सम्भवतः केही महिनाभित्र मेरा वैचारिक लेखहरू तयार भैसक्नेछन् । आजभोलि म यही तरखरमा छु । तिम्रो उज्ज्वल भविष्यले सिँगारिएका उत्साही सङ्गी-साथीहरूलाई मेरो सस्नेह सम्झना सुनाइदिनू ।

स्नेही

सन् १९८२, फेब्रुअरी ७ कमलराज रेग्मी

७.

## म र बीपी कोइराला

**प्रिय प्रकाश,**

तिम्रो पत्र आएको बेला एउटा समारोहजस्तै हुन्छ घरमा । त्यसकारण समय-समयमा पत्र लेख्न अल्छी र कन्जुसी नगर । फेरि यी पत्रहरू दुवैतिर सुरक्षित राखियो भने भविष्यमा एउटा इतिहासजस्तै बन्दछ । यहाँ तिमीले पठाएका पत्रहरू सबै सुरक्षित छन् । तिमी पनि यताबाट पठाइएका पत्रहरू क्रमबद्ध रूपमा सुरक्षित राख्ने गर ।

बीपी कोइराला सिकिस्त बिरामी छन् । कोइराला अन्तर्राष्ट्रिय प्रजातान्त्रिक समाजवादी राजनीतिक चिन्तनको नेपाली शैलीलाई प्रतिनिधित्व गर्छन् । उनी फ्रायडवादी यौन मनोवैज्ञानिक साहित्यका सिद्धहस्त लेखक पनि



हुन् । उनको व्यक्तित्व भारतका साथै पाश्चात्य राष्ट्रहरूमा समेत प्रशंसित छ । उनी नेपालको राजनीतिमा विवादास्पद रहँदारहँदै पनि सदा चर्चित छन् ।

म श्री ३ पद्म शमशेर जबरा प्रधानमन्त्री हुँदा ऐतिहासिक 'जयतु संस्कृतम्' आन्दोलनमा भाग लिएर राजनीतिमा अगाडि बढ्दै गएको थिएँ । बीपी कोइरालासँग मेरो उनी नेपालको जेलमा परेको, बिरामी भएको र अनशन गरेर छुटेको समयमा, अनि फेरि वनारसमा भेट भएको थियो । २००८ सालमा बीपी गृहमन्त्री हुँदा म जेल हालिएँ । २००९ सालमा मेरै नेतृत्वमा पाल्पामा बीपीको अति ठूलो विरोध गरियो । २०१५ सालमा संसद्मा हाम्रो फेरि भेट भयो । हाम्रो राजनीतिक कुरा हुन्थ्यो, तर विचार मिल्दैन थियो । बीपीको दृष्टिकोणमा संसारका सबै कम्युनिष्टहरू खराब हुन्छन् र एक पटक कम्युनिष्ट भएको मान्छे सधैं कम्युनिष्ट रहन्छ भन्ने थियो ।

पञ्चायत व्यवस्थामा चार वर्षको जेलजीवनपछि म पञ्चायतमा लागेँ । आठ वर्षको जेलजीवनपछि बीपी भारत स्वनिर्वासित भए । पञ्चायतमा काम गर्दा मैले राजनीतिक शैलीबाट बीपी कोइराला र उनको पार्टी नेपाली काङ्ग्रेसको निकै विरोध गरेको थिएँ । उनीहरूले पनि मलाई आफ्नो विरोधीको प्रतीकको रूपमा लिने र मप्रति त्यस्तै धारणा राख्ने, व्यवहार गर्ने गरेका थिए ।

अहिले २० वर्षपछि अमेरिकाबाट गलाको दोस्रो अप्रेसन गरेर फर्केका बीपी कोइरालासँग उनकै निवासमा मेरो एक घण्टा जति भेट र कुराकानी भएको थियो । म र बीपीबीच भएको त्यो कुरा 'राष्ट्रपुकार' ले छापेको पनि थियो । अब फेरि एक-दुई दिनमा बीपीलाई हेर्न जाने विचार गरेको छु । विमलाले पनि जान्छु भनेकी छन् । मिले र पाए छोरीहरू पनि बीपीलाई हेर्न जान इच्छुक छन् । अब त हेर्ने मात्र हो, कुरा गर्न त उनी असमर्थ भैसकेका छन् ।

आजलाई यत्ति ।

स्नेही

२०३९ जेठ २८ (सन् १९८३) कमलराज रेग्मी

## ८.

## देशको राजनीति अन्यौलपूर्ण छ

**प्रिय प्रकाश,**

हामीले सरितासँग पठाएका पत्रहरू पढ्यौ होला । डा. रामेश्वरले लिएर आएको पत्र पनि प्राप्त भयो । यस पत्रमा पनि देश र जनताका सुख-दुःखका अवस्थाबारे रूस र नेपालबीच तिम्रो तुलनात्मक विवेचना पढ्न पाएँ । साथै जनजीवनको उत्तम उपलब्धिका निमित्त चाहिने आवश्यक परिवर्तन ल्याउने काममा तिमी तयार हुन लागेको भावनासमेत त्यस पत्रबाट अवगत गरें । यसरी तिमी राजनीतिक रूपले समेत विचारक र चिन्तनशील हुन लागेको पाउँदा मलाई हार्दिक प्रसन्नता र सन्तोष भैरहेको छ । मेरो कामना छ- तिम्रो यस किसिमको जागरुकता समयसँगसँगै गम्भीर, यथार्थवादी र पाको बन्दै जाओस् ।

पढाइका अतिरिक्त तिम्रो रूस बसाइको सदुपयोग अरू केमा हुन सक्छ भन्नेबारे केही चर्चा यसअघिका पत्रहरूमा पनि गरिएको थियो । त्यहाँ तिमी विभिन्न देश र क्षेत्रका व्यक्तिहरूका बीचमा छौ । कला, साहित्य, सङ्गीत, खेल र अन्य मानवीय आकाङ्क्षाका विषयवस्तुको साधनागत उद्देश्य लिएर मित्रता, परिचय र सङ्गत गर्नु पनि एउटा उपलब्धि नै हुनेछ । व्यक्ति आफैँमा मूल विषयको साधनाको साथै कला, साहित्य आदि कुनै न कुनै अथवा धेरैजसो विषयको माध्यमबाट पनि जनता र समाजलाई आकर्षित गर्न सक्ने हुनु एउटा वरदान नै हो ।

यहाँ तिम्रा दिदीबहिनी, भान्जाभान्जी र आमा सबैको तिमी एक्लो प्रिय पात्र भएर होला, उनीहरूको सम्पूर्ण ध्यान चिन्ता, कामना, भावना सदा-सर्वदा तिमीप्रति उन्मुख र केन्द्रित रहेको पाउँछु । यिनीहरूको सम्झना र यिनीहरूप्रतिको कर्तव्यले तिमीलाई आफूमा आनन्ददायी जाँगर र रमाइलो थपिइरहेको अनुभव हुनुपर्छ । तिमी अति परिश्रमी छौ भन्ने मलाई थाहा छ । मलाई चिन्ता एउटै मात्र कुराको छ, त्यो हो तिम्रो स्वास्थ्य ।



स्वास्थ्य राम्रो भएन भने जीवनका सम्पूर्ण कुरा पछि पर्दछन् । तिम्रो स्वास्थ्य पहिलेदेखि नै केही कमजोर हो । यससम्बन्धमा तिमी सावधान रहनेछौ । म आशा पनि गर्छु सोभियत रूसजस्तो देशमा स्वास्थ्य-विज्ञानका विद्यार्थी भएर तिमीले अवश्य पनि आफ्नो स्वाथ्य राम्रो पारेका हुनेछौ ।

मेरो राजनीतिक विचार र क्रियाकलाप अनि देशको राजनीतिक स्थितिबारे तिमीलाई बरोबर जिज्ञासा भैरहेको मैले अनुभव गरेको छु । देशमा दलहरू खुला नभए पनि अहिले जुलुस-प्रदर्शन, सभा-भाषण, आलोचना-विरोध गर्न छुट छ । पार्टीवालाहरूले भित्रभित्रै मिटिङ, सम्मेलन आदि पनि गरिरहेकै छन् । संविधान सुधारको प्रतीक्षा सबै राजनीतिक क्षेत्रले गरिरहेको छ । यसका निमित्त अहिले देशको राजनीतिक स्थिति अन्योलपूर्ण नै छ भन्नुपर्दछ । देशको अर्थव्यवस्था बिग्रँदो छ; महँगी, भ्रष्टाचार, असमानता झन् बढेको देखिन्छ । सामान्य वित्तीय स्थिति भएको नेपालको ठूलो जनसङ्ख्याको जीवन कष्टपूर्ण छ । त्यसमाथि भूकम्प, बाढी-पहिरोले त यहाँका मानिसको जीवनलाई परम दयनीय बनाएको छ ।

मैले अहिले कुनै उत्तरदायित्व लिएर राजनीतिक क्रियाकलाप गरिरहेको छैन । देश र पञ्चायतको स्थितिबारे कहिलेकाहीँ साथीहरू जम्मा भएर विचार-विमर्श गर्ने कार्यमा, त्यो पनि अग्रजहरूको आग्रहमा, सम्मिलित हुने गर्दछु । नेपालमा अझै पनि राष्ट्रलाई निश्चित दिशामा गतिशील बनाउने क्षमता भएका राजनीतिक पार्टी र व्यक्तित्व छैनन् । त्यस्तो ऐतिहासिक जनमत सङ्ग्रहको दौरानमा पनि कुनै राजनीतिक दल परस्परमा मिल्न सकेनन्, बरु टुक्रिए र अझै टुक्रिँदै छन् । अब सुधारिएको संविधान लागू भएपछि हुने निर्वाचन अर्को ठूलो घटना हुनेछ । यस क्रममा मैले के गर्ने भन्ने कुरा व्यक्तिगत रूपमा विचार गर्न सकेको छैन ।

स्नेही

२०३९ भाद्र ६ (सन् १९८३) कमलराज रेग्मी

९.

## तिमी मबाट स्वतन्त्र छौ

**प्रिय प्रकाश,**

राजनीतिक पिताको पुत्र भएर हो कि, तिमीले आजभोलि धेरै राजनीतिक विचार, चिन्तन र जिज्ञासा व्यक्त गर्न लागेको जस्तो पाउँछु। तिम्रो चिन्तनशील प्रतिभा प्रस्फुटन हुन लागेको थाहा पाएर मलाई अत्यन्त प्रसन्नता भएको छ। तिमी अहिले खूब अध्ययन गर। मार्क्स, लेनिन र समाजवादबारे तिमीले त्यहाँ अध्ययन गर्नै पर्दछ। त्यसै गरी निरपेक्ष भएर दुनियाँका अरु वाद र शास्त्रहरूको पनि यथासम्भव अध्ययन गर। तर के पनि नबिर्स भने तिमी अहिले विद्यार्थी मात्र हौ। जब तिमी विचारमा सक्षम हुन्छौ, तब आफ्नो जीवनपथ सजिलै रोज्न सक्दछौ।

राजनीतिमा लाग्ने-नलाग्ने, लागेमा कुन विचारको राजनीतिमा लाग्ने, यी सबै कुरामा तिम्रो विवेक र निर्णय उचित हुनेछ भन्नेबारे मेरो पूर्ण विश्वास छ। अतः तिमी मबाट स्वतन्त्र छौ। तिमीले मेरो राजनीतिक जीवनबाट सिक्ने कुरा केही होलान्, तर ममा भएका धेरै अवगुणबाट तिमीले सावधान भएर जीवनलाई उज्ज्वल गति दिन सक्नुपर्दछ। तिमीले मेरो विचार र जीवनक्रमको अनुशरण गर्ने बाध्यता छैन। मैले मेरा पिताजीको अनुशरण गरिनँ। तिमीले पनि मेरो भन्दा व्यापक महान् र उज्ज्वल मार्गको अनुशरण गर्नेछौ।

यी भए विचार मन्थन। तर यस बखत तिमी शरीर र उपचार विज्ञान (डाक्टरी) पढ्ने मूल कर्तव्यमा बाँधिएका अधिकारी हौ। यही नै सर्वप्रथम तिम्रो चिन्तन-मनन, विचार र व्यावहारिक क्रियाकलापको केन्द्रविन्दु हुनुपर्दछ। अरु सबै अहिले गौण विषय हुन्, अर्थात् मूल कर्तव्य पालनाका निमित्त सहयोगी मात्र हुन सक्दछन्।

स्नेही

२०३९ आश्विन २ (सन् १९८३) कमलराज रेग्मी



१०.

## बीपीको निधन र पिछडिएको नेपाल

**प्रिय प्रकाश,**

रत्न पौडेलसँग पठाएको पत्रमा अब लेख्ने पत्रमा राजनीतिक कुरा लेख्नेछु भनेको थिएँ। यो पिछडिएको र अभावग्रस्त गरिब देशको राजनीतिबारे विचार गरेर लेख्न बस्दा लेख्न खोज्ने मान्छे नै जिल्लिनुपर्दछ।

राजनीति त राष्ट्रको उत्थान, समाजको सुधार र उन्नति, जनताको सुख-सुविधा र सर्वतोमुखी विकासको निमित्त राज्य व्यवस्था सञ्चालन गर्ने निश्चित सिद्धान्त र दर्शन अनुशरण गर्नु, त्यसअनुरूपको कार्यक्रम बनाउनु, त्यस्तै संगठन बनाएर चिन्तन-मनन र विभिन्न क्रियाकलाप गर्नु, आवश्यक पर्दा ठूला-ठूला दुःख-कष्ट झेल्न सक्नु र आफूले अपनाएको राजनीतिक सिद्धान्त, दर्शन र व्यवहारको आदर्श पक्ष स्थापित गर्नु आदि-आदि हो। प्रकाश ! समष्टिलाई लिएर गरिने यस्तै-यस्तै कुराहरूले राजनीति गर्ने व्यवहार बुझाउँदछ कि जस्तो मलाई लाग्दछ। व्यक्तित्वको उन्मुक्ति, पाश्चात्य प्रजातन्त्र, सामाजिक उत्थान, समाजवादी दिशा र राष्ट्रिय निर्माण, संरक्षण तथा संवर्द्धन, पिछडिएका, अविकसित, कमजोर राष्ट्रहरूको चिन्तन- विश्व परिप्रेक्षका यी राजनीतिक प्रवाहलाई अध्ययनमा लिँदा यिनैभित्रका शाखा-प्रशाखा, अन्तर्विरोध र विकृतिहरूका जटिलताले जेलिएको स्थिति पनि हाम्रा अगाडि छँदै छ।

राजनीतिक जागरणमा धेरै-धेरै पछाडि परेको नेपाल चिन्तन-मनन र व्यवहारमा पनि पछाडि पर्नु अस्वाभाविक होइन। नेपालमा राष्ट्रिय निर्माण, संरक्षण र संवर्द्धनको कुरा पनि उठ्यो कुनै बेला। सामाजिक र आर्थिक न्यायका कुरा पनि नझिकिएको होइन कुनै समय, तर अहिले नेपालमा मान्छे दगुरेको छ एक्लै व्यक्तिगत निहित स्वार्थलाई लिएर। व्यक्तिको उन्मुक्तिको लक्ष्य स्वतन्त्रताको आदर्श र पाश्चात्य पुँजीवादी स्वस्थ प्रवृत्तिलाई लिएर होइन, जसले पुँजीवादी शोषण गरेरै भए पनि देशमा केही न केही

औद्योगिक र व्यावसायिक उत्थान गर्दछ त्यसमा केन्द्रित भएको छ । यहाँ त घृणित, सामाजद्रोही, देशमारा उपाय अपनाएर व्यक्ति धनी बन्न र छाडा बन्न खोजिरहेको छ ।

चरेस-गाँजा आदि लागूपदार्थ उत्पादन गर्नु र बेच्नु, प्राचीन मूर्ति, इतिहास र संस्कृतिका गौरवपूर्ण कलाकृतिहरू चोर्नु, तिनको अवैध निकासी र आयात व्यापार गर्नु, मित्रराष्ट्रबाट अनुदान, सहयोग र ऋणमा प्राप्त विकास निर्माणका रकमहरूमा भयङ्कर भ्रष्टाचार गर्नु, राष्ट्रिय सम्पत्ति, देशका वनजङ्गल, उद्योग व्यवसायलाई बिगारेर पनि व्यक्तिका निहित स्वार्थ पूर्ति गर्नु, जनताका दैनिक आवश्यकताका उपभोग्य वस्तुहरूमा कृत्रिम अभाव पैदा गरी महँगी बढाउनु, घूस खानु र ठग्नु आदि-आदि काम गरेर आज यहाँ मान्छे धनी र सभ्य बन्न खोजिरहेछ । प्रकाश, नेपाली समाज र व्यक्तिलाई अन्धवेगमा यही विकृत संस्कारले जेलिरहेको, अल्झाइरहेको, उचालिरहेको र पछारिरहेको छ ।

आज नेपालको समाज, राजनीति र सत्ताको बागडोर यिनै विकृत संस्कारधारीहरूको हातमा छ । यहाँका विविध र विभिन्न राजनीतिक संस्था, संगठन, समूह, दल, पार्टी, समाज र व्यक्तिहरू; चाहे ती क्रान्तिकारी, सङ्घर्षशील, लडाकू, सुधारवादी, प्रगतिशील, प्रजातन्त्रवादी, समाजवादी, साम्यवादी, प्रतिक्रान्तिवादी, प्रतिक्रियावादी अथवा जेसुकै परिचयका हुन्; सबैलाई चाहेर-नचाहेर, जानेर-नजानेर यही विकृत संस्कारका कीराहरूले कुनै न कुनै कुनाबाट टोकिरहेका र प्वाल पारिरहेका छन् । अहिले यहाँ त्यो विकृत संस्कार र चरित्रको घनघोर वर्षा भैरहेछ । र, नेपाली आकाशतलको राजनीतिक धर्तीमा कसैले चाहोस्-नचाहोस्, मान्छे भिजिरहेछ ।

यहाँ त्याग, बलिदान र आदर्शका उज्याला सन्दर्भहरू नजन्मेका होइनन् । त्यस्तै गरी उत्साह र साहसका गाथाहरू पनि नरचिएका होइनन् । यहाँ पनि अनन्त र अनवरत प्रायसहरू भैरहेका छन्, मान्छेलाई साभ्रा बनाएर उन्नत र शान्त बाटोतिर डोऱ्याउने । तर तिनीहरूले आफ्नो बोली स्पष्ट्याउन सकेका छैनन् भने यहाँका मान्छेले बुझिरहेका छैनन् । यहाँ अन्याय र अत्याचारको प्रतिरोध गर्न जनता र समाज किन हो अघि सर्दैनन् । यहाँ



महान् कहलाउनेहरू कोठामा कुरा गरेर पग्लिदिन्छन् र सिद्धिन्छन् । यहाँ क्रान्तिकारी भनिनेहरूले नबुझिने, अव्यावहारिक, असम्बन्धित कुरा गरेर बितरा पार्छन्, मझधारमा लगेर डुबाउँछन्, आफैँ अकाल काल कवलित हुन्छन्, अथवा एक-आपसमा हानाहान गरेर क्षतविक्षत हुन्छन् ।

प्रकाश, तिम्रा साथीहरू त्यहाँबाट वर्षौंवर्षको साहस, उत्साह र आशा सँगालेर, के-के न गरौँला, गर्न सकौँला भनी विशाल छाती बनाएर आउँछन् । गहन सिद्धान्त र दर्शनको अध्ययन-मनन गरेर आफ्नो देशका दाजुभाइ-दिदीबहिनीहरूलाई कति-कति ज्ञान र भावना बाँडौँला भनेर कत्रो उदार मन र महत्वाकाङ्क्षा लिएर यो भूमिमा नियाल्न थाल्दछन् । संसारभरिका ज्ञान, विज्ञान, प्रविधि, उद्योग, उन्नतिका चमत्कारको झलक र कतिपय अनुभव पाएका तिम्रा साथीहरू आफ्नो देशमा एउटा उज्ज्वल भविष्यको सपना साकार बनाउन पाउने आशामा क्रियाशील बन्न तरखर गर्दछन् । त्यस बेलामा तिनीहरूले सोच्दै नसोचेको र चिताउँदै नचिताएको परिस्थितिले एउटा विकराल बोक्सीले जस्तै तिनीहरूलाई गाँज्दछ । उनीहरूको मनस्थिति अक्क न बक्क हुन्छ । आउँदा ताकाको उनीहरूका प्रफुल्ल चेहरामा हताशा र निन्याउरोपना देखिन थाल्दछ । उनीहरूले देश र समाजमा देखिएका जुन खराबीलाई जित्ने विचार गरेका हुन्थे, आखिरमा त्यही खराबीबाट पराजीत भएका र तिनै खराब मान्छेहरूका पछि लागेका अथवा तिनीहरूभन्दा खराब बन्न उनीहरूसँगै प्रतिस्पर्धा गर्न बाध्य भएर यही परम्परागत समाजमा विलीन भैदिनुपर्ने अवस्थामा पुगेका हुन सक्छन् ।

२०३६ सालको जनमत सङ्ग्रहको घोषणापछि राजनीतिक क्षेत्रमा राजनीतिक मान्छेहरूले समूह, प्रतिबन्धित पार्टी, पुरानो पार्टी, पहिलेको पार्टी आदि नामबाट दलीय व्यवस्थामा जस्तै क्रियाकलाप गर्दै आएका छन् । जुलुस, भाषण, सम्मेलनहरू हुन्छन् । अघोषित रूपमा पार्टी कर्यालयहरू खोलिएका छन् । गजब छ प्रकाश, अहिले यहाँ जति राजनीतिक स्वतन्त्रता छ त्यसको सयौँ-हजारौँ गुना अन्याय, अत्याचार, भ्रष्टाचार, अनियमितता, टाठाबाठा र बलियाहरूको थिचोमिचो र मनोमानी गर्ने स्वतन्त्रता पनि बढेको छ । यहाँ राजनीति गालीगलौजको छ, चिन्तन र सुधारको छैन । यहाँका पत्रपत्रिकाहरू

यति छाडा छन् कि वर्णन गरेर साध्य छैन । मान्छेहरू, राजनीतिक समूहहरू र दलहरूको परस्परमा यति असहिष्णुता र घृणा छ कि यहाँ सबै यो देश र समाजको सुधार एवम् उन्नति हुन नसकेकोमा एकले अर्कोलाई दोष दिने र जिम्मेवार ठह्याउने काम मात्रै गर्छन् ।

बीपी कोइरालाको हालसालै निधन भयो । उनले दलीय व्यवस्थामा आधारित पश्चिमा पुँजीवादी प्रजातन्त्रको बाटोमा देशलाई लैजान गलत-सही हरेक किसिमबाट काम गरे, तर प्रजातन्त्रको स्थापनापट्टि भन्दा साम्यवादको विरोधमा बढ्ता बल लगाए । यहाँ यो देशमा शोषित र उत्पीडितहरूको पक्षमा क्रियाशील रहने जति सबैलाई उनले 'साम्यवादी' र आफ्ना विरोधी देखे । तर पनि उनको मृत्युमा धेरै-धेरैले श्रद्धाञ्जली चढाए बीपी कोइरालाका बारेमा मैले लेखेको एउटा कमेन्ट छुट्टै पनि पठाइदिँदै छु ।

टंकप्रसाद आचार्य, दिल्लीरमण रेग्मी, मात्रिकाप्रसाद कोइराला, अहिले बैंककमा क्यान्सरको उपचार गराइरहेका केआई सिंह र अरु पनि बूढा राजनेताहरूले कोठामा कुरा गर्ने र समाचारपत्रमा वक्तव्य छपाउनेभन्दा बढ्ता काम गर्न सकेका छैनन् । अहिले बीपी कोइरालाको निधन भएपछि उनले पाएको श्रद्धा र सम्मान देखेका केही बूढाहरूले मर्नुभन्दा अगाडि जनपक्षीय क्रियाकलाप गर्ने चेतना आएको जस्तो देखाएका छन् । र, वर्तमान समस्याहरूलाई लिएर आन्दोलन गर्ने भनी टंकप्रसादको अध्यक्षतामा केही वामपन्थीहरूको संयुक्त मोर्चाजस्तै बनेको छ, कदम कसरी चाल्छन्, हेर्नु छ ।

सानो देश भएर पनि असंलग्न आन्दोलनमा नेपालको तर्फबाट स्व. श्री ५ महेन्द्र अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिष्ठा कमाउन सफल भएका थिए । अहिले पनि शान्तिक्षेत्र नेपाल बनाउने कुरा चलाइराखिएकै छ । लेबनानमा इजरायली आक्रमण, कम्पुचिया, अफगानिस्तान, फोकल्यान्ड आदि क्षेत्रका अन्तर्राष्ट्रिय समस्याहरूका अनुगुँजहरू यहाँ आउँछन् । यो देशको राजनीति स्थिर र उचित नभएका अवस्थामा बाह्य-विदेशी प्रभाव र दबाबहरू बढ्न थाल्छन् । यहाँ नेपालीहरूले चाहेको व्यवस्थाभन्दा कुनै बाह्य प्रभावशाली



शक्तिवान् राष्ट्रले चाहेअनुरूप गर्न बाध्य हुनुपर्ने आशङ्काले सचेत देशवासीको मनस्थिति त्रस्त रहने गर्छ । अहिले अन्तर्राष्ट्रिय जगत्मा भइरहेका घटना प्रवाहबाट नेपालका मान्छेहरू पनि चिन्तित देखिन्छन् नै ।

अहिले यो पत्रलाई यहीँ अन्त गर्दै छु । पत्रका कुराहरू नकारात्मक पक्षका मात्र छन् र त्यसको पनि लखेनशैलीमा क्रमबद्धता छैन । सकारात्मक पक्षका पनि अनगिन्ती कुराहरू छन् । मेरो इच्छा के हो भने, जस्तै अप्रिय र नमिठो सत्यलाई पनि धैर्यशील, अविचलित भएर अवबोध गर्न सिक्नु र सक्नुपर्छ । तिमीलाई यी कुरा मैले एउटा राजनीतिक मित्रको रूपमा लेखेको हुँ । तिमीले यो पत्रको प्रतिक्रिया-उत्तर मतभेद राखेर लेख्यौ भने पनि मलाई प्रसन्नता हुनेछ ।

सदा स्नेही

२०३९ आश्विन २९ (सन् १९८३) कमलराज रेग्मी

११.

## खराब कुरा जति घाँटीमै राख

**प्रिय प्रकाश,**

म भेलोर जानुअगाडि आएको तिम्रो पत्रको पनि सम्झना छ, जसमा तिमीले मेरो राजनीतिक जीवनबारे टिप्पणी गरेका थियौ र अहिलेको पत्रमा पनि फेरि केही कुरा लेखेका रहेछौ । तिम्रो पत्रमा व्यक्त कुराले मेरो राजनीतिक जीवन सन्दर्भमा देखिएका नराम्रा र असन्तुष्टिकारक पक्षले तिम्रो चिन्तनलाई पिरोलेको आभास दिएको छ । यस पटक त्यसैबारे केही कुरा लेख्न मन लागिरहेको छ ।

तिमीलाई पहिले पनि मैले लेखेको थिएँ, मेरा जीवनका असल लाग्ने पक्षमा ध्यान देऊ र सिक्न मिल्ने कुरा भए सिक । संसारमा कुनै पनि मानिसको जीवन र कर्म दोषविहीन अथवा त्रुटिरहित पाइँदैन । तिमीले मेरो जीवनमा दोषरहित पूर्णता खोज्नु तिम्रो आजको भावुकता, महत्वाकाङ्क्षा

र वातावरणले तिमीलाई दिएको दबाबको चाहना हो । तिमीलाई कहिलेकाहीँ लाग्दो हो, त्यो समाजवादी देशको वातावरणमा कसैले भनिरहेको छ- 'प्रकाश त एउटा पञ्चे अथवा गाउँफर्केको छोरो हो ।' तिमीलाई रहर लागेको हुन सक्छ, एउटा प्रकाण्ड विद्वान्, ठूलो लेखक या महान् क्रान्तिकारी नेताको पुत्र हुन पाएको भए कस्तो हुन्थ्यो ।

मैले जीवनमा के-के गरेँ र के-के गर्दै छु भन्ने कुरा तिमीलाई छर्लङ्ग छ । तिमीसँग के ठीक र के बेठीक भनेर कुराहरू केलाउनु आवश्यक छँदै छैन । म कसैसँग पनि आफ्नो बारेमा बयान गर्दिनँ र गर्न चाहन्न पनि । मेरो चरित्र र व्यवहार सबैका सामु खुला छ । त्यसबाट मानिसहरूले मलाई जे-जस्तो सम्झन्छन्, त्यो स्वीकार्य छ । तिम्रो पत्र पढ्दा मैले मेरो पञ्चायती जीवन र तत्सम्बन्धी कुनै विचारलाई लिएर तिमीले गम्भीरतापूर्वक केही गर्न अथवा नगर्न सुझाव दिन खोजेजस्तो बुझ्छु । केही समयआगाडिसम्म तिमी आफ्नो पत्रमा दुनिया, इतिहास, जीवन अनि वाद, सिद्धान्त, राजनीति आदिको अध्ययन गरिरहेको र कुनै एउटा पन्थ, पक्ष, वाद अथवा सिद्धान्त र कुनै निश्चित राजनीतिमा दीक्षित अथवा प्रतिबद्ध नभएको भनेर लेख्ने गर्दथ्यौ । तर पछि आएका तिम्रा दुई वटा पत्रमा देखिएको आग्रहले के अनुमान गर्न मिल्छ भने तिमी एउटा पक्षको अनुशासित कार्यकर्ता भैसकेका छौ । हुन त तिमी भएका छैनौ, मलाई थाहा छ, तर तिमीले कुरा भने भएकै जस्तै गर्न लाग्यौ । जसरी एउटा प्रतिबद्ध र अनुशासित सदस्य अथवा कार्यकर्ताले आफ्नो जमात बढाउन र अरुलाई प्रभावित गर्न तर्क, प्रमाण र अपील प्रस्तुत गर्छ, त्यसै गरी तिमीले मसँग पनि त्यस्तै कुरा भनेका छौ ।

मेरो विचारमा तिम्रो डाक्टरी पढाइको प्रथम खण्डको आधा अध्ययन सकियो, तर राजनीतिक पढाइको चौथाइ पनि सकिएको छैन । अझ राजनीतिक पढाइ 'फिल्ड' बाट मात्र सुरु हुन्छ भन्ने मान्यता राख्ने हो भने त तिमी अहिले राजनीतिक फिल्डमा पनि छैनौ । मेरो जीवन र विचार पक्षबारे तिमीले गरेको आलोचना र टिप्पणीको म खण्डन गर्न चाहन्न । तिमी ठीक हुन पनि सक्छौ, तर ठिक्कै कुरा पनि तिमीले आफ्नै विषयवस्तु र क्षेत्रमा गर्नुपर्दछ । दुनियामा हजारौँ ठीक कुराहरू छन् तापनि मानिसले



आफ्नै विषयको ठीक कुरालाई समात्नुपर्दछ, मेरो भन्नु यत्ति छ । तर तिमीलाई अझ पनि तिम्रो राजनीतिक निर्णय गर्ने क्षमता र समय भैसक्यो भन्ने लाग्छ भने मेरा निमित्त अत्यन्त प्रसन्नताको विषय हुनेछ, छोराले 'प्रौढ' र 'परिपक्व' भएर आफ्नो जीवनमार्ग पहिल्याएकोमा ।

म अहिले ५५ वर्ष पुगेको, ८० वर्ष पुगेकी रोगी आमाको सेवा गर्नुपर्ने, दुईवटी कलकलाउँदा साना छोरीहरूको पढाइ र भविष्यको चिन्ता गरिरहनु पर्ने, विगत र वर्तमानको परस्पर भिन्न राजनीतिक कृत्यको दायित्वको दबाबले दिएको व्यथा र पीडा सहन सक्नुपर्ने, यस्तै अरु पनि अनेकौं बोझका बीचबाट ठाडो शिर, खुला छाती पारेर निश्चिन्त र टेन्सनरहित जस्तै भएर हँसिलो चेहरा पारेर देखाउनुपर्ने एउटा पात्र छु । यस्तै अवस्थामा पनि अझै अगाडि हिँड्ने क्रमको कुनै भाग वक्तव्यबाजी र अन्तर्वार्ता, अनि सम्पादक बन्ने र प्रेस राख्ने आदि उपक्रम र अभिनय बनेर देखा पर्दछ । यत्ति हो, यो कुनै गम्भीरतम निर्णायक मोड होइन ।

तिम्रा केही अन्य धारणाबारे पनि केही भन्न मन लागेको छ । तिमी कहिले तिम्रा साथीहरूका बारेमा केही अठोटका कुरा भनिरहेका हुन्छौ त कहिले कुनै विषयमा कट्टर भएर कुरा गरिरहेका हुन्छौ । कसैका बारेमा जीवनभरको अत्यन्त आत्मीय र अपरिवर्तनीय साथी भनेर ठोकुवा गरेजस्तो गर्दछौ । प्रतीक्षा गर, तिम्रा यी धारणा र साथीहरू चाँडै-चाँडै नै परिवर्तित भइरहनेछन् । आज एउटै दिशामा हिँडिरहेका तिम्रा साथी भोलि भिन्न दिशामा मात्रै होइन, विरोधी दिशामा हिँडिरहेका हुनेछन् । तिमी नझस्क, मैले तिम्रो कुनै साथीका बारेमा कुरा गरिरहेको छैन । मैले त मेरो अनुभवको कुरा गरिरहेको छु । मेरो किशोर (युवक) अवस्थामा दुई-तीन पटक भिन्नाभिन्नै जमातमा औँला काटी सँगै मर्ने-बाँच्ने बाचा बाँधेर रगतले सहीछाप गर्ने साथीहरू मसँग अहिले एक जना पनि छैनन् । उनीहरू १० दिशामा १० तिर छन् । पहिले-पहिले मैले सोचेको कुरा सम्झेर आजभोलि हाँसो लाग्छ । तिमीले पनि आउने सालहरूमा यी अनुभवलाई भोग्नुपर्नेछ ।

तिमी आज रूसमा डाक्टरी पढिरहेको, २२ वर्षे उमेरको केटा छौ । जुन परिस्थिति, ठाउँ र समयमा रहँदा तिमी अहिले जे-जस्ता छौ, निश्चय छ ती

परिवेश बदलिँदा तिमी परिवर्तित हुनेछौ । तर म विश्वस्त छु, तिमीले आज समाजसेवा, मानवसुधार, राजनीतिक परिवर्तन र क्रान्तिसम्बन्धी जुन आधारमा आफ्नो चरित्र, व्यवहार, विचार र व्यक्तित्वको निर्माण र विकास गर्न थालेका छौ, त्यो तिम्रो जीवनमा सदा स्थिर भएर रहनेछ । तर तिमी फेरि एक पटक नबिर्स, तिमीले आफ्नो जीवनको कार्यक्षेत्रमा डाक्टर भएरै प्रयुक्त हुनुपरेको छ । तिमीले परिवार, समाज, राष्ट्र र अन्तर्राष्ट्रिय जगत्मा अनि पारिवारिक कर्तव्य, समाज सेवादेखि महान् क्रान्तिको अभियानमा हिँड्दासम्म पनि यही डाक्टरी सूत्र समातेर रोगी, अशिक्षित र भोका नेपाली भएका कुनाकाप्चाबाट विचरण प्रारम्भ गर्नुपर्दछ । यो संयोग, यो आवश्यकता र यो अनिवार्यता तिमी डाक्टरी विधामा दीक्षित हुनुको संयोग र सौभाग्यको निरूपण हो ।

अर्को कुरा, तिमीले पत्रमा चर्चा गरेझैँ राजनीतिक पक्ष, विपक्ष र बीच तत्वको बारेमा जे ध्यान दिने गरेका छौ, त्यो नेपाली राजनीतिक संसारका निमित्त कुनै वास्तविक तथ्य होइनन् । राजनीतिक क्षेत्रका क्षीण बिन्दुहरू विचरा जेनतेन जीउ पालेर बाँचेका छन् । तिनीहरूको प्रभावभित्र आकर्षित हुनु व्यर्थ छ, तर पनि तिमीलाई समेत त्यहाँ व्यवहारको बाध्यताले कति काम-कुरा त गर्नै पर्दछ ।

फेरि अर्को कुरा, तिमी आफ्ना मनभित्र उब्जेका र मस्तिष्कभित्र उम्रेका सबै कुरालाई बाहिर उकाल्ने गर्दछौ, त्यसो गर्नु हुँदैन । मन र मस्तिष्कमा रहेका सम्पत्तिहरूलाई अड्कलेर खर्च गर्नुपर्दछ । कति सम्पत्तिलाई सोझै नाङ्गो रूपमा खर्च गर्न पनि हुन्न । मन र मस्तिष्कमा कहिले विष पनि जन्मन्छ, कहिले अमृत पनि । विष जथाभावी बाहिर निकाल्दा धेरैको हानि हुन सक्छ, अमृत पनि जाथाभावी पोख्दा खेर जान सक्छ ।

हाम्रो पौराणिक इतिहासको एउटा अंश 'समुद्र मन्थन' मा विष र अमृतको सदुपयोगको राम्रो कथा छ । शिवजी महादेवले देवासुर सङ्ग्रामको सन्दर्भमा समुद्र मन्थनबाट निकालेको विषले दुनियालाई दग्ध गर्न लाग्दा त्यो विष उनी आफैँ पिउँछन्, तर पेटमा पुगेर उनलाई पनि पोल्न थाल्छ । फसाद पऱ्यो, बाहिर उकेलौँ दुनियालाई पोल्ने, पेटभित्र राखौँ आफू खत्तम



हुने ! अनि शिवजीले विष जति घाँटीमा सञ्चित गरेर राखे र नीलकण्ठ भन्ने नाम पाए । यो कथाको अर्थ के हो भने, मानिसले खराब कुरा पेट (मन) मा पनि राख्न हुन्न, बाहिर पनि उकेल्नु हुन्न । भित्र राखे आफूलाई पिर्छ, बाहिर फाले अरुलाई र प्रकारान्तरबाट आफैँलाई । त्यसै कारण कति कुरा घाँटीमै राख्नुपर्छ ।

उही स्नेही

२०३९ कार्तिक २१ (सन् १९८३) कमलराज रेग्मी

## १२.

## सबैलाई जित्ने तर पुत्रबाट पराजित हुने इच्छा

**प्रिय प्रकाश,**

तिमीले आफूले पहिले लेखेका कुरालाई फेरि आफैँ समीक्षा गरिरहेका रहेछौ । तिमीले कुनै खास बेठीक कुरा लेखेका थिएनौ । तिमीले मेरो बारेमा लेखेका कुरा नयाँ थिएनन् । अनेकौँले मलाई भनिसकेका छन्, मैले पनि महसुस गरिसकेको छु । त्यसमा कति व्यावहारिक छन् भने कति आदर्शवादी भावनाबाट प्रेरित । म त तिमीबाट के आशा गर्दछु भने तिमीले मेरो बारेमा बिल्कुल नयाँ र गम्भीर कुरा गर्नेछौ, जो कसैले पनि नगरेको होस्, जो संगत र परिस्थितिले मात्र उत्तेजित गराएर भनिएको नहोस् ।

सिद्धान्त, दर्शन र इतिहासको अध्ययन अनि समय, परिस्थिति र घटनाका प्रतिक्रिया र प्रभावहरूलाई आफ्नो विवेक र अन्तरात्माको कसीमा घोटेर हेर, जे परिणाम निस्कन्छ त्यो सत्य हो, यथार्थ हो । यहाँ इतिहास झुटो हुन सक्छ, दर्शनहरू विवादास्पद छन्, समय र परिस्थिति परिवर्तनशील हुन्छन् र घटनाहरू अपवाद पनि हुन्छन् । यिनीहरूलाई कोरा रूपमा हेरेर आफ्नो राय नबनाऊ, बनायौ भने तिमीले माफी माग्दै हिँड्नु र पश्चाताप भोगिरहनु पर्नेछ । मेरो तिमीप्रति यही एकमात्र कामना छ- 'सही धारणावान्

बन । तिम्रा मान्यता, स्थापना, आस्था र कथनलाई कसैले चुनौती दिन नसकून्, दिए भने पनि तिमी आफ्नो पक्षमा विजयी हुने गरी प्रतिवाद गर्न समर्थ होऊ ।'

तिमी मेरो तर्फबाट आफ्नो इच्छाअनुसार जीवनमार्ग चुन्न मुक्त र स्वतन्त्र छौ । 'सर्वतः विजयम् इच्छेत् पुत्राद इच्छेत् पराजयम्', अर्थात् अरु सबैलाई जित्ने इच्छा गरोस्, तर पुत्रबाट पराजयको इच्छा गरोस् । यो सुभाषित नीतिवचन हो । तिमी विद्या, विचार र चरित्रबाट समाज र देश-विदेशमा महान् देन दिन सक, ठूलो सफलता, सुख्याति र प्रतिष्ठा कमाउन समर्थ होऊ, मेरो सदा स्नेहमय शुभ-कामना छ । यस निमित्त तिमीलाई मबाट स्वतन्त्रता मात्र होइन, मसँग भएका मेरा सम्पूर्ण राम्रा अस्तित्वहरू (अनुभव, व्यक्तित्व, जो भएका भौतिक साधन आदि) जे तिमीलाई उपयोगी लाग्छन् र हुन सक्छन्, तिम्रो सहयोगका लागि तयार छन् ।

प्रकाश, अब तिमीले चिन्तन र अभिव्यक्तिको शैली बदल्ने कोशिश गर । सतहमा सजिलै देखिने वस्तुहरूमा नभुली गहिरिएर पींधमा पुगेर रत्नहरू निकाल्ने कोशिश गर । नयाँ किसिमले आकर्षक शैलीमा उदाहरण हुने र अरूले अनुकरण तथा अनुशरण गर्नुपर्ने कुराहरू भन्न, लेख्न र गर्न थाल । बरु कुराहरू बिल्कुलै कम गर, मीतभाषी बन । कहिले-कहिले तिम्रा पत्रमा ज्यादै सस्ता, सतही र हलुका कुराहरू रहन्छन् । एउटा नमुना लिऊँ- तिमीले तिहार (भाइटीका) को बारेमा कुरा लेखेका छौ, दिदी-बहिनीहरूले हेर्ने चिठीमा । भन त प्रकाश, तिमीले गर्न खोजेको क्रान्ति र तिम्रो वादको सफलतापछिको परिणाममा के परस्परमा आत्मीय प्रेम, स्नेह, सद्भाव र हृदयका अङ्गालाहरू रहनेछैनन् र ? महँगी, गरिबी, शोषण र रुढीलाई गाली गर्नु, सराप्नु एउटा अर्थ राख्ने कुरा हो, तर तिहारको यति राम्रो स्नेहमय, हार्दिक र रमणीय पक्षलाई त्यति सजिलै त्यसरी हल्का तौरमा अभिव्यक्त गर्दा र त्यसबाट उदासीन रहँदा तिम्रो सोचाइको परिणाम शुष्क हुन जान सक्छ । दिदीबहिनी र दाजुभाइको बीचमा पैसा र लेनदेनको भन्दा हृदय मिसाउने आँसु र हाँसोका सम्बन्धहरू छन्, तिहार त त्यसैको प्रतीक हो ।



पुराना संस्कृति र परम्परा सबै त्याज्य र खराब छैनन् । पुरानो भन्नेबित्तिकै सबै प्रकारको विरोध अनुचित हुन्छ । माओत्सेतुङका आखिरी चरणका पुरानालाई नष्ट पार्ने अभियानले मानिसलाई त्यति अपील गर्न सकेनन् र असफल भएको सबैले अनुभव गर्दै छन् । अरु पछि ।

स्नेही

२०३९ मार्ग २५ गते (सन् १९८३)    कमलराज रेग्मी

## १३.

## साँच्चै नै महान् र प्रतिष्ठाशाली तिम्री आमा

**प्रिय प्रकाश,**

यहाँ निर्वाचनका निमित्त तीनमहिने अन्तरिम सरकार बनेको छ । इतरपक्ष खासगरी नेपाली काङ्ग्रेसभित्र चुनाव लड्ने र नलड्ने अन्तर्द्वन्द्वले हुनसम्म अप्ठेरो पारेको छ । वामपन्थी अर्थात् समाजवादीहरू ज्यादै धेरै टुक्रामा विभाजित भएकाले प्रभावहीन छन् र यिनीहरूको कुनै भूमिका नै देखिँदैन । कार्यकर्ता र चेतनशील वर्गमा चुनावी चर्चा भए पनि आमजनता भने भारतमा जस्तो यहाँ आन्दोलित हुँदैनन्, भोट खसाल्न गैदिन्छन्; व्यक्तिगत, नातागत, जातिगत र स्वार्थगत आधारमा धेरैजसो । उम्मेदवारहरू एक सिटका लागि २०-२५ सम्म पनि हुने छाँट छ । चुनाव बहिष्कारको कुनै अर्थ होलाजस्तो लाग्दैन ।

म आनन्दमा छु । राजनीतिक क्रियाशीलता छैन भनूँ भने मानिसहरू भेट्न आउँछन्, गफ भई नै रहन्छ । तर मैले अपेक्षाकृत अरुको भन्दा राम्रो सम्भावना हुँदाहुँदै पनि चुनाव नलड्ने नै निश्चय गरेँ । कतिले आग्रह पनि गरेका थिए, मैले उचितै गरेँ जस्तो लाग्छ । मैले चुनाव लडेको भए तनाव, अनावश्यक खर्च र विनाअर्थको परिश्रम गर्नु पर्थ्यो । मान्छेका अनुचित आग्रह र आवश्यकताको बोझले थिचिनु पर्थ्यो । अनि फोहोरी हिलोमा जस्तै

मुछिनु पर्‍यो । साँच्चै नै चुनावको राजनीतिमा प्रशस्त फोहोरी मानिसहरू पनि उत्रिएका र तिनले चुनाव लड्ने शैलीलाई फोहोर बनाएका छन् । यी प्रवृत्तिका विरुद्ध केही विचार, चिन्तन, नीति एवम् कार्यक्रममा आधारित शैलीलाई लिएर जनतामा जाने जमर्को मैले पनि गर्न नखोजेको होइन तर म अवाञ्छित भएँ र एक्लो परेँ । छाडौँ यी कुरा, पार पाई नसक्नु छ ।

हृदयरोगीहरूको सेवा र उपचारका साथै तिम्रो विशेष अध्ययन एकाग्रता तथा निर्विघ्नतासाथ चलिरहेकै होला । तिम्रा कार्यमय अनुभवका भावपूर्ण कथाहरू सुन्न-जान्न हामीलाई इच्छा लागिरहन्छ, फुर्सदमा लेख्ने गर । हामीले तिमीलाई पीएच्डीसम्म पढ्ने सल्लाह दिएको भावुकतावश पनि होइन र बनावटी पनि होइन । उपयोगिता र आवश्यकताको कुरा पनि व्यावहारिक हो । तर प्रकाण्ड ज्ञान एवम् विद्वता अनि त्यही अनुसारको जीवनचरित्र र व्यवहार गर्नु मानिस हुनुको अर्थमा परम समुन्नति हो । आफ्ना सन्ततिहरूको सुस्वास्थ्य र समुन्नति नै मेरो र तिम्रो आमाको सबैभन्दा ठूलो चाहना हो ।

मेरो अथवा हाम्रो समस्या केही समय-परिस्थितिगत र केही मनोगत हुन सक्छन्, वास्तविक केही छैनन् । केही समस्या त मलाई आवश्यक नै पर्छन्, मेरै सक्रियताका लागि पनि । मेरो व्यापक सक्रिय जीवनको लामो यात्रा साँघुरिँदै जानु पनि मेरो मनोगत समस्या हुन सक्छ । लेनिन र महात्मा गान्धीजस्ता महान् युगका प्रेरणाबाट यात्रा प्रारम्भ गर्ने व्यक्तिलाई आज अनादर्श भौतिक युगको चपेटामा थिचिनु पनि समय र परिस्थितिगत समस्या हुन सक्छ । यी समस्याहरूलाई त मैले आफैँ बोकेर हिँड्नुपर्छ । अरु समस्याको कुरा केही छैन ।

मलाई सम्झना छ- तिमी ६ महिनाको मात्र हुँदा म जेल परेको थिएँ, तिमी र तिम्रा दिदीहरू (अरुणा र किरण) लाई तिम्री आमा विमलाले वनबाट दाउरा ल्याई बेचेर अनि अरुको घरमा काम गरेर पालेकी हुन् । यति मात्र होइन, म जेल नपर्दा पनि अघि र पछि भौतिक रूपले सधैँ नै अभाव रहन्थ्यो । तर विमला र मैले कहिल्यै पनि दीनता देखाएनौँ । हाम्रो भाव, अनुहार र व्यवहार हेरेर कसैले भन्न सक्दैनथे, हामीले दुःख पाएका छौँ



भनेर । यसको कारण थियो- म आफ्नै अध्ययन, समाज-जनता र राजनीतिको धुनमा मग्न र व्यस्त हुन्थेँ भने विमला मेरी सहयात्री थिइन् र अरू आफ्ना काममा समग्ररूपबाट व्यस्त र समर्पित रहन्थिन् । तब हामीलाई आफ्नो समस्यातिर हेर्ने र दुःखमा 'आत्थु-आह' गर्ने सम्झना र फुर्सद नै हुँदैन थियो । तिमी जान्ने भएपछिका कुरा सम्झ न, यस्तै होइन त हाम्रो जीवन क्रम ? तिम्री आमा त आज पनि उस्तै छिन्, विचरा पारिवारिक परिवेशभित्र बाँधिएकी ! सामाजिक, राजनीतिक क्षेत्रमा भएको भए उनी 'महान्' र 'प्रतिष्ठाशाली' हुने थिइन् ।

यी पुराना सम्झनाका गन्थनद्वारा भन्न खोजेको के हो भने, तिमी अथवा हामी कसैले पनि आज भौतिक परिवेशको, आर्थिक निर्वाहको समस्याबाट चिन्तित हुने र त्यसलाई आधार बनाएर समस्याग्रस्त भएको अनुभव गरी आफ्ना महान् उद्देश्य र उदात्त कर्मको पथबाट विचलित हुने कुराको पछाडि लाग्नु हुँदैन । जीवन पक्षका यस्तै विषयमा विचार गरेर प्रसन्नतापूर्वक कर्तव्य गरिरहेछु । तिमी सक्षम र विचारवान् भएको अनुभव गरिरहेको छु ।

अहिलेलाई यत्ति ।

सदा स्नेही

२०४२ चैत्र १४ गते (सन् १९८५) कमलराज रेग्मी

# माता–पितालाई केही पत्रहरू

सोभियत संघमा चिकित्सा शास्त्रको अध्ययन गर्दा मैले आमाबुबालाई लेखेका प्रत्येक पत्रहरू मेरी आमाले पूर्ण जतनका साथ राख्नुभएको रहेछ। २५-३० वर्षअगाडि लेखिएका ती पत्रहरू पढ्दा बेग्लै प्रकारको आनन्द आयो। ती पत्रहरूबाट पनि तत्कालीन सोभियत संघको केही यथार्थ चित्र देखिने भएको हुँदा नितान्त व्यक्तिगत र परिवारिक भए तापनि पाठकहरूलाई रोचक हुने पत्रहरूका केही अंशहरू यहाँ प्रकाशित गरेको छु।

## मेरा केही पत्रहरू माता–पिताका नाममा

### १.
### पाँच नम्बर ल्याएर पास गरेँ

पूजनीय बुबा तथा आमाका चरणमा

दण्डवत् प्रणाम,

दिनहरू छिटो-छिटो बित्दै छन्। बिहान उज्यालो हुनेबित्तिकै अँध्यारो भैहाल्छ, फेरि अँध्यारो हुनेबित्तिकै उज्यालो भैहाल्छ। पढाइको कारणले गर्दा दिनहरू बितेको थाहै हुँदैन। सबै विषयहरू राम्रोसँग पढ्दै छु। रूसी भाषा र हिसाबको जाँच भयो। दुवै विषयमा ५ मा ५ ल्याएँ। ५ मा ५ ल्याउने



जम्मा ३ जना विद्यार्थी छौँ। नेपालको १०० भनेझैँ यहाँ ५ नम्बर पूर्णाङ्क हुन्छ। २ ल्याए फेल, ३ ल्याए पास, ४ ल्याए राम्रो र ५ ल्याए अति राम्रो। पढाइमा नम्बर दिएजस्तै आफ्नो कोठा सफा राख्ने, कोठामा सामानहरू राम्रोसँग मिलाउनेमा पनि यहाँ नम्बर दिन्छन्। कोठा सफाइमा पाएको नम्बर डिन अफिसको अगाडि ठूलो कागजमा लेखेर टाँसेको छ। यो पूरा होस्टलमा सबैभन्दा सफा र राम्रो कोठा म बसेको कोठा नै भएको छ। कोठा जाँच गर्न सहायक डिनहरू झुक्याएर आउँछन्। तीन पल्ट जाँच्न आएकोमा मेरो कोठाले तीनै पल्ट ५-५ पायो।

मेरो क्लाँसको म क्याप्टेन भएको छु। हिजोआज यहाँ हिउँ परिरहन्छ, तर जति हिउँ परे पनि जाडोको कत्ति पनि अनुभव हुँदैन। कोठा तताउने भएको हुनाले भित्र त गर्मी हुन्छ। गर्मीको समयमा यहाँ अति नै गर्मी हुन्छ रे, ४०°C सम्म तापक्रम पुग्छ रे!

यहाँ हाम्रो होस्टलमा सबै कुरा ठीक छ। यहाँ लुगा धुने र सुकाउने ठाउँ भने छैन। कोठामा एउटा ठूलो हातमुख धुने वास बेसिन छ, त्यसैमा लुगा धुन्छौँ र कोठाभित्रै सुकाउँछौँ। जस्तोसुकै लुगा पनि कोठाभित्र एक रातमा सुक्छ।

कोठमा एउटा ठूलो किताब राख्ने दराज छ, जसमा टन्न किताबहरू मिलाएर राखेका छौँ। उत्तरपट्टिको भित्तामा संसारको नक्सा र लेनिनको फोटो, दक्षिणपट्टिको भित्तामा रूसको नक्सा र मार्क्सको फोटो र मेरो खाटमाथि नेपालको नक्सा र चेगेवाराको फोटो टाँसेका छौँ।

हिजोआज खाना स्तालोभाया (सरकारी क्यान्टिन) मा खान्छौँ। पाउरोटी र सूपविना कोही पनि खानै बस्दैनन्। हामीले पाउरोटी खाएनौँ भने यहाँ खिसी गर्छन्। यहाँ आइमाईहरूमा सुनको दाँत राख्ने चलन अति चलेको छ।

१० डिसेम्बर १९७८

आज्ञाकारी छोरा
प्रकाश

२.

## प्रजातन्त्र दिवसमा राजदूतावासले रक्सी र चुरोट बाँढ्यो

पूजनीय बुबा तथा आमाका चरणमा

दण्डवत् प्रणाम,

यहाँ जाडो सुरु भएको छ । ५ दिनदेखि लगातार हिउँ परिरहेको छ । फागुन ७ गतेका दिन हामीले यहाँ प्रजातन्त्र दिवस मनायौँ । प्रजातन्त्र दिवस मनाउन हाम्रो राजदूतावासले ७ बोतल रक्सी (स्कच) र पर्याप्त मात्रामा चुरोट पठाएको थियो । भोजमा सबै प्राध्यापकहरूका साथै डिनलाई पनि निम्ता गरेका थियौँ । विदेशी रक्सी र चुरोट भनेपछि यहाँका सबै मख्ख पर्दा रहेछन् । डिनले बढी इच्छा गरेकाले एक बोतल रक्सी उनलाई सगुनस्वरूप प्रदान गऱ्यौँ ।

यहाँका हाम्रा एक जना साथीले रेडियो किनेका छन् । हिजोआज दैनिक BBC को समाचार सुन्छौँ । चारैतिर लडाइँ भैराखेको रहेछ । सञ्जय गान्धीलाई २ वर्षको काराबास, भुट्टोलाई मृत्युदण्ड तथा नेपालमा २ जना राजनीतिक बन्दीलाई दिइएको फाँसीको बारेमा थाहा पायौँ । यस्तो कार्यका लागि पूरा रूसभरिका नेपाली विद्यार्थीहरूले क्षोभ प्रकट गरेका छन् । चीन र भियतनामको लडाइँले कुन रूप लिने हो ? रूसले युद्धभूमिमा प्रवेश गर्नु भनेको तेस्रो विश्वयुद्धको सुरुआत गर्नु हो भनेर यहाँ रूसीहरू भन्छन् ।

४ मार्च १९७९ आज्ञाकारी छोरा

प्रकाश



३.

## साइबेरियाको अर्थ 'सुतिरहेकी भूमि'

पूजनीय बुबा तथा आमाका चरणमा

दण्डवत् प्रणाम,

साइबेरियाबाट चाँडै नै फर्केको कुरा त थाहा पाउनुभयो । खास भन्ने हो भने म पैसा कमाउने उद्देश्य राखेर त्यतातिर गएको थिइनँ । साइबेरियाको विचित्रता हेर्ने, श्रमजीवीहरूको जीवनको अनुभव गर्ने, युरोपका सबैभन्दा ठूला नदीहरू भोल्गा तथा ओब तर्ने, सेतो रात्रि हेर्ने आदि उद्देश्य लिई काम गर्न भनी गएको थिएँ । शरीरको माया मारी काम गर्नुपरेको तथा हाम्रा रसियन साथीहरूले अलि रुखो व्यवहार देखाएका हुनाले हामी सबै चारै जना नेपालीहरू फर्क्यौँ । दिनको १५ घण्टा काम गर्थ्यौँ । साइबेरियाको छातीमा छरिएको घनाजङ्गल (टाइगा) मा अग्ला-अग्ला रुखहरू ढाल्ने, २ जना मिलेर एउटा रुख बाकेर क्यानल (तातो पानी सप्लाइ गर्नका लागि पाइप बिच्छ्याउने क्यानल) बनाउने ठाउँसम्म पुऱ्याउने, रुखको बोक्रा ताछ्ने, साथै एउटा घर पनि बनाउँदै थियौँ । यदि त्यहाँ साथीहरू मिलनसार भैदिएका भए म पूरा २ महिना काम गर्थें । श्रमले नै मानिसलाई बनाउँछ, बाँदरबाट मानिसमा परिवर्तन हुने प्रक्रियामा पनि श्रमले नै सबैभन्दा ठूलो भूमिका खेलेको थियो भन्ने कुरामा मलाई पूरा विश्वास छ ।

साइबेरियाको अर्थ 'सुतिरहेकी भूमि' हो । यस क्षेत्रमा संसारको ४० प्रतिशत खनिज सम्पदा छ । तेल, ग्यास तथा हीराका खानीहरू यसका मुख्य खनिज हुन् । तर यो अहिले सुतिरहेको अवस्थामा छ । यसलाई ब्युँझाउन रूसी सरकारले ठूलो प्रयत्न गरिरहेको छ । आफूलाई छहारी दिने रुखलाई आफ्नै हातले थोरै मात्र भए पनि मल-जल दिने कार्यमा सम्मिलित हुने सिलसिलामा म साइबेरिया गएको हुँ ।

राजनीतिपट्टि बढी चासो लिन थाल्यो भन्ने भान बुबामा परेको जस्तो लाग्यो । हामी उच्च शिक्षा हासिल गर्न आएकाहरूमा सही राजनीतिक चेतना जागृत हुनु, प्रत्येक कुरालाई सही तवरले विश्लेषण गर्न सक्ने क्षमता

जागृत हुनु अति आवश्यक छ जस्तो मलाई लाग्छ । यहाँ राजनीति नै के छ र ! हो कहिलेकाहीँ नेपाली विद्यार्थीहरू आपसमा झगडा गर्छन्, तर यस प्रकारको कार्यबाट म सधैँ टाढा रहेको छु र रहिरहनेछु ।

२१ सेप्टेम्बर १९८० आज्ञाकारी छोरा
प्रकाश

४.

## मेरो प्रथम कर्तव्य माता-पिताको सेवा नै हो

पूजनीय बुबा तथा आमाका चरणमा
दण्डवत् प्रणाम

म राजनीतिको क्षेत्रमा बढी झुक्न थालेँ भन्ने भान बुबामा पर्न गएको जस्तो लाग्यो । यस क्षेत्रमा म अझै अति नै अपरिपक्व छु, त्यसैले राजनीतिक क्षेत्रको अध्ययन गर्ने, बहस र विचार गर्न आवश्यक भएको मैले अनुभव गरेको छु । प्रत्येक विचारशील व्यक्तिले राजनीतिको सही अर्थ बुझ्नै पर्छ । जहाँसम्म कुनै राजनीतिक ग्रुप, समूह र पक्षप्रति आफूलाई समर्पित गर्ने कुरा छ, त्यो अझै धेरै टाढाको कुरा हो । मलाई राम्रोसँग थाहा छ- मेरो प्रथम कर्तव्य माता-पिताको सेवा नै हो । मैले त्यो दिनमा सुख प्राप्त गर्नेछु, जुन दिन म हजुरहरूको सेवाकार्यमा सफल हुनेछु ।, मेरो दोस्रो कर्तव्य समाजसेवा हो । समाजसेवा गर्ने बाटो भेट्टाउनका लागि नै म रूसमा आएर पढ्दै छु । यी दुई क्षेत्रमा सफलता पाएपछि बल्ल म अरु क्षेत्रमा पाइला हाल्नेछु । डाक्टरी पेसामार्फतको समाजसेवा अपूरो हुने मैले अनुभव गरेको छु । औषधिले रोगीलाई पीडाबाट मुक्त गराउने कार्यको साथसाथै आफ्नो मातृभूमिका गरिब-दुःखीहरूको पीडालाई सदाका लागि खत्तम गर्ने जस्तो महान् कार्यमा आफूले कुनै योगदान दिन पाए मैले आफूलाई भाग्यमानी ठान्ने थिएँ । समाजसेवालाई नै मैले सबैभन्दा ठूलो धर्म मान्दै आएको छु । डाक्टरी पेसालाई माध्यम बनाई यसमार्फत मानवसेवा गर्नेछु, यो



मेरो निष्कर्ष हो । भैगो छाडिदिऊँ यी पछिका कुराहरूलाई । आजको कुरा गरौँ । बुबाले लेख्नुभएअनुसार ‘अध्ययन’ र ‘चरित्रनिर्माण’ लाई आफ्नो प्रमुख लक्ष्य ठानी अगाडि बढ्दै छु । बुबाले दिनुभएका अर्ति तथा सल्लाहहरूलाई सदा सर्वोपरि ठानी सो अनुसार नै कार्य सञ्चालन गर्दै छु ।

८ जुन १९८१ आज्ञाकारी छोरा
प्रकाश

५.

## समाजसेवा गर्ने सबैभन्दा राम्रो बाटो बताइदिनुस्

पूजनीय बुबा तथा आमाका चरणमा
दण्डवत् प्रणाम,

हुन त केही दिनअगाडि मात्र पत्र लखेको थिएँ, तैपनि नयाँ वर्ष १९८२ को आगमनले फेरि पत्र लेख्ने तरङ्ग ल्याइदियो । यसपालिको नयाँ वर्षको दिन पनि साथीहरूसँग खाई-पिई रमाइलो गरी बित्यो । नयाँ वर्षको चाड यहाँका जनताको सबैभन्दा लोकप्रिय चाड भएको हुनाले यसलाई हाँसखेल गरी रमाइलोसँग मनाउने विशेष चलन छ ।

नयाँ दिनको आगमनले प्रत्येक व्यक्तिलाई उमङ्गित, उत्साहित र आशावान् पारिदिएजस्तै मलाई पनि यो नयाँ वर्षको आगमनले विशेष आशाहरू ल्याइदिएको छ । यस वर्षमा मेरा पनि विभिन्न योजनाहरू छन् । चिकित्साशास्त्रमा ज्ञान हासिल गर्ने, साथीहरूको सङ्ख्या बढाउने, विभिन्न प्रकारका व्यक्तिहरूसँग काम र कुरा गर्न सिक्ने, लेखन क्षेत्रमा अशुद्ध लेख्न कम गर्ने, मान्यजनहरूको कुरालाई विशेष ध्यान दिएर सुन्ने, साथै समाजसेवा गर्न सबैभन्दा राम्रो बाटो खोज्ने आदि नै १९८२ सालभित्रका मेरा प्रमुख योजनाहरू हुन् ।

बुबाले लेख्नुभएका कुराहरूले मेरो ध्यान आकर्षित भयो । हो, साँच्चै नै अपरिपक्व अवस्थामै विवादास्पद कुरामध्ये कुनैप्रति तोकुवा र ठोकुवा दिनु

अवश्य गल्ती हो । मैले अवश्य यस प्रकारका कार्यबाट सतर्क रहन सक्दो प्रयास गर्नेछु । तर परिपक्व बन्नका लागि अपरिपक्वताको अवस्था पार गर्नुपर्छ । कुनै पनि व्यक्ति जन्मदेखि नै परिपक्व भएर आएको कहाँ हुन्छ र ? मलाई त लाग्छ- योग्य र परिपक्व बन्नका लागि मानिसले लड्नुपर्छ, अल्मलिनुपर्छ, चोट खानुपर्छ, काँडा बिभ्नुपर्छ । यी लडाइँ, अल्मल्याइ, चोट, बिझाइ तथा घस्रणबाट नै मानिसले धेरै कुराहरू सिक्छ, जसले उसलाई परिपक्व बन्ने बाटो देखाउँछ । ममा चुचुरोमा पुग्ने क्षमता छैन भनेर फेदमै बसिरहेँ र चढ्ने अलिकति पनि प्रयास गरिनँ भने चुचुरोमा पुग्न सकूँला र ? चुचुरोतर्फ चढ्दा सही मार्गबाट चढ्न सक्यो भने चाँडै पुग्न सकिन्छ । आफ्ना अनुभवहरूको आधारमा हामी जस्ता चुचुरोमा चढ्न इच्छुकहरूलाई सही मार्गदर्शन गर्नु बुबाहरूजस्ताको कर्तव्य हो । बुबा, मलाई समाजसेवा गरी सुखी बन्ने सबैभन्दा राम्रो बाटो देखाउनुस् । म सधैँ बुबाबाट यस कुरामा सहयोग पाउने आशामा बसिरहेको हुन्छु ।

हामीले 'बोई गीति काव्य' बारे लेखेको प्रतिक्रिया पुग्यो कि पुगेन ? हाम्रो विचार कस्तो लाग्यो ? लेख्नुहोला । भविष्यमा पुस्तकालय बनाउने तथा एउटा विचारप्रधान पत्रिका निकाल्ने योजना बनाऊँ जस्तो लागेको छ । बुबालाई कस्तो लाग्छ ? हजुरले अब लेखन क्षेत्रमा बढी ध्यान दिई आफ्ना अनुभवहरूलाई लेख, कथा आदिका रूपमा उतार्नुभए राम्रो होला जस्तो लाग्छ । यससम्बन्धमा धेरै कुराहरू लेख्नु छ, पछि लेख्दै गरूँला ।

१ जनवरी १९८२

आज्ञाकारी छोरा
प्रकाश



## ६.

## बुबाबाट नेपाली समाजले के पायो ?

पूजनीय बुबा तथा आमाका चरणमा

दण्डवत् प्रणाम,

परिवारका सबै सदस्यहरूको स्वास्थ्य राम्रो रहेको, बहिनीहरूको पढाइ उत्तम रहेको तथा सब परिवार सेवाभावनाबाट प्रेरित भई दुःखी-पीडितहरूको सेवामा लागेको खबर पढ्न पाउँदा म आज अत्यन्तै हर्षित छु । हामी सबैसँगै रहेर यस प्रकारको सेवाकार्य गरिरहन पाए साँच्चै कति राम्रो हुन्थ्यो, कति सुखी हुन्थ्यो होला हाम्रो जीवन ।

बुबाले यस ४ वर्षको अवधिभित्र मलाई पठाउनुभएका प्रत्येक पत्रलाई सुरक्षित राखेको छु । साथै पत्रमा लेखिएका महत्वपूर्ण कुराहरूलाई अन्डरलाइन (रातो मसीले) पनि गरेर राखेको छु । यी पत्रहरूलाई समय-समयमा दोहोऱ्याएर पढ्ने पनि गरेको छु । त्यसैले बुबाले लेख्नुभएका प्रत्येक कुराहरूलाई आफ्नो बुद्धिले भ्याएसम्म गहिरिएर विचार गर्ने गरेको छु ।

मलाई लाग्छ- साँच्चै नै म बडो भाग्यमानी रहेछु । जीवनमा सही बाटो देखाउने अनुभवी बाबु, श्रमप्रेमी, सहनशील एवम् ममतामयी आमा, साथै मेहनती दिदीबहिनीहरू पाउनु नै मेरो ठूलो भाग्य हो । अब मलाई केही चाहिँदैन । हजुरहरूको प्रसन्नता तथा सन्तुष्टि, यी नै हुन् मैले सधैँ मागिरहने कुराहरू ।

अहिले मेरो लक्ष्य लेनिनले भनेजस्तै अध्ययन, अध्ययन तथा अध्ययन नै रहेको छ । तर डाक्टरी विद्याको अध्ययनतर्फ मात्र नभई फुर्सद भएको समयमा आफू जन्मेका ठाउँको बिग्रँदो अवस्थालाई ध्यानमा राखी केही राजनीतिक पक्षको पनि अध्ययन सुरु गरेको छु । यहाँ अध्ययन गर्ने मात्रै हो, कुनै विशेष कार्य गर्ने होइन । यहाँका सबैभन्दा अध्ययनशील, असल तथा अनुशासित साथीहरू मिली एउटा समूह बनाएका छौँ । समय-समयमा हामी जम्मा भई विभिन्न विषयहरूमा छलफल गर्ने गर्दछौँ । मेरा साथीहरू

अति असल छन् । मैले आफ्ना नजिकका साथीहरूलाई चिनाउँदा पत्रमा सधैँ 'यो साथी भविष्यमा दुःख-सुखमा साथ दिने साथी हो' भनेर लेखेको हुन्छु । यसबाहेक अरु कैयौँसँग मित्रता कायम गर्ने कार्य दैनिक जीवनमा भई नै रहन्छ ।

बुबाले केही अगाडिको पत्रमा लेख्नुभएको थियो- 'हाम्रो समाजमा रहेका शोषणका स्वरूप र चरित्रहरूको परिभाषा र वर्गीकरण गरी त्यसलाई उन्मूलन गर्न चरणगत कार्यक्रम बनाई लागू गर्ने एउटा योजना हुनुपर्छ भन्ने मेरो भनाइ रहेको छ र यस विषयमा अध्ययन, चिन्तन-मनन गर्न थालेको छु । तर मेरो कुरा पनि उपेक्षित नै छ।' बुबा, नेपाली समाज सामन्तवादी प्रथाबाट पुँजीवादी बाटोतर्फ लाग्न लागेको समयमा यस समाजबाट शोषण समाप्त गर्न सही कदम चाल्ने हेतुले यसभित्रका शोषणका स्वरूप र चरित्रहरूको परिभाषा र वर्गीकरण गर्नुका साथै शोषण समाप्त गर्ने बाटो खोज्नु साँच्चै नै ठूलो कार्य हुनेछ । साथै यो प्रश्न नेपालको लागि समसामयिक पनि छ । बुबाले जीवनको यति लामो समय राजनीतिमा लगाउनुभयो, समाजको सेवा गर्न । अहिले आएर बुबाले गर्नुभएका कार्यहरूको लेखाजोखा गरी मैले आफैँले आफूलाई प्रश्न गर्छु- बुबाबाट नेपाली समाजले के पायो त ? होला केही व्यक्तिले जागिर पाए होलान्, केहीले पढ्न पाए होलान्, केहीले आर्थिक सहयोग पाए होलान् तथा केहीले माया अनि सद्भावना, तर दुःखी नेपाली समाजले कुनै गहन चीज पाएन । बुबा प्रतिभाशील व्यक्ति हुनुहुन्छ, त्यसैले समाजको लागि केही गर्न सक्नु हुन्थ्यो तर परिस्थितिले दिएन । यही भनी मैले चित्त बुझाउँदै छु । नेपालीले बुबालाई समाजसेवीको रूपमा चिन्नुको साटो पञ्चायती व्यवस्थाको हार्डलाइनर ('आरती' ले लेखेजस्तै), राजभक्त तथा 'अप्रजातान्त्रिक' गाउँ फर्कको हिरोको रूपमा चिनेका छन् । बुबाको कम्युनिष्ट जीवनबारे जनतालाई थाहा छैन । यी कुराहरू सम्झँदा मलाई दुःख लाग्छ । पञ्चायती व्यवस्थाले बुबाको प्रतिभालाई कुज्याइदिएको छ । बुबा जालमा पर्नुभएको छ । आजसम्म जे भयो-भयो, परिस्थितिलाई नै दोषी ठानौँ । तर समाजका लागि केही गर्नुपर्छ । बुबा ५७ वर्ष मात्रै त पुग्नुभयो । हामी १०० वर्ष बाँच्नुपर्छ । त्यसैले समय अझै छ, गैसकेको छैन ।



गर्नुपर्ने समय बल्ल आएको छ, नेपालका लागि । नेपालको अवस्था दिन-प्रतिदिन बिग्रँदो छ । यसपालिको खाद्यसङ्कटजस्तै अरु पनि सबै क्षेत्रहरूमा सङ्कटैसङ्कट छन् । हाहाकार छ नेपालमा । २२ वर्षअगाडि आयो भनेको प्रजातन्त्र तथा देशको माटो सुहाउँदो पञ्चायती व्यवस्थाले जनतालाई दिएको फल यही हो त ?

मलाई लाग्छ- बुबाले अब धेरै अनुभव बटुलिसक्नुभएको छ र धेरै कुरा सिकिसक्नुभएको छ । अब आएको छ समय आफ्नो अनुभव अरुलाई दिने । मैले बुझेको छु कि बुबा अब कुनै वामपन्थी पार्टीमा लाग्न सक्नुहुँदैन, तर बुबाले अझ धेरै गर्न सक्नुहुन्छ । गोर्की र अस्त्रोभ्स्की पनि कुनै राजनीतिक नेता थिएनन् । बुबा अब देखाउनुस् आफ्नो प्रतिभा । अब आफ्नो समय लेखनकार्यमा लगाउनुस् । देखाउनुस् युवकहरूलाई बाटो, देखाउनुस् किसान र मजदुरहरूलाई सही बाटो । लेख लेख्नुस्, कथा लेख्नुस्, जसमार्फत आफ्ना एक-एक अनुभव बाँढ्नुस् । यति गर्न सक्नुभयो भने मैले जीवनमा सफल भएको ठान्ने छु आफ्नो बुबालाई ।

भैरव काका जेलमा हुनुभएको तथा उहाँलाई टी.बी. भएको कुरा ५ महिना जति अगाडि साप्ताहिक 'मातृभूमि' ले पनि लेखेको थियो । उहाँलाई मेरो तर्फबाट 'आफूले सत्य ठहऱ्याएको बाटोमा लागी जीवनको महान् लक्ष्य प्राप्तिमा लाग्दा जतिसुकै यातना तथा कष्ट सहनुपरे पनि कहिल्यै शिर ननिहुराउनू तथा कहिल्यै हिम्मत नहार्नू' भनिदिनु होला ।

८ सेप्टेम्बर १९८२ आज्ञाकारी छोरा

प्रकाश

## ७.

## दशैं र तिहारको धार्मिकबाहेक अरू महत्त्व देख्दिनँ

पूजनीय बुबा तथा आमाका चरणमा

दण्डवत् प्रणाम,

दशैं बित्यो, भोलि भाइटीका । चार जना दिदी-बहिनीहरू भएर पनि निधार खाली । तर यस प्रकारको विचार ममा आउँदैन, किनकि दशैं र तिहार तथा अरु चाडबाडहरूको धार्मिकबाहेक ठूलो महत्व म देख्दिनँ । वर्षौंसम्म भेटभाट नभएकोमा दिदी-भाइहरू तथा नाता-कुटुम्बहरूलाई भेट गराउनमा मात्र यसको महत्व छ जस्तो लाग्छ । हाम्रो जस्तो गरिब मुलुकमा ऋण मागी-मागी मनाइने दशैं र तिहारले जनतालाई क्षणिक आनन्दबाहेक अरु केही दिएको छैन ।

बुबाले पत्रिका निकाल्ने, प्रेस राख्ने आदि कुराहरू लेख्नुभएको थियो । यससम्बन्धमा केही कुराहरू यसअघिको पत्रमा पनि लेखेको थिएँ । कत्ति नै जान्ने भएर मैले बुबाका राजनीतिक जीवनका केही पक्षहरूलाई छोएर पत्र लेखेको थिएँ । गल्ती हुन गएकोमा क्षमा चाहन्छु ।

नोभेम्बर १९८२ आज्ञाकारी छोरा

प्रकाश

## ८.

## 'बुद्धिमान्ले अर्काको गल्तीबाट सिक्छ भने मूर्खले आफ्नै बाट'

पूजनीय बुबा तथा आमाका चरणमा

दण्डवत् प्रणाम,

हजुरको पाँचपान्ने पत्र पाएको आज तीन हप्ता पुग्यो । बुबाको यो पत्रले साँच्चै नै मेरो दिमागमा हलचल मच्चाइदियो । म त केही समय आत्तिएँ पनि । केही पछि मैले बुझें कि हजुरले यत्तिका कुराहरू (तीता-मीठा) सोझै तथा घुमाएर लेख्नुभएको मलाई एउटा असल तथा सही विचार भएको व्यक्ति बनाउनका लागि हो । त्यसपछि मलाई खुशी लाग्यो । आँखाबाट खुशीका आँसुहरू झरे ।

बुबा, म अहिले आफ्नो लागि जीवनमार्ग पहिल्याउने तथा आफूलाई वैचारिक दृष्टिकोणले परिपक्व पार्ने क्रममा छु । डाक्टरी सूत्र समातेर हिँड्ने अवसर प्राप्त भएको हुनाले जीवनमार्ग पहिल्याउन मलाई ज्यादै सजिलो भयो । यहाँ पढुन्जेलसम्म मैले आफ्नो डाक्टरी सूत्रलाई गुणात्मक पार्न सक्दो प्रयत्न गर्ने नै छु । वैचारिक दृष्टिकोणमा आफूलाई परिपक्व पार्न अध्ययन र अनुभव दुवैको आवश्यकता पर्दोरहेछ । अनुभव भनेको आफूमाथि गरिएका प्रहार, आफूले खाएका चोट, गरेको कार्य तथा आफूबाट भएका गल्तीहरूबाट पाइँदोरहेछ । 'बुद्धिमान्ले अर्काको गल्तीबाट सिक्छ भने मूर्खले आफ्नै गल्तीबाट ।' यसै सन्दर्भमा भन्ने हो भने मैले पनि धेरै गल्तीहरू गरिरहेको छु, जसमध्ये हजुरलाई त्यस प्रकारको पत्र लेख्नु पनि एउटा गल्ती नै थियो । फेरि मबाट यस्ता गल्तीहरू नदोहोरिऊन् भनी प्रयास गर्नेछु ।

बुबा, शायद म रूसमा पढ्न आएकोले होला मैले यस्ता पत्रहरू लेख्ने गरेको । रूसको साटो भारत, बेलायत अर्थात् अमेरिका पढ्न गएको भए अर्कै खालका पत्रहरू लेख्ने थिएँ होला ।

सामाजवादी रूस र यहाँको छात्र राजनीतिको प्रभावमा म परेँ । कलकलाउँदो उमेर, कच्चा मनस्थिति तथा नयाँ कुराहरू सिक्ने उत्सुकताको परिवेशमा म रूसमा अध्ययनरत नेपालीहरूको एउटा ग्रुपभित्र सम्मिलित भएँ । यो कुनै राजनीति प्रचारप्रसार गर्ने ग्रुप होइन, बल्की सिद्धान्त, इतिहास तथा केही हदसम्म राजनीतिको पनि अध्ययन गर्ने ग्रुप हो । त्यसैले हजुरले विश्वास गर्नुभए हुन्छ कि म कुनै पनि राजनीतिक ग्रुपको अनुशासित कार्यकर्ता भैसकेको छैन र हुन सक्ने स्तरमा पुगेको पनि छैन । डाक्टरी पढाइको आधाभन्दा बढी भाग सकियो भने राजनीतिको १/१० भाग पनि सकिएको छैन । बुबाले पत्रमा लेख्नुभएका सबै कुराहरूमा म सहमत छु । पत्रमा सिक्नुपर्ने कुराहरू धेरै छन् । अर्ति तथा उपदेशलाई सदा शिरमाथि राख्नेछु ।

२७ डिसेम्बर १९८२ आज्ञाकारी छोरा

प्रकाश

## ९.
## 'जीवनको लक्ष्य'

पूजनीय बुबा तथा आमाका चरणमा

दण्डवत् प्रणाम,

मैले मानवजीवन बारेका केही अध्यात्मवादी दृष्टिकोणको पनि अध्ययन गरेँ । चिकित्साशास्त्र, मार्क्सवाद-लेनिनवाद मात्र होइन, सोभियत संघमा आएर विवेकानन्द र रामकृष्णका चिन्तनसमेत पढेको सुन्दा हजुरहरूलाई अचम्म लाग्ला । मैले जीवनको लक्ष्यबारे पढेका केही कुरा लेख्दै छु ।

'संसारमा भएका जे-जति भौतिक आनन्द अर्थात् विलासका चीजहरू छन्, तिनीहरूलाई थुकझैँ बेवास्तासँग फालिदिनुपर्छ ।'

'लक्ष्य नभएको जीवन महासागरको माझमा भौंतारिएको डुङ्गा हो, कहिल्यै पनि कुनै किनारामा पुग्न सक्दैन । त्यसैले मानिसको लक्ष्य हुनै पर्छ, तर लक्ष्य त्यस्तो कुरा पाउने हुनुपर्छ जुन कहिल्यै नाश नहोस्, जसको प्राप्तिले स्थायी आनन्द पाउन सकियोस् ।'

'इन्द्रियहरू वश नगरिएको शरीर भयङ्कर दुश्मन हो तर इन्द्रियहरू वश गरिएको शरीर परम मित्र हो ।'

'वासना यति तीव्र छ कि वासनाले प्रभाव पार्नेबित्तिकै मनुष्यले सबै कुरा बिर्सिन पुग्छ र वासना रोक्न खोज्नेलाई पनि असाध्यै गाह्रो पर्छ । तसर्थ हामीले आफूलाई त्यस्तो बनाउनेपट्टि लाग्नुपर्छ, जसले गर्दा वासनाले नछोओस् ।'

'संसारका सम्पूर्ण प्राणीहरूलाई प्रेमको दृष्टिले हेर्नुपर्छ तथा सबैले शायद त्यो आफ्नो शत्रु नै किन नहोस् आफूलाई प्रेम गर्छ भन्ने ठान्नुपर्छ । त्यसो भएमा हीनताबोध हुँदैन ।'

'जहाँसम्म सकिन्छ थोरै बोल्ने गर्नुपर्छ । बोलेमा मकरन्दको सुवाससाथ बोल्नुपर्छ ।'

३ मई १९८३

आज्ञाकारी छोरा
प्रकाश



## १०.
## 'वास्तविक मानवधर्म के हो ?'

पूजनीय बुबा तथा आमाका चरणमा

दण्डवत् प्रणाम,

'चरित्रनिर्माणमा धर्मको योगदान' विषयमा बहिनी सन्ध्याले लेखेको निबन्ध पढेर बुद्धिमान् बहिनी पाएकोमा मलाई ठूलो गौरव लागेको छ । यो निबन्ध, शब्दहरूको बनोट, लेखनशैली, भाव, प्रस्तुतीकरण सबै दृष्टिकोणले उच्चस्तरको छ । ९-१० क्लासको विद्यार्थीले यस्तो लेख्न सक्नु ज्यादै प्रशंसनीय कुरा हो । यदि मैले लखेको भए पनि शायद त्यत्ति राम्रो लेख्न सक्तैन थिएँ होला ।

'वास्तविक मानवधर्म के हो ?' भन्ने प्रश्नको उत्तर बहिनीले निबन्धको सबैभन्दा अन्त्यमा दिएकी छन् । तर आजको बदलिँदो युग, २०औँ शताब्दीको अन्त्य, चर्कंदो शीतयुद्ध, वैज्ञानिक चमत्कारको युग, संसारका कुना-कुनामा स्वतन्त्रताका लागि चलेको जनसङ्घर्षको युग आदिको विचार गर्दा आजको परिवर्तित समयमा वास्तविक मानवधर्मको परिभाषा पनि केही बदलिएको छ । त्यसैले अहिंसा, सद्विचार, सद्भावना, सदाचार, सद्वचन, परोपकार, अक्रोध मात्र भनेर वास्तविक मानवधर्मको परिभाषामा केही नपुगेजस्तो मैले अनुभव गरेको छु । आजको युगमा हाम्रो समाजले हामीसँग केही माग गरेको छ । ती मागहरू हुन्- 'समाजलाई सुखमयी बनाऊ, राष्ट्रको उत्थान गर, अन्याय र अत्याचार अनि शोषण र असमानताको अन्त्य गर ।' यी मागहरूलाई विचार गर्ने हो भने अहिंसा, सदाचार, अक्रोध जनताका मित्र र शत्रु दुवैप्रति समान रूपमा लागू गरेमा हामी सधैँ दबेको दबेकै रहनेछौँ, दुःखी रहनेछौँ । त्यसैले ठाउँ हेरी, आवश्यकता र परिस्थितिअनुसार हिंसा, क्रोध आदिको बाटो पनि अपनाउनुपर्ने हुन्छ । तर उनले जुन कुरा लेखेकी छन्, त्यसले चरित्रनिर्माणको प्रथम चरणमा साँच्चै नै ठूलो भूमिका खेल्छ ।

२५ सेप्टेम्बर १९८३

आज्ञाकारी छोरा
प्रकाश

११.

## काम गर्दाको दु:ख र सुख

पूजनीय बुवा तथा आमाका चरणमा

दण्डवत् प्रणाम,

अस्पतालमा काम गर्न थालेको १ महिना ८ दिन पुग्यो । सिद्धान्त र व्यवहारबीचको अन्तरको अनुभव गर्दै छु । सिद्धान्त र व्यवहार एक-अर्काकापूरक रहेछन् । मृत्युसँग सङ्घर्ष गरिरहेका बिरामीहरूलाई औषधि गर्दा सुख र दु:ख दुवैको अनुभव हुँदोरहेछ । केही बिरामीहरूलाई मृत्युबाट बचाई दैनिक कार्यमा फर्काउन सकिएको छ भने केहीलाई मृत्युबाट मात्र जोगाइएको छ । दैनिक कार्यमा फर्काउन सकिएको छैन । केहीलाई भने हजार प्रयास गर्दा पनि मृत्युबाट जोगाउन सकिएको छैन । प्रत्येक दिन बिरामीलाई 'आज तिमीलाई कस्तो छ ?' भनेर प्रश्न गर्दा उसले 'मलाई आज सन्चो छ, राति आरामसँग निद्रा पऱ्यो, मुटु दुखेको छैन' भन्ने जवाफ दिएमा ठूलो खुशीको अनुभव हुन्छ तर यदि नकारात्मक उत्तर दिएमा ज्यादै दु:ख लाग्छ । कतिपय बिरामीहरूलाई औषधिले पटकै छुँदैन । तिनीहरूलाई मीठो शब्द र आश्वासनको भरमा मात्र बचाएर राख्नुपर्ने हुन्छ । एउटा डाक्टरका लागि दु:ख र सुख भनेको उसले उपचार गर्ने बिरामीको अवस्था माथि भर पर्ने रहेछ ।

२० डिसेम्बर १९८५

आज्ञाकारी छोरा
प्रकाश



१२.

## सङ्घर्ष नै सुख हो

पूजनीय बुबा तथा आमाका चरणमा

दण्डवत् प्रणाम

लामो समयपछि आज बुबाको पत्र प्राप्त गरेँ । सदाझैँ आज पनि बुबाको पत्रले नयाँ आशा, उत्साह र प्रेरणाको सञ्चार गराइदियो । मेरो पहिलेको पत्रबाट म केही विचलित भएको अनुभव हजुरहरूले गर्नुभएछ । हो, साँच्चै नै जीवनमा त्यस्ता घडीहरू आउँदारहेछन् तर त्यस्ता घडीहरूमा आफूलाई सम्हाल्न सक्नुपर्दछ । यससम्बन्धमा हजुरहरूबाट मैले धेरै प्रेरणा प्राप्त गरेको छु । बुबाले लेख्नुभएअनुसार म विचलित हुनुको कारण खार्कोभमा हाम्रो 'समूह' कमजोर भई छात्रसंघमा पराजय, क्रियाकलाप र प्रतिष्ठाको प्रश्नमा पराजय तथा यहाँको वातावरणमा म अपहेलित एवम् उपेक्षितजस्तो भएको अनुभव गर्नु आदि वास्तविक सत्य होइनन् ! यो पक्षले सङ्घर्ष गर्ने प्रेरणा दिन्छ । पराजयबाट डराएर सङ्घर्षबाट भाग्न खोज्नु डरछेरुवापन हो । सङ्घर्षमा नै सुख छ, यो ध्रुव सत्य हो । सोभियत संघमा आएर यो सत्य बुझ्न सकेँ, यो नै मेरो जीवनको एउटा ठूलो उपलब्धि हो । सङ्घर्षलाई सुख सम्झने नीतिले नै जीवनलाई गति प्रदान गर्दछ । खार्कोभमा छात्रसंघमा पराजीत भए पनि हाम्रो प्रतिष्ठा गुमेको छैन । सोभियत संघको कुरा गर्ने हो भने हामी सबैभन्दा बलियो र प्रतिष्ठित छौँ । म छात्रसंघका क्रियाकलाप र असहज विद्यार्थी राजनीतिबाट विचलित भएको छैन । मलाई अध्ययनतर्फ नै बढी चिन्ता छ ।

२९ जनवरी १९८६

आज्ञाकारी छोरा
प्रकाश

## १३.
## रूसमा पढेको डाक्टर

पूजनीय बुबा तथा आमाका चरणमा

दण्डवत् प्रणाम,

सर्वप्रथम हालको मेरो विद्यार्थी जीवनबारे केही लेख्न चाहन्छु । बडो गाह्रो हुँदोरहेछ कुनै जिम्मेवारी बहन गरी त्यसलाई पूरा गर्न अर्थात् सामाजिक कार्य गर्न । यस स्थितिमा मैले बुबाको जीवनका कठिनाइहरूलाई झल्झली सम्झन्छु, जसबाट मलाई आत्मबल प्राप्त हुन्छ । कुरा के भने, हामी ३५ जना डाक्टरी पढ्ने विद्यार्थीहरू मिली नेपाल चिकित्सक संघ, खार्कोभ (Medical Association of the Nepalese Students, Kharkov) को स्थापना गरेका छौं, जसमा मलाई साथीहरूले अध्यक्ष बनाएका छन् । हामीले यस सङ्गठनमार्फत रूसमा अध्ययन समाप्त गरी नेपाल फर्कंदा अस्पतालमा काम गर्न कठिनाइ नहोस् भनी आवश्यक तालिम सञ्चालन गर्ने लक्ष्य लिएका छौँ । रूसमा अध्ययन गरी नेपाल फर्कने डाक्टरहरूलाई भारतबाट फर्केका डाक्टरहरूलाई भन्दा काम गर्न अप्ठेरो पर्छ भन्ने बुझिएकोले यसबारे  अध्ययन गरी समस्याहरूको समाधान गर्ने बाटो खोज्नु नै अहिले हाम्रो सङ्गठनको कार्य भएको छ, जुन कार्यको सबैभन्दा ठूलो भार मैले थाम्नुपरेको छ । म पनि चाँडै नै अध्ययन समाप्त गरी नेपाल फर्कनेछु, जहाँ अन्य देशहरूबाट फर्केका डाक्टरहरूसँग कम्पिटिसनमा मैले काम गर्नुपर्ने हुन्छ ।

जतिसुकै राम्रो पढेको भए पनि रूसबाट नेपाल फर्केपछि रूसमा पढेको डाक्टरलाई सुरुमा काम गर्न केही कठिन हुन्छ । यो भाषाको कारणले हो । चिकित्साशास्त्रको विषयगत ज्ञान र व्यावहारिक ज्ञान रूसमा पढ्दा अत्यन्तै गहनरूपमा प्राप्त गर्न सकिन्छ । भारतको चिकित्साशास्त्रको पढाइभन्दा रूसको पढाइ अझ बढी विस्तृत छ । नेपाल र भारतमा रोग र रोगीहरूको प्रकृति समान हुने भएको हुँदा भारतमा डाक्टरी पढेकालाई



सुरुमा काम गर्न सजिलो भएको हो । हामीसँग यहाँ रूसमा भारतीय विद्यार्थीहरू पनि छन् । उनीहरूभन्दा हामी नेपालीहरू पढाइमा बढी तेज छौँ ।

रूसमा पढेको डाक्टरलाई नेपालको वातावरणमा घुलिसकेपछि काम गर्न सजिलो हुन्छ । रूसमा पढ्ने विद्यार्थीले चिकित्साशास्त्रका साथसाथै मानवीय चरित्रको असल पाठ पनि पढेका हुन्छन् । यहाँको समाजवादी व्यवस्थाले यहाँ पढ्ने धेरै विद्यार्थीहरूमा समाजवादी संस्कार र चरित्रको निर्माण गरिदिएको छ । विद्या मात्र होइन, असल व्यवहार पनि यहाँ पढ्ने विद्यार्थीहरूले सिक्छन् ।

१० मार्च १९८६

आज्ञाकारी छोरा<br>प्रकाश

# लेनिनको देशमा पढ्न पाउनुको गर्व

१९७८ सेप्टेम्बर महिनाको त्यो दिन म अझै सम्झिरहेको छु, जुन दिन नेपालीहरूको एउटा ठूलै समूहसित उच्च शिक्षा हासिल गर्नका लागि सोभियत संघ आएको थिएँ। काठमाडौंबाट दिल्ली हुँदै मस्को आइपुग्दा अनौठो अनुभूति भएको थियो। दुई रात मस्कोको युनिभर्सिटी होटलमा राखेर हामीमध्ये २४ जनालाई रेलबाट अर्मेनिया गणराज्यको राजधानी एरेभान शहर पठाइयो। एरेभानमा हामीले तयारी वर्षको अध्ययनको सिलसिलामा रूसी भाषा र आधारभूत विज्ञान पढ्नु पर्दथ्यो।

हामीलाई मस्कोबाट रेलमा ऐरेभान पुग्न तीन दिन लाग्यो। हाम्रो समूहमा साथी नारायण श्रेष्ठले अलि-अलि रूसी भाषा जानेका हुनाले उनी नै हाम्रो लागि रेल कर्मचारी र अरु यात्रीहरूसँगको सम्पर्क माध्यम बनेका थिए। लामो यात्रामा धेरै व्यक्तिहरू सम्पर्कमा आए। हामी नेपाली हौं भनेर चिनाउन खोज्दा धेरैले नेपाल नै चिनेका हुँदैनथे। एभरेष्ट भएको देश, भारतको छिमेकी भनेर चिनाउँदा बल्ल चिन्थे। हामीलाई दुःख लाग्थ्यो।

हामी पनि भारतीय उपमहाद्वीपमै पर्छौं र हिन्दी बोल्छौं भनेर हिन्दी फिल्मी गीत सुनाइदियो भनेचाहिँ अर्मेनियालीहरू खुशीले दङ्ग पर्दथे र हामीलाई खानेकुरा, बियर आदि मगाएर ख्वाउँथे। अर्मेनियामा हिन्दी सिनेमाको प्रभाव कति रहेछ भन्ने कुरा बुझ्न हामीलाई धेरै समय लागेन। त्यहाँ राज कपुरका सिनेमाहरू धेरै लोकप्रिय रहेछन्। उनीहरू 'मेरा जुत्ता है जापानी...' गीत गाएर नाच्थे। हामीले त्यो गीत गाइदियौं भने त राजकपुर भन्दै अङ्गालो मार्न आउँथे।



एरेभान पुग्नुअगाडि हाम्रो रेल कृष्णसागरको किनारैकिनार कुदेको थियो। हामी सबै हर्षले विभोर भएका थियौँ समुद्रको रमणीय दृश्य देख्दा। हामीमध्ये धेरैका लागि त्यो समुद्रको पहिलो दर्शन थियो। कृष्णसागरलाई उनीहरूले रूसीमा 'च्योर्नोए मोरे' भनेर चिनाए। हामीले 'ब्ल्याक सी' भन्यौँ। अचम्मको सम्बन्ध स्थापित भएको थियो रेलभित्र अर्मेनियाली र हामी नेपालीहरूबीच। अर्मेनियालीहरूले हामीसँग भएका कपाल कोर्ने काइँयो, चिनियाँ कलम, नेल कटर, चुइङ गम, टी-सर्टजस्ता सरसामान पनि राम्रो मूल्यमा किन्न तत्पर भएको देख्दा हामी चकित भएका थियौँ। विदेशी सामान नपाइने भएकाले त्यहाँ यस्ता सामानहरू राम्रो मूल्यमा बिक्दारहेछन्। हाम्रा केही साथीहरूले रेलमै १०० रुबल सम्मको सामान बेचे। यति पैसाले त्यहाँ त्यस बेला दुई महिना खान-बस्न पुग्थ्यो। पढ्न गएका हामीले त्यहाँको वातावरण र परिस्थितिले गर्दा मेडिसिन र इन्जिनियरिङको पढाइ सुरु नहुँदै व्यापारको पढाइ सुरुआत भएको पायौँ। यो क्रम रूस बसाइको अन्त्यसम्म पनि कुनै न कुनै रूपमा रहिरह्यो।

तयारी वर्षको पढाइ अवधिमा साथीहरू रत्नराज पौडेल र काशीराज ज्ञवालीसँग एउटै कोठामा एक वर्ष बिताएको थिएँ मैले। दुवै जना अत्यन्त मेहनती र चरित्रवान् हुनुहुन्थ्यो। उहाँहरूसँग एकै कोठामा बस्दा मैले धेरै कुराहरू सिक्ने मौका पाएको थिएँ। रूसी भाषा पढाउने शिक्षकहरूले रूसी भाषा मात्र पढाएनन्, जीवनका विविध पक्षहरूबारे धेरै कुरा सिकाए, जानकारी गराए। अत्यन्तै नजिकको मित्रका रूपमा रहिरहे ती शिक्षकहरू, जसको याद आज पनि आइरहन्छ। हामीसँग एसिया, अफ्रिका र दक्षिण अमेरिकाका धेरै राष्ट्रहरूबाट पढ्न आएका विद्यार्थीहरू थिए। पढाइमा सबैभन्दा तेजचाहिँ हामी नेपालीहरू नै थियौँ। तीन-चार महिनाभित्र हामी राम्रै रूसी भाषा बोल्ने भैसकेका थियौँ। हामीले नेपालीहरू मेहनती, अनुशासित र बुद्धिमान् छन् भन्ने छाप छोड्न सफल भएका थियौँ।

सन् १९७९ अगस्तको अन्त्यतिर नौ जना नेपालीहरूलाई चिकित्साशास्त्र अध्ययन गर्न युक्रेन गणतन्त्रको खार्कोभ शहर पठाइयो। मेरो साथमा साथीहरू काशी, चन्द्रेश, इन्द्र, अजय, नरेन्द्र, तितोभ, सुरेन्द्र र किरण थिए।

गौरवशाली इतिहास भएको २०० वर्षभन्दा बढी पुरानो खार्कोभ मेडिकल इन्स्टिच्युटमा हामीले चिकित्साशास्त्रको अध्ययन सुरु गऱ्यौँ । एकै वर्षमा ८०० विद्यार्थीलाई भर्ना लिएर चिकित्साशास्त्र पढाउन सक्ने क्षमता भएको खार्कोभ मेडिकल इन्टिच्युटको मूल भवनभित्र प्रवेश गर्दा म आत्तिएको र त्यसको विशालताभित्र हराएको थिएँ । तीन जना विदेशी र १२ जना रूसी गरेर १५-१५ जनाको समूहमा हाम्रो पढाइ हुन्थ्यो । म, काशी, चन्द्रेश र १२ जना रूसीहरू एउटै समूहमा थियौँ ।

पढाइमा काशी र म रूसीहरूभन्दा अगाडि थियौँ । हामी रूसी भाषामै पढ्ने, लेख्ने, बोल्ने गर्दथ्यौँ । हामीले भर्खरै सिकेको रूसी भाषामा पढेर रूसीहरूलाई नै उछिनेको देख्दा प्रोफेसर र लेक्चररहरू अचम्म मान्थे । हामीले पढाइमा धेरै नै मेहनत गऱ्यौँ । जाँचको समयमा किताबमा लेखेको प्रत्येक लाइन हामीलाई कण्ठ हुन्थ्यो । प्रोफेसरले सोधेका सबै प्रश्नहरूको उत्तर दिन हामी सक्षम हुन्थ्यौँ । धेरैजसो विषयमा जाँचमा ५ नम्बर (शतप्रतिशत अंक) ल्याउने भएकाले हामीलाई 'अत्लिच्निक' भन्ने गरिन्थ्यो ।

सोभियत शिक्षण संस्थाहरूमा जाँचको मूल्याङ्कन गर्दा ५ (अति उत्तम), ४ (उत्तम), ३ (सन्तोषजनक) र २ (अनुत्तीर्ण) नम्बर राख्ने प्रणाली थियो । केही नेपालीहरू सबैजसो विषयमा ५ नम्बर ल्याउँथे । मैले पनि धेरै विषयमा यस्तो नम्बर पाएको थिएँ । मभन्दा सिनियर डा. विश्वबन्धु शर्मा सबै विषयहरूमा ५ अङ्क ल्याएर पास हुनुभएको थियो, साथै केही विषयहरूमा ५+ अङ्क । खार्कोभ मेडिकल इस्टिच्युटमा नेपालीहरूले पढाइमा साँच्चै नै विशिष्ट स्थान बनाएका थिए । मभन्दा अगाडिका डा. अर्जुनदेव भट्ट, डा. विष्णुप्रसाद पण्डित, डा. विश्वराज जोशी, डा. विश्वबन्धु शर्मा, डा. उदयकुमार श्रेष्ठ आदि सिनियर साथीहरूले उत्कृष्ट विद्यार्थीका रूपमा राम्रो छाप छोड्नुभएको थियो ।

चिकित्साशास्त्रका साथै रूसी साहित्य, भाषा, संस्कृति र समाजवादी सिद्धान्तको पढाइ पनि एकसाथ भयो । यो हामीलाई चिकित्साशास्त्रको किताबी कीरो बनाउने मात्र नभई जीवनका विविध पक्षहरूबारे चिन्तन र मनन गर्न सक्ने व्यक्तिका रूपमा स्थापित गर्ने पढाइ थियो । पढाइका साथै छात्र राजनीति,



भ्रमण, सानातिना व्यापार आदि विविध घटनाहरूले रूसको विद्यार्थी जीवनलाई अझ बढी जीवन्त तुल्याइदिए, जीवनमा धेरै अनुभवका पाटाहरू थपिदिए ।

सन् १९८५ जुन महिनाको त्यो दिन म अत्यन्तै भावुक भएको थिएँ, जब मलाई चिकित्साशास्त्रमा मास्टर डिग्री प्राप्त भयो । एक हजार जना उपस्थित समारोहमा म, काशी, सुरेन्द्र र नरेन्द्र चार जना नेपालीलाई चिकित्साशास्त्रमा विशिष्ट स्थान (अनर्स) प्रदान गरिएको उद्घोषण गरियो । हामीले त्यस समारोहमा नेपालको नाम उँचो गराएका थियौँ । एक वर्ष भाषाको पढाइ र ६ वर्ष चिकित्साशास्त्रको पढाइ सक्दा सात वर्ष बितिसकेको थियो ।

त्यसको भोलि पल्टै मलाई प्रोफेसर लुबभ त्रफिमभ्ना मालायाले बोलाइन् । खार्कोभ मेडिकल इन्स्टिच्युटमा मेडिकल विभाग तथा मुटुरोग विभागको प्रमुख र मुटुरोग उपचार केन्द्रकी निर्देशक मालाया सोभियत संघको वरिष्ठ मुटुरोग विशेषज्ञ र वैज्ञानिकमा गनिन्थिन् । उनले मलाई मुटुरोग विज्ञान विषयमा पोस्ट ग्रेजुएट अध्ययन (क्लिनिकल अर्दिनातुरा) गर्न पूर्ण छात्रवृत्ति उपलब्ध गराउने प्रस्ताव राखिन् । म झस्किएँ । किनभने मुटुरोग (कार्डियोलोजी) विषयमा पोस्टग्रेजुएट गर्ने इच्छा मेरो थिएन ।

मैले नेपालमा मुटुरोगको समस्या नभएको, सो रोग वृद्धहरूलाई र धनीहरूलाई मात्र लाग्ने भएको हुनाले नेपाल फर्केर यस विषयमा खासै योगदान दिन नसक्ने बताएँ । मेरो विचार सुनेर उनले मलाई सम्झाउँदै भनिन्- 'मुटुरोग विज्ञान महत्वपूर्ण विषय हो । मुटुरोगले बच्चा, युवा, वृद्ध सबैलाई प्रभावित पार्छ । मुटुरोगले धनी-गरिब छुट्याउँदैन । तिमी मेरो विभागमा आएर मुटुरोग विज्ञानमा पोस्ट ग्रेजुएट गर । तिमीलाई म यो मौका किन दिँदै छु भने तिमी राम्रो विद्यार्थी हौ । मलाई यस्तै विद्यार्थीहरूलाई पढाउने इच्छा छ ।' प्रोफेसर मालायाका यी शब्द सुनेपछि म मुटुरोग विज्ञानप्रति आकर्षित भएर यस विषयमा पोस्ट ग्रेजुएट गर्न तयार भएँ ।

सन् १९८५ सेप्टेम्बरदेखि नै खार्कोभ स्टेट युनिभर्सिटीअन्तर्गतको मुटुरोग उपचार केन्द्रमा मेरो मुटुरोग विज्ञानको पोस्ट ग्रेजुएट पढाइ सुरु भयो । मैले १० वटा बेड पाएको थिएँ, जसमा भर्ना भएका मुटुरोगीहरूको उपचारसम्बन्धी सम्पूर्ण जिम्मेवारी मेरो हुन्थ्यो । मभन्दा माथि विभागीय

प्रमुख र उनीभन्दा माथि प्रोफेसर मालाया हुन्थिन् । उपचारकार्यमा म आफूभन्दा माथिकाको सहयोग लिन्थेँ । अध्ययन र तालिम अत्यन्त कडाइका साथ हुन्थ्यो । प्रोफेसर मालाया अत्यन्त कडा तर दयालु थिइन् । मुटुरोगीको उपचारकार्यमा अलिकता मात्र माथि-तल भयो भने धेरै नै गाली खानु पर्थ्यो । त्यसकारण अत्यन्तै होसियारीपूर्वक काम गर्नु पर्थ्यो ।

हप्तामा दुई दिन प्रोफेसरको राउन्ड हुन्थ्यो । राउन्डमा धेरै प्रश्नहरूको उत्तर दिनु पर्थ्यो । राउन्ड सकिएपछि डक्टर्स रुममा बसेर रोगीको उपचारका बारेमा लामो छलफल हुन्थ्यो । एक-एक कुरा प्रोफेसरलाई बताउनु पर्थ्यो । माथि-तल पर्ला कि भन्ने डरले थुरथुर भइन्थ्यो । यसका अतिरिक्त प्रत्येक दिन काम सुरु हुनुअगाडि १५ मिनेटको मिटिङ हुन्थ्यो, जसमा रातको ड्युटीमा भएका घटना र भर्ना भएका बिरामीहरूबारे सबैका अगाडि विवरण प्रस्तुत गर्नु पर्थ्यो । सिनियरहरूले प्रश्न सोधेर हैरान पार्थे । कहिलेकाहीँ डरले चक्कर लागेर थचक्कै बसिन्थ्यो । तर एक असल विशेषज्ञ बन्न यो सब आवश्यक थियो ।

सोभियत संघका मेडिकल युनिभर्सिटीहरूमा हुने चिकित्साशास्त्र र पोस्ट ग्रेजुएट तालिमका आफ्नै विशेषताहरू छन् । एक वर्ष भाषा र आधारभूत विज्ञान, पाँच वर्ष चिकित्साशास्त्रको पढाइ, एक वर्ष इन्टर्नसिप (सुबअर्दिनातुरा) अनि अन्त्यमा स्टेट परीक्षा गरी जम्मा सात वर्षको पढाइपछि मेडिकल डाक्टरको उपाधि पाइन्थ्यो । यसपछि राम्रो अध्ययन गर्नेहरू साथै सोभियत कम्युनिष्ट पार्टीसँग राम्रो सम्बन्ध भएकाहरूले तत्काल पोस्ट ग्रेजुएसन (क्लिनिकल अर्दिनातुरा) गर्ने अवसर पाउँछन् ।

क्लिनिकल अर्दिनातुरा सोभियत संघको चिकित्साशास्त्रको क्लिनिकल विषयमा विशेषज्ञ तयार पार्ने स्नातकोत्तर तहको दुई वर्षे तालिम हो । यसलाई अमेरिकामा सम्बन्धित विषयमा फेलोसिप स्तरको समकक्षता प्रदान गरिएको छ । तर नेपालमा भने यसको स्तरबारे विवाद छ । यो तालिम अवधिमा अध्ययन-अनुसन्धान, लेख-रचना प्रकाशन, बिरामीहरूको उपचार, सेमिनारहरूमा सहभागिताका साथै अन्त्यमा परीक्षा उत्तीर्ण गर्नुपर्ने हुन्छ । थेसिस भने लेख्नु पर्दैन । सोभियत संघमा चिकित्साशास्त्रको ६ वर्षे



अध्ययन अवधिको अन्तिम वर्ष सुबअर्दिनातुरामा थेसिस लेखाउने चलन छ । क्लिनिकल अर्दिनातुरा अनुसन्धानभन्दा पनि क्लिनिकल तालिममा केन्द्रित छ । यो तालिम पूरा गरेपछि रूसीहरू विशेषज्ञका रूपमा केन्द्रीय अस्पतालहरूमा काम गर्ने स्वीकृति पाउँछन् ।

क्लिनिकल अर्दिनातुराको तालिम अवधिभर मलाई सहयोग पुऱ्याउने शिक्षकहरू र विशेष गरी प्रोफेसर मालायाप्रति म अति आभारी छु । रूसमा करिब १० वर्षको अध्ययन हरेक दृष्टिकोणमा सफल र महत्वपूर्ण रह्यो । आज रूसमा परिवर्तनका चाहनाहरू व्यक्त भैरहेका छन् । गोर्वाचोभले 'पेरेस्त्रोइका' र 'ग्लास्तनोस्त' (पुनर्निर्माण र खुलापन) को अभियान चलाएका छन् । समाज परिवर्तनशील छ । भोलिको रूसमा धेरै परिवर्तनहरू देखा पर्नेछन् भन्ने कुरामा कत्ति पनि शंका छैन ।

मार्क्स, एङ्गेल्सद्वारा प्रतिपादित समाजवादी सिद्धान्तलाई लेनिनले रूसमा प्रयोग गरे । यो देश लेनिनको देशका रूपमा प्रख्यात भयो । विश्वका गरिब, पिछडिएका, विकासोन्मुख राष्ट्रका विद्यार्थीहरूलाई लाखौँको सङ्ख्यामा छात्रवृत्ति दिई उच्च शिक्षा प्रदान गर्ने कार्य सोभियत संघले गरेको छ । यी विद्यार्थीहरूले सोभियत संघको यो ऋण कहिल्यै तिर्न सक्नेछैनन् । अति दयालु, देशभक्त, वीर, स्वाभिमानी र विशाल हृदय भएका महान् रूसी जनताका बीच १० वर्ष बिताउनु मेरो लागि ठूलो भाग्य हो । महान् लेनिनको असल र क्रान्तिकारी चरित्रको कसीमा घोटिएर हुर्किएका रूसी जनता साँच्चिकै महान् छन् । महान् लेनिनको देशमा अध्ययन गर्न पाएकोमा मलाई गर्व छ ।

परिवर्तनको हुरीसँगै म कुन ठाउँमा पुगूँला, सोभियत संघ कहाँ पुग्ला, मार्क्स र लेनिनका सिद्धान्त तथा मार्गदर्शनहरूमा के-कस्ता परिवर्तन आऊलान् ? त्यो समयले नै देखाउला । तर मभित्र लेनिन, सोभियत जनता र सोभियत संघले पारेको मीठो छाप कहिल्यै मेटिनेछैन । मीठो सम्झना लिएर, सोभियत जनताले बोकाएको ऋणको भारी बोक्दै, जीवनभर अध्ययन, सङ्घर्ष, सद्भाव र सहयोगको भावना बाँड्नुपर्छ भन्ने मान्यताका साथ फर्कंदै छु मातृभूमि नेपाल !

*(सन् १९८७)*

# बदलिएको सोभियत रूस

१५ वर्षपछि रूसको राजधानी मस्कोमा फेरि पाइला टेक्ने मौका मिल्यो । १० वर्षसम्म सोभियत संघमा अध्ययन गरेर सन् १९८७ मा स्वदेश फर्केको थिएँ । फर्कने समय सन् १९८६-८७ ताका रूसमा सोभियत कम्युनिष्ट पार्टीका महासचिव मिखाइल सेर्गेइभिच गोर्वाचोभको 'पिरिस्त्रोइका र ग्लास्तनोस्च' को नारा अत्यन्तै लोकप्रिय भएको थियो । एक दलीय सोभियत कम्युनिष्ट पार्टीको शासनबाट दिक्क भएका रूसी जनता महासचिव गोर्वाचोभले सुरुआत गरेको राजनीतिक र आर्थिक सुधारका प्रयासहरूप्रति अत्यन्तै आशावादी थिए । साम्यवादी विचारधाराको पर्खालभित्र बन्दी बनाइएका सोभियत जनताले त्यो विशाल र मजबुत पर्खाल यति सजिलै भत्केला भन्ने कुरा सपनामा पनि चिताएका थिएनन् । तर गोर्वाचोभको 'पिरिस्त्रोइका र ग्लास्तनोस्च' बाट सुरु भएको सुधार अभियानलाई रूसी नेता येल्त्सिनले अर्कै मोडमा विकसित गरी सोभियत संघमा समाजवादी प्रणालीको अन्त्य मात्र गरेनन्, उनले समाजवादी प्रणालीले ७० वर्षमा स्थापित गरेको सभ्यता, संस्कार, भावना तथा अनेक सकारात्मक उपलब्धिहरूलाई एकै वर्षमा लथालिङ्ग पारिदिए । रूसमा एक दलीय समाजवादी शासनको अन्त्य भयो । सन् १९९० मा सोभियत संघको विघटन भयो । वार्सा सन्धिबाट एउटै सुरक्षा छातामुनि रहेका चेकोस्लाभाकिया, हंगेरी, रुमानिया, पूर्वी जर्मनी, पोल्यान्ड, बुल्गेरिया आदि पूर्वी र मध्ययुरोपियन राष्ट्रहरू सबै आ-आफ्नो बाटो लागे । रूसमा समाजवादी शासनको पतन र पुँजीवादी प्रजातन्त्रको उत्थानले ल्याएका परिवर्तनहरू हेर्ने ठूलो रहर थियो मलाई ।



मस्को पुगेपछि मैले देखेँ, मस्को चिन्नै नसकिने गरी दुब्लाएको रहेछ, बुझ्नै नसकिने र विश्वासै गर्न नसकिने गरी बदलिएको रहेछ ।

मैले १५ वर्षअगाडि छाडेको मस्को विशाल र सुन्दर थियो । त्यहाँका जनता अनुशासित, सभ्य, सम्पन्न र सुखी थिए । रूसी जनताले विदेशीहरू विशेष गरी पिछडिएका र गरिब राष्ट्रका जनतालाई खूब प्रेम र आदर गर्थे । एक-अर्कालाई सहयोग गर्ने, सानाले ठूलालाई आदर गर्ने, बाँडिचुँडी खाने, आफ्नो देश र जनताको सुरक्षाका लागि ज्यान दिन तयार हुने, अन्तर्राष्ट्रिय भाइचारावादको संरक्षण गर्ने संस्कार थियो । बालक, वृद्ध, महिला, अपाङ्ग र अशक्तहरूलाई सबैले सहयोग र संरक्षण दिन्थे । यो विश्वलाई बदल्नुपर्छ, सबै समान हुनुपर्छ, मान्छेले मान्छेमाथि गर्ने शोषणको अन्त्य हुनुपर्छ भन्ने विश्वासका साथ हुर्किएका थिए रूसी जनता । आफ्नो क्षमताअनुसार काम गर्ने तर आफ्नो आवश्यकताअनुसार मात्र समाजबाट लिने नवमानव र नवसमाजको विकास गर्ने कार्यमा कम्मर कसेर जुटेका थिए उनीहरू । त्यस बेला रूसी जनताप्रति सरकार जिम्मेवार थियो । बस्ने घर सबैको थियो । शिक्षा र स्वास्थ्योपचार सबैका लागि निःशुल्क थियो । रोजगार सबैले पाउँथे । सबै चीज सस्तो थियो । पेन्सनले खान-लाउन प्रशस्त पुग्थ्यो । बलियो सामाजिक सुरक्षा र शान्ति थियो । कडा अनुशासन थियो । भाषा र संस्कृतिका धनी रूसी जनता सुखी देखिन्थे । अमेरिकासँग टक्कर लिन सक्ने एक महाशक्ति राष्ट्रको रूपमा थियो रूस । विश्वभरिका दुःखी र पिछडिएका राष्ट्र एवम् जनताका लागि आड र भरोसाको केन्द्रको रूपमा थियो त्यो रूस ।

त्यस बेलाको रूसमा केही नकारात्मक पक्षहरू पनि अवश्य थिए । एक दलीय शासन थियो । एउटै साम्यवादी सिद्धान्तको घेराभित्र राखिएको थियो सोभियत जनतालाई । कम्युनिष्ट पार्टी र समाजवादी व्यवस्थाको विरुद्ध आवाज उठाउने स्वतन्त्रता थिएन । रूसी गुप्तचर संस्था के. जी. बी. अत्यन्त बलियो थियो । कम्युनिष्ट पार्टीले ल्याएको कार्यक्रम र विचारविरुद्ध बोल्ने र लेख्ने व्यक्तिहरू दण्डित हुन्थे । रूसी टेलिभिजन र पत्रपत्रिकाहरूमा पुँजीवादी व्यवस्थाका नकारात्मक पक्षहरूको प्रदर्शन गरेर रूसी जनताको

दिमागमा पुँजीवाद र पश्चिमा राष्ट्रहरूप्रति घृणाको भावना पैदा गराउने प्रयाश गरिन्थ्यो । पुँजीवादी व्यवस्था र स्वतन्त्र बजार अर्थतन्त्रले शोषण जन्माउँछ र मुट्ठीभर व्यक्तिहरूको मात्र भलो गर्दछ भन्ने कुराको विश्वास जनतामा दिलाउन सोभियत कम्युनिष्ट पार्टी जस्तोसुकै कदम चाल्न पनि पछि हट्दैनथ्यो । विरोध गरेबापत कैयौं लेखक, वैज्ञानिक र बुद्धिजीवीहरू बन्दी भएर बस्नुपरेको थियो । समाजवादी अर्थतन्त्रका कारण प्रतिस्पर्धाको अन्त्य भएको थियो । विनाप्रतिस्पर्धा उत्पादित सामानहरू गुणस्तरविहीन हुन्थे । प्रत्येक उत्पादन योजना पूरा गर्नका लागि मात्र हुन्थ्यो । सबैले तोकिएको समयभन्दा केही समयअगाडि योजना पूरा गरेर यसको प्रचार गर्ने संस्कार बसेको थियो । गुणस्तरविहीन सामानहरू प्रयोग गर्ने बानी सबैमा बसिसकेको थियो । विदेशी (पुँजीवादी राष्ट्रका) सामानहरू आयात हुँदैनथे । विदेशीहरूले ल्याउने गरेको जिन्स पाइन्ट, जापानी क्यासेट प्लेयर, छालाको ज्याकेट आदि अत्यन्तै चर्को मूल्यमा कालोबजारमा बिक्री हुन्थ्यो । कालोबजारमा सामान बेच्नेहरू धनी हुन्थे । समाजवादी अर्थतन्त्र पार्टीको रिपोर्टअनुसार अत्यन्तै बलियो हुँदै गैरहेको थियो । तर वास्तविक तथ्य पत्ता लगाउन कसैले सक्दैनथे । रिपोर्टमा चित्त नबुझे पनि विश्वास गर्ने आदत सबैमा बसिसकेको थियो । अचम्म र बेग्लै प्रकारको थियो त्यस बेलाको रूस । नेपालबाट रूसमा पुग्दा एक अनौठो र बेग्लै प्रकारको संसारमा पुगेको अनुभव हुन्थ्यो त्यस बेला ।

यस पल्ट मस्को पुग्दा मलाई लाग्यो रूस अर्कै भएछ । मैले १५ वर्षअगाडि छाडेको रूस नपत्याउने गरी बदलिएछ । आज रूसमा समाजवादले निर्माण गरेका असल संस्कारहरू भत्किएछन्, तर नयाँ व्यवस्थाले ल्याउनुपर्ने असल संस्कारको स्थापना भैसकेको रहेनछ । त्यहाँ केवल पुँजीवादी व्यवस्थाका दुर्गुण र कुसंस्कारको विकास भएछ । पुरानो मिठास सकिएछ तर नयाँ स्वाद भरिन पाएको रहेनछ । यस प्रकारको बीचको अप्ठेरो अवस्थामा गुज्रिरहेछ आजको रूस । यसैकारण होला यो कुरूप हुन पुगेछ । नराम्री आइमाईले नक्कल पारेजस्तै कस्तो-कस्तो नसुहाउने र हेर्न मन नलाग्ने भएछ त्यो रूस ।

पहिलेको तुलनामा रूसमा गरिबी १० गुणाले वृद्धि भएछ, बेरोजगारहरू



बढेछन् । सरकारी जागिरेको तलबले खान नपुग्ने भएछ । यसकारण बाँच्नका लागि अतिरिक्त रोजगारी गर्नुपर्ने बाध्यता आइपरेछ सबैलाई । काम गर्न नसक्नेहरू बाँच्ने अधिकारबाट पनि वञ्चित भएछन् । पेन्सनले खान नपुग्ने भएछ । काम पनि गर्न नसक्ने, पेन्सनले पनि खान नपुग्ने भएर नै होला मस्कोका सडकहरूमा, मेट्रो स्टेसनको प्रवेशद्वारअगाडि, रेस्टुराँ र पार्कहरूको ढोकाबाहिर, यत्रतत्र बूढाबूढीहरू र अपाङ्गहरू टिठलाग्दो अनुहार लिएर माग्न बस्ने भएछन् । मलाई अचम्म लाग्यो, मात्र १५ वर्षअगाडि सबैभन्दा बढी संरक्षण र आदर पाउने गरेका यी वृद्ध र अपाङ्गहरू आज सडकमा माग्ने बनाइएर फ्याँकिएछन् । बाँच्नका लागि अरुको अगाडि रुन्चे स्वर लिएर हात थाप्नुपर्ने बाध्यता आइपरेछ यिनीहरूलाई । रूसी जनता विगतमा कहिल्यै पनि कसैको नोकर भएर बसेका थिएनन्, तर आज भोको पेट र छोराछोरीको सुरक्षाका लागि जस्तोसुकै काम गर्न पनि बाध्य भएछन् रूसी जनता । विदेशीको अफिसमा चिया पकाउने, कोठा सफा गर्ने, पाले बस्नेदेखि लिएर धनीहरूको घरमा लुगा धोइदिने, खाना पकाइदिने, बच्चा हेरिदिनेजस्ता कामहरू गर्न थालेछन् रूसी जनता । धनी र गरिब वर्गको विकास भएछ त्यहाँ । आफू मालिक भएर बसेको ठाउँमा आज नोकर बन्नुपर्ने दयनीय परिस्थितिको विकास भएछ त्यहाँ । पहिलेको रूसलाई नदेखेको, नचिनेको भए कुनै अचम्म लाग्दैनथ्यो होला मलाई । सबै स्वाभाविकै जस्तो लाग्थ्यो होला ! तर मैले पहिलेको रूसको विशालतालाई देखेको छु, रूसी जनताको शान र शोखलाई प्रत्यक्ष रूपमा भोगेको छु । यसकारण जिउनै सिरिङ्ग भएर आउँछ र अचम्म लाग्छ मलाई एक रूसी बूढा बाले मेरो झोला बोकिदिन, घरको ढोका खोलिदिन अनि म बस्ने कोठा सफा गरिदिन आएको देख्दा ।

मस्कोमा महँगीले धुरी नाघेछ । संसारका सबैभन्दा महँगा शहरहरूमध्येको एकमा गनिने भएछ मस्को । १५ वर्षअगाडि १ डलर तिरेर खाने गरेको खानाको मूल्य आज २० डलर पुगेछ । खाना खान पहिले लाइनमा कुर्नु पर्थ्यो, टेबुल-कुर्सी त्यति राम्रा थिएनन् । तर आज लाइनमा धेरै कुर्नु पर्दैन, टेबुल-कुर्सी नयाँ र चम्किला छन् । मस्कोभरि विदेशी सामानहरूले भारिएका पसलहरू, सुपर मार्केटहरू, होटल-रेस्टुराँहरू, नाइट क्लबहरू र

क्यासिनोहरूको विकास खूबै भएछ । १.५ करोड जनसङ्ख्या भएको मस्कोमा रातारात अरबपति बन्नेहरू पनि थुप्रै भएछन् । समाजवादी अर्थतन्त्रबाट पुँजीवादी अर्थतन्त्रमा प्रवेश गर्दाको संक्रमणकालीन समयको लाभ विशेष गरी त्यस बेलाका कम्युनिष्ट पार्टीका नेताहरू, उच्चपदस्थ कर्मचारीहरू र रूसमा पढ्दै गरेका केही विदेशीहरूले उठाउन सफल भएछन् । उनीहरू नै आज रूसमा धनीवर्गको रूपमा स्थापित भएछन् । धनी र गरिबको बीचको दूरी अत्यन्तै फराकिलो भएछ । धनीहरू झन्-झन् धनी बन्दै जाने अनि गरिबहरू झन्-झन् गरिब बन्दै जाने लेनिनले व्याख्या गरेको पुँजीवादी प्रवृत्तिको विकास लेनिनकै देशमा हुन थालेछ आज !

शान्ति-सुरक्षाको कडा व्यवस्था भएको त्यो रूसमा आज सबैले आफूलाई असुरक्षित अनुभव गर्दछन् । आपराधिक गतिविधिमा वृद्धि भएछ । हत्या, लुट र आतङ्क बढेछ । माफिया र नव फासिष्टहरू खुलेयाम सडकमा हिँड्ने भएछन् । शान्ति-सुरक्षामा खटिएका पुलिसहरूमाथि जनताको विश्वास हटेछ । उनीहरू पैसामा बिक्ने भएछन् । पैसाका लागि मूल्य, मान्यता र नैतिकतासमेत बेच्न पछाडि नपर्ने व्यक्तिहरूको समूह निकै ठूलो भएछ आजको रूसमा । त्यो विशाल देशका नैतिकवान् र इमानदर जनता यति चाँडै यसरी बदलिएलान् भनी मैले सपनामा समेत सोचेको थिइनँ । डाक्टरले बिरामीलाई ठगेको, प्रहरीले यात्रुलाई ठगेको, पसलेले ग्राहकलाई ठगेको, बाटो हिँड्दै गरेको विदेशीलाई रूसी युवाहरूले ठगेको प्रत्यक्ष रूपमा देख्ने र भोग्ने मौका मिल्यो मलाई । अनुशासनविहीन छाडा प्रजातन्त्रको स्थापना हुन पुगेछ विगत १५ वर्षको अवधिमा रूसमा ।

कम्युनिष्टहरू तथा समाजवादीहरूका लागि लेनिन २०औँ शताब्दीका महान् र सर्वमान्य व्यक्ति हुन् । रूसमा लेनिनको नाम, व्यक्तित्व र विचारलाई आदर्शको रूपमा लिने गरिन्थ्यो । लेनिनले भनेअनुसार गर्ने, उनले देखाएको बाटोमा हिँड्ने र उनकै लागि मर्ने भन्ने संस्कारमा बाल्यकालदेखि नै हुर्किएका थिए रूसी जनता । आज त्यही रूसमा लेनिन अपहेलित भएछन् । लेनिनको मरिसकेको शरीर फेरि ब्यूँझिएर आउला कि भन्ने डर रहेछ रूसमा । रेड स्क्वायरमा रहेको उनको मृतशरीरलाई सदाका लागि नष्ट



गर्नेसहितको प्रतीक्षामा रहेको अनुभव भयो मलाई मस्को घुम्दा । आजका रूसी बालकहरूलाई लेनिनको नामसमेत थाहा रहेनछ । अर्को १५ वर्षपछि लेनिन शायद रूसी इतिहासको पानामा मात्र सीमित रहनेछन् । मार्क्स, एङ्गेल्स र लेनिनलाई पुँजीवादी विश्लेषकहरूले जनता र समाजलाई पिँजडाभित्र बन्दी बनाएर समाज विकासको स्वाभाविक क्रमलाई रोक्न खोज्ने खलनायकहरूको रूपमा प्रस्तुत गरेझैँ आगामी १५-२० वर्षपछि रूसका बालबालिकाहरूले पाठ्यपुस्तकमा मार्क्स, एङ्गेल्स र लेनिनलाई १९-२०औँ शताब्दीका खलनायकहरूको रूपमा पढ्न थाले भने कुनै पनि आश्चर्य हुनेछैन । त्यस बेलाको रूसका भ्रातृ राष्ट्रहरू चेकोस्लोभाकिया, हंगेरी, पोल्यान्ड, रुमानिया आदिले भनिसके- ‘रूसी हस्तक्षेपले गर्दा हाम्रो देश विकासको गति पछाडि पर्‍यो । दोस्रो विश्वयुद्धमा रूसी सेनाले स्वतन्त्र बनाउनुको सट्टा फासिष्ट जर्मनीले नै कब्जा गरिराखेको भए बरु बेस हुन्थ्यो ।’ ‘समाजवादी व्यवस्थाको अवधि एउटा नराम्रो कालरात्रि थियो ।’ यस्ता अभिव्यक्तिहरू दिन्छन् रूसका सबैभन्दा नजिक मानिएका, दाजुभाइजस्तै भएर बसेका राष्ट्रका जनताहरूले आज । मलाई अत्यन्तै अचम्म लागेर आयो इतिहासले कोल्टे फेरेको देख्दा, कल्पनै गर्न नसकिने घटनाक्रमहरू, सोच्नै नसकिने परिवर्तनहरू त्यहाँ भैराखेको देख्दा ।

रूसमा सकारात्मक परिवर्तनहरू पनि नभएका होइनन् । मैले देखेँ- बाँच्नका लागि कमाउनुपर्ने र कमाउनका लागि काम गर्नुपर्ने भएको हुनाले रूसी जनता पहिलेको भन्दा धेरै नै जाँगरिला र फूर्तिला भएछन् । व्यापारिक गतिविधि बढेछ । विदेशी र गुणस्तरयुक्त सामानहरूको आयात भएछ । प्रतिस्पर्धाको वातावरण सृजना भएछ, जसले भविष्यमा गुणस्तरीय उत्पादनको विकास गर्नेछ । रूसी जनता नयाँ संस्कृति र नयाँ संस्कारको निर्माणमा जुटेका छन् । बहुदलीय प्रजातन्त्रको उपभोग सबैले गर्न पाएका छन् । बोल्ने र लेख्ने स्वतन्त्रता सबैलाई प्राप्त भएछ ।

म पनि स्वतन्त्रता, बहुदलीय प्रजातन्त्र र स्वतन्त्र बजार अर्थतन्त्रकै पक्षपाती हुँ । मेरो विचारमा आजको युग एक दलीय शासन र एउटै विचारधाराभित्र जनतालाई जबरजस्ती बन्दी बनाउने युग होइन । तर

रूसमा आएको परिवर्तन मलाई नराम्रो लाग्यो । समाजवादी प्रणालीमा धेरै नै असल गुणहरू पनि थिए । रूसमा ७० वर्षसम्म समाजवादी प्रणालीले स्थापना गरेका असल संस्कारहरू यति सजिलै र यति चाँडै लथालिङ्ग भएको मलाई मन परेन । कस्तो कमजोर जगमा अडेको रहेछ त्यो समाजवादी संस्कार ! अनुशासनहीन पुँजीवाद र यसले जन्माएको संस्कारमा हुर्किनुपर्ने अवस्था आएछ आज रूसमा ।

अचम्म लाग्छ रूसको चेहरा बदलिएको देख्दा । पहिलेको समाजवादी रूसका जनताको बोली, वचन, व्यवहार र बदलिएको आजको रूसी जनताको व्यवहारमा आकाश-जमिनको फरक भएको छ । आजका रूसी जनता अर्कै संस्कारमा हुर्किएका छन् । उनीहरूको चेहरा बदलिएको छ । सुन्दरता हराएको छ । रूसमा समाजवादी व्यवस्थाको पतनसँगै रूसी जनताका ती समाजवादी आचारण र संस्कारको पनि पतन भएछ । देशको सामाजिक, राजनीतिक, आर्थिक अवस्थाले मानिसको चरित्रको ढाँचा बनाउँदो रहेछ । आजका रूसी जनताको ढाँचा बेग्लै भएछ । पहिले समाउँदा कमलो डोरीजस्तो लाग्थ्यो, आज काँडेतारजस्तो भएछ ।

सन् १९७८ देखि १९८७ सम्म रूसमा डाक्टरी पढ्दा त्यो विशाल देश र त्यहाँका जनताप्रति मेरो मनभित्र अगाध माया, आदर र सद्भाव पलाएको थियो । दोस्रो मातृभूमिको रूपमा लिएको छु मैले रूसलाई । तर समयको कठोर हुरीसँगै अचम्मसँग बदलिएको रूस र टिठलाग्दा भएका त्यहाँका जनतालाई देखेर म झस्किएँ । मैले रूसमा समाजवादले जन्माएको सभ्यताको मृत्यु भएको देखेँ । नोकर भएर विदेशीको घरमा भाँडा माझ्न बसेका रूसीहरू र बाँच्नका लागि सडकमा हात पसार्दै माग्न बसेका रूसी बूढाबूढीहरूलाई देख्दा मलाई भक्कानो छोडेर रुन मन लाग्यो । तर म जति रोए पनि बदलिएको रूसको यथार्थ मेटिँदैन, त्यो तीतो यथार्थ, नयाँ बाटोमा हिँड्न खोज्दा खाल्टोमा खसेर घाइते भएको रूसी समाजको यथार्थ । तैपनि मलाई लाग्छ- खोच्याउँदै-खोच्याउँदै हिँड्नुपरे पनि आशावादी र प्रयत्नरत् देखिन्छन् रूसी जनता, नयाँ र सुखी भविष्यको निर्माण गर्न ।

(सन् २००१)



# हिजोको सोभियत संघ

विश्वकै वारपार फैलिएका विशाल भूमिहरु, अनन्त घाँटीहरू, लहलहाउँदा खेतहरू, शक्तिशाली नदीनालाहरू, अपार घनघोर वनजङ्गलहरू, उत्तरी हिमखण्डहरू र दक्षिणी समुद्रहरू अनि चिसो बतास, हिउँ र न्यानो घाम । प्रशान्त महासागरको पानीमा बिउँझेको सूर्यलाई सोभियत संघको पूर्वेली सिमानाबाट पश्चिमी सिमानासम्म पुग्न झन्डै ११ घण्टा लाग्छ । यही हो सोभियत संघ, विश्वको सबैभन्दा ठूलो देश । २६ करोड जनता १०० विभिन्न भाषामा कुराकानी गर्छन् । महानायक लेनिनको देश, दयालु जनताको देश ।

सोभियत संघ नयाँ विश्वको जन्मभूमि हो । त्यस विश्वको जन्मभूमि जहाँ मानवद्वारा मानवको शोषण हुँदैन, जहाँ नागरिकहरू समान छन् र जीवनको उच्चतम नियमको पालना गर्दै बाँचेका छन् । सोभियतसंघ विश्व इतिहासमा पहिलो राज्य हो, जहाँ समस्त सत्ता तथा सम्पदा तिनै श्रमिक जनताको हातमा छ, जो यस सम्पदाको सिर्जना गर्छन्, जहाँ समाजवादको निर्माण भएको छ र साम्यवादको निर्माण कार्यक्रम अगाडि बढ्दै छ । प्रचुर आणविक शक्तिका धनी, अमेरिकालाई चुनौती दिन सक्ने, तेस्रो विश्वका राष्ट्रहरूको सहारा हो महाशक्ति राष्ट्र सोभियत संघ ।'

# आजको रूस

'पिरिस्त्रोइका र ग्लास्तनोस्त (पुनर्निर्माण र खुलापन) को चट्याङबाट १५ टुक्रामा विभाजित भई समाजवादी मूल्य र मान्यताको अन्त्य गर्दै नयाँ संस्कार, मूल्य र मान्यताको निर्माण गर्न जुर्मुराइरहेको विशाल देश रूस । मार्क्स, एङ्गेल्स र लेनिनका शालिकहरू ढलेर गए पनि मानिसले मानिसको शोषण गर्नु हुँदैन, सबैले बाँच्ने समान अवसर पाउनुपर्छ भन्ने मान्यतालाई कायमै राख्न अर्थतन्त्रलाई सुदृण पार्दै प्रजातान्त्रिक बाटोमा पुनः महाशक्ति राष्ट्र बन्ने आशा बोकी लम्किरहेछ आजको रूस ।'

# लेखक परिचय

नामः डा. प्रकाशराज रेग्मी

जन्मः २०१७ साल

माताः विमला रेग्मी

पिताः कमलराज रेग्मी

अध्ययनः
- एम.डी. (जनरल मेडिसिन) - खार्कोभ, तत्कालीन सोभियत संघ
- एम.डी. (मुटुरोग) - खार्कोभ, तत्कालीन सोभियत संघ
- विशेषज्ञ तालिम (एन्जियोग्राफी तथा एन्जियोप्लास्टी) - चेक गणतन्त्र र बेलायत

पेसा : चिकित्सा सेवा (मुटुरोग विशेषज्ञ) विगत २० वर्ष देखि

रुचि : लेखन, अध्ययन र भ्रमण

भ्रमण : भारत, बंगलादेश, थाइल्यान्ड, सिंगापुर, चीन, हङकङ, जापान,



रुस, जर्मनी, पोल्यान्ड, बुल्गारिया, अष्ट्रिया, चेक गणतन्त्र, बेलायत, नेदरल्यान्ड, स्वीजरल्यान्ड, नर्वे, फिनल्यान्ड, डेनमार्क, स्वीडेन, अमेरिका, क्यानाडा, इटाली, युगोस्लाभिया, हंगेरी, फिलिपिन्स, फ्रान्स, स्पेन आदि ।

प्रकाशित कृतिहरु :
१. उच्च रक्तचाप (पुस्तक), २०५४
२. नेपालमा बाथज्वरो र बाथ-मुटुको रोग (पुस्तक), २०५५
३. मेरो मुटु दुख्छ (पुस्तक), २०५६
४. बाथज्वरो र बाथ-मुटुको रोग (पुस्तिका), २०५७
५. समर्पणको जीवन (पुस्तक), २०५९
६. नेपालमा मुटुरोग, रोकथामको आवश्यकता (सम्पादन), २०६२
७. योग र मुटुरोग (पुस्तक), २०६२
८. मुटुका रोगहरुको रोकथाम र नियन्त्रण, २०६३
९. सोभियत संघको सम्झना, २०६४

सम्पर्क ठेगाना : ३/११५ धोबीघाट, ललितपुर, फोन ५५२५५३६
मोबाइल : ९८५१०५११७०,
ईमेल : prregmi@wlink.com.np